# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधको विषय गणतन्त्रोत्तर नेपाली कवितामा लैङ्गिक सीमान्तीयताको अध्ययनसँग सम्बन्धित छ । गणतन्त्रोत्तर भन्नाले नेपालमा गणतन्त्र आएपछिको समय भन्ने बुझिन्छ । नेपालको राजनैतिक इतिहासमा गणतन्त्रप्राप्तिपछिको सामाजिक-सांस्कृतिक परिवेशको प्रभाव नेपाली कविता लेखनमा पनि परेको छ । २०६२/६३ सालमा भएको जनआन्दोलनबाट २०६५ जेठ १५ गते विधिवत् रूपमा गणतन्त्र स्थापना भएपछि नेपाली समाजमा आएको सामाजिक-सांस्कृतिक परिवर्तनले नारीचेतनाको विकासमा निकै प्रभाव पारेको छ । यसै क्रममा साठीको दशकपछि देशमा आएको आमूल परिवर्तनसँगै यस समयका कविहरूले नारी अधिकारका साथै नारी अस्तित्वका आवाजलाई पनि आफ्ना कवितामा सशक्त रूपमा उठाउँदै आएका छन् । नेपाली समाजमा आएको उक्त परिवर्तनको परिणामस्वरूप नेपाली कवितामा नारी उत्पीडनको यथार्थ अभिव्यक्तिका साथै उत्पीडनविरुद्ध विद्रोहको आवाज पनि प्रकट गर्न थालिएको छ ।

पितृसत्तात्मक नेपाली समाजमा लैङ्गिक विभेदका कारण हरेक क्षेत्रमा नारीहरू उत्पीडित छन् । उनीहरू आर्थिक, सामाजिक र सांस्कृतिक सहभागितामा अपमानित र उपेक्षित पनि भइरहेका छन् । उत्पीडनकारी पितृसत्ताले महिलामाथि गरेका लैङ्गिक शोषण र उत्पीडनको अभिव्यक्तिका साथै त्यस्ता उत्पीडनविरुद्धको प्रतिरोधलाई पनि यस समयका कवितामा व्यक्त गरिएको छ । देशको राजनीति, प्रशासन, सामाजिक कार्य, अर्थजस्ता विशेष क्षेत्रमा पुरुषको वर्चस्व हुने र नारीमाथि विभेदका व्यवहार गरिने सन्दर्भलाई गणतन्त्रोत्तर नेपाली कविहरूले आफ्ना कविताको विषय बनाएका छन् । यस समयमा नारीविषयक उत्कृष्ट कविताहरू लेखिएका हुनाले नारीविषयको अभिव्यक्तिका दृष्टिले २०६२/६३ देखि यताको समयलाई उत्कर्षको समय पनि भनिएको छ । तसर्थ यस अध्ययनमा २०६२/६३ देखि २०७७ सम्म प्रकाशित कवितालाई गणतन्त्रोत्तर नेपाली कविता भनेर तिनमा प्रस्तुत गरिएको लैङ्गिक सीमान्तीयताको विश्लेषण गरिएको छ ।

'सीमान्तीयता' अङ्ग्रेजी 'सवाल्टर्न' शब्दको नेपाली रूपान्तर हो । यस शब्दले सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ । सीमान्तीयता सन्

१९८० को दशकमा इतिहासका पानाबाट पाखा पारिएका किनारीकृत वर्गको इतिहासलेखनका क्षेत्रमा देखापरेको नवीन सिद्धान्त हो । यसले सन् १९९० को दशकपछि समालोचनाका क्षेत्रमा व्यापकता पाएको छ । शक्तिका आधारमा शक्तिशाली र शक्तिहीन दुई वर्गमा विभक्त समाजमा शक्तिशाली वर्गले केन्द्रमा बसेर धर्म, नीति, नियम, आस्था आदिमा आधारित आफूअनुकूल भाष्य निर्माण गरी शक्तिहीनमाथि शासन गर्दै आएको छ । शक्तिशाली वर्गले शक्तिहीन वर्गलाई वर्गीय, जातीय, लैङ्गिक, भौगोलिक आदि विभिन्न आधारमा सधैँ सीमान्तमा पुऱ्याउने गरेको छ । सीमान्तीयताका यी विभिन्न आधारमध्ये लैङ्गिक सीमान्तीयता एक विशिष्ट आधार हो । लैङ्गिक विभेदका माध्यमबाट सीमान्तमा पुऱ्याइएको समुदाय नै लैङ्गिक सीमान्त समुदाय हो । तिनै सीमान्तमा पुऱ्याइएका समुदायको अध्ययन नै लैङ्गिक सीमान्तीय अध्ययन हो । सीमान्त समुदायको अध्ययन लैङ्गिक, जातीय, वर्गीय, भौगोलिक आदि विभिन्न आधारमा गर्न सकिने भए पनि प्रस्तुत शोधकार्यमा लैङ्गिक सीमान्तीयतालाई अध्ययनको मूल विषय बनाइएको छ । गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाहरूको अध्ययनका लागि यहाँ प्रतिनिधित्व, पहिचान र प्रतिरोधलाई विश्लेषणको आधार बनाइएको छ ।

## १.२ समस्याकथन

नेपाली समाज वर्गीय, जातीय, लैङ्गिक, भौगोलिक आदि अनेक आधारमा विभाजित भएका कारण समाजमा अनेक किसिमका विभेदहरू देखिएका छन् । यिनै विविध आधारमध्ये लैङ्गिक विभेदका कारण पनि महिलाहरू सीमान्तमा पुऱ्याइएका छन् । नेपालमा पुरुषसत्ताले सधैँ केन्द्रमा रहेर आफूअनुकूल नीति र आचरणसम्बद्ध भाष्य निर्माण गरी महिलालाई सदियौँदेखि परिधिमा पुऱ्याउँदै आएको छ । त्यस्ता परिधिमा पुऱ्याइएका सीमान्तीकृत महिलाको प्रतिनिधित्व, पहिचान र प्रतिरोधी चेतनाको अभिव्यक्ति गणतन्त्रोत्तर कविहरूले आफ्ना कवितामा गरेका छन् तापनि यस विषयमा प्राज्ञिक र शोधमूलक अध्ययन नभएको हुनाले प्रस्तुत शोधकार्यमा गणतन्त्रोत्तर नेपाली कवितामा लैङ्गिक सीमान्तीयताको अभिव्यक्ति केकसरी गरिएको छ भन्ने विषयलाई प्राज्ञिक र समाधेय समस्याका रूपमा लिइएको छ । यही समाधेय समस्याको एकीकृत समाधान पहिल्याउनका निम्ति निम्नलिखित शोधप्रश्नहरू निर्धारण गरिएका छन् :

(क) गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाहरूको प्रतिनिधित्व र पहिचानको अवस्था केकस्तो रहेको छ ?

(ख) गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाहरूको आवाज र प्रतिरोधी चेतनालाई केकसरी अभिव्यक्त गरिएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोध लैङ्गिक सीमान्तीयताका सैद्धान्तिक कसीमा गणतन्त्रोत्तर नेपाली कविताको विश्लेषणसँग सम्बन्धित छ । यसका लागि निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएका छन् :

(क) गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाहरूको प्रतिनिधित्व र पहिचानको खोजी तथा विश्लेषण गर्नु,

(ख) गणतन्त्रोत्तर नेपाली कवितामा अभिव्यक्त सीमान्त महिलाहरूको आवाज र प्रतिरोधी चेतनाको विश्लेषण तथा मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्तीकृत महिलाहरूको उपस्थिति र तिनको प्रतिरोधी चेतनाको अभिव्यक्ति एउटा अध्ययनीय विषय हो । प्रस्तुत पूर्वकार्यको समीक्षामा यही मुख्य शोध्य विषयसँग सम्बन्धित पूर्वाध्ययनहरूको समीक्षा तथा तिनको उपादेयता र सीमाको पहिचान गरिएको छ । यहाँ उक्त विषयक्षेत्रअन्तर्गत रही विभिन्न अध्येताहरूबाट गरिएका टीकाटिप्पणी, समीक्षा, समालोचना आदि पूर्वाध्ययनलाई पूर्वकार्यका रूपमा लिइएको छ । गणतन्त्रोत्तर नेपाली कवितासँग र सीमान्तीयताको अवधारणासँग सम्बन्धित विभिन्न पुस्तकाकार कृति, पत्रपत्रिकामा प्रकाशित लेखहरू, शोधपत्रहरू, शोधप्रबन्धहरू आदिको व्यवस्थित अध्ययन गरी कालक्रमिक रूपमा तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

लक्ष्मणप्रसाद गौतम (२०६६) ले *समकालीन नेपाली कविताका प्रवृत्ति* नामक अनुसन्धानात्मक ग्रन्थमा समकालीन शब्दको अर्थ एतत्कालीन हो भन्दै यसका मूल विशेषतामा वर्तमानसँग सम्बद्ध हुनु, परिवर्तित समयसँग सम्बद्ध हुनु र परिवर्तित समयले ल्याएका अभिलक्षण हुनुलाई लिएका छन् । गौतमले उक्त अध्ययनमा समकालीनताको निर्क्योल गरी समकालीन कवितामा नारीमनका पीडाको अभिव्यक्ति, पुरुषप्रधान समाजमा नारी अधिकारको खोजी र लैङ्गिक समानताको अभिव्यक्ति भएको जनाएका छन् । गौतमको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित अध्ययन भने होइन । उनको यो अध्ययन

समकालीन नेपाली कविताका प्रवृत्तिको आकलनमा केन्द्रित छ । गौतमको यस अध्ययनबाट समकालीन कवितामा नारीका पीडाका साथै नारी अधिकारको खोजीको अभिव्यक्ति पनि गरिएको तथ्य उद्घाटित भएको छ । यसबाट गणतन्त्रोत्तर नेपाली कवितामा लैङ्गिक सीमान्तीयता अध्ययनीय विषय रहेको कुरा स्पष्ट भएको छ । यसरी उनको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा समकालीनताको सीमाङ्कन तथा कविताको सर्वेक्षण गर्न सहयोग पुगेको छ ।

लक्ष्मणप्रसाद गौतम (२०६८) ले *उत्तरवर्ती नेपाली समालोचना: केही प्रतिरूप* नामक अनुसन्धानात्मक ग्रन्थमा समकालीन नेपाली कवितामा अन्तर्वस्तुको विविधता रहेको बताएका छन् । उनले समकालीन नेपाली नारी कवितालेखन नारीका युगीन पीडा र मूल्यहीन जीवनका अभिव्यक्तितर्फ पनि केन्द्रित भएको जनाएका छन् । गौतमले उक्त अध्ययनमा समकालीन नेपाली कवितामा नारीवादी चेतना मुखरित भएको उल्लेख गरेका छन् । उनको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभए पनि यसमा समकालीन नेपाली कवितामा नारीवादी चेतनाको चर्चा गरिएको हुनाले यस अध्ययनबाट प्रस्तुत विषय अध्ययनीय छ भन्ने प्रस्ट भएको छ । गौतमको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा सीमान्त महिलाहरूको प्रतिरोधी चेतनाका सन्दर्भबाट विश्लेषण गर्न सहयोग पुगेको छ ।

गीता त्रिपाठी (२०७०) ले उत्तरवर्ती नेपाली कवितामा नारी आस्तित्विक चेतना शीर्षकको लेखमा उत्तरवर्ती नेपाली कवितामा पुरुष शासन र शोषणका पराकाष्ठाको अभिव्यक्तिका साथै त्यसबाट उन्मुक्त हुने चाहनाको अभिव्यक्ति पाइने उल्लेख गरेकी छन् । त्रिपाठीले उक्त लेखमा सीमा आभासको 'साहिँली ब्युँझ न' शीर्षकको कविताको विश्लेषण गरी उक्त कवितामा छाउपडी प्रथाका माध्यमबाट संस्कृतिका नाममा महिलामाथि गरिने शोषणको अभिव्यक्तिका साथै त्यसका विरुद्ध आवाज उठाएर नारी जागृतिको चेतना प्रकट भएको जनाएकी छन् । त्रिपाठीको उक्त अध्ययन लैङ्गिक सीमान्तीयताका कोणबाट गरिएको विशिष्ट अध्ययन नभएर नारी अस्तित्वको चेतनामा केन्द्रित रहेको छ । यस अध्ययनबाट गणतन्त्रोत्तर नेपाली कविता लैङ्गिक सीमान्तीयताका सन्दर्भबाट अध्ययनीय विषय रहेको कुरा प्रस्ट भएको छ । त्रिपाठीको यस अध्ययनले प्रस्तुत शोधकार्यका लागि सीमान्तीकृत महिलामा आएको जागृतिका सन्दर्भबाट पाठविश्लेषण गर्न सहयोग पुगेको छ ।

ताराकान्त पाण्डेय (२०७०) ले समकालीन यथार्थ र साहित्यमा त्यसको प्रतिबिम्बन शीर्षकको लेखमा मुलुक पुँजीवादी युगमा प्रवेश गरेर उत्तरआधुनिकताको होहल्लामा लागिरहँदा गाउँघरमा बोक्सीको आरोपमा विपन्न तथा शक्तिहीन महिलाले भोग्नुपरेका यातना, पितृसत्तात्मक समाजमा महिलाहरू अनागरिकजस्तै हुनुपरेको, पुरुषको खटनमा बाँच्नुपरेका पीडाको अनुभूतिका साथै नारी उत्पीडनका सन्दर्भलाई केशव सिलवाल, सीता शर्मा, सरिता तिवारीलगायतका समकालीन कविहरूले संवेदनापूर्ण ढङ्गले प्रतिबिम्बन गरेको चर्चा गरेका छन् । पाण्डेयको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभई समकालीन साहित्यमा समकालीन यथार्थको प्रतिबिम्बन केकसरी गरिएको छ भन्ने अध्ययनमा केन्द्रित छ । यस अध्ययनमा उनले समकालीन नेपाली कवितामा समाजको लैङ्गिक उत्पीडनजस्तो त्रासद बिडम्बनाको अभिव्यक्ति पाइएको उल्लेख गरेका छन् । तसर्थ उक्त अध्ययनबाट समकालीन नेपाली कवितामा सीमान्तीकृत महिलामाथिको उत्पीडनका सन्दर्भबाट अध्ययन गर्न सकिने स्पष्ट भएको छ । साथै यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा लैङ्गिक उत्पीडनका सन्दर्भबाट गणतन्त्रोत्तर नेपाली कविताको अध्ययन गर्न आधार प्राप्त भएको छ ।

ताराकान्त पाण्डेय (२०७०) ले समसामयिक प्रगतिशील कवितामा दलित-चेतना शीर्षकको लेखमा इस्मालीको 'तेतरीकी आमा' कवितालाई उद्धृत गर्दै तेतरीकी आमा भनेर चिनाइएकी मुसहर जातिकी महिलामाथि गाउँको मुखियाले मेलापातका काममा शोषण गरेको उल्लेख गरेका छन् । तेतरीकी आमाले नारी भएकीले आफ्नै घरमा श्रीमान्द्वारा कुटपिटलगायतका लैङ्गिक उत्पीडन भोग्नुपरेको र ऊजस्तै गरिब गाउँलेहरू सङ्गठित हुन थालेपछि गाउँका ठालुहरू झस्केको सन्दर्भलाई पनि उक्त कवितामा व्यक्त गरिएको कुरा पाण्डेयले बताएका छन् । पाण्डेयले यस अध्ययनमा प्रगतिशील कवितामा दलितचेतनाको विश्लेषणका सन्दर्भबाट लैङ्गिक उत्पीडनको चर्चा गरेका छन् । उनको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा लैङ्गिक सन्दर्भबाट गणतन्त्रोत्तर नेपाली कविताको शोधपरक अध्ययन गर्न सकिने कुरा प्रस्ट भएको छ।

लक्ष्मणप्रसाद गौतम (२०७०) ले उत्तरवर्ती नेपाली कवितालेखनमा नारीवादी चेतना शीर्षकको लेखमा उत्तरवर्ती नेपाली कवितामा पुरुषप्रधान समाजका नेपाली नारीहरूले विविध किसिमका शारीरिक तथा मानसिक पीडा भोग्नुपरेको यथार्थको अभिव्यक्ति पाइने कुरा बताएका छन् । उक्त लेखमा गौतमले शारदा शर्माको 'पराधीन' शीर्षकको कवितामा नारी अस्मिता सडकमा बिक्री भइरहेको युगीन यथार्थको प्रकटीकरण भएको उल्लेख गरेका छन् । गौतमको

यो अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभई कवितामा नारीवादी चेतनाको विश्लेषणमा केन्द्रित छ । गौतमको यस अध्ययनबाट उत्तरवर्ती नेपाली कवितामा लैङ्गिक सीमान्त समुदायको उपस्थिति रहेको स्पष्ट हुनुका साथै उत्तरवर्ती नेपाली कविता लैङ्गिक सीमान्तीयताका सन्दर्भबाट अध्ययनीय विषय रहेको पनि प्रस्ट भएको छ । उनको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा गणतन्त्रोत्तर  नेपाली नारीविषयक कविताको सर्वेक्षण गर्न तथा नारीचेतनाका सन्दर्भबाट विश्लेषण गर्न सहयोग पुगेको छ ।

ताराकान्त पाण्डेय (२०७२) ले समकालीन नेपाली प्रगतिवादी कविताको वैचारिक अन्तर्वस्तु शीर्षकको आलेखमा पुरुषसत्ता नारी अस्मिताको हन्ता भएको र यसले समाजमा लैङ्गिक विभेद तथा उत्पीडनको संस्कृति विकसित गरेको हुनाले त्यस्तो संस्कृतिप्रति विद्रोहको चेतनाले नै समकालीन नेपाली कविताको अन्तर्वस्तु निर्माण गरेको चर्चा गरेका छन् । पाण्डेयले पितृसत्तात्मक समाजमा नारीलाई पहिचानविहीन बनाएको, शारीरिक तथा मानसिक यातना दिइएको, नारीलाई परिधीय र पुरुषलाई केन्द्रीय स्थान दिइएको अभिव्यक्तिका साथै त्यस्ता उत्पीडनकारी कार्यप्रति प्रतिरोधी आवाज समकालीन नेपाली प्रगतिवादी कवितामा व्यक्त गरिएको जनाएका छन् । पाण्डेयको यो अध्ययन मूल रूपमा उत्तरवर्ती नेपाली कवितामा लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभएर वैचारिक अन्तर्वस्तुमा केन्द्रित छ । उनको यस अध्ययनबाट गणतन्त्रोत्तर नेपाली कवितामा लैङ्गिक सीमान्तीयताको विषय अध्ययनीय रहेको स्पष्ट भएको छ भने लैङ्गिक सीमान्तीयताका विविध रूपको पहिचानका साथै महिलाहरूको प्रतिरोधी आवाजको अध्ययन गर्न पनि सहयोग पुगेको छ ।

नेत्र एटम (२०७२) ले समकालीन नेपाली कविताको शिल्पविधान शीर्षकको लेखमा वि.सं. २०६२/६३ को लोकतान्त्रिक आन्दोलनपछि स्थापित समावेशिता, धर्मनिरपेक्षता, सङ्घीयता आदि विषयलाई समकालीन नेपाली कवितामा जोडदार रूपमा उठाइएको र त्यसका लागि केही नवीन शिल्पहरूको अवलम्बन गरिएको कुरा स्पष्ट पारेका छन् । यस लेखमा उनले 'तथागत मलाई उत्खनन गर' कविताको विश्लेषणका क्रममा सुजाताले सिद्धार्थ गौतमलाई खुवाएको 'एक बटुको खिर' सामान्य खिर मात्र नभई कविताकी कथयिता सुजाताले तथागत बुद्धप्रति गरेको प्रेमको स्वरूपमा आएको बिम्ब भएको दाबी गर्दै उक्त खिर सामान्य खिर भएको भए त्यसले सिद्धार्थलाई बुद्धत्वको प्रज्ञा प्राप्त हुने थिएन भन्ने तर्क प्रस्तुत गरेका छन् । यसका साथै उनले यहाँ कवितामा व्यक्त 'पहिलो स्वीकृति पस्केर गरिएको एकाकार' र 'भावहरूको चुम्बन' जस्ता बिम्बले उक्त एक बटुको खिरको वास्तविक अर्थलाई अभिव्यञ्जित

गरेको दाबी पनि गरेका छन् । बिम्बपरक दृष्टिले गरिएको एटमको यस अध्ययनबाट यस शोधकार्यमा कविताको विश्लेषणका लागि थप सहयोग पुगेको छ ।

नेत्र एटम (२०७२) ले समकालीन नेपाली कविताका स्वरहरू शीर्षकको गोष्ठीपत्रमा समकालीन नेपाली कविता नारी चिन्तनमा सक्रिय रहेको उल्लेख गरेका छन् । एटमले उक्त गोष्ठीपत्रमा लैङ्गिक शोषणबाट मुक्तिका लागि नारीहरूले गर्नुपरेका सङ्घर्षको अभिव्यक्ति समकालीन नेपाली कवितामा व्यक्त गरिएको जनाएका छन् । एटमको उक्त अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभए पनि यसबाट समकालीन नेपाली कवितामा लैङ्गिक सीमान्तीयताको अभिव्यक्ति गरिएको सङ्केत पाइएको छ । उनको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा महिलाको प्रतिरोधी चेतनाका सन्दर्भबाट कविताको विश्लेषण गर्न विशेष सहयोग पुगेको छ ।

बिन्दु शर्मा (२०७२) ले समकालीन नेपाली कवितामा नारीचेतना शीर्षकको लेखमा समकालीन नेपाली कविता पुरुषविरोधी चेतना नभएर पुरुषसरहको समानता, स्वतन्त्रता र सहअस्तित्वको स्थापनामा केन्द्रित रहेको जनाएकी छन् । विशेष गरी समकालीन कविहरूका कवितामा नारीमाथि विभिन्न नाममा भएगरेका विभेद, शोषण, अन्याय र उत्पीडनप्रतिको आलोचना, आक्रोश, विद्रोहका साथै उन्मुक्तिको अभिव्यक्ति पाइने कुरा शर्माले उल्लेख गरेकी छन् । उनको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा मात्र केन्द्रित नभई समकालीन नेपाली कवितामा व्यक्त भएको नारीचेतनाको विश्लेषणमा केन्द्रित छ । यसबाट प्रस्तुत शोध्यविषय अध्ययनीय रहेको प्रस्ट भएको छ । उनको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा सीमान्तीकृत महिलामा आएको प्रतिरोधी चेतनाका सन्दर्भबाट विश्लेषणमा थप सहयोग पुगेको छ ।

मुरारि पराजुली (२०७२) ले गणतन्त्रोत्तर नेपाली कविताका स्वरहरू शीर्षकको गोष्ठीपत्रमा २०६२/६३ सालदेखि यताका नेपाली कवितामा अभिव्यक्त स्वरहरूको आकलन गरेका छन् । पराजुलीले उक्त समयका कवितामा नारीका पीडा र अस्तित्वको खोजीका साथै लैङ्गिक विभेदविरुद्धको विद्रोही आवाज पनि मुखरित भएको जनाएका छन् । पराजुलीले गणतन्त्रोत्तर नेपाली कवितामा नारीहरूले खप्नुपरेको बुहार्तन, सामाजिक उत्पीडन, पितृसत्ताबाट अपमानित हुनुपरेको यथार्थको अभिव्यक्तिका साथै त्यसप्रति प्रतिरोधी आवाज पनि व्यक्त गरिएको बताएका छन् । पराजुलीको उक्त अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभएर गणतन्त्रपछिका कवितामा व्यक्त गरिएका स्वरहरूको खोजीमा मात्र केन्द्रित

छ । यसै क्रममा पराजुलीले पितृसत्ताबाट अपमानित महिलामा आएको प्रतिरोधी आवाजको अभिव्यक्ति नेपाली कवितामा गरिएको जनाएका हुनाले प्रस्तुत शोध्य विषय अध्ययनीय रहेको स्पष्ट भएको छ । पराजुलीको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा महिलामाथिको पितृसत्तात्मक दृष्टिकोणका साथै महिलामा आएको प्रतिरोधी आवाजका सन्दर्भबाट विश्लेषण गर्नका लागि थप सहयोग पुगेको छ ।

लक्ष्मणप्रसाद गौतम (२०७२) ले *काव्य विमर्श* नामक गोष्ठीपत्रहरूको सङ्गालोमा सङ्गृहीत उत्तरवर्ती नेपाली कवितामा सांस्कृतिक चेतना शीर्षकको गोष्ठीपत्रमा उत्तरवर्ती नेपाली कवितामा लैङ्गिक संस्कृतिको अभिव्यक्ति प्रबल रहेको चर्चा गरेका छन् । यस समयका कवितामा खासगरी नारीवादी दृष्टिकोण, लैङ्गिक समानता, नारी अस्मिताको खोजी तथा नारीका भूमिकाको महिमा, नारी पीडाबोधको अभिव्यक्ति, नारी अधिकारको खोजी तथा पुरुषप्रधान समाजको विरोधसम्बन्धी विचारको अभिव्यक्ति पाइने कुरा उल्लेख गरेका छन् । गौतमको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभएर उत्तरवर्ती नेपाली कविताको सांस्कृतिक चेतनातर्फ केन्द्रित छ तथापि उनको यस अध्ययनबाट प्रस्तुत शीर्षक अध्ययनीय रहेको प्रस्ट भएको छ । गौतमको यस अध्ययनबाट प्रस्तुत शोधमा पाठविश्लेषण गर्न सघाउ पुगेको छ ।

हेमनाथ पौडेल (२०७२) ले *प्रज्ञा समकालीन नेपाली कविता विमर्श* नामक समालोचनात्मक ग्रन्थमा सङ्गृहीत समकालीन नेपाली प्रगतिवादी कवितामा सौन्दर्य चेतना शीर्षकको लेखमा समकालीन नेपाली कवितामा लैङ्गिक शोषण, दमन, अन्याय, अत्याचार र उत्पीडनको विरोधका साथै मुक्तिको चाहना नै वस्तुसौन्दर्यका रूपमा अभिव्यक्त भएको बताएका छन् । पौडेलले वर्गीय, जातीय, लैङ्गिक उत्पीडनजस्ता समाजका कुरूप पक्षप्रति विद्रोहको आवाज र समाज रूपान्तरणको चेतनाले समकालीन कवितामा सौन्दर्यको सृष्टि गरेको जनाएका छन् । पौडेलको उक्त अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित छैन । उनको यो अध्ययन प्रगतिवादी कविताको सौन्दर्य चेतनामा केन्द्रित छ । उनको यस अध्ययनबाट समकालीन कवितामा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतना व्यक्त भएको सङ्केत पाइएको छ । पौडेलको उक्त अध्ययनबाट प्रस्तुत शोध शीर्षक अध्ययनीय रहेको पनि स्पष्ट भएको छ । उनको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा गणतन्त्रोत्तर नेपाली कवितामा व्यक्त लैङ्गिक उत्पीडन र प्रतिरोधको विश्लेषण गर्न सहयोग पुगेको छ ।

अमर गिरी (२०७३) ले *समकालीन नेपाली कविताको वैचारिक परिप्रेक्ष्य* नामक समालोचनात्मक ग्रन्थमा समकालीन प्रगतिवादी कविहरूले नारीमाथिको उत्पीडन, प्रतिरोधचेतना र मुक्तिको स्वरलाई सुन्दर अभिव्यक्ति दिएको चर्चा गरेका छन् । गिरीले नेपाली समाजमा विद्यमान लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतना लक्ष्मी मालीको 'मेरी छोरी' कवितामा बेजोड रूपमा अभिव्यक्त भएको उल्लेख गरेका छन् । सदियौँदेखि उत्पीडनमा परेका नेपाली नारीका छातीमा प्रतिरोधी आगो बलेको अभिव्यक्ति मालीका कवितामा पाइने कुरा गिरीले गरेका छन् । गिरीको यो अध्ययन समकालीन नेपाली कवितामा लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभई वैचारिकताको खोजीमा केन्द्रित छ । यसमा समकालीन केही कवितामा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाको अभिव्यक्ति भएको ठहर गरिएको छ । गिरीको यस अध्ययनबाट प्रस्तुत शोध्य विषय अध्ययनीय छ भन्ने आधार तय भएको छ । उनको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा गणतन्त्रोत्तर कविताको सर्वेक्षण गर्न तथा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका सन्दर्भबाट विश्लेषण गर्न सघाउ पुगेको छ ।

नारायणप्रसाद गडतौला (२०७४) ले *समकालीन नेपाली कविताको समाजशास्त्र* नामक समालोचनात्मक ग्रन्थमा आर्थिक पक्षले नेपाली नारीहरूलाई दुर्बल बनाएको कुरा समकालीन नेपाली कवितामा व्यक्त गरिएको बताएका छन् । गडतौलाले बिमला तुम्खेवाको 'मेरो कथाको पनि कविता लेख्नू है' शीर्षकको कवितामा समाजमा विद्यमान आर्थिक सम्बन्धका कारण पुरुषलाई बलियो र नारीलाई कमजोर बनाइएको हुनाले नारी उत्पीडनको एउटा कारण आर्थिक पक्ष रहेको कुरा उल्लेख गरेका छन् । समकालीन नेपाली कविताको समाजशास्त्रीय अध्ययनमा केन्द्रित गडतौलाको यो अध्ययन कविताको लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभए पनि यसबाट प्रस्तुत शोधकार्यमा गणतन्त्रोत्तर नेपाली कविताको सर्वेक्षण गर्न तथा नारी उत्पीडनका सन्दर्भबाट विश्लेषण गर्न सहयोग पुगेको छ ।

हरिप्रसाद सिलवाल (२०७४) ले *नेपाली प्रगतिवादी कविताको इतिहास* नामक साहित्येतिहासमूलक ग्रन्थमा प्रगतिवादी कविहरूको परिचय दिने क्रममा सीता शर्माका कवितामा नारी उत्पीडनका विरुद्ध विद्रोही चेतना व्यक्त गरिएको बताएका छन् । सिलवालले सीता शर्माको 'उमा बदिनी' शीर्षकको कवितामा बादी जातिका महिलाहरूमाथि गरिने सामाजिक सांस्कृतिक उत्पीडनलाई अभिव्यक्त गरिएको चर्चा गरेका छन् । सिलवालले शर्माका कवितामा नारी उत्पीडनको अभिव्यक्तिका साथै उत्पीडनविरोधी आवाज र अस्तित्वबोधी चेतना पनि व्यक्त गरिएको जनाएका छन् । सिलवालले प्रगतिवादी कविताको सर्वेक्षण गरी लैङ्गिक

उत्पीडन र समानताको चेतना पनि प्रगतिवादी कवितामा व्यक्त गरिएको उल्लेख गरेका छन् । सिलवालको यो अध्ययन सीमान्तीयतामा केन्द्रित नभए पनि यसबाट प्रस्तुत विषय अध्ययनीय रहेको प्रस्ट भएको छ । सिलवालको यस अध्ययनबाट प्रस्तुत शोधमा गणतन्त्रोत्तर नेपाली कविताको सर्वेक्षण गर्न तथा नारीमाथि भएका उत्पीडनका साथै प्रतिरोधी आवाजका सन्दर्भबाट विश्लेषण गर्न सघाउ पुगेको छ ।

ताराकान्त पाण्डेय (२०७४) ले *इच्छुक* त्रैमासिक पत्रिकामा प्रकाशित समकालीन कवितामा प्रतिरोध सौन्दर्य शीर्षकको लेखमा आहुति, सरिता तिवारी, भूपाल राई, अनिल श्रेष्ठ, केशव सिलवाल, उपेन्द्र सुब्बा, केवल बिनाबी आदिका कविताहरूको विश्लेषण गरी उनीहरूका कवितामा स्थापित शक्तिसम्बन्ध र अभिजातीय वर्चस्वका विरुद्ध कतै किनारीकृत स्वयम्बाट त कतै कविका तर्फबाट प्रतिरोधको स्वर दरो ढङ्गले प्रस्तुत गरिएको बताउँदै उक्त कविताहरूले समकालीन कवितामा प्रतिरोध सौन्दर्यको नयाँ आयामलाई उद्घाटन गरेको दाबी पनि गरेका छन् । उक्त कविताहरूमा व्यक्त वर्णगत, लैङ्गिक, वर्गीय एवम् राजकीय उत्पीडनका विरुद्धको प्रतिरोध चेतनालाई प्रस्तुत गरिएको चर्चा गरेका छन् । पाण्डेयको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा मात्र केन्द्रित नभए पनि यसबाट प्रस्तुत शोधकार्यमा प्रतिरोधको विश्लेषणका लागि सहयोग पुगेको छ ।

ताराकान्त पाण्डेय (२०७५) ले *चरैवेती* पत्रिकाको राष्ट्रिय काव्यविमर्श विशेषाङ्कमा सङ्कलित समकालीन नेपाली कवितामा पश्चिमी चिन्तनको प्रभाव शीर्षकको लेखमा समकालीन कविहरू आहुति, निभा शाह, सरिता तिवारी, गौरी दाहाल, अनिल श्रेष्ठ, अमर गिरी, नवराज पराजुली, सीमा आभास, सरस्वती प्रतीक्षा आदिका कवितालाई उद्धृत गरी उनीहरूका कवितामा लैङ्गिक उत्पीडन र विद्रोही चेतनाको अभिव्यक्ति, नारीको अस्तित्वहीनता, पुरुष वर्चस्व, हिन्दुवादी रूढ संस्कृतिमाथि प्रश्नका साथै प्रतिरोधी विमर्श निर्माण गरिएको दाबी गरेका छन् । धर्म, संस्कृति, प्रेम, दाइजोलगायत अनेक नाममा सामाजिक संस्कृतिले नारी अस्मितालाई किनारीकृत बनाएको नारीको पराश्रित पहिचान र बादी महिलाका प्रतिरोधी चेतनालाई समकालीन कविहरूका कवितामा व्यक्त गरिएको चर्चा पाण्डेयले गरेका छन् । पाण्डेयको यो अध्ययन लैङ्गिक सीमान्तीय अध्ययनमा केन्द्रित नभए पनि यसबाट प्रस्तुत शोधको विषय अध्ययनीय रहेको स्पष्ट भएको छ । तसर्थ यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा सीमान्तीकृत महिलामाथिको पितृसत्तात्मक दृष्टिकोणका साथै महिलामा जागृत

भएको प्रतिरोधी चेतनाका सन्दर्भबाट गणतन्त्रोत्तर नेपाली कविताको विश्लेषण गर्न सहयोग पुगेको छ ।

हेमनाथ पौडेल (२०७५) ले *प्रगतिवाद र नेपाली कवितासम्बन्धी मान्यता* नामक खोजमूलक ग्रन्थमा प्रगतिवादी कवितामा नारी शोषण र असमानताको विरोधका साथै समतायुक्त समाजको स्थापनामा सहयोग पुऱ्याउने लक्ष्य राखिएको चर्चा गरेका छन् । पौडेलको यो अध्ययन उत्तरवर्ती नेपाली कविताको लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभई समग्र प्रगतिवादी कविता मान्यताको आकलनमा केन्द्रित छ तथापि पौडेलको उक्त कार्यबाट प्रस्तुत विषय अध्ययनीय रहेको प्रस्ट भएको छ । पौडेलको उक्त अध्ययनबाट प्रस्तुत शोधकार्यमा लैङ्गिक प्रतिरोधका सन्दर्भबाट विश्लेषणमा सघाउ पुगेको छ ।

रजनी काफ्ले ढकाल (२०७६) ले *प्रज्ञा* विज्ञसमीक्षित शोधपत्रिकामा प्रकाशित पीताम्बर नेपालीका कवितामा प्रगतिवादी चेतना शीर्षकको लेखमा नेपालीको 'जान्न घर' कविताको विश्लेषण गर्ने क्रममा छोरीलाई शिक्षा, चेतना र अवसरबाट वञ्चित गरी सानैमा विवाह गरेर पठाउने सामन्तवादी पितृसत्ताको दलन अनि शोषणमा परेका नेपाली नारीका मनमा उत्पन्न भएको विद्रोहको स्वर उक्त कवितामा व्यक्त गरिएको कुरा उल्लेख गरेकी छन् । ढकालको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभए पनि यस कार्यबाट प्रस्तुत विषय अध्ययनीय रहेको प्रस्ट भएको छ । उनको यस अध्ययनबाट सीमान्त महिलाको आवाज र प्रतिरोधको विश्लेषण गर्न सहयोग लिइएको छ ।

गीता त्रिपाठी (२०७७) ले *काव्य विमर्श* नामक गोष्ठीपत्रहरूको सङ्गालोमा सङ्कलित समकालीन नेपाली कविताका नारी हस्ताक्षर शीर्षकको लेखमा समकालीन नारी कविका कवितामा राजनीतिक, सामाजिक, लैङ्गिक, जनजातीय, सहअस्तित्ववादी चेतनाका साथै सांस्कृतिक रूढिप्रति विद्रोही चेतना व्यक्त भएको जनाएकी छन् । उनले जीवनका विरह, पीडा, निराशा र असमानताबाट मुक्तिका लागि प्रतिरोधी आवाज दिनु नै समकालीन कविताको मूल स्वर रहेको दाबी पनि गरेकी छन् । त्रिपाठीको उक्त अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभएर समकालीन नारी कविहरूको सर्वेक्षण तथा मूल प्रवृत्तिको निर्क्योलमा केन्द्रित छ तापनि यसबाट प्रस्तुत शोध शीर्षक अध्ययनीय रहेको स्पष्ट भएको छ । तसर्थ त्रिपाठीको उक्त अध्ययनबाट प्रस्तावित शोधकार्यमा गणतन्त्रोत्तर नारी कविहरूका कविताको सर्वेक्षण गर्न र प्रतिरोधी चेतनाका सन्दर्भबाट विश्लेषणमा सघाउ पुगेको छ ।

बिन्दु शर्मा (२०७७) ले *काव्य विमर्श* नामक गोष्ठीपत्रहरूको सङ्गालोमा सङ्कलित समकालीन नेपाली कवितामा समावेशी स्वर शीर्षकको लेखमा समकालीन नेपाली कवितामा वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय समावेशी स्वर मुखरित भएको उल्लेख गरेकी छन् । शर्माले नेपाली समाजमा पितृसत्ताद्वारा राजनीतिक, आर्थिक, सांस्कृतिक आदि दृष्टिले उत्पीडित र किनारीकृत महिलाका विविध क्षेत्रको पहिचान, पितृसत्तात्मक मानसिकताप्रति व्यङ्ग्य, पितृसत्तात्मक दमनबाट उन्मुक्तिको चाहना तथा महिलाका परम्परागत भूमिकामा रूपान्तरणको अभिव्यक्ति समकालीन कवितामा पाइने बताएकी छन् । शर्माले उक्त गोष्ठीपत्रमा सरस्वती प्रतीक्षा, सरिता तिवारी, लक्ष्मी माली, सङ्गीत श्रोता आदिका कवितालाई उद्धृत गरी उनीहरूका कवितामा लैङ्गिक समावेशी स्वर अभिव्यक्त गरिएको चर्चा गरेकी छन् । शर्माको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा केन्द्रित नभएर समकालीन कवितामा समावेशी स्वरको आकलनमा केन्द्रित छ तथापि यसबाट प्रस्तुत विषय अध्ययनीय रहेको स्पष्ट भएको छ । शर्माको यस अध्ययनबाट प्रस्तुत शोधकार्यमा अध्ययनको सीमाङ्कन गर्न तथा सीमान्तीकृत महिलामाथिको पितृसत्तात्मक दृष्टिकोणका साथै महिलामा जागृत भएको प्रतिरोधी चेतनाका सन्दर्भबाट विश्लेषण गर्न थप सहयोग लिइएको छ ।

अमृता शर्मा (२०७८) ले *समकालीन नेपाली महिला समालोचना* नामक समालोचनात्मक ग्रन्थमा प्रकाशित नेपाली प्रगतिवादी कवितामा महिला शीर्षकको लेखमा नेपाली समाजको सामन्तवादी, अर्द्धसामन्ती, पुँजीवादी पितृसत्तात्मक समाजव्यवस्थाबाट विभिन्न वर्ग, क्षेत्र, जात, धर्म र समुदायका नारीहरूमाथि सामाजिक सांस्कृतिक आधारमा गरिएका शारीरिक, मानसिक तथा यौनिक उत्पीडनका विविध यथार्थको उद्बोधनका साथै त्यसबाट मुक्तिका लागि उत्पीडित नारीहरूमा जागृत प्रतिरोधी चेतनालाई प्रगतिवादी नेपाली कवितामा प्रतिबिम्बन गरिएको कुरा उल्लेख गरेकी छन् । शर्माले उक्त लेखमा सुधा त्रिपाठी, निभा शाह, प्रगति राई, बिन्दु शर्मा, शीला योगी, सरिता तिवारी, आहुति, विनोदविक्रम केसी, लक्ष्मी माली आदिका कवितालाई उद्धृत गर्दै उनीहरूका कवितामा पितृसत्ताबाट उत्पीडित नारीका जीवनको यथार्थ अभिव्यक्तिका साथै उत्पीडनविरोधी चेतना पनि व्यक्त गरिएको उल्लेख गरेकी छन् । शर्माको यो अध्ययन लैङ्गिक सीमान्तीयतामा मात्र केन्द्रित छैन तापनि उनको यस अध्ययनबाट प्रस्तुत शोधमा गणतन्त्रोत्तर नेपाली कविहरूको आकलन गरी प्रतिरोधी चेतनाको विश्लेषण गर्न सहयोग लिइएको छ ।

उपर्युक्त पूर्वकार्यहरू गणतन्त्रोत्तर नेपाली कवितामा लैङ्गिक सीमान्तीयताको विशिष्टीकृत अध्ययनमा केन्द्रित छैनन् । ताराकान्त पाण्डेय, लक्ष्मणप्रसाद गौतम, अमर गिरी, गीता त्रिपाठी, बिन्दु शर्मालगायतका अध्येताहरूले गणतन्त्रोत्तर नेपाली कविताको सर्वेक्षणका साथ तिनमा व्यक्त वैचारिक अन्तर्वस्तु, सांस्कृतिक चेतना, नारी चेतना, पितृसत्ताको दमन आदि विविध प्रवृत्तिको आकलन गरी समकालीन कविताको विश्लेषण गरेका छन् । अन्य अध्येताहरूले नेपाली कविताको अन्य प्रयोजनको अध्ययनका क्रममा विशेषतः नेपाली कविताको प्रगतिवादी विशेषताको विश्लेषणका क्रममा नारी उत्पीडनको अभिव्यक्ति भएका कविताको टीकाटिप्पणी तथा समालोचना गरेका छन् । माथिका पूर्वकार्यको समीक्षामा समाविष्ट पूर्वाध्ययनहरू लैङ्गिक सीमान्तीयतामा केन्द्रित भई गणतन्त्रोत्तर नेपाली कविताको शोधमूलक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएका छैनन् तथापि उक्त पूर्वाध्ययनहरूबाट प्रस्तुत शोध्य विषय अध्ययनीय रहेको भने स्पष्ट भएको छ । तसर्थ प्रस्तुत शोधकार्यमा गणतन्त्रोत्तर नेपाली कवितामा पाइने लैङ्गिक सीमान्तीयताको प्राज्ञिक विश्लेषण गरी उक्त अभावको पूर्ति गर्ने प्रयास गरिएको छ ।

## १.५ शोधको औचित्य

शोध आफैँमा एक महत्त्वपूर्ण एवम् प्राज्ञिक कार्य हो । प्रस्तुत शोधमा गणतन्त्रोत्तर नेपाली कवितामा लैङ्गिक सीमान्तीयतासम्बन्धी अध्ययन गर्ने उद्देश्य राखिएको छ । प्रस्तुत शोधकार्यसँग सम्बन्धित प्राज्ञिक एवम् समाधेय समस्याहरू आफैँमा महत्त्वपूर्ण छन् । ती प्राज्ञिक समस्याको समाधान यसअघि भइनसकेको तथ्य पूर्वकार्यको समीक्षाबाट स्पष्ट भइसकेको छ । तसर्थ यस अध्ययनबाट शोधका क्षेत्रमा नवीन कार्य हुने ठानी उक्त प्राज्ञिक समस्याको समाधान गरिएको छ । गणतन्त्रोत्तर नेपाली कवितामा व्यक्त महिलाको सीमान्तीय प्रतिनिधित्व, पहिचान तथा प्रतिरोधी चेतनाको विश्लेषणसम्बन्धी उक्त विषय अध्ययनीय रहेको र यस विषयमा जानकारी हासिल गर्न चाहने अध्येता, विद्यार्थी, शिक्षकलगायत सम्पूर्ण पाठकवर्गका लागि यो शोध उपयोगी हुने विश्वास लिइएको छ । कविताको अनुसन्धानका क्षेत्रमा ज्ञानको नवप्रवर्तन गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

'सीमान्तीयता' दबाइएका वा हेपिएका गरिब, दलित, नारी आदि समुदायको अध्ययनमा प्रचलित शब्द हो । सीमान्तीकृत समुदायले शक्तिशाली शासक समुदायबाट

सदियौँदेखि भोगेको उत्पीडन र त्यसका विरुद्ध सीमान्तीकृत समुदायको आवाज र प्रतिरोधको अध्ययनका लागि वर्गीय, जातीय, लैङ्गिक, भौगोलिक आदि सीमान्तीयताका सैद्धान्तिक अवधारणालाई आधार बनाउन सकिने भए पनि प्रस्तुत शोधकार्यमा लैङ्गिक सीमान्तीयताका आधारमा गणतन्त्रोत्तर नेपाली कविताको अध्ययन गरिएको छ । लैङ्गिक सीमान्तीयताभित्र पुरुष, महिला तथा तेस्रोलिङ्गीसमेत पर्ने भए पनि प्रस्तुत अध्ययनलाई सीमान्तीकृत महिलामा मात्र सीमित गरिएको छ । गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्तीकृत महिलाहरूको विषयगत प्रतिनिधित्व सघन रूपमा भएको र यसलाई महत्त्वका साथ प्रस्तुत गरिएकाले यो विषय मात्र पनि अध्ययनीय रहेको छ । यही अवस्थालाई दृष्टिगत गरी प्रस्तुत शोधकार्यलाई महिला सीमान्तीयतामा केन्द्रित गरिएको हो र यही नै यस अध्ययनको सीमा हो । यस क्रममा सांस्कृतिक अध्ययनका क्षेत्रमा प्रचलित प्रविधि र युक्तिको पनि उपयोग गरिएको छ । यस अध्ययनका लागि सीमान्त महिलाको प्रतिनिधित्व प्रबल रूपमा भएका २०६२ देखि २०७७ सम्म प्रकाशित कविताहरू लिइएका छन् र ती खण्डकाव्य र महाकाव्य नभई फुटकर गद्य कविता मात्र रहेका छन् । यस क्रममा विश्लेषणका लागि एघार जना पुरुष कवि र तेर जना महिला कविका कविताहरू सोद्देश्य छनोट गरी चयन गरिएका छन् ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा आवश्यक पर्ने सम्पूर्ण सामग्रीको सङ्कलन र अध्ययनका निम्ति प्रयोग गरिएका अध्ययन विधि निम्नानुसार रहेका छन् :

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यका समस्यासँग सम्बन्धित सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस्ता सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई किसिमका रहेका छन् । यस शोधमा विश्लेषण गरिने कविताहरू प्राथमिक सामग्रीका रूपमा रहेका छन् । यस अध्ययनमा गणतन्त्रोत्तर कविता भनेर २०६२ देखि २०७७ सम्म प्रकाशित समग्र कविताको सर्वेक्षण गरी तीमध्येबाट तेइस जना कविका कवितासङ्ग्रहहरूको सूक्ष्म अध्ययन गरिएको छ । तीमध्ये पनि सीमान्त महिलाको सबल उपस्थिति रहेका अमर गिरीको *दुःसाध्य समय* (२०६४), केशव सिलवालको धारिला मानिसहरू (२०६६), श्रवण मुकारुङको *बिसे नगर्चीको बयान* (२०६७), अनिल श्रेष्ठको *मफलर युद्ध* (२०६९), विनोदविक्रम के. सीको *भोकको क्षेत्रफल* (२०६९), सङ्गीत श्रोताको *म काठमाडौँ आइपुगेँ* (२०६९), विप्लव ढकालको *च्याउको जङ्गल*

(२०७१), आहुतिको *गहुँगोरो अफ्रिका* (२०७१), केवल बिनाबीको *आफर* (२०७३), प्रकाश गुरागाईंको *खुट्टामा श्रीपेच* (२०७५) राजन मुकारुङको *हाटा जाने अघिल्लो रात* (२०७६), लक्ष्मी मालीको *आगोको याम* (२०६२), प्रगति राईको *बादी विज्ञप्ति* (२०६६), सीता शर्माको *अस्मिताको खोजी* (२०६६), सुधा त्रिपाठीको *जिराहा वर्तमान* (२०६७), सरस्वती प्रतीक्षाको *बागी सारङ्गी* (२०६९), सरिता तिवारीको *प्रश्नहरूको कारखाना* (२०७२), विना तामाङको *रातो घर* (२०७२), सीमा आभासको *म स्त्री अर्थात आइमाई* (२०७३), विन्दु शर्माको *ओक्कल दोक्कल पिपल पात* (२०७५), विमला तुम्खेवाको *हत्केलामा पृथ्वी लिएर उभिएको मान्छे* (२०७५), शीला योगीको *सपनाका मेघमाला* (२०७५), गौरी दाहालको *प्रतिरोध* (२०७७) र कल्पना चिलुवालको *चुल्ठो* (२०७७) गरी जम्मा तेइस ओटा कवितासङ्ग्रहबाट लैङ्गिक सीमान्तीयतालाई केन्द्रीय महत्त्व दिई लेखिएका अपेक्षाकृत स्तरीय एक-एक ओटा कविताहरूलाई विश्लेष्य सामग्री बनाइएको छ । उक्त कवितासङ्ग्रहहरूबाट छनोट गरिएका तेइस ओटा कविताहरू यसप्रकार छन् : अमर गिरीको 'देह प्रतिरोध', केशव सिलवालको 'सत्यदेवी बोल्छिन्', श्रवण मुकारुङको 'मेरी आमा', अनिल श्रेष्ठको 'एउटी वादी आइमाईका पेटिकोटका टुक्राहरू च्यातिएर', विनोदविक्रम के.सी.को 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग', सङ्गीत श्रोताको 'हेडसर वसन्ती संवाद', विप्लव ढकालको 'डम्बरीको देश', आहुतिको 'लक्ष्मिनिया तिम्रो लोटा खै ?', केवल बिनाबीको 'कुमारी आमा र सपनाहरू', प्रकाश गुरागाईंको 'च्याम्पकी युवती', राजन मुकारुङ्को 'माया बिकको चोलो', लक्ष्मी मालीको 'आमा तिम्रो नाम के हो ?', प्रगति राईको 'वादी विज्ञप्ति', सीता शर्माको 'उमा बदिनी', सुधा त्रिपाठीको 'मलाई जन्माइदेऊ', सरस्वती प्रतीक्षाको 'तथागत मलाई उत्खनन् गर', सरिता तिवारीको 'के तिमीले मलाई आविष्कार गऱ्यौ ?', विना तामाङको 'जुनकिरी', सीमा आभासको 'योगमायाको काँचो वायु', बिन्दु शर्माको 'ओक्कल दोक्कल पिपल पात', विमला तुम्खेवाको 'सच्याऊ यो इतिहास', शीला योगीको 'कम्लरी', गौरी दाहालको 'आइती' र कल्पना चिलुवालको 'चुल्ठो' । उक्त कविताहरूको विश्लेषणका क्रममा आवश्यक सैद्धान्तिक सामग्री, आधिकारिक समीक्षा, समालोचनात्मक ग्रन्थ, अनुसन्धानमूलक लेख, गोष्ठीपत्र, शोधप्रबन्ध आदि द्वितीयक स्रोतका सामग्रीहरू पनि पुस्तकालयीय कार्यबाट नै सङ्कलन गरिएका छन् । उक्त प्राथमिक स्रोतका सामग्रीको उपयोग प्राज्ञिक समस्याको समाधानका क्रममा साक्ष्यका रूपमा गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीको उपयोग विश्लेषणको प्रमाणीकरणका क्रममा गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

सीमान्तीय अध्ययन सांस्कृतिक अध्ययनको एउटा नवीन सैद्धान्तिक अवधारणा हो । इटालेली चिन्तक आन्तोनियो ग्राम्सीद्वारा *प्रिजन नोटबुक्स*मा सर्वप्रथम प्रयोग गरिएको 'सबाल्टर्न' (सीमान्तीयता) शब्दले सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन समुदायलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १) । यिनै उत्पीडित, आवाजविहीन तथा इतिहासविहीन समुदायका आवाज सुन्ने र यस समुदायको अथाह योगदानलाई केन्द्रमा राखेर इतिहास तथा साहित्यको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणालाई सीमान्तीय अध्ययन भनिन्छ । कृतिभित्र प्रतिनिधित्व गराइएका लैङ्गिक सीमान्तीय पात्रको पहिचान कुन रूपमा भएको छ भन्ने कुराको अध्ययन लैङ्गिक सीमान्तीय अध्ययनअन्तर्गत पर्दछ । कृतिमा सीमान्तीकृतका लागि को कसरी बोलेको छ, कृतिमा पात्र आफैँ बोलेको छ कि लेखकले बोलिदिएको छ भन्ने कुराको अध्ययन सीमान्तको आवाजअन्तर्गत गरिन्छ । गायत्री चक्रवर्ती स्पिभाकका विचारमा सीमान्तीकृत समुदाय आफैँ बोल्न नसक्ने हुनाले तिनीहरूको आवाज बौद्धिक वर्गले बोलिदिनुपर्दछ (शर्मा, २०७०, पृ. ३१८) । तिनै सीमान्तीकृतको प्रतिरोध मौन छ कि वाचाल छ भन्ने खोजी यस अध्ययनमा गरिएको छ ।

साहित्य समाजको ऐना हो । साहित्यमा समाजको जीवन्त अभिव्यक्ति गरिएको हुन्छ । यसले समाजको प्रतिबिम्बन गर्छ । साहित्यले सामाजिक इतिहासलाई पनि प्रतिबिम्बत गर्ने र साहित्य र इतिहासका बिच घनिष्ट सम्बन्ध हुने हुनाले सीमान्तीयताको अभिव्यक्ति साहित्यमा प्रभावकारी ढङ्गमा गरिएको हुन्छ । सीमान्तीय आवाजलाई इतिहासमा भन्दा साहित्यमा जोडदार रूपमा व्यक्त गरिएको हुन्छ । त्यसैले सीमान्तीयताले इतिहासमा भन्दा साहित्यमा बढी स्थान पाएको छ (शर्मा, २०७०, पृ. ३१९) । लैङ्गिक सीमान्त समुदायबाट गैरसीमान्त पितृसत्ताका क्रियाकलापप्रति असहमति जनाउँदै आफ्नो अधिकार प्राप्तिका लागि गरिएको अभिव्यक्ति नै सीमान्तीकृतको आवाज हो । कृतिमा प्रतिनिधित्व गराइएका सीमान्तीकृत महिलाले आफ्नो पहिचानका लागि आवाज उठाएका छन् कि छैनन् भन्ने अध्ययन सीमान्त समुदायको प्रतिरोधको अध्ययन हो ।

लैङ्गिक अध्ययनको अवधारणा सामाजिक-सांस्कृतिक अवधारणा हो । यसले नारी र पुरुषको भूमिकालाई सामाजिक-सांस्कृतिक सन्दर्भमा विश्लेषण गर्दछ । यसले पुरुष र महिलाले

के गर्न हुने र के गर्न नहुने जस्ता सांस्कृतिक मान्यताको निर्माण गरी विचारधारात्मक रूपमा पहिचानको निर्धारण गर्छ (भट्टराई, २०७७, पृ. १०७) । लैङ्गिक अध्ययनले महिला र पुरुषको प्रतिनिधित्व र पहिचानलाई कसरी देखाइएको छ भन्ने खोजी गर्छ । यसले महिला दमनविरुद्धको पुरुष स्वर तथा पुरुषमाथि पनि विभेद हुनुहुँदैन भन्ने समन्यायिक धारणाको विकास गरेको छ (भट्टराई, २०७७, पृ. १२२) । सीमान्तीय अध्ययनमा पितृसत्ताको उत्पीडनबाट उत्पीडित महिलाले आफूहरूमाथि भएको उत्पीडनका विरुद्ध कसरी विद्रोह गरेका छन् भन्ने अध्ययन गरिन्छ । लैङ्गिक अध्ययन समाजमा पछाडि परेका महिलाको विकासका लागि बढी केन्द्रित छ । यसले पितृसत्ताबाट दबाइएका महिलाको अवस्थामा सुधार ल्याई तिनलाई पुरुषसमान सहभागितामा पुऱ्याउने लक्ष्य लिएको छ (ढकाल, २०७०, पृ. ३३३) । यसरी लैङ्गिक सीमान्तीयतामा आधारित यस शोधकार्यमा पितृसत्तात्मक समाजमा महिलाहरूको प्रतिनिधित्व र पहिचानको अवस्था केकस्तो रहेको छ र सीमान्तीकृत महिलाहरूबाट व्यक्त गरिएको आवाज तथा प्रतिरोध केकस्तो रहेको छ भन्ने खोजी गरिएको छ । यस क्रममा लैङ्गिक दृष्टिले सीमान्तीकृतहरूको प्रतिनिधित्व, पहिचान र उनीहरूको आवाजका साथै प्रतिरोधको निरूपण लैङ्गिक सीमान्तीयताको अवधारणाका आधारमा गरिएको छ ।

### १.७.३ अर्थापनको पद्धति

प्रस्तुत शोधकार्यमा समाधेय समस्याका रूपमा उठाइएका प्राज्ञिक जिज्ञासाको समाधानका लागि सांस्कृतिक अध्ययनअन्तर्गत पर्ने सीमान्तीयतासम्बन्धी सिद्धान्त तथा अवधारणात्मक आधारलाई उपयोग गरी सङ्कलित सामग्रीको विश्लेषण गरिएको छ । यसका लागि वर्णनात्मक, विश्लेषणात्मक र व्याख्यात्मक पद्धतिलाई मूल आधार बनाइएको छ । यहाँ अर्थापनका लागि मूलतः पाठपरक विश्लेषण विधिको उपयोग गरिएको छ । यसका साथै गणतन्त्रोत्तर नेपाली कविताबाट सीमान्त समुदायको सबल उपस्थिति र प्रतिरोधचेतना व्यक्त भएका कविताहरूमध्येबाट सोद्देश्य छनोटका आधारमा सूक्ष्म अध्ययन गरी निश्चित (सीमित) कविताको चयन गरेर तत्कालीन नेपाली समाजका सन्दर्भको समेत अध्ययन गर्नुपर्ने भएकाले यस शोधमा सन्दर्भपरक अध्ययनविधिको पनि उपयोग गरिएको छ । त्यसरी चयन गरिएका कवितामा लैङ्गिक सीमान्तीयताका सूचकको पहिचान गरेर शोध्य समस्याको समाधान खोजिएको छ । सङ्कलित सामग्रीको विश्लेषण ढाँचा शोध्य समस्याको क्रमअनुसार यस प्रकारको छ :

शोधप्रश्न (क) मा उल्लिखित गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाहरूको प्रतिनिधित्व र पहिचान केकसरी गरिएको छ भन्ने प्रश्नसँग सम्बद्ध सामग्री विश्लेषण गर्दा सोद्देश्य नमुना छनोटद्वारा चयन गरिएका गणतन्त्रोत्तर नेपाली कविताहरूलाई भिन्न भिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ । सीमान्त महिलाहरूको प्रतिनिधित्व र पहिचानको विश्लेषण गर्ने क्रममा सीमान्त महिलाको पहिचान, महिलाहरूलाई सीमान्त बनाइने प्रक्रिया र सीमान्त महिलाहरूको प्रतिनिधित्वका अवस्थाको अध्ययन गरिएको छ । यस क्रममा महिलालाई परिवारभित्र, समाजमा अथवा पितृसत्तात्मक समाजव्यवस्थाका कारण शक्तिहीन बनाइएको सन्दर्भको खोजी पनि गरिएको छ ।

शोधप्रश्न (ख) मा गणतन्त्रोत्तर नेपाली कवितामा महिलाको आवाज र प्रतिरोधको विश्लेषण गर्दा पनि सोद्देश्य नमुना छनोटबाट चयन गरिएका बाइसओटा कविताहरूको पृथक् पृथक् विश्लेषण गरिएको छ । यस शोधमा सीमान्त महिलाहरूको आवाज र प्रतिरोधको विश्लेषण गर्दा उनीहरूको मौनता र वाचालताको खोजी गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको संरचनात्मक सङ्गठनलाई सुव्यवस्थित रूप दिनका लागि निम्नलिखित परिच्छेदमा सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाहरूको प्रतिनिधित्व र पहिचान

तेस्रो परिच्छेद : गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाहरूको आवाज र प्रतिरोध

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रस्तुत शोधप्रबन्धका अन्त्यमा सन्दर्भ सामग्रीसूचीलाई राखिएको छ ।

## दोस्रो परिच्छेद

# गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाहरूको प्रतिनिधित्व र पहिचानको अवस्था

### २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेद गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषणमा केन्द्रित रहेको छ । यस परिच्छेदमा सीमान्तीकृत महिलाको प्रतिनिधित्व र पहिचानसम्बन्धी सैद्धान्तिक मान्यताको परिचय दिनुका साथै गणतन्त्रोत्तर नेपाली कवितामा व्यक्त सीमान्त महिलाहरूको प्रतिनिधित्व र पहिचानको अवस्था कस्तो रहेको छ भन्ने सन्दर्भको विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा गणतन्त्रोत्तर कविता भनेर वि.सं. २०६२ देखि वि. सं. २०७७ सालसम्म प्रकाशित लैङ्गिक सीमान्तीयताको अभिव्यक्ति भएका क्रमशः अमर गिरीको 'देह प्रतिरोध', केशव सिलवालको 'सत्यदेवी बोल्छिन्', श्रवण मुकारुङको 'मेरी आमा', अनिल श्रेष्ठको 'एउटी वादी आइमाईका पेटिकोटका टुक्राहरू च्यातिएर', विनोदविक्रम के. सीको 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग', सङ्गीत श्रोताको 'हेडसर वसन्ती संवाद', विप्लव ढकालको 'डम्बरीको देश', आहुतिको लक्ष्मिनिया तिम्रो लोटा खै ?', केवल बिनाबीको 'कुमारी आमा र सपनाहरू', प्रकाश गुरागाइँको 'च्याम्पकी युवती', राजन मुकारुङ्को 'माया बिकको चोलो', लक्ष्मी मालीको 'आमा तिम्रो नाम के हो ?', प्रगति राईको 'वादी विज्ञप्ति', सीता शर्माको 'उमा बदिनी', सुधा त्रिपाठीको 'मलाई जन्माइदेऊ', सरस्वती प्रतीक्षाको 'तथागत मलाई उत्खनन् गर', सरिता तिवारीको 'के तिमीले मलाई आविष्कार गऱ्यौ ?', विना तामाङको 'जुनकिरी', सीमा आभासको 'योगमायाको काँचो वायु', बिन्दु शर्माको 'ओक्कल दोक्कल पिपल पात', विमला तुम्खेवाको 'सच्याऊ यो इतिहास', शीला योगीको 'कम्लरी', गौरी दाहालको 'आइती', कल्पना चिलुवालको 'चुल्ठो' गरी जम्मा तेइस ओटा कविताहरू चयन गरी तिनमा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ । उक्त कविताहरूमा पितृसत्ताले महिलामाथि गरेका शोषण, दमन, अन्याय, अत्याचार आदि विषयलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको हुनाले यस परिच्छेदमा तिनै गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्तीकृत महिलाको प्रतिनिधित्व र पहिचानको अवस्था केकस्तो रहेको छ भन्ने कुराको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा यहाँ चयन

गरिएका कविताका सङ्ग्रहको प्रकाशन सालका आधारमा एघार ओटा पुरुष कविका र तेर ओटा महिला कविका कविताहरूलाई क्रमशः राखिएको छ ।

## २.२ सीमान्तीय अध्ययनमा प्रतिनिधित्व र पहिचानसम्बन्धी अवधारणा

सांस्कृतिक अध्ययनका विविध आधारहरूमध्ये सीमान्तीयता पनि एक महत्त्वपूर्ण आधार हो । सीमान्तीयता अङ्ग्रेजी शब्द सबाल्टर्नको नेपाली रूपान्तर हो । यो सांस्कृतिक अध्ययनका क्षेत्रमा विकसित हुँदै आएको चिन्तन हो । सीमान्तीयतासम्बन्धी धारणाका प्रतिपादक इटालेली नवमार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्सी हुन् । उनका सीमान्तीयतासम्बन्धी धारणाहरू उनको मृत्युपश्चात् प्रकाशित पुस्तक *प्रिजन नोटबुक्स* (१९७३)मा रहेका छन् । ग्राम्सीद्वारा प्रयोग गरिएको सीमान्तीयता तथा प्रभुत्वसम्बन्धी अवधारणाको प्रभाव युरोप तथा दक्षिण एसियामा समेत परेको छ । यो सन् १९८० पछि सीमान्तीकृत समुदायको इतिहासलेखन र साहित्यसमालोचनाका क्षेत्रमा नवीन सिद्धान्तका रूपमा देखापरेको हो । सदियौँदेखि इतिहासका पानाबाट पाखा लगाइएका सीमान्तीकृत समुदायको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन् १९८२ देखि रन्जित गुहाको नेतृत्वमा दक्षिण एसियामा सीमान्तीय अध्ययन अभियानका रूपमा सञ्चालनमा आएको हो । यसले दबेका र दबाइएका आवाजलाई मुखरित गर्दै सीमान्तीकृत समुदायको सङ्घर्षलाई समेटेको छ (श्रेष्ठ, २०६८, पृ.२) । यस अभियानले टुप्पाबाट इतिहास लेख्ने परम्परालाई हटाएर फेदबाट इतिहास लेख्ने र सबाल्टर्नलाई केन्द्रमा राखेर सामुन्ने ल्याउने कामको थालनी गरेको हो । एडवार्ड सइद र गायत्री चक्रवर्ती स्पिभाकको संलग्नताले यो अभियान अझ सुदृढ बन्यो र त्यसपछि यस अभियानले अझ व्यापकता पाएको हो (शर्मा, २०७०, पृ.३१८) । किनारीकृत समुदायको अधिकारका विषयमा यी वैचारिक अभिमत केन्द्रित छन् ।

ज्ञानको परम्पराबाट किनारामा पुऱ्याइएका सीमान्त समुदायले आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्छन् कि उनीहरूका लागि अरूले बोलिदिनुपर्छ भन्ने प्रश्न प्रतिनिधित्वका सन्दर्भमा उठ्ने गरेका छन् । यस सन्दर्भमा उत्तर संरचनावादी मिसेल फुको र सबाल्टर्न अध्येता गायत्री चक्रवर्तीका मान्यता नै प्रतिनिधित्व र पहिचानको अध्ययन गर्ने आधार हुन् । उनीहरूका मान्यतामा केही भिन्नता रहेको छ । सीमान्तीकृत समुदायले भाषाका माध्यमबाट आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्छ भन्दै बौद्धिक वर्गले सीमान्तीकृतको प्रतिनिधित्व गरे पनि त्यो सही नहुने धारणा फुकोले

राखेका छन् । यस सम्बन्धमा गायत्री चक्रवर्तीको मत फुकोभन्दा भिन्न रहेको छ । उनका अनुसार सीमान्तीकृत वर्ग आफ्ना बारेमा बोल्न सक्दैनन् र बोले पनि उनीहरूको आवाज प्रभावकारी बन्न सक्दैन, त्यसैले उनीहरूको प्रतिनिधित्व बौद्धिक वर्गले गरिदिनुपर्छ । सीमान्तीकृत समुदायको प्रतिनिधित्व गर्ने बौद्धिक वर्ग उनीहरूको संवेदनाप्रति सचेत हुनुपर्छ (उप्रेती, २०६८, पृ. २८२-२८३) । सीमान्तीकृत समुदायले प्रभावकारी रूपमा आफ्ना आवाजलाई व्यक्त गर्न नसक्ने हुनाले बौद्धिक वर्गले उनीहरूको आवाजलाई व्यक्त गरिदिनुपर्छ ।

इतिहासका कालखण्डमा एउटा केन्द्रले अनेक ढङ्गले निर्माण गरेको किनाराको वर्ग सीमान्तीकृत वर्गका नामले चिनिएको छ । सीमान्तीकृत वर्गलाई उत्पादनका दृष्टिले महत्त्वपूर्ण भूमिका दिए पनि उपभोगका दृष्टिले किनारामा पारिएको हुन्छ । सीमान्तीकृतको अध्ययन गर्नेले तिनै विशिष्ट र उपेक्षित इतिहासका खण्डहरूलाई अध्ययन गर्नुपर्छ भनेर इटालिका आन्तोनियो ग्राम्सीबाट सबाल्टर्न शब्द लिएर किनारीकृत वर्गलाई सम्बोधन गर्ने शब्दका रूपमा यस शब्दलाई प्रचलनमा ल्याइएको हो (सुवेदी, २०६८, पृ.xix) । यसरी सामाजिक, आर्थिक, लैङ्गिक, सांस्कृतिक आदिका रूपमा उपेक्षित समुदायको प्रतिनिधित्व र पहिचानको खोजी गर्ने क्रममा सीमान्तीय अध्ययन प्रचलनमा आएको हो ।

सीमान्तीय अध्ययन सामाजिक इतिहासको पुनर्लेखन गर्नुमा मात्र सीमित नरही साहित्यमा समेत यसको सम्बन्ध फैलिएको छ । गायत्री चक्रवर्ती स्पिभाकले सर्वप्रथम सीमान्तीय अध्ययनलाई साहित्यमा प्रयोग गरिन् । त्यसपछि जुली स्टेफेन, सुसी थारु, कमला विश्वशरण आदिले पनि यस अध्ययनमा महत्त्वपूर्ण योगदान दिएका छन् । सन् १९८५ देखि स्पिभाक र बनर्ड कोनले सीमान्तीय अध्ययनलाई सांस्कृतिक अध्ययनका दृष्टिकोणबाट भाषा र साहित्य पठनलाई शक्तिसँग जोडेर विश्लेषणात्मक अध्ययन गरेका हुन् । त्यसपछि सबाल्टर्न अध्ययनले भाषिक र साहित्यिक दुबै मोडलाई स्विकारेको हो । स्पिभाकले शक्ति र प्रतिनिधित्वको मुद्दालाई जोडेर नारीवादी दृष्टिकोणबाट सबाल्टर्न अध्ययन गरेकी हुन् । उनले सबाल्टर्नका लागि बोलिदिने बहानामा सबाल्टर्नलाई थप मौन बनाई राख्ने राजनीतिविरुद्ध आवाज उठाउँदै पुरुषभन्दा महिलाको विषय सबाल्टर्न अध्ययनका लागि बढी सान्दर्भिक भएको कुरालाई जोडदार रूपमा उठाएकी छिन् (श्रेष्ठ,

२०६८, पृ. २६) । यसबाट स्पिभाकले सबाल्टर्नलाई वाचाल बन्न दिनुपर्ने विषयमा जोड दिएको कुरा स्पष्ट भएको छ ।

साहित्यमा सीमान्तीयताको उपस्थिति सहभागीका माध्यमबाट गरिएको हुन्छ। कुनै कृतिमा प्रयुक्त उत्पीडित, शोषित र तल्लो स्तरको पात्र नै सीमान्त पात्र हो । कृतिमा त्यस्ता पात्रको पहिचान गरी तिनको अवस्था, गतिविधि, जीवन, परिवेश, चरित्र आदिको विश्लेषण गर्नु नै सीमान्तीय अध्ययन हो । साहित्य समाजको दर्पण हो भन्ने दर्पणवादीहरूको मान्यताअनुसार साहित्यमा समाज जीवन्त रूपमा उपस्थित भएको हुन्छ । इतिहासमा भन्दा साहित्यमा सीमान्त समुदायलाई बढी बोलन्ते तुल्याएर प्रस्तुत गरिने हुँदा साहित्यको सीमान्तीय अध्ययन बढी उपयोगी भएको हो (शर्मा, २०७०, पृ. ३१९) । साहित्यभित्र सीमान्तीकृत वर्गका अलिखित इतिहासका साथै तिनका वर्गीय, जातीय र लैङ्गिक पहिचानहरूसमेत प्रस्तुत भएका हुन्छन् । त्यसैले साहित्यको सीमान्तीय अध्ययन अध्ययनीय विषय बनेको हो । सीमान्तीय अध्ययनलाई सामाजिक संरचना, सीमान्तीकृत समुदाय, प्रभुत्वशाली समुदाय र प्रभुत्वको विचारधाराका आधारमा हेर्दा जब कुनै पक्ष कमजोर रूपमा परिचित हुन्छ, तब शक्तिसम्पन्न पक्षले कमजोरमाथि आफ्नो प्रभुत्व जमाउन थाल्छ। त्यसबेला कमजोर पक्ष आफ्नो निजी पहिचान गुमाएर सीमान्तीकृत वर्गका रूपमा चिनिन थाल्छ । लैङ्गिक विभेदकारी विचारधाराले ग्रस्त पितृसत्तात्मक समाजमा पितृसत्ता प्रभुत्वशाली हुन्छ । त्यही प्रभुत्वशाली पितृसत्ताको उत्पीडनबाट महिलाहरू सीमान्तीकृत बन्छन् । पितृसत्ताको उत्पीडनबाट उत्पीडित तिनै महिलाहरूको अध्ययन नै लैङ्गिक सीमान्तीय अध्ययन हो ।

सीमान्तीय अध्ययनको एक महत्त्वपूर्ण अवधारणा प्रतिनिधित्व हो । प्रतिनिधित्वको अर्थ कुनै व्यक्ति, वस्तु वा घटनाको उपस्थिति भन्ने हुन्छ । साहित्यमा लैङ्गिक प्रतिनिधित्वको खोजी गर्दा पुरुष र नारीको उपस्थितिलाई हेरिन्छ । शक्तिले स्थापित गरेको विचारधारा र शक्तिको विरोधी विचारधाराको प्रस्तुति पाठमा केकस्तो र केकसरी गरिएको छ भन्ने अध्ययन नै प्रतिनिधित्वको अध्ययन हो । यसमा वर्ग, लिङ्ग तथा जातिका विचारधाराको उपस्थिति पाठमा केकसरी गरिएको छ भन्ने अध्ययन गरिन्छ । पाठमा प्रतिनिधित्वको खोजी गर्दा मूलधारको संस्कृतिबाट उपेक्षित सीमान्तीकृत जाति, वर्ग र लिङ्गको उपस्थितिलाई विशेष महत्त्वका साथ हेरिन्छ (भट्टराई, २०६८, पृ. ४९) । यस अध्ययनमा जाति, वर्ग र लिङ्गको उपस्थिति कृतिमा केकसरी गरिएको छ र तिनीहरूको प्रतिरोधको अवस्था केकस्तो छ भन्ने खोजी गरिएको छ ।

प्रतिनिधित्वले समाजको संरचना र त्यसमा जनताको उपस्थितिलाई जनाउँछ । कुनै पनि कृतिमा पात्रको उपस्थितिको अवस्थालाई केलाउनु सांस्कृतिक अध्ययनको मुख्य विशेषता हो । स्टुआर्ट हलले भाषाका माध्यमबाट गरिने अर्थको उत्पादनलाई प्रतिनिधित्व भनेका छन् (गिरी, २०७४, पृ.२४९) । कुनै पनि पाठमा नारी, दलित, सीमान्तीकृत आदिको उपस्थिति कसरी गरिएको छ भन्ने खोजी नै प्रतिनिधित्वको खोजी हो ।  साहित्यमा कुनै वर्ग, लिङ्ग तथा जातिको उपस्थिति कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो (भट्टराई, २०७०, पृ.३३६) । साहित्यमा प्रतिनिधित्वको खोजी उत्पीडित समुदाय, महिला, जनजाति, दलित आदि सहभागीका माध्यमबाट गरिन्छ । साहित्यमा त्यस्ता उत्पीडित समुदायको प्रतिनिधित्वका आधारमा उसको वर्गीय चरित्र, जातीय भूमिका, लैङ्गिक अवस्था आदिको जानकारी पाइन्छ । साहित्यमा नारी, दलित, सीमान्तीकृत आदिको प्रतिनिधित्व उनीहरूको निश्चित सन्दर्भसहित गरिएको हुन्छ (गिरी, २०७०, पृ. २८) । साहित्यमा सीमान्त वर्गको प्रतिनिधित्व केकसरी गरिएको छ र प्रभुत्वशाली वर्ग र सीमान्तीकृत वर्गमध्ये कुन वर्गलाई प्राथमिकता दिइएको छ भन्ने खोजी नै प्रतिनिधित्वको केन्द्रीय विषय हो ।

पहिचानको सम्बन्ध सीमान्तीयताका साथै लैङ्गिक अध्ययनसँग पनि रहेको छ । व्यक्तिको सामाजिक भूमिकाका आधारमा निर्माण भएको उसको परिचयलाई लैङ्गिक पहिचान भनिन्छ । पहिचानको सामान्य अर्थ चिनाउने काम भन्ने हुन्छ । सांस्कृतिक अध्ययनका क्षेत्रमा बहुप्रचलित यस शब्दले व्यक्ति वा समूहको स्वरूप, सम्मिलन र प्रतिरोधसमेतलाई जनाउँछ (भट्टराई, २०६५, पृ.२६) । पहिचानलाई व्यक्ति तथा समुदायको परिचयका रूपमा लिइन्छ । यो व्यक्ति तथा समुदायको निजत्वसँग जोडिएको  हुन्छ । पहिचान भनेको कुनै पनि व्यक्तिको वैयक्तिक गुणदोषलगायत सम्पूर्ण विशेषताका साथै उसको सामाजिक हैसियत पनि हो । व्यक्ति तथा समुदायको पहिचानमा सांस्कृतिक र राजनीतिक पक्षहरूको सर्वाधिक प्रभाव परेको हुन्छ । पहिचानमा भाषा, धर्म, लिङ्ग, जात, राष्ट्र आदि पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्य, उसले बोल्ने भाषा, उसले अपनाएको धर्म र संस्कृति, उसको जात, राष्ट्रियता, व्यवसाय आदिबाट निर्माण हुन्छ (गिरी, २०७०, पृ. ३१) । सीमान्तीय अध्ययनमा पहिचानको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । सीमान्तीकृत समुदायले समाजमा आफ्नो प्रतिनिधित्वका माध्यमबाट कुनै न कुनै रूपमा पहिचान बनाएका हुन्छन् । साहित्यमा

उपस्थित सहभागीले पनि आआफ्ना भूमिकाका माध्यमबाट आआफ्नो पहिचान कायम गरेका हुन्छन् । त्यही पहिचान कायम गर्ने क्रममा साहित्यमा उनीहरूको उपस्थिति कहीँ जोडदार रूपमा त कहीँ फितलो रूपमा रहेको हुन्छ । पहिचानको निर्माणमा समाजमा विद्यमान निम्न वर्ग/उच्च वर्ग, दलित/सवर्णी, सहर/गाउँ, पुरुष/महिला, आदि द्विचर विरोधको भूमिका हुन्छ । नेपाली समाजमा उच्च वर्गको पहिचानले निम्न वर्गको पहिचानलाई, सवर्णले जनजाति र दलितको पहिचानलाई र पितृसत्ताले नारीको पहिचानलाई किनारामा पुऱ्याएको छ (भट्टराई, २०६५, पृ. २६) । साहित्यमा सीमान्त पात्रहरूको उपस्थिति कसरी गराइएको छ भन्ने खोजी नै पहिचानअन्तर्गत गरिन्छ ।

लैङ्गिक प्रतिनिधित्व र पहिचानले समाजमा व्यक्तिको उपस्थिति र उनीहरूको अवस्थालाई बुझाउँछ । लैङ्गिक प्रतिनिधित्व र पहिचानको खोजी लैङ्गिक विश्लेषण पद्धतिले गर्दछ । लैङ्गिक अध्ययनले पुरुष र पितृसत्तालाई मात्र प्रहार गर्ने सोचमा परिवर्तन गरी उत्पीडनमा परेका नारी र पुरुष दुबैका दृष्टिकोणबाट मात्र लैङ्गिक विभेदका समस्या समाधान हुन सक्ने मान्यता अघि सारेको छ । धेरैजसो समाजमा महिला नै बढी उत्पीडन, दमन र विभेदमा पर्ने हुँदा लैङ्गिक अध्ययनले पनि महिलामाथि हुने विभिन्न प्रकारका शोषण, दमन र उत्पीडनको विश्लेषणमा जोड दिन्छ । नारीहरूमाथि विभिन्न तहमा उत्पीडन हुन्छ र यस्तो उत्पीडन विश्वव्यापी स्थिति, वर्ग, जाति, जनजाति, उमेर, धर्म, शिक्षा आदिमा हुने गर्छ भन्ने मान्यता लैङ्गिक अध्ययनको रहेको छ (भट्टराई, २०७६, पृ. २६३) । यसै क्रममा लैङ्गिक विश्लेषणअन्तर्गत समलिङ्गी समालोचना, लैङ्गिक पहिचान, यौनिकताजस्ता विविध पद्धतिको विकास भएको छ । लैङ्गिक अध्ययनको पछिल्लो विकासका कारण नै सांस्कृतिक अध्ययनका क्षेत्रमा लैङ्गिक अध्ययनले प्रवेश पाएको र यो सांस्कृतिक अध्ययनको एउटा मुख्य विषयका रूपमा स्थापित भएको हो (भट्टराई, २०७६, पृ. २६४) । यस अध्ययनमा उत्तरवर्ती नेपाली कवितामा लैङ्गिक प्रतिनिधित्व र पहिचानको विश्लेषण गर्दा त्यहाँ वर्ग, जाति, जनजाति, धर्म, शिक्षा आदि दृष्टिले सीमान्तीकृत महिलाको केकस्तो स्वरूपको उपस्थिति गराइएको छ भन्ने खोजी गरिएको छ ।

गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषणका लागि कवितामा उपस्थित महिलालाई पितृसत्ताबाट दिइएको भूमिका र तत्कालीन सामाजिक-सांस्कृतिक परिवेशलाई मुख्य आधार बनाइएको छ । यस क्रममा सीमान्तीकृत महिलाहरूको

सामाजिक-सांस्कृतिक सहभागिता केकस्तो छ ? विभेदकारी पितृसत्ता र सीमान्तीकृत महिलाका बिचको शक्तिसङ्घर्षको अवस्था कस्तो छ ? सीमान्तीकृत महिलाहरूको केकस्तो पहिचान कायम भएको छ ? विभेदकारी पितृसत्तात्मक समाजव्यवस्थामा सीमान्त महिलाहरूले नवीन पहिचानका लागि केकस्तो परिस्थितिको सामना गर्नुपरेको छ ? भन्ने कुराको खोजी यस अध्ययनमा गरिएको छ ।

## २.३ 'देह प्रतिरोध' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'देह प्रतिरोध'अमर गिरीद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको *दुःसाध्य समय* (२०६४) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका एकाउन्न ओटा कविताहरू समाविष्ट छन् । यस सङ्ग्रहका कविताका केन्द्रमा देश रहेको हुनाले देशका निमुखा, गरिब र उत्पीडितका आवाजलाई यहाँ व्यक्त गरिएको छ । यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये 'देह प्रतिरोध' कवितामा उत्पीडित महिलाको चित्रण गरिएको छ। त्यसैले यहाँ 'देह प्रतिरोध' कवितालाई विश्लेषणका लागि चयन गरी उक्त कवितामा प्रयुक्त सीमान्तीकृत महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'देह प्रतिरोध' कवितामा बादी महिलाले सत्ताको निर्लज्जताका विरुद्ध नग्नताका माध्यमबाट गरेको प्रतिरोधलाई व्यक्त गरिएको छ । प्रस्तुत कवितामा पुरुषवादी लैङ्गिक एवम् राजनैतिक सत्ताका विरुद्ध बादी महिलाले गरेको विद्रोहलाई मुख्य विषय बनाउँदै अर्द्धनग्न बादी महिलाहरूको उक्त विद्रोहले प्रथम पटक पुरुषसत्ताको फलामे बार भत्काएर अर्द्धनग्नतालाई विद्रोहको अन्तिम अस्त्र बनाएको छ (पाण्डेय, २०७४, पृ. ३५) । मुलुकको शासन चलाउने र मुलुकको भविष्य बनाउने अभियन्ताहरू रहने सिंहदरबारअगाडि अर्धनग्न भएर बादी महिलाहरूले पितृसत्ताको विरोध गरेको सन्दर्भलाई कवितामा व्यक्त गरिएको छ। अर्धनग्नताका माध्यमबाट उनीहरूले गरेको उक्त प्रतिरोधले पितृसत्ताका विरुद्ध सीमान्तीकृत महिलामा विद्रोही चेतनाको बीजाङ्कुरण भएको पुष्टि हुन्छ । उक्त कवितामा अर्धनग्नतालाई विद्रोहको नयाँ तथा अन्तिम हतियारका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत कवितामा नेपालको पश्चिमी भूगोलमा बसोवास गर्ने बादी महिलाका माध्यमबाट पितृसत्ताका विरुद्ध सिंहदरबारअगाडि बसेर प्रतिरोध गरिएको हुनाले यहाँ काठमाडौँका साथै पश्चिम नेपालको भौगोलिक प्रतिनिधित्व र बादी महिलाको लैङ्गिक प्रतिनिधित्व गराइएको छ । सदियौँदेखि पितृसत्ताले बन्द गरिदिएका ओठमा धारिला शब्दमार्फत् जीवनको गरिमा खोज्दै

बादी महिलाले गरेको प्रतिरोधी उपस्थितिलाई जैविक बुद्धिजीवीका माध्यमबाट कवितामा यसरी व्यक्त गरिएको छ :

खडा छन् अर्धनग्न
प्रथमपटक खुलेका छन्
सदियौँदेखि बन्द ओठहरू
छुरा जस्ता धारिला शब्दहरू
फलामभैँ तातिएको मन
प्रथमपटक भाँच्न खोजिरहेछन्
विशाल फाटकको फलामे डण्डी
प्रथमपटक तोडिएको छ सीमाना
प्रथमपटक
अर्धनग्न देह
खोजिरहेछ जीवनको गरिमा ।

(पृ. १९)

वर्षौंवर्षदेखि उत्पीडन खप्न विवश बादी महिलाका मनमा गुम्सिएका पीडाको अभिव्यक्तिको साधन उनीहरूले अर्धनग्नतालाई बनाएका छन् । देशको केन्द्र सिंहदरबारको अगाडि आएर सदियौँदेखि बन्द भएका ओठहरू खोली पितृसत्ताको उत्पीडनको सीमा तोड्ने प्रयासका साथै आफ्नो जीवनको गरिमा खोज्ने क्रममा बादी महिलाहरू अर्धनग्न खडा भएका छन् । सीमान्तीयताका दृष्टिले हेर्दा प्रस्तुत कवितामा बादी महिलाको अर्धनग्न शारीरिक उपस्थितिले सीमान्त नारीहरूको प्रतिनिधित्व प्रभावकारी ढङ्गले गराइएको स्पष्ट हुन्छ । साथै बादी महिलाहरूको यस प्रकारको चित्रणबाट उनीहरूले भोग्दै आएको सीमान्तीयताबाट माथि उठी न्याय र स्वतन्त्रताको खोजी गर्न थालेको नवीन पहिचानलाई पनि प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । पुरुषको भोगविलास र आफ्नै गरिबीका कारण लैङ्गिक उत्पीडन खप्न विवश यी महिलाहरूले दिउँसै सिंहदरबारअगाडि अर्धनग्न हुने आँट गरेको सन्दर्भलाई कवितामा यसरी व्यक्त गरिएको छ :

विलास र गरिबीले
समय/असमय डामिएका

सीताहरू हुन् यी
प्रायः सघन अन्धकारमा
डामिने आफ्ना शरीरका बस्त्रहरू
फुकाल्ने आँट गरिरहेछन् दिवसमा
गर्न नहुने केही गरेका छैनन् उनीहरूले
नाङ्गो सिंहदरबारका अगाडि
केवल अर्धनग्न खडा छन् उनीहरू

(पृ.२०)

प्रस्तुत साक्ष्यमा जबसम्म नाङ्गो सिंहदरबारले वस्त्रधारण गर्दैन, तबसम्म बादी महिलाहरूको अर्धनग्न प्रतिरोध चलिरहने विचार व्यक्त गरिएको छ । बादी महिलामाथि भएको उत्पीडनलाई राज्यस्तरबाट बेवास्ता गर्नु र बादी महिलालाई उपेक्षा गर्नु पितृसत्ताको नग्नता हो । पितृसत्ताको यस्तो नग्नतालाई माथिको साक्ष्यमा नग्न सिंहदरबारका माध्यमबाट चिनाइएको छ । पितृसत्ताको हैकमले जति छोपे पनि उसले सीमान्त महिलामाथि गरेका लैङ्गिक उत्पीडनहरू कवितामा स्पष्ट देखिएका छन् । पितृसत्ताको विलास र आफ्नै गरिबीका कारण अन्धकारमा डामिने गरेका बादी महिलाले उत्पीडनकारी पितृसत्ताका विरुद्ध गरेको विद्रोहलाई कवितामा व्यक्त गरिएको हुनाले यहाँ उत्पीडित बादी महिलाको अर्धनग्न पहिचान प्रस्ट देखिएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा बादी महिलामाथि भएको लैङ्गिक उत्पीडनजन्य विषयको प्रतिनिधित्व प्रस्तुत कवितामा गरिएको छ । भौगोलिक दृष्टिले हेर्दा बादी महिलाको उपस्थितिबाट पश्चिम नेपालको भौगोलिक प्रतिनिधित्व कवितामा गरिएको छ । पितृसत्ताको लैङ्गिक उत्पीडनका विरुद्ध बादी महिलाबाट प्रतिरोधस्वरूप अर्धनग्नतालाई माध्यम बनाइएको यस सन्दर्भले पितृसत्तात्मक सामाजिक संरचनाबाट सीमान्तमा पुऱ्याइएका बादी महिलाको प्रतिनिधित्व विशेष ढङ्गले कवितामा गराइएको स्पष्ट हुन्छ ।

## २.४ 'सत्यदेवी बोल्छिन्' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'सत्यदेवी बोल्छिन्' केशव सिलवालद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको *धारिला मानिसहरू* (२०६६) सङ्ग्रहमा सङ्कलित छ । यो उनको दोस्रो कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा त्रिचालिस ओटा कविताहरू समाविष्ट छन् । सिलवालका यस सङ्ग्रहका

कवितामा वर्गचेतना र वर्गमुक्तिको भाव व्यक्त गरिएको छ । विचारका कवि सिलवालले आफ्ना कवितामा विचारको क्षय भइरहेको डर लाग्दो समयमा विचारको बिउ जोगाउने प्रयास गरेको प्रसङ्गलाई कवि विमल निभाले यस सङ्ग्रहका कवितामाथि टिप्पणी गर्ने क्रममा उल्लेख गरेका छन् । यस कवितासङ्ग्रहमा रहेका कविताहरूमध्ये सीमान्तीकृत महिलाको प्रतिनिधित्व भएको 'सत्यदेवी बोल्छिन्' कवितालाई यस शोधमा विश्लेषणका लागि छनोट गरी प्रस्तुत कवितामा प्रयुक्त सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'सत्यदेवी बोल्छिन्' कवितामा नेपाली समाजमा विद्यमान लैङ्गिक उत्पीडनको प्रतिबिम्बन गरिएको छ। विगत लामो समयदेखि पितृसत्तात्मक नेपाली समाजमा महिलामाथि अनेक किसिमका हिंसात्मक व्यवहार गरिँदै आएका छन् । देश पुँजीवादी युगमा प्रवेश गरिसके पनि नेपालका कतिपय ग्रामीण क्षेत्रमा बोक्सीको आरोप लगाएर सीमान्तीकृत महिलालाई मानिसको बिस्टा खुवाउनु, शारीरिक यातना दिनु समकालीन नेपाली समाजको त्रासद विडम्बना हो भन्दै त्यस्तो विडम्बनालाई केशव सिलवालका कवितामा प्रभावकारी ढङ्गमा व्यक्त गरिएको कुरालाई ताराकान्त पाण्डेयले  उल्लेख गरेका छन् (२०७२, पृ. ३४१-३४२) । केशव सिलवालको 'सत्यदेवी बोल्छिन्' कवितामा जबरजस्ती बिस्टा खुवाइएकी सीमान्तीकृत महिलाको प्रतिनिधित्व गराइएको छ । प्रस्तुत कवितामा उत्तरआधुनिक समयमा महिलालाई पितृसत्ताले दिएको विद्रुप पहिचानको यथार्थ प्रतिबिम्बन गरिएको छ। नारीअनुभूति व्यक्त गरिएको प्रस्तुत कवितामा बोक्सीको आरोपमा महिलालाई मानिसको बिस्टा खुवाउने खराब संस्कृति नेपाली समाजमा अझसम्म विद्यमान रहेको घृणित यथार्थलाई अभिव्यक्त गरिएको छ । पितृसत्तात्मक समाजमा महिलामाथि गरिएको उक्त उत्पीडनको सन्दर्भका माध्यमबाट सीमान्तीकृत महिलाको विद्रुप पहिचानलाई प्रस्तुत कवितामा व्यक्त गरिएको छ। प्रस्तुत कविताकी सत्यदेवी त्यस्ता सीमान्तीकृत महिलाकी प्रतिनिधि पात्र हुन्, जसले पितृसत्ताबाट गरिएको त्यस्तो घृणित उत्पीडन खप्नुपरेको छ । कवितामा तिनै सत्यदेवीका माध्यमबाट पितृसत्तात्मक समाजमा महिलालाई बहिष्कृत गर्ने, प्रताडित तुल्याउने र मानिसको बिस्टा खुवाउने खराब संस्कृतिविरुद्ध व्यङ्ग्य गरिएको छ। सीमान्तीय प्रतिनिधित्व र पहिचानका दृष्टिले हेर्दा प्रस्तुत कवितामा लैङ्गिक सीमान्तीय प्रतिनिधित्व र महिलाको विद्रुप पहिचान स्पष्ट रूपमा देखिएको छ । महिला भएकै कारण सत्यदेवीजस्ता महिलालाई बोक्सीको आरोपमा बिस्टा

खुवाउने काम पितृसत्तात्मक संस्कृतिको परिणामस्वरूप गरिएको छ । पितृसत्तात्मक संस्कृतिले महिलामाथि गरेको यस प्रकारको लैङ्गिक उत्पीडनलाई कवितामा यसरी व्यक्त गरिएको छ :

के तिमी कल्पना गर्न सक्छौ ?
कसरी खाँदै छु म
मानिसको बिष्टा ?
त्यसको स्वाद कस्तो हुन्छ
के तिमी सोध्ने गर्छौ मलाई ?....
यो उत्तरआधुनिक समयको मिठाई हो
या नारी स्वतन्त्रताको पहेँलो जलप ?
यो निरन्तर दु:खी रहेकोमा
देशले खुवाएको मनभोग हो
या मानिसबाट बहिष्कृत गर्ने उपाय ?

(पृ. ८)

प्रस्तुत साक्ष्यबाट अनेकौं प्रकारका हिंसा र उत्पीडन सहन बाध्य पारिएका महिलाको सीमान्तीकृत प्रतिनिधित्व र तिनको विद्रुप पहिचान स्पष्ट देखिएको छ । नारीस्वतन्त्रताका आवाजहरू उठिरहेको उत्तरआधुनिक समाजमा महिलाले त्यस्तो उत्पीडन भोग्नुपर्ने र मानिसबाट बहिष्कृत हुनुपर्ने विषयको अभिव्यक्तिका माध्यमबाट उत्पीडनकारी पितृसत्तामाथि कवितामा व्यङ्ग्य गरिएको छ । नेपाली समाजमा मानवताको कुरा गरेर नारीस्वतन्त्रताका आवाजहरू एकातिर उठिरहेका छन् भने अर्कातिर कतिपय ग्रामीण समाजमा सत्यदेवीजस्ता महिलाहरू उत्पीडित छन् । यसले पितृसत्तात्मक सामाजिक संरचनामा सत्यदेवीजस्ता महिलाले आफ्नो पहिचान गुमाउनुपरेको यथार्थलाई प्रस्तुत गरेको छ । न्यायका नाममा सीमान्तीकृत महिलामाथि अन्याय हुने गरेको, त्यस्ता महिलाका लागि पृथ्वीको विशालता, आकाशको व्यापकता र सूर्यको उज्यालो प्रकाश पनि काम नलागेर उनीहरूले अन्धकारमा जिउनुपरेको सन्दर्भलाई कवितामा यसरी व्यक्त गरिएको छ :

मानिसको बिष्टासँगै
मैले लोकतन्त्र र मानवताको रसास्वादन गरेँ
मैले न्यायको स्वाद चाखेँ

मैले टेकेको यो पृथ्वी
मेरो लागि पृथ्वी रहेन
मैले ओढेको आकाश
मेरो लागि आकाश रहेन
मैले चाहेको सूर्यको यो प्रकाश
मेरो लागि उज्यालो रहेन

(पृ. ८ र ९)

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत महिलाले न्यायका नाममा सहनुपरेको अन्यायको उद्घाटनका साथै कवितामा लोकतन्त्र र मानवताप्रति तिखो व्यङ्ग्य गरिएको छ । देशमा मानवताका नाममा महिलामाथि अमानवीय व्यवहारहरू गरिँदै छन् । लोकतन्त्रमा पनि महिलाले कस्तो अपमान खप्नुपरेको छ र मानवले महिलामाथि कस्तो अमानवीय व्यवहार गरिरहेको छ भन्ने यथार्थको प्रकटीकरण प्रस्तुत कवितांशमा गरिएको छ । शासकीय भूमिकामा रहेको पितृसत्ता मूकदर्शक भएर आफ्नै आमामाथि भएको घोर अपमानलाई पनि हर्षोल्लासका साथ थपडी बजाएर हेरिरहेको सन्दर्भको अभिव्यक्ति पनि कवितामा गरिएको छ । सीमान्तीकृत महिलाले सबैको साझा पृथ्वीमा स्वतन्त्र भएर बाँच्ने अवसर नपाएका र उनीहरूका लागि उज्यालो संसार पनि अन्धकारमय भएको विचारको अभिव्यक्तिका माध्यमबाट वर्तमान समाजमा सीमान्तीकृत महिलाको पहिचानलाई प्रस्तुत कवितामा प्रस्ट पारिएको छ । यस कटु यथार्थ र त्यसप्रतिको आलोचनाको भावलाई कवितामा व्यङ्ग्यका माध्यमबाट निकै प्रवाहपूर्ण बनाइएको छ । त्यसैले व्यङ्ग्य कलाका दृष्टिले पनि यो कविता त्यत्तिकै सशक्त बन्न पुगेको छ ।

## २.५ 'मेरी आमा' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'मेरी आमा' श्रवण मुकारुङद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको *बिसे नगर्चीको बयान* (२०६७) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका पचपन्न ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा सङ्कलित कवितामा इतिहासबोध, दलित चेतना, युगीन यथार्थ, वर्तमान मान्छे र देशको नवीन नक्सा कोर्न चाहने अग्रगामी विचारका साथै लैङ्गिक उत्पीडनविरुद्धको सशक्त अभिव्यक्ति प्रकट गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित विविध विषययुक्त कवितामध्येबाट लैङ्गिक प्रतिनिधित्व भएको 'मेरी आमा' शीर्षकको कविता चयन गरी

उक्त कवितामा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

'मेरी आमा' महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचान प्रस्तुत गरिएको कविता हो । यस कवितामा प्रयुक्त आमा समग्र उत्पीडित नारी समुदायकी प्रतिनिधि पात्र हुन् । समाजमा जोसुकै मानिसले पनि सुरक्षित अनुभव गर्ने ठाउँ घर हो । त्यसमा पनि नारीका लागि सबैभन्दा सुरक्षित स्थान घरबाहेक अन्यत्र हुँदैन । यस कवितामा वर्णित आमा, जसले आफ्नै घरमा पतिबाट पीडित हुनुपरेको छ । तिनै आमाजस्ता पीडित नारीहरूमाथि उत्पीडनकारी पितृसत्ताका पक्षधर पतिले गर्ने उत्पीडन ओछ्यानबाट सुरु भएर अभावको अगेनामा पुगेर विस्फोटन हुन्छ । तसर्थ पितृसत्ताका प्रतिनिधि पतिले लछारपछार पारे पनि, ओठमा अगुल्टाले झोसे पनि, आफ्नो बेहोस शरीरमा मूत्रत्याग गरेर उल्टै कुकुर्नीको संज्ञा दिए पनि सहन बाध्य भएकी आमाका जीवनको कटु यथार्थको उद्बोधन कवितामा यसरी गरिएको छ :

गुडगुडे हुक्काको असभ्य कारिन्दा
जो हरेक रात
मेरी आमालाई लछार-पछार गर्छ
थुक्छ
खकार्छ
र सँगिनी गाउने अग्रिम ओँठमा
अगुल्टाले झोस्छ
म ऐठन आँखाले हेरिरहन्छु
ऊ
मेरी आमाको बेहोस शरीरलाई मुतिदिन्छ
कुकुर्नी !
यो युग तेरो भइसकेको छैन ।

(पृ. ६०)

पितृसत्तात्मक सामाजिक संरचनामा आफूलाई युगको मालिक ठान्ने पुरुषले महिलामाथि गरेका उत्पीडनलाई प्रस्तुत साक्ष्यमा सशक्त ढङ्गमा व्यक्त गरिएको छ । यसबाट उत्पीडनकारी पुरुषले महिलामाथि गर्ने पाशविक व्यवहारप्रति आलोचना पनि प्रकट गरिएको छ । प्रस्तुत

कवितामा उपस्थित आमा आफ्नै घरभित्र उत्पीडित छिन् । उनी उत्पीडनकारी पितृसत्ताका पक्षधर आफ्नै पतिबाट प्रताडित छिन् । यहाँ पुरुष जतिसुकै कुलती भए पनि उसको प्रभुत्व सधैँ माथि हुने तर महिला जति सज्जन भए पनि उसले महिलालाई भुइँको धुलो बराबर नगन्ने र समाजले पनि महिलालाई नराम्रो देख्ने पितृसत्तात्मक मानसिकताको कवितामा आलोचना गरिएको छ । अतः प्रस्तुत कवितामा उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित मेरी आमाका माध्यमबाट महिलाको सीमान्तीय प्रतिनिधित्व र तिनको मौन पहिचान स्पष्ट भएको छ ।

## २.६ 'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर' अनिल श्रेष्ठद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको *मफलर युद्ध* (२०६९) कवितासङ्ग्रहमा सङ्कलित छ । यस सङ्ग्रहमा उनका तेत्तिस ओटा कविताहरू समाविष्ट छन् । उक्त सङ्ग्रहमा सङ्गृहीत कवितामा नेपाली समाजका वर्गीय, जातीय तथा लैङ्गिक उत्पीडनलाई अभिव्यक्त गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये सीमान्तीकृत महिलाको प्रतिनिधित्व भएको 'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर' शीर्षकको कवितालाई मात्र यस शोधमा विश्लेषणका लागि छनोट गरिएको छ । उक्त कवितामा अभिव्यक्त सीमान्तीकृत महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण यसरी गरिएको छ :

'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर' कवितामा पितृसत्ताबाट उत्पीडित एवम् सीमान्तीकृत महिलाको प्रतिनिधित्व गरिएको छ । पश्चिम नेपालका बादी महिलाहरू उत्पीडनकारी पितृसत्ताको अभिजातीय संस्कृतिबाट उपेक्षित र अपहेलित भएको सन्दर्भको अभिव्यक्तिबाट प्रस्तुत कवितामा पश्चिम नेपालको भौगोलिक प्रतिनिधित्व रहेको छ । पितृसत्ताको उत्पीडनबाट उत्पीडित बादी महिलाहरूले मुक्तिका लागि गरेको प्रतिरोध र त्यसप्रति राज्यको प्रतिक्रियालाई यस कवितामा अभिव्यक्त गरिएको छ । लैङ्गिक विभेदकारी नेपाली समाजमा पितृसत्तामाथि व्यङ्ग्य गर्दै बादी महिलाको जीवनावस्थाप्रति राज्यको उदासीनतालाई प्रस्तुत कवितामा व्यक्त गरिएको छ । उक्त बादी महिलाहरूले सिंहदरबारअगाडि धर्ना दिएर प्रतिरोध गर्दा राज्यपक्षले तिनीहरूका लुगा च्यातिदिएको सन्दर्भलाई कवितामा यसरी व्यक्त गरिएको छ :

एउटी बादी आइमाईका
पेटीकोटका टुक्राहरू च्यातिएर
जब यो मुलुकको राष्ट्रिय झण्डा बन्छ
र सिंहदरवारका पर्खालहरू
पेटीकोटका झण्डाहरू फर्फराउँछन्
जब भर्खरै सङ्गीतवद्ध गरिएका
नयाँ राष्ट्रिय धूनहरू
सिंहदरवारको ग्यालरीभित्र बज्छ
र यो मुलुकका केही उत्साहित सांसदहरू
कुर्सीबाट उठेर नयाँ धूनलाई सलामी गर्छन्
जब सिंहदरवारको गेटअघि
बाहिर पहरा दिइरहेका सिपाहीका आँखाहरू
पर्खालहरूमाथि झुण्डिरहेका झण्डाहरूलाई हेर्दै
कामुकता प्रदर्शनी गर्छन् ।

(पृ. ५८)

प्रस्तुत कवितांशमा बादी महिलामाथि पितृसत्ताले गरेको उत्पीडनको चरम अवस्थाको अभिव्यक्ति गरिएको छ । देशको केन्द्रमा अवस्थित सिंहदरबारमा विराजमान व्यक्तिहरूका साथै सिंहदरबारको सुरक्षार्थ खटिएका सिपाहीहरूबाट उत्पीडित बादी महिलाको विद्रुप पहिचान कवितामा प्रस्तुत गरिएको छ । वर्चस्वशाली पितृसत्ताको महिलामाथिको व्यवहार विभेदजन्य र उत्पीडनकारी छ । तसर्थ प्रस्तुत कवितामा शक्तिसम्बन्ध पनि असन्तुलित प्रकारको रहेको छ । प्रस्तुत कवितामा उत्पीडनकारी पितृसत्ताको प्रतिनिधिका रूपमा सिंहदरबार, त्यहाँका सांसद् र सिपाहीलाई र उत्पीडित महिलाको प्रतिनिधिका रूपमा बादी महिलालाई उपस्थित गरिएको छ । बादी महिलाको अर्धनग्न शरीर देखेर तिनका समस्याप्रति सिंहदरबार संवेदित बन्नुको सट्टा तिनै अर्धनग्न उत्पीडित महिलाको आधा शरीर ढाकिरहेको पेटीकोटसमेत च्यातिदिएको सन्दर्भको अभिव्यक्तिका माध्यमबाट उत्पीडनकारी पितृसत्ताको पाशविकतालाई प्रस्ट पारिएको छ । प्रस्तुत कवितामा वर्ग र लिङ्गभेदयुक्त नेपाली पितृसत्ताप्रति व्यङ्ग्य गर्दै बादी महिलाको जीवनावस्था र त्यसमा राज्यको उदासीनताको चित्र प्रस्तुत गरिएको कुरा रमेश भट्टराईले मफलर युद्ध कविताको भूमिका लेखनका क्रममा उल्लेख गरेका छन् (२०६९, पृ. च) । यसरी प्रस्तुत कवितामा

सीमान्तीकृत महिलामाथि राज्यद्वारा गरिएको अमानवीय व्यवहार र पितृसत्ताको संवेदनहीनतामाथि पनि तिखो व्यङ्ग्य प्रहार गरिएको छ । कविताको केन्द्रीय कथ्यकै रूपमा बादी महिला र तिनको अवस्थाको प्रतिबिम्बन गरिएको हुनाले सीमान्त महिलाको प्रतिनिधित्वका दृष्टिले कविता सशक्त रहेको छ ।

## २.७ 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' विनोदविक्रम केसीद्वारा लिखित नारीविषयक कविता हो । यो उनको *भोकको क्षेत्रफल* (२०६९) कवितासङ्ग्रहमा सङ्कलित छ । यस सङ्ग्रहमा उनका तिस ओटा कविताहरू सङ्कलित छन् । विषयगत विविधता भएका यस सङ्ग्रहका कवितामा धर्मको विरोध, सीमान्तीय चेतना, नारी अस्तित्वका साथै शरीर बेच्न विवश नारीका आत्मकथालाई मूल विषय बनाइएको छ । यस सङ्ग्रहबाट 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' कवितालाई छनोट गरी उक्त कवितामा चित्रित सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' महिलाको सीमान्तीय प्रतिनिधित्व गरिएको उत्कृष्ट कविता हो । यस कवितामा हरिया दाँत भएकी वेश्या सीमान्तीकृत नारीका रूपमा उपस्थित भएकी छ भने निला आँखा भएका ग्राहक उत्पीडनकारी पितृसत्ताका रूपमा उपस्थित भएको छ । यहाँ वेश्याका हरिया दाँतले उसको गरिबीलाई सङ्केत गरिएको छ भने ग्राहकका निला आँखाले उत्पीडनकारी पुरुषको धूर्त, कपटी र उत्पीडनकारी प्रवृत्तिलाई चिनाइएको छ । नारीलाई यौनसन्तुष्टिको पाशविक लालसा पूरा गर्ने साधन मात्र बनाइएको सन्दर्भलाई प्रस्तुत कवितामा अभिव्यञ्जित गरिएको र युरोपेलीहरूले पुँजीको बलमा नेपालमाथि गरेको दुर्व्यवहारलाई नारीमाथि गरिएको उत्पीडनका रूपमा कवितामा व्यक्त गरिएको कुरा बिन्दु शर्माले दाबी गरेकी छन् (२०७२, पृ.४८४) । कवितामा उपस्थित भएकी वेश्या शरीर बेचेर जीवन धान्न बाध्य भएका समग्र नारी समुदायकी प्रतिनिधि पात्र हो । पितृसत्तात्मक नेपाली समाजमा उत्पीडनकारी पितृसत्ताले नारीहरूलाई वस्तुकरण गरी क्रयविक्रयको साधन बनाएर उत्पीडन गरेको यथार्थको प्रतिबिम्बन यस कवितामा गरिएको छ । हाम्रो समाजमा महिलाहरूले सबभन्दा

सुरक्षित महसुस गर्ने ठाउँ आफ्नो घर हो भने पति र बुबा नेपाली महिलाका विश्वासिला अभिभावक हुन् । तसर्थ महिलाले आफ्ना घरभित्र सुरक्षाको अनुभूति गर्नुपर्नेमा यस कवितामा वर्णित वेश्या र उसकी आमा आफ्नै घरभित्र सुरक्षित छैनन् । त्यसकारण नेपाली समाजमा नारीहरू सबैभन्दा बढी आफ्नै घरभित्र उत्पीडित भएको यथार्थको अभिव्यक्ति कवितामा यसरी गरिएको छ :

भन्ने गर्थिन् मेरी आमा
निला आँखादेखि होसियार, धूर्त निला आँखादेखि
मेरा बाउका निला आँखा थिए
र दुई बोतल ठर्रामा
उनले मेरी आमालाई भट्टीवाललाई बेचिदिएका थिए ।
(पृ. ६५-६६)

गरिबीका कारण वेश्यावृत्ति गरेर जीवन चलाउन बाध्य भएकी हरिया दाँत भएकी वेश्या महिलाकी आमालाई पितृसत्ताका पक्षधर निला आँखा भएका बाबुले दुई बोतल ठर्रामा भट्टीवालालाई बेचिदिएको सन्दर्भले पितृसत्ताको महिलाप्रतिको पाशविकता स्पष्ट भएको छ । समाजमा महिलाहरूले सबभन्दा सुरक्षित महसुस गर्ने ठाउँ घर हो भने पति र पिता उनीहरूका अभिभावक हुन् । तसर्थ महिलाहरूले आफ्ना पति र बुबाबाट सुरक्षाको अनुभूति गर्नुपर्नेमा त्यसको ठिक विपरीत यस कवितामा वर्णित वेश्या र उसकी आमा आफ्नै घरभित्र असुरक्षित भएका छन् । आफ्नै पतिले दुई बोतल ठर्रामा बेचेर यहाँ महिलालाई वस्तुकरण गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुँजीवादी बजारव्यवस्थाले नारीलाई उपभोग्य वस्तुका रूपमा बेचबिखन गरेर नारीका अस्तित्वमाथि खेलवाड गरेको यथार्थको प्रतिबिम्बन प्रस्तुत साक्ष्यमा गरिएको छ । प्रभुत्वशाली पितृसत्ताका साथै पुँजीवादी व्यवस्थाका कारण महिलाहरू वेश्यावृत्तिमा सहभागी हुन विवश भएका हुन् भन्ने तथ्यलाई उजागर गर्दै प्रस्तुत कवितामा महिलाहरूको सीमान्तीय पहिचानलाई स्पष्ट परिएको छ । तसर्थ यहाँ पुँजीवादी समाजका साथै उत्पीडनकारी पितृसत्ताले निम्नवर्गीय नारीहरूको गरिबीको बाध्यतासँग खेलवाड गरी उनीहरूलाई वस्तुका रूपमा उपभोग गरेर सीमान्तीय पहिचान दिएको कुरा माथिको साक्ष्यबाट पुष्टि भएको छ ।

## २.८ 'हेडसर वसन्ती संवाद' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'हेडसर वसन्ती संवाद' सङ्गीत श्रोताको नाटकीय शैलीमा रचिएको नारीविषयक कविता हो । यो कविता उनको *म काठमाडौँ आइपुगेँ* (२०६९) सङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका सत्ताइस ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहका कवितामा श्रमजीवी वर्ग, उत्पीडित महिलाका पीडाको अभिव्यक्ति तथा लैङ्गिक उत्पीडनबाट मुक्तिको उत्कट चाहना व्यक्त गरिएको छ । उक्त सङ्ग्रहमा रहेका विविध विषययुक्त कविताहरूबाट 'हेडसर वसन्ती संवाद' शीर्षकको नारीविषयक कविता छनोट गरी उक्त कवितामा प्रस्तुत सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानलाई यस अध्ययनमा विश्लेषण गरिएको छ । यहाँ पितृसत्तात्मक सामाजिक संरचनाको स्पष्ट स्वरूप देख्न सकिने हुनाले यो कविता लैङ्गिक सीमान्तीयताका दृष्टिले अध्ययनीय रहेको छ ।

'हेडसर वसन्ती संवाद' कवितामा पितृसत्तात्मक सामाजिक संरचनाबाट सीमान्तीकृत नारीको प्रतिनिधित्व गरिएको छ । यस कवितामा हेडसरले पितृसत्ताको प्रतिनिधित्व गरेका छन् भने वसन्तीले सीमान्तीकृत नारीको प्रतिनिधित्व गरेकी छन् । यहाँ पितृसत्ताका पक्षधर हेडसरबाट यात्रामा निस्किएका आफ्ना मातहतका कर्मचारीहरूलाई गाडी पाँच बजे छुट्ने हुनाले चार बजे उठ्ने ठाडो आदेश दिइएको सन्दर्भबाट यस कवितामा पितृसत्तात्मक सामाजिक संरचनाको स्वरूप रहेको र उक्त सामाजिक संरचनाबाट वसन्तीलगायतका पात्रलाई सीमान्तीकृत गरिएको पनि प्रस्ट भएको छ । वसन्तीका सहकर्मीहरूले हेडसरको आदेशलाई सहर्ष स्वीकार गरे पनि वसन्तीले नम्रतासाथ आफूहरूलाई त्यति थोरै समयले नपुग्ने विचार व्यक्त गरेपछि हेडसरले आँखा राता पार्नु र निधार खुम्च्याउनुले हेडसरको शासकीय चरित्रको उद्घाटन भएको छ । महिलाहरूलाई कोरीबाटी गर्न, मेकअप गर्न र साडी लगाउन समय लाग्ने हुनाले तयारीका लागि पुरुषको जति समयले नपुग्ने प्रतिक्रिया वसन्तीबाट दिइएको छ । साडी लगाउन, मेकअप गर्न, गहना मिलाउन समय लाग्ने र महिलाहरू पुरुषसँगको प्रतिस्पर्धामा पछि पर्ने हुनाले पनि सीमान्तीकृत छन् भन्ने अन्तर्य पनि कवितामा प्रकट गरिएको छ । महिलाहरूको सीमान्तीकरणको कारण तलको कवितांशमा अझ स्पष्ट रूपमा देख्न सकिन्छ :

वसन्ती बोल्दै गइन्
सपना अलि धेरै देखिनेछ राति

सपनामा देखिनुहुनेछ आमा-हजुरआमा
हिँड्ने बेलामा उहाँहरू गर्दै हुनुहुन्थ्यो मेरै पिर
सम्झनामा बहिनीको अनुहार
कुचो उसैलाई जिम्मा लगाएर आएकी छु म
मेरो सट्टामा
उही जानेछे पँधेरामा झिसमिसे नहुँदै ।

(पृ. ६९)

प्रस्तुत कवितांशमा छोरीहरू यात्रामा निस्कँदा आमा-हजुरआमाहरूलाई चिन्ता पर्ने अनि छोरीहरूले आफ्ना घरायसी जिम्मेबारीहरू आफ्ना दिदीबहिनीहरूलाई हस्तान्तरण गर्नुपर्ने सामाजिक यथार्थको प्रतिबिम्बन गरिएको छ । यसबाट पनि महिलाको सीमान्तीय पहिचान कवितामा स्पष्ट भएको छ । घरभित्रका कुचो लगाउने, घर सफा गर्ने, पँधेरामा पानी लिन जानेजस्ता कामहरू महिलाकै हुन् त्यसैले ती कामहरू महिलाले नै गर्नुपर्छ भन्ने पितृसत्ताले परम्परादेखि गरिदिएको कामको बाँडफाँडबाट पनि महिलाहरू पितृसत्ताबाट सीमान्तीकृत छन् भन्ने प्रस्ट हुन्छ । अतः महिलाहरूले पितृसत्ताको आदेशअनुसार चल्नुपर्ने र पितृसत्तात्मक संस्कारले दिएका घरभित्रका जिम्मेबारीहरू महिलाले नै पूरा गर्नुपर्ने अन्तर्य कवितामा प्रकट गरिएको हुनाले महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचान स्पष्ट भएको छ ।

## २.९ 'डम्बरीको देश' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'डम्बरीको देश' विप्लव ढकालद्वारा रचना गरिएको नारीविषयक कविता हो । यो उनको *च्याउको जङ्गल* (२०७१) कवितासङ्ग्रमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका पचपन्न ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहका कवितामा इतिहास, मिथक र वर्तमान आदर्शबाट थिचिएको मान्छेको उन्मुक्त जिजीविषाको अभिव्यक्ति प्रटक गरिनुका साथै मान्छेका मनोभावना र उसले गर्ने कार्यमा आउने विपर्यासको विडम्बनालाई उजागर पनि गरिएको छ ।

'डम्बरीको देश' कवितामा आफ्नै देशबाट सीमान्तीकृत डम्बरीको सीमान्तीय पहिचानलाई प्रस्तुत गरिएको छ । यहाँ डम्बरी समग्र सीमान्तीय महिलाकी प्रतिनिधि पात्र हो । उसले गरिबीको चपेटामा परेका समग्र नारी समुदायको प्रतिनिधित्व गरेकी छ । वर्गीय तथा लैङ्गिक दृष्टिले सीमान्तीय पात्र डम्बरीका जीवनका दुःखद् तस्बिरहरूलाई आफ्नै देशले बेच्ने तर डम्बरीलाई

बेवास्ता गर्ने भाव कवितामा व्यक्त गरिएको छ । डम्बरी रगतको आहालमा डुबेकी, पुरानो खास्टो ओढेकी, आँसु झारिरहेकी, हत्केलामा ठेला भएकी र फुटेका कुर्चुच्चामा फित्ता चुँडिएको भुक्के चप्पल लगाएकी एक सीमान्त महिला हो । ऊ आफूले नपढे पनि किताबका बोरा बोकेर सयौँ माइल हिँड्नुका साथै उज्यालाको सपना नदेखे पनि बिजुलीका लट्ठाहरू बोकेर आँसु झार्दै हिँडेकी छ भन्ने कुरा कवितामा व्यक्त गरिएको छ । कवितामा व्यक्त यस भावबाट डम्बरीको सीमान्तीय पहिचान स्पष्ट भएको छ ।

प्रस्तुत कविता डम्बरीजस्ता गरिबीको चपेटामा पिल्सिएका सीमान्तीकृत महिलालाई देशले उपेक्षा गरेको यथार्थको प्रतिबिम्बन गरिएको छ । डम्बरीजस्ता सीमान्तीकृत महिलालाई चाहिँ बेवास्ता गर्ने तर उनीहरूको गरिबीलाई वस्तुकरण गरेर पैसा कमाउने पुँजीवादी समाजको चरित्रको उद्घाटन कवितामा गरिएको छ । यस कवितामा देश उत्पीडनकारी पितृसत्ताका रूपमा उपस्थित भएको छ । देशबाट सीमान्तीकृत महिला डम्बरीले हेरिरहेको हिमाल, उसले कुल्चिरहेको माटो, उसले पूजा गरेको राष्ट्रिय झन्डाका साथै उसले गाउने राष्ट्रिय गीतले समेत उसलाई वस्तुकरण गर्ने विचार कवितामा व्यक्त गरिएको छ । त्यसैले यहाँ हिमाल, माटो, राष्ट्रिय झन्डा र राष्ट्रिय गीतले पनि उत्पीडनकारी पितृसत्ताको प्रतिनिधित्व गरेका छन् । उक्त उत्पीडनकारी पितृसत्ताको पक्षधर देशले उत्पीडित महिलामाथि गरेको उत्पीडनलाई कवितामा यसरी व्यक्त गरिएको छ :

> त्यसैले कुनै पनि बेला
> तिमीले रुन नपाउँदै
> गुहार भन्न नपाउँदै
> यस धरतीको सबभन्दा महँगो बजारमा
> फुटेको कमन्डलुजस्तो
> तिम्रो आफ्नै देशले विक्री गर्छ तिमीलाई
>
> (पृ. ११)

प्रस्तुत कवितामा डम्बरीजस्ता सीमान्तीकृत नारीहरू आफ्नै देशमा अस्तित्वविहीन बनेका, उनीहरूको रोदन देशले नसुन्ने र उनीहरूले गर्ने सहयोगको अपिललाई देशले बेवास्ता गर्ने यथार्थलाई अभिव्यक्त गरिएको छ । हरेक नागरिकका लागि देश भनेको त्यस्तो ठाउँ हो, जहाँ

उसले आफू सुरक्षित भएको महसुस गर्छ  तर यस कविताकी डम्बरीजस्ता सीमान्तीकृत नारीले देशबाट संरक्षण पाउनुको सट्टा फुटेको कमण्डलु अर्थात् पत्रुको जस्तो सस्तो भाउमा बिक्री हुनुपरेको नेपाली समाजको विडम्बनालाई प्रस्तुत कवितामा सशक्त ढङ्गले व्यक्त गरिएको छ । तसर्थ डम्बरीजस्ता नारीलाई कुनै काम नलाग्ने फुटेको कमण्डलुको दर्जा दिएर पत्रुका भाउमा बिक्री गर्ने पितृसत्ताको विभेदकारी व्यवहारको आलोचना कवितामा गरिएको छ ।

## २.१० 'लक्ष्मिनिया ! तिम्रो लोटा खै ?' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'लक्ष्मिनिया ! तिम्रो लोटा खै ?' आहुतिद्वारा रचित महिलाविषयक कविता हो । यो कविता *गहुँगोरो अफ्रिका* (२०७१) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका अट्ठाइस ओटा कविताहरू समाविष्ट छन् । उक्त सङ्ग्रहमा सङ्गृहीत कवितामा वर्गीय, जातीय र लैङ्गिक उत्पीडनविरुद्ध विद्रोहको अभिव्यक्ति गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये सीमान्तीकृत महिलाको प्रतिनिधित्व भएको 'लक्ष्मिनिया ! तिम्रो लोटा खै ?' कवितालाई यस अध्ययनमा विश्लेषणका लागि छनोट गरी उक्त कवितामा अभिव्यक्त सीमान्तीकृत महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'लक्ष्मिनिया तिम्रो लोटा खै ?' कवितामा नेपालका मधेसी समुदायका महिलाको लैङ्गिक प्रतिनिधित्व रहेको छ । भौगोलिक दृष्टिले हेर्दा यस कवितामा तराई मधेसको प्रतिनिधित्व गरिएको छ । यस कविताकी लक्ष्मिनिया मधेसी समुदायकी सीमान्तीकृत महिला हो । सामन्तवादी संस्कृतिको वर्चस्व रहेको मधेसी समाजमा महिलामाथि पितृसत्तात्मक उत्पीडन प्रशस्त रहेको छ । त्यस्तो उत्पीडन परिवारभित्र मात्र नभएर समाजका बृहत् क्षेत्रसम्म फैलिएको छ । विभेदकारी पितृसत्ताले महिलाहरूको अस्तित्वलाई अनेक किसिमका उत्पीडनका माध्यमबाट सीमान्तमा पुऱ्याएको अवस्था अझै पनि विद्यमान छ । त्यसमा पनि मधेसी समुदायमा त्यस्तो उत्पीडन अझ धेरै देखिन्छ । मधेसी समुदायमा व्याप्त लैङ्गिक उत्पीडन र विभेदलाई आहुतिको उक्त कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ । आहुतिको प्रस्तुत कवितामा पनि मधेसी समुदायमा विद्यमान लैङ्गिक उत्पीडनलाई मूल विषय बनाइएको छ । मधेसी समुदायमा पाइखाना जाँदा पुरुषहरू लोटा लिएर जाने तर महिलाले लोटा लिएर जान नपाउने, महिलाहरूले घरपछाडि आएर फोहोर सफा गर्नुपर्ने बाध्यकारी संस्कृतिको अभिव्यक्तिका माध्यमबाट प्रस्तुत कवितामा मधेसी समुदायमा नारीहरूलाई अझ बढी वञ्चना र अस्तित्वहीनताको सिकार बनाएर सीमान्तमा पुऱ्याइएको चर्चा

ताराकान्त पाण्डेयले गरेका छन् (२०७४, पृ. ३२) । यसबाट मधेसी समुदायमा महिलाहरूलाई पहिचानविहीन अवस्थामा पुऱ्याइएको कुरा प्रस्ट भएको छ । मधेसी समुदायमा वर्चस्वकारी पितृसत्ताले महिलालाई घरकी लक्ष्मी, कुलकी इज्जत हौ भनेर महिलाकै आचरणमा खानदानको इज्जत रहन्छ भन्ने भाष्य निर्माण गरी महिलालाई नैतिक आचरणको सीमित घेरामा बाँधेको छ । उक्त समुदायमा पितृसत्ताले दाइजो र तिलकको मोलमोलाइ गर्दै नारीलाई पराइघरमा सुम्पिने र त्यहाँ उसले लोग्ने, ससुरालगायत सम्पूर्ण कुलको इज्जत जोगाइदिनुपर्ने, भोजभतेरमा महिलाले जान नमिल्ने, आफूमाथि कसैले जतिसुकै अन्याय गरे पनि कतै उजुरी गर्न नमिल्ने र घरको चार दिवार कटेर बाहिर जान नमिल्नेजस्ता नियमले महिलालाई बाँधेको छ । यही सन्दर्भलाई कवितामा यसरी व्यक्त गरिएको छ :

लक्ष्मिनिया !
तिम्रो लोग्नेको, तिम्रो ससुराको
ससुराको सिङ्गै खानदानको नाक उनीहरूको अनुहारमा होइन
तिम्रै आचरणमाथि अडेको छ !
तिमी इज्जत हौ कुलकी
कसैका आँखा नलागोस् इज्जतमा
तिमीले ढाक्नु पर्छ पर्दाले अनुहार
पर्दाभित्रै सुकाउनु पर्छ हिक्काको बाफले आँसुको सागर
जानु हुन्न कतै भोजभतेरमा
बोलीसँगै भाग्न सक्छ कुलको इज्जत
बोल्नु हुन्न बुजुर्कहरूको सामुन्ने पञ्चायतीमा
छातीभित्रै रेटिदिनु पर्छ मौनताको तरबारले बोलीको गला
बचाएर राख्नु पर्छ कुलको इज्जत
निस्कनु हुन्न घरको चारदिवारी काटेर
इज्जतलाई पवित्र राख्न घुमिरहनु पर्छ तुलसीको मठ लगातार !
तिमी इज्जत हौ कुलकी
तिमी इज्जतकी आमा हौ कुलकी
कुलको इज्जत राख्न पाइरहनु पर्छ बच्चाहरू
चोखोनिधो हुनु पर्छ, सफा सुग्घर रहनु पर्छ

घर लिप्नु पर्छ, आँगन बढार्नु पर्छ
कुलको आयु बढाउन बस्नु पर्छ छैठ व्रत !

(पृ. १८-१९)

प्रस्तुत कवितांशमा लक्ष्मिनिया मधेसी समुदायकी प्रतिनिधि पात्र हो । उसका माध्यमबाट मधेसी समुदायका सीमान्तीकृत महिलाको प्रतिनिधित्व गरिएको छ । यहाँ मधेसी समुदायका महिलालाई कुलकी इज्जत मानेर सम्मान दिएजस्तो गरी उसलाई घरको चारदिवारभित्र सीमित गर्ने पितृसत्तात्मक संस्कारको भन्डाफोर गरिएको छ । पितृसत्ताले महिलाको आचरणबाट आफ्नो इज्जतको निर्धारण गर्ने, महिलाले कुलको इज्जत राख्न बच्चाहरू पाइरहनुपर्ने र घर लिप्ने ,आँगन बढार्ने, छठको व्रत बस्नुपर्ने जस्ता कुरामा महिलालाई सीमित गराएर अन्य अवसरबाट वञ्चित गरिने मधेसी समुदायको विभेदी सोचलाई पनि कवितामा व्यक्त गरिएको छ । महिलाहरूमाथि जतिसुकै अन्याय गरिए पनि उनीहरूलाई अन्यायका विरुद्ध आवाज उठाउन नदिएर वञ्चितीकरणको अवस्थामा पुऱ्याइएको कुरा पनि माथिको साक्ष्यबाट प्रस्ट भएको छ । यसका साथै मधेसी समुदायमा परिवारका प्रायः सबै कुराको निर्णयमा महिलाको कुनै भूमिका नहुने, परिवारका सबै कुराको निर्णयकर्ता पुरुषहरू नै हुने, छोरीहरूका विवाहमा समेत महिलाको सहमति लिनु नपर्ने, पुरुषहरूले नै तिलक र दाइजोको मोलमोलाइ गरेर छोरीको विवाहको टुङ्गो गर्ने यथार्थको प्रकटीकरण पनि कवितामा गरिएको छ । मधेसी समुदायमा विभेदकारी पितृसत्ताले महिलामाथि गर्ने त्यस्तो लैङ्गिक विभेदको अभिव्यक्ति कवितामा यसरी गरिएको छ :

तर लक्ष्मिनिया !
ए मधेसकी इज्जत !
तिम्रो लोटा खै ?
जब तिमी झिसमिसेमै टाढा फाँटको एकान्तमा
पाइखाना गएर फर्किन्छेऊ
तिम्रो हातमा लोटा देखिन्न
दायाँ हातमा बिँडी, बायाँ हातमा लोटा बोकेर
पाइखाना गइरहेका पुरुषहरूलाई तिमी बाटोमै भेट्छेऊ
तिमी त इज्जत हौ कुलकी
पर्दाभित्र आफैंलाई लुकाएर

लोटा बोकेर पाइखाना जानेहरूलाई तिमी बाटो छोडिदिन्छेऊ
तर तिम्रो हातमा लोटा देखिन्न
लक्ष्मिनिया !
तिम्रो पाइखाना जाने लोटा खै ?
तिमी इज्जत हौ कुलकी
तिम्रो कुलको इज्जतको पाइखाना जाने लोटा खै ?

(पृ. १९)

प्रस्तुत कवितांशमा सामाजिक सहभागिताका कुरामा कुलको इज्जत ठानिने महिलालाई घरभित्रका काममा मात्र सीमित गर्ने र अन्यायका विरुद्ध बोल्नलगायत भोजभतेरमा जान बन्देज लगाउने पितृसत्ताले पाइखाना जाँदासमेत लोटा लिएर जान वञ्चित गरेको अभिव्यक्ति प्रकट गरिएको छ । उक्त अभिव्यक्तिबाट मधेसी समुदायमा महिलामाथि गरिने सामाजिक सांस्कृतिक विभेदजन्य विषयको प्रतिनिधित्वका साथै लैङ्गिक विभेदको पराकाष्ठा रहेको मधेसी संस्कृतिको विद्रुप पहिचान पनि स्पष्ट भएको छ । मधेसी समुदायमा वर्चस्वशाली पितृसत्ताको विभेदकारी संस्कारका कारण लक्ष्मिनियाजस्ता सीमान्तीकृत महिलाहरू वञ्चितीकरणको अवस्थामा पुऱ्याइएका छन् । पाइखाना जाँदा पुरुषले लोटा लिएर जाने तर महिलालाई लोटा लिएर जान वञ्चित गर्ने मधेसी संस्कृतिको विभेदजन्य व्यवहारको यथार्थ अभिव्यक्ति गरिएको छ । यहाँ महिलाको उक्त सांस्कृतिक अधिकार प्राप्त गर्न महिला स्वयम् जागरुक हुनुपर्ने सङ्केत कवितामा गरिएको कुरा सरिता तिवारीले पनि स्वीकार गरेकी छन् (२०७२, पृ. १३८) । सिङ्गो मधेसमा महिलाको कुण्ठित अधिकारका साथै मधेसी समुदायमा कुलका इज्जत मानिने लक्ष्मिनियाजस्ता महिलालाई पाइखाना जाँदा लोटा लिएर जान वञ्चित गरिएको सन्दर्भलाई प्रस्तुत साक्ष्यमा जोडदार रूपमा उठाएर पहिचानविहीन अवस्थामा पुऱ्याइएका महिलाको प्रतिनिधित्व र विभेदकारी मधेसी संस्कृतिका कारण सीमान्तीकृत महिलाको विद्रुप पहिचानलाई प्रस्ट पारिएको छ ।

## २.११ 'कुमारी आमा र सपनाहरू' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'कुमारी आमा र सपनाहरू' केवल बिनाबीद्वारा रचित नारीविषयक कविता हो । यो कविता *आफर* (२०७३) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यो उन्मुक्त पुस्ताका आठ जना कविका तेत्तिस ओटा कविताहरू सङ्कलित संयुक्त कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा केवल बिनाबीका पाँच

ओटा कविताहरू समाविष्ट छन् । यस सङ्ग्रहमा रहेका बिनाबीका कवितामा राजनीतिक बेइमानीविरुद्ध खबरदारी गर्नुका साथै जातीय र लैङ्गिक विभेदको विरोध गरी समतामूलक समाज निर्माणको अभिव्यक्ति पनि प्रकट गरिएको छ। तसर्थ उनका कविताहरू लैङ्गिक दृष्टिले अध्ययनीय छन्। अतः यस सङ्ग्रहमा प्रकाशित बिनाबीका पाँच ओटा कवितामध्ये 'कुमारी आमा र सपनाहरू' कविता छनोट गरी उक्त कवितामा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

'कुमारी आमा र सपनाहरू' जातीय तथा लैङ्गिक उत्पीडनमा परेकी डिक्रा बदिनीका माध्यमबाट सीमान्तीकृत समुदायको प्रतिनिधित्व गरिएको कविता हो । यस कवितामा उपस्थित भएकी डिक्रा बदिनी सामन्तवादी समाज व्यवस्थाबाट कथित दलित जातिकी नारी हो । उसले समग्र बादी महिलाहरूको प्रतिनिधित्व गरेकी छ । पितृसत्तात्मक समाजव्यवस्थाको जातीय आवरणमा कथित दलित नारीहरू दोहोरो उत्पीडन भोगिरहेका छन् । उनीहरू वर्गीय, जातीय तथा लैङ्गिक दृष्टिले तेहरो उत्पीडनमा परेका छन् । सामन्ती पितृसत्ताले कथित दलित बादी जातिका नारीहरूको जीवनयापनको बाध्यताको फाइदा उठाएर उनीहरूको शरीरलाई पुरुषहरूको भोगको साधनका रूपमा लिएको यथार्थ अभिव्यक्ति कवितामा गरिएको छ। यहाँ जातव्यवस्थामा आधारित पितृसत्तात्मक समाजले बादी जातिका महिलाहरूलाई देहव्यापारमा लाग्न बाध्य बनाएर उनीहरूको अस्तित्वमाथि खेलवाड गरेको सुलासा पनि गरिएको छ । समाजका साहेबहरूलाई यौनतृप्तिका लागि उनीहरू अछुत नहुने तर अरूबेला भने अछुत भनेर छोइछिटो गर्ने पितृसत्ताको भोगवादी प्रवृत्तिप्रति कवितामा आक्रोश प्रकट गरिएको छ।

> जातीय पिरामिडको पींधमा
> पुर्खौंदेखि पिल्सिएकी
> छूतहरूकी अछूत
> अछूतहरूकी अछूत
> म हुँ डिक्रा बदिनी
> साहेब !
> घुँगुरामा अल्झिएको हुनुपर्छ सायद
> जस्केलोमा भेटिएको हुनुपर्छ सायद

फर्काउन आएकी छु तिम्रो
मेरो यौवनमा रङ्गिएको इँजार
के फर्काउन सक्छौ र तिमी
मेरो वर्षौं लुटिएको स्वाभिमान ?

(पृ. १६)

प्रस्तुत कवितांशमा नेपालको जातीय व्यवस्थामा छुत भनिएका जातिबाट अछुत बनाइएकी र अछुत भनिएका जातिबाट पनि अछुत भनेर हेपिएकी बदिनीको सीमान्तीय प्रतिनिधित्व प्रस्तुत कवितामा डिक्रा बदिनीका माध्यमबाट गरिएको छ । उक्त उत्पीडित बदिनीका माध्यमबाट उत्पीडनकारी पितृसत्ताका पक्षधर साहेबलाई सम्बोधन गर्दै वर्षौं वर्षदेखि लुटिएको आफ्नो स्वाभिमान फिर्ता गराउने चेतावनी पनि कवितामा दिइएको छ । वर्षौं वर्षदेखि साहेबहरूको लैङ्गिक शोषणमा परेर विवाहको प्रमाणविना कुमारीमै आमा बन्न बाध्य भएका डिक्रा बदिनी जस्ता कुमारी आमाहरूका छोरी अन्माउने अधुरा सपनाहरूलाई उत्पीडनकारी पितृसत्ताले चकनाचुर पारिदिएको सन्दर्भको अभिव्यक्ति पनि कवितामा व्यक्त गरिएको छ । गर्भनिरोधक औषधी खुवाएर बादी महिलामाथि शारीरिक शोषण गर्ने पितृसत्ताका पक्षधरहरूलाई साहेब ! को सम्बोधन गरी चेतावनीपूर्ण अभिव्यक्ति प्रकट गरिएको छ । तसर्थ सीमान्तीकृत नारीले उत्पीडनकारी पितृसत्तालाई ठाडो सम्बोधन गरेर बोल्ने आँट गर्नुले उक्त सीमान्तीकृत नारीहरूमा नवीन पहिचान निर्माणको चेतना जागृत हुन थालेको स्पष्ट भएको छ ।

पितृसत्तात्मक सामाजिक संरचनाबाट कथित अछुत जातकी यौनकर्मी नारीका शोषित अनुभूतिका साथै त्यसबाट मुक्त हुने तीव्र चाहना अनि स्वाभिमानी चेतना कवितामा प्रकट गरिएको छ । मालिकको स्वार्थी चरित्रका कारण यौनदासी बनेकी बादी महिलाले भोग्नुपरेको उत्पीडनको यथार्थ अभिव्यक्तिबाट यहाँ उत्पीडित नारीको सीमान्तीय प्रतिनिधित्व र पहिचान स्पष्ट भएको छ ।

### २.१२ 'ज्याम्पकी युवती' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'ज्याम्पकी युवती' प्रकाश गुरागाईंद्वारा लिखित नारीविषयक कविता हो । यो *खुट्टामा श्रीपेच* (२०७५) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका बयालिस ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहका कवितामा सीमान्तीकृतमाथिको उत्पीडन, उनीहरूका सङ्घर्ष,

राजनीतिक विकृति, विसङ्गतिका साथै जीवन भोगाइका विविध अनुभूतिको सुन्दर अभिव्यक्ति गरिएको छ। यस सङ्ग्रहका कविताहरूमध्ये 'ग्याम्पकी युवती' शीर्षकको कविता छनोट गरी उक्त कवितामा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ।

'ग्याम्पकी युवती' महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको कविता हो। यस कवितामा पितृसत्ताले महिलालाई प्रदर्शनीमा राखेको वस्तुसरह पहिचान दिएको तथ्यलाई प्रस्तुत गरिएको छ। समाजपरिवर्तनका लागि पुरुषसरह महिलाले पनि केही गर्न सक्छन् भन्ने कुरा पितृसत्ताले सोचेको छैन। केवल भोगको साधनका रूपमा मात्र हेरेर पितृसत्ताले महिलालाई वस्तुकरण गरेको सन्दर्भलाई कवितामा यसरी व्यक्त गरिएको छ :

पारि भित्तामा टल्किरहेछ विज्ञापन
टाँसिएका छन्  आँखा ग्लामरस् रङहरूमा
नीला, राता र गुलाबी युवती
अफर गरिरहेछ पुँजीबजारले खडा गरेका वस्तु
जसको मूल्य थाहा छैन
स्वयम् ग्याम्पकी युवतीलाई

(पृ. ८)

आजको पुँजीबजारले महिलालाई केवल विज्ञापनको साधन बनाएर सीमान्तीकृत गरेको विषयलाई प्रस्तुत कवितांशमा उठाइएको छ। उक्त पुँजीबजारको मालिक पुरुषसत्ताले महिलालाई बजारको वस्तुसरह ठानेर उनीहरूको रङ्गीचङ्गी विज्ञापन गरेको सन्दर्भलाई कवितामा व्यक्त गरिएको छ। आजको पितृसत्ताले महिलालाई यतिसम्म सीमान्तीकृत गरेको छ कि ग्याम्पका युवती स्वयम्लाई आफ्नो सौन्दर्यको मूल्य थाहा छैन। उनीहरू भित्तामा टाँसिएका पोस्टरजस्तै निर्जीव छन्। उनीहरूले आफ्नो सुन्दरतालाई पुँजीबजारले वस्तुकरण गरेको थाहा पाएका छैनन्। त्यसैले उनीहरू कुनै प्रतिवादबिना मौन बसेर पुँजीबजारको माग पूरा गरिरहेका छन् भन्ने प्रसङ्गलाई कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ। ग्याम्पका युवती आजको मूर्तिकारले बनाएर प्रदर्शनीमा राखिएका सुन्दर मूर्तिभन्दा बढी नरहेको दाबी पनि कवितामा गरिएको छ। त्यस्ता मूर्तिहरूले जस्तोसुकै पोसाक लगाइदिए पनि विरोध नगरी, बनावटी मुस्कान छरेर भए पनि

ग्राहकलाई आकर्षित गर्छन् भन्ने अभिव्यक्तिबाट कवितामा आधुनिक पुँजीबजार र त्यसको मालिक पितृसत्ताले दिएको महिलाको सीमान्तीय पहिचान स्पष्ट भएको छ ।

## २.१३ 'माया बिकको चोलो' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'माया बिकको चोलो' राजन मुकारुङद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको *हाटा जाने अघिल्लो रात* (२०७६) सङ्ग्रहमा सङ्गृहीत छ। यस सङ्ग्रहमा उनका उनन्चालिस ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा सङ्कलित उनका कविताहरूमा जातीय, वर्गीय तथा लैङ्गिक उत्पीडनका विरुद्ध प्रगतिशील विचार व्यक्त गरिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका विविध विषययुक्त कवितामध्ये यस अध्ययनमा 'माया बिकको चोलो' कवितालाई छनोट गरी उक्त कवितामा प्रयुक्त महिलाको सीमान्तीकृत  प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'माया बिकको चोलो' कवितामा महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । यस कविताकी माया बिक पितृसत्तात्मक नेपाली समाजका जातीय, वर्गीय तथा लैङ्गिक दृष्टिले सीमान्तीकृत नारीकी प्रतिनिधि हो । उसैका माध्यमबाट कवितामा महिलाको सीमान्तीय प्रतिनिधित्व गरिएको छ । समाजमा शिक्षाको ज्योति छर्नेजस्तो गरिमामय काम गर्ने शिक्षकबाट उत्पीडित माया बिकको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई कवितामा प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ । जातीय दृष्टिले प्रस्तुत कविताकी मायाले कथित अछुत जातिको प्रतिनिधित्व गरेकी छ भने वर्गीय तथा लैङ्गिक दृष्टिले उसले निम्नवर्गीय नारीको प्रतिनिधित्व गरेकी छ । जातीय, वर्गीय तथा लैङ्गिक दृष्टिले पितृसत्ताको उत्पीडनबाट उत्पीडित नारीको सीमान्तीय पहिचानलाई कवितामा यसरी व्यक्त गरिएको छ :

दिदीको मायाले हरपल रोइरहन्छे सानी बहिनी
हरक्षण तर्सिन्छे, तर्सिरहन्छे
तिनै शिक्षक जो सामाजिक शिक्षा पढाउँछन्
तिनैले दिदीको छाती छाम्छन्
तुना चुँडाउन थाल्छन्
हतासै चोलो च्यात्छन्
र मिल्काउँछन् घँघारुको झाङतिर...

(पृ. २१)

प्रस्तुत कवितांशमा सीमान्तीकृत नारीमाथि उत्पीडन गर्ने पितृसत्ताका पक्षधर शिक्षकका खराब चरित्रको पर्दाफास गरिएको छ । समाजमा अशिक्षाको अन्धकारलाई चिरेर शिक्षाको उज्यालो किरण छर्ने शिक्षकबाट नै यस्तो घृणित कार्य गर्नु कहाँसम्मको बिडम्बना हो । शिक्षकजस्तो सम्मानित पेसामा बसेका व्यक्तिले नै नारीमाथि शारीरिक शोषण गरी आफ्नो पेसागत मर्यादा पालन नगरेको यथार्थको प्रतिबिम्बन पनि कवितामा गरिएको छ । कवितामा एकातिर नारीमाथि उत्पीडन गरी उसको अस्तित्व समाप्त गर्ने उत्पीडनकारी पितृसत्ताका पक्षधर शिक्षकको घृणित चरित्रको यथार्थतालाई उदाङ्गो पारिएको छ भने अर्कातिर महिलामाथि उत्पीडन गरी घँगारुको झाङमा मिल्काइएको चोलोप्रति पितृसत्तात्मक समाजका पत्रपत्रिका, पुलिसप्रशासन र न्यायालय मौन रहेको गम्भीर विषयको अभिव्यक्तिबाट लैङ्गिक उत्पीडनको पराकाष्ठालाई पनि सङ्केत गरिएको छ । वर्गीय, जातीय तथा लैङ्गिक दृष्टिले विभेदयुक्त नेपाली समाजमा निम्नवर्गीय अछुत महिलामाथि गरिएको शारीरिक उत्पीडनप्रति आवाज उठाउनुपर्ने समाजले समेत बेवास्ता गरेर माया बिकजस्ता नारीहरूलाई सीमान्तीकरण गरेको सन्दर्भलाई कवितामा प्रस्तुत गरिएको छ । अतः शारीरिक शोषण गरी बेवारिसे लास बनाएर नारीलाई मिल्काउने पितृसत्ताको पाशविक चरित्रका कारण नारीहरू सीमान्तीकृत छन् भन्ने अन्तर्य पनि कवितामा प्रकट भएको छ । तसर्थ सीमान्तीकृत नारीको प्रतिनिधित्व र पहिचानका दृष्टिले कविता उत्कृष्ट बनेको छ ।

### २.१४ 'आमा तिम्रो नाम के हो ?' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'आमा तिम्रो नाम के हो ?' लक्ष्मी मालीद्वारा रचना गरिएको नारीविषयक कविता हो । यो कविता उनको *आगोको याम* (२०६२) सङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका एकतिस ओटा कविताहरू समाविष्ट छन् । यस सङ्ग्रहमा सङ्गृहीत कवितामा महिलामाथि उत्पीडन गर्ने उत्पीडनकारी पितृसत्ता र संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । मालीका कवितामा समाजमा देखिएका सामाजिक असमानताप्रति असहमतिको भाव प्रकट गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त सङ्ग्रहबाट 'आमा तिम्रो नाम के हो ?' कवितालाई विश्लेषणका लागि छनोट गरी उक्त कवितामा प्रयुक्त सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'आमा तिम्रो नाम के हो ?' कवितामा विभेदकारी पितृसत्ताबाट उत्पीडित महिलाको सीमान्तीय प्रतिनिधित्व गरिएको छ । यस कविताकी आमा नेपाली समाजका नाम र पहिचान नभएका उत्पीडित आमाहरूकी प्रतिनिधि पात्र हुन् । उनलाई विभेदकारी पितृसत्ताले नाम र

पहिचान दिएको छैन । आमाको नामलाई नेपथ्यमा लुकाएर बाबुको नामलाई मात्र अगाडि ल्याउने काम विभेदकारी पितृसत्ताले गरेको छ । यस कवितामा त्यस्तो विभेदमा परेकी आमाको सीमान्तीय प्रतिनिधित्वका साथै त्यस्ती बेनाम आमाकी छोरी हुनुपर्ने अवस्थाप्रति छोरीका तर्फबाट असहमति प्रकट गरिएको छ । पितृसत्तात्मक समाजमा नारीहरू नामहीन भएको र पुरुषको नामका आडमा मात्र उनीहरूले अस्तित्व पाएको विषयप्रति कवितामा आक्रोश व्यक्त गरिएको सन्दर्भलाई ताराकान्त पाण्डेयले स्पष्ट पारेका छन् (२०७२, पृ. ३४२) । पितृसत्तात्मक समाजमा कुनै पनि सन्तानले आमाका नामबाट नभएर बुबाका नामबाट परिचित हुनुपर्ने, समाज, कानुन र परम्पराले पनि सन्तानको परिचयका लागि बुबाको मात्र नाम खोज्ने आमाको नामलाई बेवास्ता गर्ने चलनप्रति छोरीका तर्फबाट कवितामा विद्रोह गरिएको छ । नेपाली समाजमा आमाको नामबिना छोरीको शैक्षिक तह माथि जाने, मताधिकार पाउने र परिचयपत्रमा आमाको नाम उल्लेख नगर्ने चलनलाई कवितामा यसरी व्यक्त गरिएको छ :

म विद्यालय गएँ
महाविद्यालय गएँ
त्यहाँ तिम्रो नाम चाहिएन
धेरैलाई आफ्नो परिचय दिएँ
कसैबाट तिम्रो नाम सोधिएन
म बालिग भएँ, मताधिकार पाएँ
मेरो परिचयपत्रमा
तिम्रो नाम लेखिएन

(पृ. ४८)

प्रस्तुत साक्ष्यमा नेपालको प्रशासनिक क्षेत्रको गतिविधिसमेत गलत भएको दाबी गरिएको छ । विद्यालय, महाविद्यालयमा छोरीको नाम दर्ता गराउँदा बुबाको नाम जति अनिवार्य हुन्छ, आमाको नाम पनि त्यति नै अनिवार्य गराउनुपर्ने विचार अप्रत्यक्ष रूपमा माथिको कवितांशमा व्यक्त गरिएको छ । प्रशासनिक क्षेत्रमा मात्र नभएर समाजका कुनै पनि क्षेत्रमा आमाको नाम नचाहिने सामाजिक परम्पराप्रति कवितामा असहमति प्रकट गरिएको छ । महिलालाई पहिचानविहीन अवस्थामा पुऱ्याउने वर्चस्वशाली पितृसत्ताको जब्बरताप्रति प्रस्तुत कवितामा

व्यङ्ग्य गरिएको छ । वक्ताका रूपमा आएकी छोरीद्वारा सम्बोधित पात्र आमाको उपस्थितिबाट सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान स्पष्ट भएको छ भने सीमान्त महिलामा आएको पितृसत्ताको उत्पीडनविरोधी चेतनाको अभिव्यक्ति पनि कवितामा यसरी गरिएको छ :

> म जागिरे भएँ
> बाबुकै नामबाट
> म बेनाम आमाकी छोरी
> भन आमा तिम्रो नाम के हो ?
> कसैबाट सोधनी नगरेको
> कतै उच्चारण गर्न नपरेको, तिम्रो नाम
> सार्वजनिक गर्न चाहन्छु म
> धर्ती भन्ने उपनाम होइन आमा,
> मलाई तिम्रै नाम चाहिन्छ
> भन तिम्रो नाम के हो ?
>
> (पृ. ४९)

प्रस्तुत साक्ष्यमा बुबाको नामलाई मात्र प्रकाशमा ल्याउने र आमालाई बेनाम बनाउने विभेदकारी पितृसत्ताको संस्कारप्रति विद्रोहको भाव प्रकट गरिएको छ । सामाजिक तथा प्रशासनिक क्षेत्रमा कहीँ कसैबाट नसोधिएको आमाको नाम सोधेर उक्त नामलाई सार्वजनिक गर्ने चाहना व्यक्त गर्दै प्रस्तुत कवितामा विभेदकारी पितृसत्ताको विभेदजन्य व्यवहारप्रति विरोध जनाइएको छ । नेपाली समाजमा महिलालाई 'धर्ती' उपनाम दिएर महिलाले धर्तीजस्तै सहनशील हुनुपर्छ भन्ने पितृसत्ताले आफूअनुकूल महिलालाई दिएको पहिचानका सन्दर्भमा पनि कवितामा असन्तुष्टि प्रकट गरिएको छ । यसबाट सीमान्त महिलामा जागृत हुन थालेको नवीन पहिचान निर्माणको चेतनाका साथै उनीहरूले नवीन पहिचानका लागि गरेको प्रयास पनि स्पष्ट भएको छ ।

## २.१५ 'बादी विज्ञप्ति' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'बादी विज्ञप्ति' प्रगति राईद्वारा रचना गरिएको नारीविषयक कविता हो । यो कविता उनको *बादी विज्ञप्ति* (२०६६) कवितासङ्ग्रहमा समाविष्ट छ । यो कविता यस सङ्ग्रहको शीर्ष कविता हो । यस सङ्ग्रहमा उनका उन्नाइस ओटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका कवितामा

राज्यद्वारा अछुत बनाइएका जाति वा समुदायको प्रतिनिधित्व र तिनको विद्रोही पहिचानलाई व्यक्त गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त सङ्ग्रहबाट 'बादी विज्ञप्ति' कवितालाई विश्लेषणका लागि छनोट गरी उक्त कवितामा प्रयुक्त सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'बादी विज्ञप्ति' कवितामा सीमान्त महिलामाथि गरिने लैङ्गिक उत्पीडनलाई अभिव्यक्त गरिएको छ । पितृसत्तात्मक नेपाली समाजमा बादी जातिका महिलामाथि अनेक किसिमका हिंसात्मक व्यवहार गरिँदै आएका छन् । नेपालमा जाति तथा लिङ्गगत विभेदका विरुद्धमा आवाज उठ्न थाले पनि जातका साथै लिङ्गका आधारमा भेदभाव गर्ने संस्कार वर्तमानमा पनि कायमै छ । महिला, त्यसमा पनि बादी जातिका नारीहरूलाई गाउँका साहेब भनिएका ठालुहरूले कामवासनाको साधन बनाउनु, उनीहरूको जवानीमा मोज गर्न खोज्नु अनि उनीहरूलाई विभिन्न किसिमका प्रलोभनहरू देखाएर नारीको अस्तित्वमाथि खेलवाड गर्नु नेपाली समाजको विडम्बना हो र त्यस्तो विडम्बनालाई राईको 'बादी विज्ञप्ति' कवितामा प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ। नारी अनुभूति व्यक्त गरिएको प्रस्तुत कवितामा बादी जातिका महिलामाथि हुने गरेका लैङ्गिक उत्पीडनका माध्यमबाट सीमान्त महिलाको प्रतिनिधित्व र उत्पीडित महिलाले गरेका विद्रोहका माध्यमबाट उनीहरू नवीन पहिचान निर्माणमा प्रयासरत रहेको स्पष्ट भएको छ । कविताको सुरुमा नै साहेबलाई सम्बोधन गर्दै उत्पीडित महिलाले अनुहारमा आक्रोश बालेर सार्वजनिक भएको सन्दर्भका माध्यमबाट उत्पीडित महिलाले आफ्नो नवीन पहिचान निर्माणमा गरेको सङ्घर्ष प्रस्ट भएको छ । प्रस्तुत कविताकी आइमाई बादी जातिका महिलाकी प्रतिनिधि पात्र हुन् । कवितामा तिनै आइमाईका माध्यमबाट पितृसत्तात्मक समाजमा बादी जातिका महिलाले जात र लिङ्गका आधारमा भोग्नुपरेको दोहोरो उत्पीडनको यथार्थलाई अभिव्यक्त गर्दै उत्पीडनकारी पितृसत्ताप्रति व्यङ्ग्य गरिएको छ । सीमान्तीय प्रतिनिधित्व र पहिचानका दृष्टिले हेर्दा प्रस्तुत कवितामा बादी महिलाको लैङ्गिक सीमान्तीय प्रतिनिधित्व र तिनले नवीन पहिचान निर्माणका लागि गरेको प्रयासलाई व्यक्त गरिएको छ। उत्पीडनकारी पितृसत्ताले महिलालाई अनेक प्रलोभन देखाएर उत्पीडन गरेको यथार्थ अभिव्यक्तिका साथै पितृसत्ताको महिलाप्रतिको नाटकीय व्यवहारलाई पनि कवितामा यसरी व्यक्त गरिएको छ :

कहिल्यै सपना नदेख्ने मेरा आँखामा
यी महँगा उपहारहरू बिझाए मात्रै
कहिल्यै मीठो स्वाद चाख्न नजानेको मेरो जिब्रोमा
साहेबले दिएको रसबरी माया पर्परायो मात्रै
कहिल्यै आत्मीय नभोगेको मेरो दिललाई
साहेबको यो प्रेमिलो साथले चहरायो मात्रै

(पृ. ३२)

प्रस्तुत कवितांशमा उत्पीडनकारी पितृसत्ताले महँगा उपहारहरूको सपना देखाएर महिलामाथि गरेको उत्पीडनले पितृसत्ताको नग्नता स्पष्ट भएको छ । जातव्यवस्थामा आधारित पितृसत्तात्मक समाजले बादी जातिका महिलाहरूलाई देहव्यापारमा लाग्न बाध्य बनाएर उनीहरूको मानवीय अस्तित्वमाथि खेलवाड गरेको र उक्त पितृसत्ताका पक्षधर साहेबहरू यौन तृप्तिका लागि तिनै बादी महिलालाई उपयोग गर्ने तर बाहिर निस्किएपछि भने तिनलाई अपमान र तिरस्कार गर्ने खराब प्रवृत्तिप्रति कवितामा आक्रोश व्यक्त गरिएको कुरा अमृता शर्माले स्वीकार गरेकी छन् (२०७७, पृ. १५८) । तिनै बादी महिलाहरूलाई अनेकौं आश्वासन देखाएर लैङ्गिक शोषण गर्ने र उनीहरूकै अमूल्य मतको साथ पाएर सत्तामा पुगेको पितृसत्ताले बादीहरूको पहिचानलाई गुमनाम बनाएको सन्दर्भप्रति कवितामा यसरी असन्तुष्टि प्रकट गरिएको छ :

साहेब !
तिमीले बनाएको अन्तरिम विधानमा
बादी हुनुको स्थान कहाँनेर छ ?
तिमीले बनाएको नयाँ सरकारमा
बादी हुनुको पहिचान कहाँनेर छ ?
भनिदेऊ बरू ! बादी शब्द मेरो देशको होइन
भनिदेऊ बरू ! बादी मेरो देशको नागरिक होइन
तिमीले नङ्ग्याएको चोट
चोट नभएर आगो भएको छ आज
आइमाई हुँ साहेब !

तिमीले नङ्ग्याएको नाम लिएर
सार्वजनिक भएकी छु आज सडकमा

(पृ. ३३)

देशमा पटक पटक सरकार परिवर्तन भइसक्दा पनि बादी महिलालाई स्थान नदिइएको र संशोधित संविधानमा पनि उनीहरूको पहिचान गुमनाम पारिएकामा प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट प्रस्तुत कवितांशमा आक्रोश पोखिएको छ । उत्पीडनकारी पितृसत्ताले विगत लामो समयदेखि बादी शब्दलाई देशनिकाला गरेर बादी महिलालाई अनागरिक घोषणा गरे पनि त्यो जातिगत र लिङ्गगत उत्पीडनको चोट आज आएर आगोका रूपमा परिवर्तन भएको विद्रोही विचार कवितामा व्यक्त गरिएको छ । बादी महिला भएकामा अहिलेसम्म पितृसत्ताबाट पाएको चोटलाई विद्रोहको आगोमा परिणत गरी उक्त चोटका विरुद्ध सडकमा उत्रिने चेतावनी पनि कवितामा दिइएको छ । अतः प्रस्तुत कवितामा उत्पीडनकारी पितृसत्ताबाट नाम र पहिचान गुमनाम पारेर सीमान्तमा पुऱ्याइएका बादी महिलाको सीमान्तीय प्रतिनिधित्व प्रस्तुत गरिनुका साथै सीमान्तीकृत महिलाले आफूमा भएको उत्पीडनको बोध गरी उत्पीडनकारी पितृसत्ताले दिएको सीमान्तीय पहिचानका ठाउँमा नवीन पहिचान निर्माणमा सङ्घर्षरत रहेको विचार पनि प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ ।

### २.१६ 'उमा बदिनी' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'उमा बदिनी' सीता शर्माद्वारा रचना गरिएको नारीविषयक कविता हो । यो कविता उनको दोस्रो सङ्ग्रह *अस्मिताको खोजी* (२०६६) मा समाविष्ट छ । यस सङ्ग्रहमा उनका सत्ताइस ओटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा समाजमा विद्यमान जातीय, वर्गीय तथा लैङ्गिक उत्पीडनविरुद्धको चेतनालाई व्यक्त गरिनुका साथै पितृसत्तात्मक समाजमा महिलाले अनागरिक भएर पुरुषको खटनमा बाँच्नुपरेको यथार्थलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा उक्त सङ्ग्रहबाट 'उमा बदिनी' शीर्षकको कवितालाई छनोट गरी उक्त कवितामा प्रयुक्त सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएका छ ।

'उमा बदिनी' सामन्ती राज्यव्यवस्थाबाट सीमान्तमा पुऱ्याइएकी बादी महिलाको सीमान्तीय प्रतिनिधित्व गरिएको कविता हो । यस कवितामा उमा बदिनीले उत्पीडनकारी सामन्ती

सामाजिक संरचनाबाटै उत्पीडनमा परेका बादी महिलाको प्रतिनिधित्व गरेकी छ । उमा बदिनी तत्कालीन सामन्ती व्यवस्थाबाट उत्पीडित पात्र हो । उसले हजारौँ वर्षदेखि आफूमाथिको उत्पीडन मौन भएर सहँदै आएकी र उसलाई उत्पीडनकारी सामन्ती पितृसत्ताले निर्जीव खेलौनाझैँ खेलाइरहेको सन्दर्भलाई प्रस्तुत कवितामा  यसरी व्यक्त गरिएको छ :

हजारौँ वर्षदेखि मौन-मौन
चुपचाप चुपचाप
रछ्यानमा फ्याँकिएकी
अस्तित्वहीन अस्तित्व
आफू जलेर मैनझैँ अरूलाई उज्यालो दिने
आफ्नै काँचो मासुको पसल थापी
टुक्रा टुक्रा बेचेर खाने
निर्जीव खेलौना सबैकी
नबोल्ने नदुख्न-पाषाण

(पृ. १९)

प्रस्तुत कवितामा हजारौँ वर्षदेखि मौन रूपमा उत्पीडन सहन बाध्य भएकी महिलाको सीमान्तीय प्रतिनिधित्व गरिएको छ । उत्पीडनकारी पुरुषसत्ताले महिलालाई निर्जीव पुतलीजस्तो खेलौना बनाएको र महिलाको अस्तित्वलाई रछ्यानमा पुऱ्याएको सन्दर्भलाई प्रस्तुत साक्ष्यमा जोडदार रूपमा उठाइएको छ । उत्पीडनकारी पुरुषसत्ताले नारीका स्वतन्त्रतामा हस्तक्षेप गरी उसको अस्तित्वमाथि खेलवाड गरेको अभिव्यक्तिले कवितामा उमा बदिनीजस्ता महिलाको सीमान्तीय प्रतिनिधित्व प्रस्ट भएको छ । उत्पीडनकारी सामन्ती सत्ताबाट सीमान्तीकृत महिला उमा बदिनी वाचकका रूपमा रहेको प्रस्तुत कवितामा उमा बदिनीले स्वतन्त्रताका लागि गरेको विद्रोह यसरी व्यक्त गरिएको छ :

पाकिसकेको लाभा
फुट्नै आँटेको ज्वालामुखी
अशान्त अधीर- बहुलाएको कर्णाली
म उमा बदिनी

(पृ. १४)

सदियौँदेखि जातीय, वर्गीय र लैङ्गिक दृष्टिले उत्पीडित उमा बदिनीजस्ता सीमान्तीकृत महिलामा आफूमाथि भएको उत्पीडनको महसुस हुन थालेपछि उनीहरूमा जागृत भएको नवीन पहिचान निर्माणको चेतना प्रस्तुत साक्ष्यमा प्रकट गरिएको छ । लामो समयसम्म पीडा खप्दा खप्दा उक्त पीडा ज्वालामुखी जसरी विस्फोटन हुन लागेको र बहुलाएको कर्णालीजस्तै हुन लागेको सन्दर्भको अभिव्यक्तिका माध्यमबाट उत्पीडित महिलाले आफ्नो सीमान्तीय पहिचानका ठाउँमा नवीन पहिचान बनाउनका लागि गरेको प्रयास स्पष्ट भएको छ । तसर्थ प्रस्तुत कवितामा लामो समयदेखि उत्पीडित सीमान्तीय महिलाहरू नवीन पहिचान निर्माणका लागि सङ्घर्षरत छन् भन्ने विषयलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ ।

## २.१७ 'मलाई जन्माइदेऊ' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'मलाई जन्माइदेऊ' सुधा त्रिपाठीद्वारा रचना गरिएको नारीविषयक कविता हो । यो कविता उनको *जिराहा वर्तमान* (२०६७) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यसमा उनका विविध विषययुक्त पैँतिस ओटा कविताहरू समाविष्ट छन् । यस सङ्ग्रहका कवितामा समकालीन जीवनका कुरूप यथार्थको अभिव्यक्तिका साथै त्यस्ता कुरूप यथार्थप्रति आलोचनात्मक दृष्टिकोण पनि प्रस्तुत गरिएको छ । साथै यस सङ्ग्रहका कवितामा नारी अस्मिता, नारी अस्तित्व वा नारीबोधी चेतनाको अभिव्यक्तिसमेत प्रकट गरिएको छ । तसर्थ उक्त सङ्ग्रहका कविताहरू लैङ्गिक सीमान्तीय दृष्टिबाट पनि अध्ययनीय छन् । त्यसैले उक्त सङ्ग्रहबाट **'मलाई जन्माइदेऊ'** शीर्षकको कविता छनोट गरी उक्त कवितामा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

'मलाई जन्माइदेऊ' नारीको सीमान्तीय प्रतिनिधित्वलाई प्रस्तुत गरिएको कविता हो । यस कवितामा भ्रूणहत्या गरी नारीलाई जन्मन नदिने पितृसत्ताको पाशविकताको चित्रण सशक्त ढङ्गमा गरिएको छ । यस कवितामा छोरीलाई जन्म दिन नसक्ने सम्बोधित पात्र 'आमा' पितृसत्ताबाट सीमान्तीकृत छिन् । यहाँ तिनै आमाका माध्यमले पितृसत्ताबाट उत्पीडित महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कवितामा पितृसत्ताका आतङ्कप्रति विद्रोह गर्दै मानवीय मूल्यको खोजी गरिएको र त्यसप्रति नारी स्वयम् जाग्नुपर्ने विचार व्यक्त गरिएको चर्चा गीता त्रिपाठीले गरेकी छन् (२०७०, पृ. २१८) । लैङ्गिक विभेदयुक्त नेपाली समाजमा

छोरासरह छोरीले पहिचान पाएका छैनन् । छोराको जन्मलाई हर्षोल्लासका रूपमा स्वीकार गर्ने तर छोरीलाई चाहिँ गर्भमै तुहाउने नेपाली समाजको विडम्बनालाई कवितामा चित्रण गरिएको छ । तसर्थ पितृसत्तात्मक समाजले गरेको त्यस्तो विभेदको बोध गरी आमाको गर्भमा आएकी सम्बोधक पात्र छोरीले आफू जन्मन चाहेको कुरा कवितामा यसरी व्यक्त गरिएको छ :

अब म यसरी बन्धनमा सड्न चाहन्न
गर्भबाट मिल्किएर तुहिन चाहन्न
मेरो बाबु भनाउँदो
मेरो हत्या गर्न खोज्छ
मेरो मुटुकलेजो खाएर छाक धान्न खोज्छ
त्यो पापी, नृशंस, उद्दण्ड बाबु
हामीले केही गर्न र भन्न नपाउँदै
हाम्रो घाँटीमा गोलाकार हात ल्याइसक्छ ।

(पृ. ८४)

प्रस्तुत कवितांशबाट उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित नारीको सीमान्तीय पहिचान स्पष्ट भएको छ । विभेदकारी पितृसत्ताको उत्पीडन मौन रूपमा सहँदै आएकी आमाका गर्भबाट छोरीले उक्त उत्पीडनको विरोध गरेकी छ । धर्तीमा आएर छोरासरह वा छोराभन्दा पनि बढी गर्न सक्ने छोरीलाई गर्भमा हत्या गर्ने पितृसत्ताका पक्षधर पुरुषलाई कविताले चुनौती दिएको छ । यहाँ भ्रुणहत्या गर्न खोज्ने उत्पीडनकारी पुरुषको पापी, नृशंस, उद्दण्ड चरित्रप्रति तीव्र आक्रोश प्रकट गरिएको छ । तसर्थ मलाई जन्माइदेऊ भनेर आमाको गर्भबाट छोरीले गरेको आग्रहका माध्यमबाट कवितामा सीमान्तीकृत नारीमा पितृसत्ताले गरेको उत्पीडनको बोध भई उत्पीडित नारीहरू नवीन पहिचानको निर्माणमा प्रयासरत रहेको विचारको अभिव्यक्ति प्रकट गरिएको छ । अतः महिलाहरू घर र समाजमा मात्र होइन आमाको गर्भबाटै उत्पीडित छन् भन्ने तथ्यको पुष्टि कवितामा गरिएको छ ।

### २.१८ 'तथागत मलाई उत्खनन गर !' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'तथागत मलाई उत्खनन गर !' सरस्वती प्रतीक्षाद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको *बागी सारङ्गी* (२०६९) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका

उनन्चालिस ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहका कवितामा सीमान्तीकृत समुदायको प्रतिनिधित्व र तिनको विद्रोही पहिचानलाई प्रस्तुत गरिएको छ । यस शोधमा उक्त सङ्ग्रहबाट तथागत मलाई उत्खनन गर ! कवितालाई चयन गरी उक्त कवितामा प्रयुक्त सीमान्तीकृत महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'तथागत मलाई उत्खनन गर !' कवितामा बुद्धकालीन इतिहासको गर्भमा विलिन भएकी नारी सुजाताको अस्तित्वको खोजी गरिएको छ । प्रस्तुत कवितामा सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्तिका समयमा खिर खुवाएर शारीरिक र मानसिक शक्ति प्रदान गर्ने नारी सुजाताको विलुप्त पारिएको पहिचानको खोजी गरिएको छ । सुजाताले खिर मात्र खुवाएको होइन, सिद्धार्थमा प्रेमको भावना उमार्ने काम पनि गरेको हो भन्ने सन्दर्भलाई कवितामा व्यक्त गरिएको छ । बुद्धको तपस्याजन्य कठोरपनलाई नरम बनाउने नारीशक्तिको गुमाइएको पहिचानको खोजी कवितामा गरिएको छ । बुद्धकालीन इतिहासदेखि नै नारीलाई पहिचानविहीन बनाइएको विचार उद्धृत साक्ष्यमा व्यक्त गरिएको छ । इतिहासका कतिपय सन्दर्भमा नारीहरूको योगदानको उल्लेखसम्म गरिएको छैन । कहीँ कतै उल्लेख भए पनि नारीलाई कमजोर देखाएर पुरुष सत्ताको अनुकूल पारिएको कुरा बिन्दु शर्माले पनि यही कविताको समालोचना गर्ने क्रममा उल्लेख गरेकी छन् (२०७२, पृ. ४७४) । बुद्धकालीन इतिहासको गर्भमा लुकेकी नारी सुजाताको अस्तित्वलाई विलिन बनाइएको सन्दर्भलाई उल्लेख गर्दै नारीको हराएको पहिचानको खोजी कवितामा गरिएको छ । बुद्धलाई खिर खुवाएर उनमा प्रज्ञा जागरण गर्ने शक्ति भएकी सुजाता सम्पूर्ण नारीशक्तिकी प्रतिनिधि हो । इतिहासले सुजाताको पहिचानलाई लुकाएको हुनाले यस कवितामा नारीशक्तिको उद्घाटन गर्दै पुरुषमा ईश्वरीय शक्ति उत्पन्न गर्ने कारक तत्त्व नारीमा भएको दाबी कवितामा यसरी गरिएको छ :

> जहाँबाट सुरु भयो
> तिम्रो आत्मबल
> तिम्रो आत्मविश्वास
> र तिम्रो आत्मज्ञानको कथा
> त्यो प्रेम थियो मैले तिमीलाई खुवाएको र तिमीले खाएको ।
>
> (पृ. ६०)

प्रस्तुत कवितामा सुजाताले बुद्धलाई खुवाएको खिर यहाँ प्रेम र प्रज्ञाको प्रतीक बनेर आएको छ । त्यही खिरले बुद्धमा आत्मबल र आत्मविश्वास बढेको उल्लेख प्रस्तुत साक्ष्यमा गरिएको छ । बुद्धलाई शक्ति प्रदान गर्ने सुजाताजस्ता नारीहरूलाई इतिहासका गर्भमा लुकाइएको सन्दर्भका माध्यमबाट प्रस्तुत कवितामा त्यस्ता नारीहरूको विलुप्त पहिचानको खोजी गरिएको छ । इतिहासले लुकाएका त्यस्ता नारीहरूको पहिचानलाई उत्खनन गरेर बाहिर ल्याउनुपर्ने दाबी कवितामा यसरी गरिएको छ :

जहाँ पहिलोपटक हाम्रो भेट भएको थियो
म पुरिएकी छु निरञ्जना नदीको छेउछाउमा कतै
निरञ्जना नदीमा बग्दै आउने
प्रणयाभावहरूको पाँचौँ आर्यसत्यले पुरिएकी छु
तिम्रो ध्यान, अर्धध्यान र ध्यानरहित मुद्राका
नखिचिएका तस्बिरहरूको अवशेषले पुरिएकी छु ।
तथागत,
मलाई उत्खनन गर । मलाई उत्खनन गर ।

(पृ. ६१)

सीमान्तीय प्रतिनिधित्व र पहिचानका दृष्टिले हेर्दा प्रस्तुत कवितामा लैङ्गिक सीमान्तीय प्रतिनिधित्व र नारीको विलुप्त पहिचान स्पष्ट भएको छ । महिला भएकै कारण सुजाताजस्ता नारीहरूको शक्तिशाली कार्यलाई ओझेलमा पारिएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा सुजाताजस्ता नारीहरूले आफ्नो पहिचान गुमाउनुपरेको यथार्थलाई प्रस्तुत साक्ष्यमा अभिव्यक्त गरिएको छ । प्रेममै बुद्धत्वको आह्वान रहेको र निरञ्जना नदीमा सिद्धार्थ गौतम र सुजाताको भेटका स्मृतिको मिथकीय पुनःसृजन गरिएको प्रस्तुत कवितामा बुद्धको ध्यानरहित मुद्रामा नखिचिएका तस्बिरले पुरिएकी सुजाताले आफूलाई उत्खनन गर्ने आह्वानमूलक बिम्बका माध्यमबाट नारीका सिर्जनशील कोमल अनुभूतिलाई प्रकट गरिएको चर्चा नेत्र एटमले गरेका छन् (२०७२, पृ. ४१) । यस कवितामा निरञ्जना नदीको छेउछाउमा नदीका तरङ्गसँगै प्रवाहित भइरहेकी र बुद्धको ध्यानरहित मुद्राका नखिचिएका तस्बिरहरूका अवशेषले पुरिएकी मिथकीय नारी सुजाताको सीमान्तीकृत प्रतिनिधित्व र विलुप्त पहिचान स्पष्ट भएको छ । अतः प्रस्तुत

कवितामा सुजाताको मिथकीय सन्दर्भका माध्यमबाट वर्तमानमा उपेक्षित बन्न पुगेका नारीका गौरवमय पहिचानको खोजी गरिएको छ । 'तथागत मलाई उत्खनन गर' भन्ने सुजाताको आत्मकथनबाट प्रस्तुत कवितामा आद्य नारीशक्तिको गौरवमय पहिचानको खोजी गर्नुपर्ने कुरा स्पष्ट पारिएको छ ।

## २.१९ 'के तिमीले मलाई आविष्कार गऱ्यौ ?' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'के तिमीले मलाई आविष्कार गऱ्यौ ?' सरिता तिवारीद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको *प्रश्नहरूको कारखाना* (२०७२) कवितासङ्ग्रहमा सङ्कलित छ । यस सङ्ग्रहमा उनका उनन्चालिस ओटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्गृहीत कवितामा पितृसत्ताका वर्चस्वको विरोधका साथै नारीमाथिको पहिलेदेखि अहिलेसम्म जारी हिंसा र उत्पीडनका विरुद्ध प्रतिरोधी आवाज व्यक्त गरिएको छ । सदियौँदेखि विभेदकारी पितृसत्ताले महिलामाथि गर्दै आएको उत्पीडनको यथार्थ अभिव्यक्तिका माध्यमबाट महिलाको सीमान्तीय प्रतिनिधित्व यस सङ्ग्रहका कवितामा गरिएको छ । तसर्थ यस अध्ययनमा उक्त कवितासङ्ग्रहबाट 'के तिमीले मलाई आविष्कार गऱ्यौ ?' कवितालाई विश्लेषणका लागि छनोट गरी उक्त कवितामा प्रयुक्त सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'के तिमीले मलाई आविष्कार गऱ्यौ ?' कवितामा विभेदकारी पितृसत्ताप्रति प्रश्न गरिएको छ । आदिम ओडारबाट ढुङ्गा रगडेर आगो बाली चेतनाको बीज निकाल्ने अनि पसिना र रगतको बीज रोपेर सभ्यता फुलाउने नारी जातिलाई पुरुषसत्ताले स्वतन्त्र पहिचान नदिएकामा कवितामा असन्तुष्टि प्रकट गर्दै विद्रोह गरिएको छ । आदिम युगमा मानव सभ्यताको सुरुवातकर्ताका रूपमा रहेका नारीहरूलाई पुरुषको आविष्कार ठानेर उसकै दासीसरह पहिचान दिइएको सन्दर्भप्रति कवितामा असन्तुष्टि व्यक्त गरिएको छ । मानव सभ्यताको आदिम कालदेखि स्वतन्त्र भएर सभ्यतालाई फुलाइरहेका, अनेकौँ कष्ट झेलेर पनि आफ्नो भाग्यको अन्तिम फैसला आफैँ लेख्ने नारी जातिलाई आफ्नो आविष्कार ठान्ने पुरुष सत्तालाई कवितामा चुनौती दिइएको छ । नारी आफैँमा एक सिङ्गो अस्तित्व हो । यसको आविष्कार कसैले गरेको होइन । नारी र पुरुषका बिचको भेद सामाजिक-सांस्कृतिक निर्मिति हो तापनि नारी सबभन्दा बढी पितृसत्ताबाट प्रताडित

भएको यथार्थलाई कवितामा व्यक्त गरिएको छ । आदिम युगदेखि नै नारीहरूले आफ्ना शरीरका अङ्गहरूलाई हतियार बनाएर युद्ध लडेको सन्दर्भलाई कवितामा यसरी व्यक्त गरिएको छ :

आफ्नै मेरुदण्ड र करङ निकालेर बनाएँ औजार
प्रत्येक पटक
मान्छे भएर बाँच्ने अन्तिम युद्ध ठान्दै
लडिरहेँ युगभरि केवल युद्ध
बौलाहा आँधी बोकेर छातीमा
हिँडिरहेँ खोज्दै
जुगौं अघिदेखि कसैले खोसिराखेको
आफ्नै अनुहारको नक्सा
भेटाएभैँ कोलम्बसले कुनै नयाँ भूगोल
के तिमीले भेटाएका हौ मेरो अनुहार ?

(पृ. ३०)

मानव सभ्यताको सुरुदेखि नै सङ्घर्षरत नारीशक्तिको जोडदार अभिव्यक्ति प्रस्तुत साक्ष्यमा गरिएको छ । आफ्नै शरीरका विभिन्न अङ्गहरूलाई हतियार बनाएर आफ्नो अस्तित्वका लागि आजीवन युद्ध लड्ने नारीशक्तिको विद्रोहलाई माथिको साक्ष्यमा व्यक्त गरिएको छ। यस कवितामा नारीलाई परम्परागत पितृसत्तात्मक संस्कृतिले निःस्पृह र निर्विवेकी पुतलीको जस्तो पराश्रित पहिचान दिएको, पुरुषको आश्रयबिना महिलाको जीवन अस्तित्वहीन रहेको र महिलाको अस्तित्वमाथि पुरुषले स्वामित्वको दाबी गर्दै आएको विषयप्रति असन्तुष्टि व्यक्त गर्दै पितृसत्ताप्रति प्रतिरोध गरिएको कुरा ताराकान्त पाण्डेयले स्वीकार गरेका छन् (२०७४, पृ. ३४) । अतः उक्त पराश्रित पहिचान दिइएका नारीलाई मानिस भएर स्वतन्त्र बाँच्न नदिई विभेदकारी पितृसत्ताले नारीको अस्तित्व खोसेर सीमान्तमा पुऱ्याएको बोध भएपछि सीमान्तीकृत नारीले आफ्नो अस्तित्वको खोजी गर्दै नवीन पहिचान बनाउन प्रयासरत रहेको विचारको अभिव्यक्ति पनि प्रस्तुत कवितामा सशक्त ढङ्गमा गरिएको छ । युगौँयुगदेखि आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहेका नारीलाई पितृसत्ताले आफ्नो आविष्कार ठानेको विषयप्रति असन्तुष्टि जनाउँदै प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट विद्रोह गरिएको छ । यसबाट युगौँयुगदेखि पितृसत्ताबाट सीमान्तीकृत

नारीमा जागृत हुन थालेको विद्रोही पहिचानको अभिव्यक्ति प्रस्तुत कवितामा प्रकट गरिएको प्रस्ट भएको छ ।

## २.२० 'जुनकिरी' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'जुनकिरी' विना तामाङको नारीविषयक कविता हो । यो कविता उनको *रातो घर* (२०७२) सङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका छत्तिस ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा नेपालका कतिपय ग्रामीण क्षेत्रमा पसेर अनेक प्रलोभन देखाई सोझा नारीहरूलाई फकाएर भगाउने अनि बिक्री गर्ने पितृसत्ताका उत्पीडनको यथार्थ चित्रणका साथै त्यस्ता उत्पीडनप्रति विद्रोहको चेतनालाई पनि व्यक्त गरिएको छ। यस सङ्ग्रहमा सङ्कलित उनका नारीविषयक कवितामध्ये 'जुनकिरी' शीर्षकको कविता छनोट गरी उक्त कवितामा प्रस्तुत गरिएको महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ।

'जुनकिरी' कवितामा नारीको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई जोडदार रूपमा प्रस्तुत गरिएको छ। यहाँ उत्पीडनकारी पितृसत्ताको प्रतीकका रूपमा बनढाडे र उत्पीडित नारीको प्रतीकका रूपमा फूलहरूलाई प्रयोग गरिएको छ । यस कवितामा उत्पीडनकारी पितृसत्ताका पक्षधर साँढे प्रवृत्ति भएका बनढाडेहरू गाउँमा पसी गाउँका सोझासिधा नारीहरूलाई चाइनिज मोबाइल देखाएर भगाएका सन्दर्भको अभिव्यक्तिबाट पितृसत्ताले महिलामाथि गरेको घृणित व्यवहारको प्रतिबिम्बन गरिएको छ । चेलीबेटी बेचबिखन गर्ने दलाललाई बनढाडेको प्रतीकका रूपमा प्रयोग गरी गाउँले जीवनको सुन्दर परिवेशमा ढकमम्क फुलेका बेली, चमेली, मखमली, जाई, जुही, बेगमबेली आदि सुन्दर फुलजस्तै सुन्दर नारीहरूलाई ललाईफकाई दलालहरूबाट भगाइएको प्रसङ्गले कवितामा ग्रामीण समाजका सोझा महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

सान्नानी
चाइनिज मोबाइलका
दुईचार सेट बोकेर
बनढाडे गाउँ पसेकै दिन हो
गाउँको सुन्दर बगैँचाबाट
दुईचारवटा फूलहरू गायब भएको

बेली, चमेली, मखमली
जाइजुई, बेगमबेली
अरू थुप्रै फूलका हाँगाहरू लाछिएको

(पृ. ६७)

नेपालका ग्रामीण क्षेत्रमा बसोबास गर्ने सोझासिधा नारीहरूलाई अनेक प्रलोभन देखाएर बेचबिखन गर्ने पितृसत्ताका घृणित व्यवहारको यथार्थ चित्रण प्रस्तुत कवितांशमा गरिएको छ । ग्रामीण क्षेत्रका फूलजस्तै सुन्दर नारीहरूको जिन्दगीमाथि खेलवाड गर्ने पितृसत्ताले उनीहरूलाई सीमान्तीकृत गरेको कुरा कवितामा स्पष्ट भएको छ । एउटा सामान्य मोबाइलमा लोभिनुपर्ने ग्रामीण नारीहरूको निरीहताले उनीहरूको सीमान्तीय पहिचानलाई चिनाएको छ । सोझासिधा नारीहरूलाई गाउँबाट भगाउने अनि बजारको वस्तुजस्तै किनबेच गर्ने प्रवृत्तिबाट पनि पितृसत्ताको कुरूपता प्रस्ट भएको छ । अतः महिलालाई रबरको पुतलीजस्तो बिक्री गरी नाफा कमाउने पुँजीबजारका ठेकेदारहरूलाई कवितामा बनढाडेको संज्ञा दिई तिनीहरूले महिलालाई सीमान्तीकृत गरेको यथार्थको अभिव्यक्ति कवितामा गरिएको छ । तसर्थ नेपालका ग्रामीण क्षेत्रका उत्पीडित महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचान कवितामा स्पष्ट भएको छ ।

प्रस्तुत कवितामा प्रयुक्त जुनकिरीले सीमान्तीकृत नारीमा जागृत भएको प्रतिरोधी चेतनालाई सङ्केत गरेको छ । कालो, कैलो र खैरो रङका बनढाडेहरूले सोझा नारीहरूलाई भगाएकै बेला नारीमाथि शोषण भएको महसुस गरी जुनकिरीको उज्यालोजस्तो विद्रोहको आवाज व्यक्त गरी उत्पीडित नारीले नवीन पहिचानका लागि गरेको विरोधलाई कवितामा यसरी व्यक्त गरिएको छ :

यदि मजस्तै सयौं जुनकिरीहरू
त्यहाँ हुँदा हुन् त
पक्कै केही हुन्थ्यो
केही गरिन्थ्यो
कस्तो बिडम्बना ? कस्तो दोधार ?
त्रासैत्रास्
डरैडर्
त्यही दोधारमै

आवाज दिएकै हुँ
तर सान्नानी
सुनेनन्
हर्के, श्यामे, साधुरामले
सुनेनन् एन्जियोले
सुनेनन् सरकारी निकायले
सुनेनन् दातृ निकायले

(पृ. ६८-६९)

प्रस्तुत कवितांशमा ग्रामीण क्षेत्रका नारीमाथि गरिएको पितृसत्तात्मक उत्पीडनको बोध भएपछि नवीन पहिचानको निर्माणका लागि विद्रोहको चेतना व्यक्त गरिएको छ । जुनकिरीको उज्यालोजस्तो विद्रोहको मसिनो आवाजलाई समाजका पुरुषहरूका साथै राज्यबाट पनि बेवास्ता गरिएको बिडम्बनालाई कवितामा अभिव्यक्त गरिएको छ । यहाँ आफ्नै गाउँघरका उत्पीडित नारीहरूले सहयोगको पुकारा गर्दा गाउँकै पुरुषहरूले नसुन्नुले महिलामाथिको पितृसत्ताको लापरबाही स्पष्ट भएको छ । यसका साथै लैङ्गिक विभेदका बारेमा आवाज उठाउने एन्जियो, सरकारी निकाय तथा दातृ निकायले समेत बेवास्ता गर्नुले महिलामाथिको उत्पीडनको पराकाष्ठालाई कवितामा स्पष्ट गरिएको छ । यहाँ उत्पीडित महिलाले दिएको आवाजलाई कसैले नसुने पनि उक्त आवाजबाट सीमान्तीकृत महिलाले आफ्नो सीमान्तीय पहिचानबाट मुक्ति पाएर नवीन पहिचान निर्माणका लागि गरिएको प्रयासको पुष्टि भएको छ । यसरी प्रस्तुत कवितामा ग्रामीण क्षेत्रका सोझासिधा युवतीहरूलाई विभिन्न लोभलालच देखाएर दलालको फन्दामा पारी बेचबिखन गरेर सीमान्तीकृत गरिएको सन्दर्भलाई उद्घाटित गरिएको छ ।

## २.२१ ‘योगमायाको काँचो वायु’ कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

‘योगमायाको काँचो वायु’ सीमा आभासद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको तेस्रो कवितासङ्ग्रह *म स्त्री अर्थात आइमाई* (२०७३) मा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका सैंतिस ओटा कविताहरू समाविष्ट छन् । यस सङ्ग्रहका कवितामा नारीका निडरता र अदम्य साहसको अभिव्यक्तिका साथै समाजका बेथितिविरुद्ध विद्रोहको हुङ्कार व्यक्त गरिएको

छ । प्रस्तुत अध्ययनमा उक्त सङ्ग्रहबाट 'योगमायाको काँचो वायु' कवितालाई छनोट गरी उक्त कवितामा प्रयुक्त सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

योगमायाको काँचो वायु कवितामा वि.सं. १९९८ मा आफ्ना ६८ जना भक्तहरूसहित अरुण नदीमा जलसमाधि लिएकी योगमायाको आत्माको आवाजलाई व्यक्त गरिएको छ। योगमाया जसले नारीमाथि पितृसत्तात्मक समाज र उसका संस्कारले गर्ने व्यवहारका विरुद्धमा आवाज उठाएकी थिइन् । तत्कालीन सामन्ती राज्यव्यवस्थाले उनको आवाजलाई बेवास्ता गरी उनलाई असफल बनाउने प्रयास गरेको थियो । तिनै योगमायाको आत्माको आवाजलाई कवितामा व्यक्त गरिएको छ। योगमायाले तत्कालीन समयमा लैङ्गिक विभेदविरुद्ध प्रतिरोध गर्दै धेरै सङ्घर्ष गरेकी थिइन् । त्यसबेला राणाशासकहरूले उनको लैङ्गिक उत्पीडनविरुद्धको आन्दोलन सफल हुन दिएनन् । त्यसपछि राजनैतिक व्यवस्थामा परिवर्तन भएर आएको राजतन्त्रले पनि योगमायाको आवाजलाई सम्बोधन गर्न नसकेकामा कवितामा असन्तुष्टि प्रकट गरिएको छ । योगमाया तत्कालीन समयकी सीमान्तीकृत महिलाकी प्रतिनिधि पात्र हुन् । उनले लैङ्गिक उत्पीडनका विरुद्ध सङ्घर्ष गर्दागर्दै प्राण त्याग गरेकी हुनाले उनको आत्माको आवाजलाई कवितामा यसरी व्यक्त गरिएको छ :

मेरो अस्तु घोटेर दहीसँग पिउने
यो लाज पचेको इतिहासको गरिदिन्छु हत्या
मेरो नाकले सास फेरेर बाँचेको यो युगको थुनिदिन्छु सास
मेरो शरीर चोरेर बेसरम उभिने यो कुसमयलाई
छिनाइदिन्छु यो केशको धारले ।

(पृ. ३४)

प्रस्तुत कवितांशमा इतिहासदेखि नै महिलामाथि उत्पीडन गर्ने पितृसत्ताको वर्चस्वमाथि कविताले व्यङ्ग्य गरेको छ । महिलामाथि उत्पीडन गर्ने निर्लज्ज पितृसत्ताको इतिहासको हत्या गरिदिने, महिलाकै अस्तित्वमा बाँचेको समयको सास थुनिदिने र महिलामाथि अत्याचार गर्ने खराब संस्कारलाई योगमायाको केशको धारले छिनाइदिने चेतावनी कवितामा दिइएको छ । पितृसत्ताले गरेको लैङ्गिक उत्पीडनमा परेकी सीमान्त पात्र योगमायाले आफ्ना तमाम भक्तहरूका साथमा शताब्दीयौँपछि आएर पनि समग्र सीमान्तीय महिलाहरूको मुक्तिका लागि सङ्घर्ष गरिरहने विचार

कवितामा व्यक्त गरिएको छ । योगमायाजस्ता सीमान्तीकृत महिलाहरूलाई पितृसत्ताले विगत लामो समयदेखि दिँदै आएको पहिचानमा महिलाहरू उत्पीडनमा परेको महसुस गरी योगमायाको काँचो वायु ऐतिहासिक बिम्बका माध्यमबाट सीमान्त महिलाहरूले आफ्नो नयाँ किसिमको पहिचान बनाउने प्रयास गरिरहेको विचार कवितामा व्यक्त भएको छ । तत्कालीन समयमा जब्बर रूपमा रहेको पितृसत्ताबाट न्याय नपाएपछि योगमायालगायत उनका भक्तहरूले अग्निसमाधिका माध्यमबाट विद्रोह गर्न खोजेको, त्यसबेला उनीहरूलाई बन्दी बनाएर उक्त विद्रोहलाई असफल पारिएको र त्यसपछि उनीहरूले जलसमाधि लिएको सन्दर्भलाई पनि कवितामा यसरी व्यक्त गरिएको छ :

हामीले अग्निसमाधिलाई ठीक पारेको आगो कहाँ छ ?
हामीले जलसमाधि लिएको पानी कसले लगेको छ ?
खै कहाँ छन् मेरा हात-खुट्टामा ठोकिएका नेल ?
म र मेरा अनुयायीलाई छेक्ने
यी जेलका भित्ता के गर्छन् अचेल ?

(पृ. ३५)

प्रस्तुत कवितांशमा नेपालको ऐतिहासिक यथार्थ विषयलाई प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट सशक्त रूपमा व्यक्त गरिएको छ । तत्कालीन समयमा लामो समयसम्म न्यायका लागि सङ्घर्ष गरिरहेका योगमाया र उनका अनुयायीहरूले पितृसत्ताको जब्बरपनप्रति विद्रोहस्वरूप अग्निसमाधिको घोषणा गरेको थाहा पाएर तत्कालीन शासकहरूबाट उनीहरूको विद्रोहलाई विफल पारिएको र उनीहरूलाई जेलको यातना दिइएको घटनाप्रति कवितामा असन्तुष्टि प्रकट गरिएको छ । त्यसबेला योगमायालगायतका पीडित व्यक्तिहरूले तत्कालीन राज्यव्यवस्थाका विरुद्धमा विद्रोहस्वरूप जलसमाधि लिएर प्राण त्याग गरेको प्रसङ्गलाई पनि यहाँ व्यक्त गरिएको छ । यसबाट प्रस्तुत कवितामा योगमायाको ऐतिहासिक बिम्बका माध्यमबाट सदियौँदेखि जब्बर भएर बसेको पितृसत्ताबाट पीडित नारीहरूमा नयाँ पहिचान निर्माणको चेतना विकसित हुन थालेको सन्दर्भलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको कुरा पुष्टि भएको छ ।

## २.२२ 'ओक्कल दोक्कल पिपल पात' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'ओक्कल दोक्कल पिपल पात' बिन्दु शर्माद्वारा रचना गरिएको नारीविषयक कविता हो । यो कविता उनको *ओक्कल दोक्कल पिपल पात* (२०७५) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यो कविता यस सङ्ग्रहको शीर्ष कविता हो । यस सङ्ग्रहमा चौबिस ओटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका कवितामा जातीय, वर्गीय तथा लैङ्गिक दमनविरुद्ध प्रतिरोधी स्वर व्यक्त गरिनुका साथै मानवीय प्रेम, सद्भाव र समताको अभिव्यक्ति पनि प्रकट गरिएको छ । यस सङ्ग्रहबाट 'ओक्कल दोक्कल पिपल पात' शीर्षकको कवितालाई चयन गरी उक्त कवितामा प्रयुक्त सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

'ओक्कल दोक्कल पिपल पात' विभेदकारी पितृसत्ताले सीमान्तमा पुऱ्याएका नारीको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई व्यक्त गरिएको कविता हो । यस कवितामा सम्बोधित पात्र आमा नारी भएर पनि पितृसत्ताकै प्रतिनिधित्व गरेर उनले छोरा र छोरीमा विभेद गरेकी छन् । 'ओक्कल दोक्कल पिपल पात, तिम्रा माथि कसको हात ?' भनेर खेलिने बालापनको रमाइलो खेलमा भाइले झेल गरी दिदीलाई परास्त गर्दा आमा मूकदर्शक बनेकी हुनाले यहाँ आमाले पनि पितृसत्ताकै समर्थन गरेको कुरा प्रस्ट भएको छ। छोरा र छोरीमा विभेद गरी बालखेलमा छोरालाई झेल गरेर भए पनि जिताउने र छोरीलाई भने जानाजान हार खुवाउने पितृसत्ताको विभेदकारी चरित्रको पर्दाफास यस कवितामा गरिएको छ । पुराना पिँढीका आमाहरू पनि पितृसत्तात्मक संस्कार र संस्कृतिले ग्रस्त भएकाले आफ्नै छोरा र छोरीमा भेद गरी बालखेलमा समेत झुक्याएर छोराको हात माथि पारेको विषयको चर्चा मधुसूदन गिरीले गरेका छन् (२०७७, पृ. २९२) । यसबाट विभेदकारी पितृसत्तामा पुरुष मात्र होइन महिला पनि पर्ने र उक्त पितृसत्ताले कसरी महिलालाई सीमान्तमा पुऱ्याउँदो रहेछ भन्ने पनि प्रस्ट भएको छ । यही सन्दर्भलाई कवितामा यसरी व्यक्त गरिएको छ :

आमा !
ओक्कल दोक्कल पिपल पातको
रमाइलो खेल खेलाउँदै
सधैँ झुक्यायौ र सोधिरह्यौ
तिम्रा माथि कसको हात ?

बालापनको रमाइलोमा
पहिचान गरेरै पनि भाइको हात
पटक पटक परास्त भइरहेँ म
झेली गरिरह्यो भाइले
मौन भइरह्यौ तिमी

(पृ. ४३)

प्रस्तुत कवितांशमा सम्बोधक छोरीले विभेदकारी पितृसत्ताबाट सीमान्तमा पुऱ्याएका महिलाको प्रतिनिधित्व गरेकी छन् भने सम्बोधित आमा र खेलमा झेली गर्ने छोराले विभेदकारी पितृसत्ताको प्रतिनिधित्व गरेका छन्। छोरा र छोरीमा विभेद गरी छोरीलाई सीमान्तमा पुऱ्याइएको प्रसङ्गबाट सीमान्तीकरणको प्रक्रिया स्पष्ट भएको छ । जानाजान छोरीलाई सीमान्त बनाउने पितृसत्ताको करतुतप्रति कवितामा व्यङ्ग्य गरिएको छ। प्रस्तुत कवितामा नारी भएर पनि आमाले नै छोरालाई काखा र छोरीलाई पाखा गरेको भेदभावपूर्ण व्यवहारका माध्यमबाट पितृसत्ताका पक्षधर पुरुष मात्र नभएर महिलासमेत हुन्छन् भन्ने तथ्यलाई पनि उजागर गरिएको छ। छोराले खुलेआम गर्न हुने काम छोरीले लुकीछिपी गर्दा छोरीले सजायको भागीदार बन्नुपरेको प्रसङ्गलाई कवितामा रोचक ढङ्गले व्यक्त गरिएको छ :

मैले लुकेरै उडाउँदा च्यातिएको
भाइको पुरानो चङ्गाको मोल
चड्कनले सम्झाएकी तिमीले
थाहा पाइनौ आमा !
चङ्गासँगै उन्मुक्त हुन नपाई
पाउजुको छमछमी पछ्याउँदै
अगेनामा खरानी भएका
मेरा स्वप्निल रहरहरूको मोल के थियो ?

(पृ. ४४)

प्रस्तुत साक्ष्यमा विभेदकारी पितृसत्ताकी पक्षधर आमाबाट नै छोरा र छोरीमा भेदभाव गरिएको कुरा प्रस्ट भएको छ। छोरी भएका कारण आफ्ना इच्छाहरूलाई दबाउनुपर्ने, स्वतन्त्रताका स्वप्निल रहरहरूलाई मनभित्रै डढाएर खरानी बनाउनुपर्ने, लुकीलुकी चङ्गाजस्तै स्वतन्त्र जीवन

जिउन खोज्दा सजायको भागीदार बन्नुपर्ने जस्ता अभिव्यक्तिका माध्यमबाट विभेदकारी पितृसत्ताकै विभेदजन्य व्यवहारका कारण नारीहरू सीमान्त बनेका हुन् भन्ने तथ्यको पुष्टि प्रस्तुत साक्ष्यबाट भएको छ । विभेदकारी पितृसत्ताले दिएको सीमान्तीय पहिचानमा आफू पीडित भएको महसुस गरी सीमान्तीय महिलामा नवीन पहिचान निर्माणको चेतना जागृत भएको विचार पनि कवितामा व्यक्त गरिएको छ ।

## २.२३ 'सच्याऊ यो इतिहास' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'सच्याऊ यो इतिहास' विमला तुम्खेवाद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको *हत्केलामा पृथ्वी लिएर उभिएको मान्छे* (२०७५) सङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका सच्चालिस ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा सङ्कलित कवितामा सीमान्तीकृत जाति, समुदाय तथा लैङ्गिक विभेदका साथै सामाजिकसांस्कृतिक विभेदका विरुद्ध प्रतिरोधी आवाज पनि व्यक्त गरिएको छ। यस अध्ययनमा उक्त सङ्ग्रहबाट 'सच्याऊ यो इतिहास' कविता छनोट गरी उक्त कवितामा प्रस्तुत सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'सच्याऊ यो इतिहास' पितृसत्तात्मक सामाजिक संरचनाबाट सीमान्तीकृत नारीको प्रतिनिधित्व गरिएको कविता हो । यस कवितामा छोरीको जन्मलाई बहिष्कार गर्ने पितृसत्ताको सामाजिक इतिहासलाई चुनौती दिइएको छ । यस कवितामा पितृसत्ताले मूलधारको प्रतिनिधित्व गरेको छ भने जन्मबाटै बहिष्कारमा पर्ने नारी जातिले सीमान्तीकृत समुदायको प्रतिनिधित्व गरेको छ । संसार चलाउने सृष्टि, कसैले मेटाउन नसक्ने सत्य, संसार निर्माणको जगका रूपमा रहेका नारीको जन्मलाई नै अभिशाप मान्ने पितृसत्ताको विभेदकारी व्यवहारप्रति कवितामा कडा प्रतिरोध गरिएको छ । नारीबिना पुरुषको अस्तित्व नै समाप्त हुने र संसारको सृष्टि नै रोकिने यथार्थलाई बिर्सिएर ज्यादती गर्ने पितृसत्ताका घृणित व्यवहारमाथि कवितामा व्यङ्ग्य गरिएको छ । तसर्थ दमक र दमितका सम्बन्धको पितृसत्तात्मक प्रणालीमा नारीलाई यहाँ दमित पात्रका रूपमा उपस्थित गराइएको हुनाले यस कवितामा सीमान्तीकृत नारीको प्रतिनिधित्व गरिएको छ । छोरी भनेर गर्भमै हत्या गर्ने पितृसत्ताको उत्पीडनकारी चरित्रको खुलासा कवितामा यसरी गरिएको छ :

तिम्रा प्रत्येक कुकर्मको प्रमाण हो मैले बाँचेको जीवन
इतिहासमा साक्षी छ गान्धारी
सबुत छ इतिहासमा सतिप्रथा
सबुत हो सीताको वनबास
सबुत हो योगमायाको जलसमाधि
सबुत हो प्रत्येक स्वास्नीमान्छेको दर्दनाक जीवन
सबुत हो प्रत्येक बलात्कृत छोरी र आमा
सबुत हो बोक्सी करार गरिएको वर्तमान ।

(पृ. ४२)

सृष्टिको आदि कालदेखि संसारको अस्तित्व जोगाउन सफल नारीलाई कमजोर र आफूलाई शक्तिशाली ठान्ने, इतिहासदेखि नै नारीमाथि अनेकौं प्रकारका उत्पीडन गर्ने र सृष्टिका संरक्षणकर्ता नारीलाई मान्छे नगन्ने विभेदकारी इतिहासको निर्माणकर्ता पितृसत्तालाई त्यस्तो इतिहास सच्याउने चेतावनी कवितामा दिइएको छ । मानव सभ्यताको इतिहासदेखि नै विविध रूपबाट नारीमाथि शोषण र दमन गर्ने विभेदकारी पितृसत्ताको उत्पीडनबाट उत्पीडित नारीमा जागृत हुने विद्रोहको चेतनालाई कवितामा व्यक्त गरिएको छ । सतीप्रथाका नाममा पितृसत्ताबाट नारीमाथि गरिएका उत्पीडनका साथै पौराणिक पात्र सीताको वनवासले पनि पितृसत्ताको प्रभुत्वका कारण नारीहरू सीमान्तीकृत भएका हुन् भन्ने कुराको पुष्टि पनि माथिको कवितांशबाट भएको छ । यसका साथै नेपालको इतिहासमा जातिगत छुवाछुत र विधवाप्रति गरिने उत्पीडनकारी व्यवहारको विरोध गर्ने योगमायाजस्ता नारीहरूले जलसमाधि लिनुपरेको ऐतिहासिक यथार्थ घटनाबाट पनि नारीमाथिको उत्पीडन प्रस्ट भएको कुरा कवितामा उल्लेख गरिएको छ ।

नेपाली समाजका नारीहरूको पीडादायी जीवन, बलात्कारको सिकार भएका नारीहरूको अवस्था र बोक्सीको आरोपमा सास्ती भोगिरहेका नारीजीवनका कुरूप यथार्थको चित्रण कवितामा गरिएको छ । विगत लामो इतिहासदेखि नै अनेकौं प्रकारका उत्पीडन सहँदै आएका ऐतिहासिक, सामाजिक तथा पौराणिक नारीहरू गान्धारी, योगमाया, सीतालगायत कयौं बलात्कृत नारीहरू र बोक्सीको आरोप लगाइएका नारीहरूको सन्दर्भबाट कवितामा पितृसत्ताबाट उत्पीडित महिलाको सीमान्तीय पहिचान स्पष्ट भएको छ । अतः पितृसत्ताको उत्पीडनबाट उत्पीडित ऐतिहासिक

सामाजिक तथा पौराणिक  नारीहरूको जीवनावस्थाबाट परम्परादेखि नै नारीहरूलाई सीमान्तीय पहिचान दिइएको र त्यस्तो सीमान्तीय पहिचान अस्वीकार्य रहेको अन्तर्य पनि कवितामा प्रकट भएको छ ।

## २.२४ 'कम्लरी' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'कम्लरी' शीला योगीको नारीविषयक कविता हो । यो कविता उनको *सपनाका मेघमाला* (२०७५) सङ्ग्रहमा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका बाइस ओटा कविताहरू सङ्कलित छन् । उक्त सङ्ग्रहमा सङ्कलित कविताहरूमा जातीय, वर्गीय तथा लैङ्गिक विभेद गर्ने उत्पीडनकारी शक्तिको विरोध गरी त्यसबाट मुक्तिको चाहना पनि व्यक्त गरिएको छ । यस सङ्ग्रहका विविध विषययुक्त कवितामध्ये 'कम्लरी' शीर्षकको कविता लैङ्गिक सीमान्तीयताका दृष्टिले अध्ययनीय रहेको छ । तसर्थ उक्त कवितालाई छनोट गरी उक्त कवितामा प्रस्तुत गरिएको महिलाको सीमान्त प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

'कम्लरी' निम्नवर्गीय महिलाको प्रतिनिधित्व गरिएको कविता हो । यस कवितामा वर्णित कम्लरी मालिककहाँ कामदारका रूपमा बस्न बाध्य नेपाली समाजका निम्नवर्गीय नारीहरूकी प्रतिनिधि पात्र हो । उसका माध्यमबाट कवितामा नेपाली समाजका वर्गीय, जातीय एवम् लैङ्गिक दृष्टिले उत्पीडित नारी जीवनका कुरूप यथार्थको प्रतिबिम्बन गरिएको छ । यस कवितामा सीमान्तीकृत नारीको प्रतिनिधित्व मार्मिक रूपमा गरिएको छ । भौगोलिक दृष्टिले यस कविताकी कम्लरीले पश्चिम नेपालको भौगोलिक प्रतिनिधित्व गरेकी छ । ऊ पितृसत्तात्मक संरचना भएको नेपाली समाजकी दमित नारी हो । पितृसत्तात्मक नेपाली समाजको खोक्रो आडम्बरका कारण ऊ सीमान्तीकृत भएकी छ ।  यहाँ पश्चिम नेपालमा कम्लरीका नाममा उच्च वर्गका साहुहरूले निम्नवर्गीय थारूका छोरीलाई घरेलु कामदारका रूपमा सस्तोमा किन्ने खराब संस्कारको यथार्थ चित्रण गरिएको छ । आफ्ना घरमा भाँडाकुटी खेल्न नपाउँदै साहुका घरमा घरेलु कामदारका रूपमा आफ्नै बाबुबाट वर्षको रु पाँचहजारमा बेचिएकी कम्लरी पितृसत्ताबाट उत्पीडित नारी हो । उसले समाजबाट मात्र होइन, आफ्नै घरबाट उत्पीडन भोग्नुपरेको छ । उसले आफ्ना रहरहरूलाई साहुका घरको कसिङ्गरसँगै बढारेकी छे । उसको शक्तिहीनतालाई कवितामा यसरी व्यक्त गरिएको छ :

मेरो सुख र आनन्द
साहेब साहेबनीको सन्तुष्टि र सम्मानमा पो रहेछ
मेरा बैँसका रहरहरू
कहिले लुगा धुँदाधुँदै हराउँथे
कहिले कुचो लाउँदा लाउँदै
कसिँगर र धुलोसँगसँगै बढारिन्थे
त्यसैले त म कम्लरी रहेछु
मेरो जिम्मेबारी घर सफा राख्ने
पाहुनालाई खानेकुरा पुऱ्याउने
अनि जुठा भाँडा माझ्ने थियो
मेरो मूल्य पुराना जडौरी
र वर्षको एक जोर नयाँ लुगा थियो
म वर्षको पाँच हजारमा बिक्री भएछु ।

(पृ. १०)

प्रस्तुत कवितांशमा निम्नवर्गीय नारीजीवनका कुरूपताको यथार्थ प्रतिबिम्बन गरिएको छ । वर्गीय समाजमा निम्नवर्गीय परिवारका नारीहरूको श्रमशक्तिमाथि पितृसत्तात्मक नियन्त्रण रहेको कुरालाई स्पष्ट पार्दै आफ्नै बाबुद्वारा साहुका घरमा कम्लरीका रूपमा बेचिएकी बालिकाको अधिकारविहीन अवस्थाको यथार्थ चित्रण 'कम्लरी' कवितामा गरिएको चर्चा अमृता शर्माले गरेकी छन् (पृ. १५५) । बाल्यकालमै स्वतन्त्र इच्छाहरू खोसेर साहुकहाँ घरेलु कामदार बन्न बाध्य पारिएकी सीमान्तीकृत कम्लरीको शक्तिहीनता कवितामा स्पष्ट देखिएको छ । उत्पीडनकारी पितृसत्ताका पक्षधर साहेबसाहेबनीका खुसीका लागि आफ्ना सम्पूर्ण खुसी गुमाउन बाध्य भएकी कम्लरीका जीवनको मार्मिकतालाई कवितामा व्यक्त गरिएको छ । सानैदेखि उसलाई साहुको घर सफा गर्ने, भाँडा माझ्ने पाहुनालाई खाना पुऱ्याउने जस्ता जिम्मेबारी दिइएको हुनाले कवितामा उसको सीमान्तीय पहिचान स्पष्ट भएको छ । ऊ वर्षको एक जोर नयाँ लुगा अनि केही जडौरी र वर्षको पाँच हजारमा थाहै नपाई बेचिएर सीमान्तीकृत बनेकी छे । त्यसैले पितृसत्ताबाट उसको वस्तुकरण गरिएको हुनाले कवितामा उसको सीमान्तीय पहिचान स्पष्ट भएको छ ।

## २.२५ 'आइती' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'आइती' गौरी दाहाल देवकोटाद्वारा रचित नारीविषयक कविता हो । यो कविता उनको तेस्रो कवितासङ्ग्रह *प्रतिरोध* (२०७७) मा सङ्गृहीत छ । यस सङ्ग्रहमा उनका बाउन्न ओटा कविताहरू सङ्कलित छन् । विषयगत विविधता भएको प्रस्तुत सङ्ग्रहका कवितामा राष्ट्रिय स्वाधीनता, श्रमजीवी वर्ग, महिला तथा सम्पूर्ण उत्पीडित समुदायको मुक्तिको अभिव्यक्तिका साथै उत्पीडनविरुद्ध प्रतिरोधी स्वर पनि व्यक्त गरिएको छ। यस सङ्ग्रहबाट 'आइती' कवितालाई छनोट गरी उक्त कवितामा प्रयुक्त सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

'आइती' महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचान प्रस्तुत गरिएको कविता हो । यस कविताकी आइती उत्पीडित महिलाकी प्रतिनिधि पात्र हो । ऊ जन्मनेबित्तिकैदेखि उत्पीडित छे । आइतबारका दिन धर्तीमा पाइला टेकेकी हुनाले आइती नामकरण गरिएकी उसले थाहा पाउँदा ऊ गोठाल्नी भएकी छ । उसका हातमा सिम्कना र काँधमा खसी र बोकाको जिम्मेबारी दिइएको छ । सानैदेखि गोठाल्नीको जिम्मा पाएकी आइतीले आफ्नै घरबाट उत्पीडन भोगेकी छ । उसले आफ्नै घरबाट भोगेको उत्पीडनलाई कवितामा यसरी व्यक्त गरिएको छ :

सम्झना छ राम्रोसँग  
झन्डै आफूजत्रै भाइ लड्दा  
भाइ रुँदा  
बाको सिम्कना खाएको  
सोधेनन् कहिल्यै बाले  
भाइ किन लड्यो ?  
तँ थाकिस् ?  
वा भोकाएर गलिस् कि ?  
तेरो आँखा किन रातो ?  
बस् छानोमा सिउरिएर  
सुरक्षित राख्थे सिम्कना  
सब चुपचाप सहिरहेँ  
(पृ. ८८)

प्रस्तुत कवितांशमा विभेदकारी पितृसत्ताको पक्षपातपूर्ण व्यवहारबाट पीडित आइतीको सीमान्तीय पहिचानलाई मार्मिक रूपमा व्यक्त गरिएको छ । पितृसत्ताले दिएको पहिचानमा हुर्किएकी र आफ्नो छुट्टै पहिचान नभएकी आइतीले छोरी भएका कारण आफ्नै बुबाबाट विनाकारण सजाय भोग्नुपरेको छ । आफूसमानको भाइलाई आइतीले बोक्नुपर्ने, ऊ भोकाएको वा थाकेको नसोधिने तर भाइ लड्दा उल्टै आइतीले पिटाइ खानुपर्ने जस्ता उत्पीडन उसले चुपचाप सहँदै आएकी छ । आफ्नो घरबाट नै उत्पीडित आइती घरका सबै काम सकेर तुइन पार गरी विद्यालय पुग्दा त्यहाँ पनि उसले उत्पीडन भोग्नुपरेको छ । घरमा आफ्नो क्षमताभन्दा बढी जिम्मेबारी बहन गर्नुपरेर वा उज्यालोको अभावमा गृहकार्य नगर्दा शिक्षकबाट पनि सिम्कना खानुपर्ने आइतीका जीवनको यथार्थ हो । तसर्थ घरभित्र आफ्नै बुबाबाट र विद्यालयमा शिक्षकबाट उत्पीडनमा परेकी आइती नेपाली समाजका सीमान्त महिलाहरूकी प्रतिनिधि पात्र हो । यहाँ आइतीमाथि गरिएको उत्पीडनका माध्यमबाट उत्पीडनकारी पितृसत्ताको भेदभावजन्य व्यवहारका कारण महिलाहरू सीमान्तमा पुगेका हुन् भन्ने प्रस्ट भएको छ । यसबाट आइतीका जीवनको यथार्थलाई नबुझी ऊमाथि सिम्कना प्रहार गर्ने पितृसत्ताका विभेदकारी व्यवहारको पर्दाफास भएको छ । अतः परिवार तथा समाजबाट समेत उत्पीडित आइती चेपाङजस्ता नारीहरूमा मानसिक रूपमा आफूहरू पीडित भएको बोध हुन थालेपछि उनीहरू नवीन पहिचानको निर्माणमा सङ्घर्षरत छन् भन्ने कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

### २.२६ 'चुल्ठो' कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचान

'चुल्ठो' कल्पना चिलुवालद्वारा रचना गरिएको नारीविषयक कविता हो । यो उनको *चुल्ठो* (२०७७) कवितासङ्ग्रहको शीर्ष कविता हो । यस सङ्ग्रहमा उनका पचपन्न ओटा कविताहरू समाविष्ट छन् । यस सङ्ग्रहका कवितामा महिला, दलित, श्रमजीवी वर्गजस्ता उत्पीडित समुदायले भोगिरहेका पीडाको अभिव्यक्तिका साथै त्यस्ता समुदायको प्रतिरोधी विचार पनि व्यक्त गरिएको छ । समसामयिक समाजका भोगाइका क्रममा अनुभूत गरेका दलन र उत्पीडनका विरुद्ध विद्रोहको आवाज व्यक्त गर्दै समाजपरिवर्तनको उद्घोष गर्नु पनि यस सङ्ग्रहका कविताको महत्त्वपूर्ण पक्ष हो । यस सङ्ग्रहबाट 'चुल्ठो' कवितालाई छनोट गरी उक्त कवितामा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

'चुल्ठो' महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई व्यक्त गरिएको कविता हो । यस कवितामा मानव सभ्यताले बाटिदिएको र रीतिरिवाजले कोरिदिएको नारीको पहिचान बोकेको चुल्ठोले महिलाको सीमान्तीय पहिचानलाई प्रस्ट पारेको छ । यस कवितामा चुल्ठोलाई सीमान्त महिलाको प्रतीकका रूपमा प्रयोग गरिएको छ । पितृसत्ताबाट आफ्नो स्वार्थअनुकूल कहिले युद्धमा होम्न काली बनाइएको, कहिले लक्ष्मी तथा सरस्वती बनाएर सजाइएको अनि कहिले घरभित्र दासी बनाइएको चुल्ठोले महिलाको परम्परादेखिको सीमान्तीय पहिचानलाई प्रस्ट पारेको छ । आधुनिकताले नछोएको पुरातन चुल्ठोलाई उत्पीडनकारी पितृसत्ताबाट आफूअनुकूल प्रयोग गर्दै महिलामाथि गरिएको उत्पीडनलाई कवितामा यसरी व्यक्त गरिएको छ :

कहिले
बादल र झरनाको उपमा दिएर
प्रेमीले प्रशंसा गरेको चुल्ठो
कहिले
बोक्सीको झाँक्रोमा
रूपान्तरित गरेर दुत्कारिएको चुल्ठो

(पृ. १८)

उत्पीडनकारी पितृसत्ताले आफ्नो स्वार्थअनुसार महिलामाथि गर्ने फरक फरक व्यवहारको अभिव्यक्ति प्रस्तुत कवितांशमा गरिएको छ । यहाँ त्यही चुल्ठोलाई कहिले बादल र झरनाको उपमाबाट प्रशंसा गरिएको त कहिले बोक्सीको झाँक्रो उपमा दिएर घृणा गरिएको सन्दर्भका माध्यमबाट विभेदकारी पितृसत्ताकै स्वार्थपूर्ण व्यवहारका कारण महिलाहरूलाई सीमान्तीकृत बनाइएको कुरा स्पष्ट भएको छ । तसर्थ महिलालाई सीमान्तमा पुऱ्याएर उत्पीडन गर्ने पितृसत्ताप्रति कवितामा शालीन व्यङ्ग्य पनि गरिएको छ । पितृसत्ताबाट महिलाहरू परम्परादेखि नै कसरी अस्तित्वहीन बनाइएका छन् भन्ने कुरालाई कवितामा यसरी व्यक्त गरिएको छ :

एउटा पुरानो शैलीको
चुल्ठो छ मसँग
आफैँले कोर्न नपाएको
आफैँले सम्याउन नपाएको

सदियौँदेखि अरूले बाटिदिएको
कुसंस्कारको कुवामा पखाल्दा-पखाल्दा
मैलिएर लट्टिएको
आफ्नै शिरलाई भारी-भारी लाग्ने

(पृ. १९)

परम्परादेखि नै महिलाहरूले आफ्नो स्वतन्त्र अस्तित्व पाएका छैनन् । उनीहरूका इच्छाहरू खोसिएका हुनाले उनीहरूले पितृसत्ताको आदेशअनुसार चल्नुपरेको छ । त्यसैले लामो समयदेखि महिलाहरू पितृसत्ताबाट पीडित छन् भन्ने विषयलाई प्रस्तुत कवितांशमा जोडदार रूपमा उठाइएको छ । सदियौँदेखि पितृसत्ताका खराब संस्कारबाट पीडित महिलाहरूले आफ्नो छुट्टै किसिमको पहिचान खोज्न थालेको अभिव्यक्ति पनि कवितामा गरिएको छ । महिलाको स्वतन्त्रतामा हस्तक्षेप गर्ने, महिलामाथि शासन गर्ने र घरकी दासीको सीमित घेरामा महिलालाई बाँधेर राख्ने उत्पीडनकारी पितृसत्ताको उत्पीडनको बोध गरी उत्पीडित महिलाहरू नवीन पहिचान निर्माणमा प्रयासरत रहेको कुरा कवितामा व्यक्त गरिएको छ ।

## २.२७ निष्कर्ष

गणतन्त्रोत्तर नेपाली कवितामा महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । यहाँ महिला भएकै कारण 'मेरी आमा' कविताकी आमा, 'सत्यदेवी बोल्छिन्' कविताकी सत्यदेवी, 'लक्ष्मिनिया तिम्रो लोटा खै ?' कविताकी लक्ष्मिनिया, 'आइती' कविताकी आइती, बादीविषयक कविताका बादी महिलाहरू, 'सच्याऊ यो इतिहास', 'मलाई जन्माइदेऊ' कवितामा वर्णित गर्भबाटै बहिष्कृत छोरीहरू र 'कम्लरी' कविताकी कम्लरी उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित छन् । उनीहरूलाई पितृसत्ताबाट जस्तासुकै उत्पीडन पनि सहन बाध्य पारिएको छ । सत्यदेवीलाई बोक्सीको आरोपमा बिस्टा खुवाइनु, लक्ष्मिनियालाई लोटा नलिई पाइखाना जान बाध्य पार्नु, आइतीले आफूले केही गल्ती नगर्दा पनि सधैँ सिम्कनाको प्रहार खानु र कम्लरी साहुका घरमा बेचिनुले उनीहरूको सीमान्तीयता वा शक्तिहीनतालाई स्पष्ट पारेको छ । पितृसत्ताका उत्पीडन सहन बाध्य भएका कारण उनीहरू शक्तिहीन छन् । त्यसैगरी 'बादी विज्ञप्ति', 'उमा बदिनी', 'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर' तथा 'कुमारी आमा र सपनाहरू' बादीविषयक कवितामा वर्णित बादी महिलाहरू पितृसत्ताको उत्पीडनबाट तेहरो शोषणमा परेका

हुनाले उनीहरू शक्तिहीन भएका छन् । उत्पीडनकारी पितृसत्ताबाट शारीरिक शोषण गरी उनीहरूलाई सीमान्तीकृत गरिएको हुनाले कवितामा उनीहरूको सीमान्तीय प्रतिनिधित्व र पहिचान प्रस्ट भएको छ । त्यसैगरी 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' कवितामा वर्णित वेश्या र उसकी आमा, 'च्याम्पकी युवती' कविताकी युवतीजस्ता महिलाहरू पनि पितृसत्ताको उत्पीडनबाट उत्पीडित छन् । पितृसत्ताबाट बजारको पुतलीजस्तो वस्तुकरण गरी उनीहरूलाई वेश्यावृत्ति गर्ने महिलाको पहिचान दिँदा पनि उनीहरू स्विकार्न बाध्य छन् । त्यसैगरी 'सच्याऊ यो इतिहास' र 'मलाई जन्माइदेऊ' कवितामा छोरीको जन्मलाई बहिष्कार गरी भ्रूणहत्या गर्ने छोरावादी जब्बर पितृसत्तात्मक संस्कृतिका कारण नारीहरूलाई शक्तिहीन बनाइएकाले उनीहरू सीमान्तीकृत भएको कुरा पुष्टि गरिएको छ ।

पुँजीवादी सामन्ती पितृसत्ताका कारण 'डम्बरीको देश' कविताकी डम्बरी समाजका साथै राष्ट्रबाटै बेचिन बाध्य भएकी उत्पीडित नारी हो । त्यसैगरी पितृसत्तात्मक सामाजिक संरचनाबाट नारीलाई पहिचानविहीन बनाइएको सन्दर्भलाई 'आमा तिम्रो नाम के हो ?' कवितामा पुष्टि गरिएको छ । त्यसैगरी 'माया बिकको चोलो' कविताकी माया वर्गीय, जातीय तथा लैङ्गिक गरी तेहरो शोषणमा परेकी सीमान्तीकृत नारी हो । उक्त कवितामा जातव्यवस्थामा आधारित समाजबाट बलात्कृत कथित अछुत नारीको सीमान्तीय प्रतिनिधित्व र उसको विद्रुप पहिचानलाई प्रस्तुत गरिएको छ । त्यसैगरी 'तथागत मलाई उत्खनन गर' कविताकी कथयिता सुजाता र 'योगमायाको काँचो वायु' कविताकी योगमायाले ऐतिहासिक सन्दर्भबाट सीमान्तीकृत नारीको प्रतिनिधित्व गरेका छन् ।

गणतन्त्रोत्तर नेपाली कवितामा पितृसत्ताबाट उत्पीडित नारीमा सीमान्तीय पहिचानको बोध भएपछि उनीहरूले नवीन पहिचान निर्माणको प्रयास गरेको सन्दर्भलाई पनि व्यक्त गरिएको छ । 'सत्यदेवी बोल्छिन्' कविताकी सत्यदेवी, 'के तिमीले मलाई आविष्कार गऱ्यौ ?' कविताकी म पात्र, 'कुमारी आमा र सपनाहरू' कविताकी डिक्रा बदिनी, 'उमा बदिनी' कविताकी बदिनीजस्ता सीमान्तीकृत नारीहरूले उत्पीडनको बोध गरेपछि उनीहरूले नवीन पहिचान निर्माणका लागि सङ्घर्ष गरिरहेको चेतनाको अभिव्यक्ति पनि उक्त कविताहरूमा गरिएको छ । 'योगमायाको काँचो वायु' कविताकी योगमायाले उत्पीडनमा परेको महसुस गरी सदियौँपछि काँचो वायु बनेर नवीन पहिचानको खोजी गरेको सन्दर्भलाई पनि कवितामा व्यक्त गरिएको छ । त्यसैगरी बुद्धकालीन

इतिहासबाट गर्भमा लुकाइएकी आद्य नारीशक्ति सुजाताको इतिहासलाई उत्खनन गर्नुपर्ने सन्दर्भबाट 'तथागत मलाई उत्खनन गर' कवितामा पितृसत्ताबाट गुमनाम पारिएका नारीका पहिचानको खोजी हुनुपर्ने आशय प्रकट गरिएको छ ।

यसरी गणतन्त्रोत्तर नेपाली कवितामा पितृसत्ताबाट उत्पीडित नारीको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । यस क्रममा सामन्ती, अर्द्धसामन्ती जातव्यवस्थाबाट तेहरो उत्पीडनमा पारिएका कथित अछुत बादी महिलाहरू, पुँजीवादी पितृसत्ताबाट वेश्यावृत्तिमा लाग्न बाध्य पारिएका महिलाहरू, कुमारीमै आमा बन्न विवश महिलाहरू, छोरीलाई गर्भमै हत्या गर्न बाध्य महिलाहरू, बोक्सीको आरोपमा अनेक उत्पीडन सहन विवश महिलाहरू, वेश्याका साथै कम्लरीका रूपमा बेचिन बाध्य भएका महिलाहरूको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई गणतन्त्रोत्तर नेपाली कवितामा व्यक्त गरिएको छ । त्यसैले महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानका दृष्टिले उक्त कविताहरू सशक्त बनेका छन् ।

## तेस्रो परिच्छेद

# गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोध

### ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेद गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधको विश्लेषणमा केन्द्रित रहेको छ। यस परिच्छेदमा सीमान्तीकृत महिलाको आवाज र प्रतिरोधसम्बन्धी सैद्धान्तिक मान्यताको परिचय दिनुका साथै गणतन्त्रोत्तर नेपाली कवितामा व्यक्त सीमान्त महिलाहरूको आवाज र प्रतिरोधको अवस्था कस्तो रहेको छ भन्ने सन्दर्भको विश्लेषण गरिएको छ।

मानवसमाज इतिहासदेखि नै प्रभुत्वशाली र सीमान्तीकृत वर्गमा विभक्त छ। समाजमा प्रभुत्वशाली वर्गमा पितृसत्ता रहेको छ। पितृसत्ताले सदियौँदेखि महिलालाई सीमान्तीकृत गर्दै आएको छ। साहित्यमा समाजको प्रतिबिम्बन हुने हुनाले परम्परादेखि नै पितृसत्ताबाट महिलाहरू सीमान्तीकृत छन् भन्ने विषयलाई गणतन्त्रोत्तर नेपाली कवितामा व्यक्त गरिएको पाइन्छ। सीमान्तीयताको सूक्ष्म अध्ययन र विश्लेषण गरी यसलाई प्रभावकारी बनाउन उक्त समयका कवितामा सीमान्तीकृत महिलाहरूमा जागृत भएको प्रतिरोध चेतनाको विश्लेषण गर्नु आवश्यक देखिन्छ। तसर्थ यस परिच्छेदमा सोद्देश्य नमुना छनोटमा परेका 'देह प्रतिरोध', 'धारिला मानिसहरू', 'मेरी आमा', 'एउटी वादी आइमाईका पेटिकोटका टुक्राहरू च्यातिएर', 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग', 'हेडसर वसन्ती संवाद', 'डम्बरीको देश', 'लक्ष्मिनिया तिम्रो लोटा खै ?', 'कुमारी आमा र सपनाहरू', 'माया बिकको चोलो', 'आमा तिम्रो नाम के हो ?', 'वादी विज्ञप्ति', 'उमा बदिनी', 'मलाई जन्माइदेऊ', 'तथागत मलाई उत्खनन् गर', 'के तिमीले मलाई आविष्कार गऱ्यौ ?', 'जुनकिरी', 'योगमायाको काँचो वायु', 'ओक्कल दोक्कल पिपल पात', 'सच्याऊ यो इतिहास', 'कम्लरी', 'आइती' र 'चुल्ठो' गरी जम्मा बाइसओटा कविताहरूमा सीमान्त महिलाको आवाज र प्रतिरोधको विश्लेषण क्रमशः गरिएको छ। विश्लेषणका क्रममा कवितामा प्रभुत्वशाली पितृसत्ताले सीमान्तीकृत महिलामाथि गरेको शोषण र उत्पीडनलाई उत्पीडित महिलाहरूले कुन रूपमा लिएका छन् भन्ने खोजी पनि गरिएको छ। उत्पीडित महिलाहरू उक्त उत्पीडनका विरुद्ध खुलेर नलागी मौन छन् कि विद्रोहको आवाजका माध्यमबाट आफैँ प्रतिकारमा उत्रिएका छन्

अथवा जैविक बुद्धिजीवीका माध्यमबाट विद्रोहको आवाज व्यक्त गरिएको छ भन्ने खोजी यस परिच्छेदमा गरिएको छ ।

### ३.२ सीमान्तीकृत महिलाको आवाज र प्रतिरोधको अवधारणा

युगौँयुगदेखि प्रभुत्वशाली सत्ताको उत्पीडनको सिकार बन्दै आएका सीमान्तीकृत महिलाहरूले कसरी प्रभुत्वको विरोध गरेका छन् भन्ने खोजी यस अध्ययनमा गरिएको छ। त्यसका लागि गायत्री चक्रवर्ती स्पिभाकको मान्यतामा पुग्नु सान्दर्भिक हुन्छ। स्पिभाकले *क्यान सबाल्टर्न स्पिक*? नामक लेखमा सबाल्टर्नको आवाजबारे स्पष्ट धारणा राखेकी छन्। स्पिभाकले सीमान्तीकृत समुदायले आफ्ना लागि आफैँ बोल्न सक्दैनन् तसर्थ बौद्धिक वर्गले तिनका लागि बोलिदिनुपर्छ भन्ने कुरा अघि सारेकी छिन् (सन् १९८८, पृ. २७२) । सीमान्तीकृतहरू आफूमाथि भएको अन्यायका विरुद्ध बोले पनि उनीहरूको आवाज मसिनो हुने भएकाले आफैँ दबिन्छ वा अरूले नसुनून् भनेर प्रभुत्वशाली समुदायबाट दबाइन्छ (शर्मा, २०७०, पृ. ३१८) । कुनै पनि कृतिमा प्रभुत्वशाली संरचना र तिनको व्यवहारप्रति तिनै दबाइएका समुदायबाट असहमति जनाइएको छ भने त्यो नै सीमान्तीकृतको आवाज हुन्छ । त्यस्तो असहमति पितृसत्ताका दमनका कारण कतै मौन हुन्छ भने कतै वाचाल पनि हुन सक्छ ।

प्रतिरोधले सामान्य अर्थमा कुनै किसिमको आक्रमण रोक्ने कामलाई सङ्केत गर्छ। यसले कुनै काम, गतिविधि वा क्रियाकलापप्रति प्रतिक्रिया जनाउने अर्थसमेत दिन्छ । सांस्कृतिक अध्ययनको सन्दर्भमा प्रतिरोध भनेको सांस्कृतिक शक्तिको प्राप्ति र रक्षाका लागि गरिने प्रयत्न हो। यसको सिर्जना अधीनस्थ सामाजिक घटनापरिघटनाबाट हुन्छ। सांस्कृतिक अध्ययनअन्तर्गत प्रभुत्वशाली शक्ति भएको दमनकारी जाति, वर्ग, लिङ्ग, समूह, समुदायले अधीनस्थ दमित जाति, वर्ग, लिङ्ग, समूह र समुदायमाथि विभिन्न किसिमको अन्याय अत्याचार, उत्पीडन र दमन गर्छ। त्यस्तो अवस्थामा दमित पक्षले दमनकारी शक्तिको विरुद्धमा आवाज बुलन्द गर्छ वा विद्रोह गर्छ । सांस्कृतिक अध्ययनका प्रसङ्गमा प्रभुत्वशाली दमनकर्ताका विरुद्ध अधीनस्थ दमितहरूको सशक्त प्रतिक्रिया वा विद्रोह नै प्रतिरोध हो (अधिकारी, २०७०, पृ. ५९) । प्रतिरोध खासगरी शक्तिको प्राप्ति र शक्तिको वर्चस्व कायम राख्ने सन्दर्भमा हुन्छ। सांस्कृतिक अध्ययनअन्तर्गतको एउटा महत्त्वपूर्ण पक्ष प्रतिरोधको मुख्य चासो शक्ति र अधीनस्थ पिँढीसँग सम्बन्धित छ। मिसेल फुकोले शक्ति सम्बन्धमा जोड दिँदै शक्तिको अभ्यास र त्यसको प्रतिरोध एउटै प्रक्रियामा सँगसँगै

सञ्चालित हुन्छ भनेका छन् । उनले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई एउटै प्रक्रियाका दुई भागका रूपमा हेरिनुपर्छ भनेका छन् । जुन ठाउँमा जुन व्यक्ति, जाति, वर्ग, लिङ्ग, समूह र समुदायमाथि प्रभुत्वशाली दमक संस्कृतिले शोषण, दमन, अत्याचार र उत्पीडन गर्छ, त्यहाँ प्रस्ट रूपमा प्रतिरोध चेतना देखापर्छ । उनका विचारमा शक्ति केन्द्रबाट परिधितिर मात्र प्रसारित नभई तलबाट माथितिर अनि ठाडोबाट तेर्सोतिर पनि प्रसारित भइरहेको हुन्छ (पाण्डेय, २०७३ पृ. १७५) । सांस्कृतिक अध्ययनका प्रणेता रेमन्ड विलियम्सले प्रभुत्वशाली, अवशेष र उदीयमान वा भवितामुखी गरी तीनवटा पिँढीगत संस्कृतिहरूबारे चर्चा गरेका छन् । उनले समाजमा शासन र विचारको हैकम चलाउने शक्तिलाई प्रभुत्वशालीको संज्ञा दिएका छन् । शासन, सत्ता र समाजमा प्रभुत्वशाली संस्कृतिकै वर्चस्व कायम रहन्छ । संस्कृतिको यस्तो पिँढी वा तह शासकको रूपमा रहन्छ । बाँकी अरू दुई ओटा अवशेष र भवितामुखी संस्कृतिमाथि यो प्रभुत्वशाली संस्कृतिकै वर्चस्व कायम हुन्छ । समाजमा दवदवा कायम गरेर बसेको प्रभुत्वशाली संस्कृतिका विरुद्ध नयाँ सांस्कृतिक चरित्रको विकास हुनु नै सांस्कृतिक प्रतिरोधको स्थिति हो । विलियम्सले आफ्नो संस्कृतिको यस्तो स्वरूप प्रभुत्वशाली संस्कृतिको अधीनस्थ हुने र निर्णायक नभएर निरीहतुल्य हुने बताएका छन् । शासन र विचारमा यस्तो संस्कृतिको हैकम हुँदैन । उनले प्रभुत्वशाली संस्कृतिको विपरीत प्रतिक्रिया जनाउँदै वा प्रतिरोध गर्दै निर्माण हुने संस्कृतिलाई उदीयमान वा भवितामुखी संस्कृति भनेका छन् (उद्धृत : पाण्डेय, २०७७, अनलाइन कक्षा स्लाइड) । उनी संस्कृतिको यही पिँढीमा समाजका वर्ग वा समूहको भविष्य देख्छन् । विलियम्सले संस्कृतिको यस स्वरूपलाई प्रभुत्वशाली संस्कृतिका विरुद्धको वैकल्पिक संस्कृतिको रूपमा अर्थ्याएका छन् । वैकल्पिक संस्कृतिबाटै प्रतिरोधको स्थिति जन्मने हुनाले विलियम्सले उक्त वैकल्पिक समुदायलाई संस्कृतिको उत्पादक समूह भनेको कुरा पाण्डेयले उल्लेख गरेका छन् (२०७३, पृ. ३५) । सांस्कृतिक अध्ययनअन्तर्गत कुनै पनि समाजको प्रभुत्वशाली संस्कृतिमाथि कुनै समूह, वर्ग, लेखक, चिन्तकहरूले जब प्रश्न गर्छन्, त्यहीँबाट प्रतिरोध सुरु हुन्छ (सुवेदी, २०६८, पृ. १३०) । प्रतिरोधको विशिष्टता शासकीय परम्परित मूल्यमान्यतामा युवा संस्कृतिको आधारभूत प्रतिरक्षात्मक प्रतिक्रियाको स्वरूपमा भएको पाइन्छ । प्रतिरोध पुँजीवादी विस्तारको प्रतिक्रियाका रूपमा उद्‌भव भएको मान्यता पनि हो । शासक वर्गको विरुद्धमा विशिष्ट ढङ्गले उभिएको चेतना नै प्रतिरोध हो । समाजमा मानक रूपमा मानिँदै आएको मूलधारका विपरीत अर्को सीमान्तीकृत वर्गको

संस्कृति हुन्छ । सीमान्तीकृत वर्गले त्यही संस्कृतिलाई कसरी सिर्जनात्मक ढङ्गले मोडेर प्रतिरोधात्मक संस्कृतिको रचना गर्न सकिन्छ भन्ने काम गर्छ (सुवेदी, २०६८, पृ. १३१) । विलियम्सको यस अवधारणाबाट के पुष्टि हुन्छ भने प्रतिरोधले केवल विरोध मात्र गर्दैन, यसले समाजको सिङ्गो परम्परागत चिन्तन र विचारधारालाई बदलेर नवीन चिन्तन र मान्यताको स्थापना गर्ने प्रयास पनि गर्छ ।

प्रतिरोध भनेको आत्मरक्षा पनि हो । यो सीमान्तीकृत समुदायले गर्छ । जहाँ प्रभुत्वशाली समुदायबाट शोषण र दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ । समाजमा शक्तिशाली वर्गले आफ्नो वर्चस्व कायम राख्न सीमान्तीकृतमाथि दमन गर्न थाल्छ र सीमान्तीकृत समूहले उक्त दमनविरुद्ध गर्ने प्रतिकार नै प्रतिरोध हो । मूलधारको संस्कृतिका विरुद्ध परिधीय संस्कृतिले व्यक्त गर्ने विद्रोहको चेतनालाई प्रतिरोध भनिन्छ । अर्को तरिकाले भन्नुपर्दा गैरकानुनी, अमानवीय, अनैतिक र विभेदकारी शक्तिका विरुद्धमा जागरुक भएर उठ्ने चेतना नै प्रतिरोध चेतना हो (कोइराला, २०७०, पृ. ३५) । समाजमा प्रभुत्वशाली समुदायले अधीनस्थ समुदायलाई प्रत्यक्ष वा परोक्ष रूपमा दमन गरी सीमान्तीकृत बनाएको हुन्छ । उक्त सीमान्तीकृत समुदायले प्रभुत्वशाली समुदायको व्यवहारप्रति असन्तुष्टि जनाएर भौतिक वा अभौतिक रूपमा प्रतिकार गर्न थाल्छ । तसर्थ प्रतिरोध विमर्शात्मक निर्मिति भएकाले यसमा मिचेल फुकोको शक्तिसम्बन्धी अवधारणालाई उल्लेख गर्नु पनि सान्दर्भिक हुन्छ । फुकोले ज्ञान, शक्ति र विमर्शको व्याख्याका सन्दर्भमा प्रतिरोधबारे विभिन्न धारणाहरू राखेका छन् । यसै क्रममा उनले शक्तिको अभ्यासबाटै प्रतिरोध चेतनाको विकास हुने बताएका छन् । उनका अनुसार जहाँ शक्तिको अभ्यास देखापर्छ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र प्रतिरोधलाई एउटै प्रक्रियाका दुई भागका रूपमा हेर्नुपर्छ (उप्रेती, २०६८, पृ. ४१) । समुदायका हरेक क्षेत्रमा हुने शक्तिका अभ्यासहरूले अधीनस्थ समुदायको सिर्जना गर्दछ । उक्त अधीनस्थ समुदाय शक्तिशाली समुदायका विरुद्धमा उत्रन बाध्य हुन्छ ।

कुनै पनि समुदाय आफू शक्तिशाली बन्नका लागि अर्को समुदायमाथि उत्पीडन र दमन गर्न थाल्छ । उक्त शक्तिशाली समुदायले विचारधाराका माध्यमबाट प्रभुत्व निर्माण गर्छ । आल्थुसरले पनि दमनकारी शक्ति राज्यबाट परिचालित हुने हुँदा व्यक्ति थिचोमिचोमा पर्ने धारणा राखेका छन् (श्रेष्ठ, २०६८, पृ. ४०) । उक्त शक्तिशाली समुदायले परिधीय संस्कृतिमाथि प्रत्यक्ष रूपमा आफ्नो

प्रभाव कायम गर्न खोज्छ अथवा ग्राम्सीले भने झैँ प्रभुत्वका माध्यमबाट दमन गर्न खोज्छ । त्यसमा राज्यको दमनकारी संयन्त्र जति नै शक्तिशाली भए तापनि विद्रोहको सम्भावना चाहिँ रहिरहन्छ । समाजको ऐतिहासिक परिप्रेक्ष्यमा हेर्दा कुनै पनि व्यक्ति वा समुदाय सधैँ अर्को समुदायको प्रभुत्व सहिरहन सक्दैन । त्यसैले उसले क्रियात्मक वा मौन कुनै न कुनै रूपमा प्रतिकार गर्न थाल्छ त्यसैलाई प्रतिरोध भनिन्छ ।

सांस्कृतिक अध्ययनमा स्टुआर्ट हलले प्रतिरोधलाई सार्वभौम नियम नमानेर आफैँमा परिभाषित भइरहने भन्दै यो मान्छेले व्यक्त गरेका गतिविधिद्वारा निर्मित हुने र विशेष स्थान, समय र सामाजिक सम्बन्धहरूमा विशिष्ट अर्थका रूपमा रहने धारणा राखेका छन् । हलले रीतिरिवाज र परम्पराबाट हुने प्रतिरोधलाई समेत महत्त्व दिएका छन् ।  अर्थापनका प्रक्रियाबाट प्रभुत्वशाली, वार्तामुखी र प्रतिरोधी गरेर तीन किसिमको अर्थको उत्पादन र ग्रहण हुन्छ भन्ने हलको मान्यतालाई कृष्ण गौतमले उल्लेख गरेका छन् । प्रमुख अथवा प्रभुत्वशाली अर्थको उत्पादन प्रभुत्वशाली विचारधाराद्वारा निर्देशित हुन्छ भने वार्तामुखी वा द्विगामी अर्थको उत्पादनमा आधा सहमति र आधा असहमति हुन्छ । त्यसैगरी प्रतिरोधी अर्थको उत्पादन विद्रोही किसिमको हुन्छ (गौतम, २०७५, पृ. १००) । प्रभुत्वशाली अर्थलाई स्वीकार गर्नेले सहर्ष त्यसलाई ग्रहण गर्छन् भने वार्तामुखी अर्थ उत्पादन गर्नेले उक्त प्रभुत्वशाली अर्थमा प्रश्न उठाएर केही सहमति र केही असहमति जनाउँदै त्यस अर्थलाई स्वीकार गर्छन् । त्यसैगरी प्रतिरोधी अर्थको उत्पादन गर्नेले विद्रोही भएर प्रभुत्वशाली अर्थलाई तोडेर नयाँ अर्थलाई स्थापित गर्छन् । तसर्थ हलका अनुसार सीमान्तीकृत समुदायले मूलधारको संस्कृतिलाई कसरी सिर्जनात्मक ढङ्गले मोडेर प्रतिरोधात्मक संस्कृतिको रचना गर्न सकिन्छ भन्ने खोजी गर्छ (सुवेदी, २०६८, पृ. १३१) ।

समाज शक्तिद्वारा निर्देशित हुने हुनाले साहित्य पनि शक्तिको प्रभावभन्दा बाहिर हुँदैन । मिचेल फुकोका विचारमा शक्ति राज्य संयन्त्र वा केन्द्रमा मात्र केन्द्रित नभएर समाजका विभिन्न सङ्घसंस्था र व्यक्ति अनि ससाना एकाइहरू वा परिधिमा पनि केन्द्रित भएको हुन्छ । यो केन्द्रबाट परिधितिर मात्र होइन परिधिबाट केन्द्रतिर पनि फर्किएको हुन्छ । यो नियन्त्रणकारी मात्र नभएर उत्पादनशील पनि हुन्छ (पाण्डेय, २०७३, पृ. ७४) । समाजमा प्रभुत्वशाली समुदायले सामाजिक-सांस्कृतिक सङ्घ-संस्था, परम्परा, संस्कृति आदि क्षेत्रमा जताततै छरिएर रहेको शक्तिलाई उपयोग गर्दै सीमान्तीकृत समुदायमाथि शासन गर्छन् । सीमान्तीकृतहरू पनि भित्रभित्रै आफ्नो शक्ति विस्तार

गरिरहेका हुन्छन् । त्यसैले साहित्यमा प्रस्तुत भएको शक्तिसम्बन्ध असन्तुलित प्रकारको हुन्छ । त्यही असन्तुलित शक्तिसम्बन्धमा सीमान्तीकृत वर्ग, जाति, लिङ्ग आदिले प्रभुत्वशाली शक्तिमा रहेका वर्ग, जाति लिङ्गका क्रियाकलापप्रति असहमति जनाउँदै उनीहरूलाई विस्थापित गरी आफू शक्तिमा आउन गरिएको प्रयास नै प्रतिरोध हो (गुरुङ, २०७०, पृ. १०७) । यसमा सीमान्तीकृत वर्गले आफ्नो अस्तित्वका लागि केकस्तो सङ्घर्ष गरेको छ र सङ्घर्षमा सफलता वा असफलता के प्राप्त भएको छ भन्ने पनि अध्ययन गरिन्छ । जहाँ प्रभुत्वशाली समुदायबाट अन्याय, शोषण, दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ । दुई शक्तिको द्वन्द्वमा प्रतिरोधपछि नै नयाँ शक्तिले जन्म लिन्छ ।

अतः सामाजिक, आर्थिक, प्रशासनिक आदि विविध क्षेत्रमा देखिएका असमानता, दमन र उत्पीडनका विरुद्ध सीमान्त समुदायले गर्ने विरोधको चेतना नै प्रतिरोध हो । प्रस्तुत अध्ययनमा प्रतिरोधअन्तर्गत गणतन्त्रोत्तर नेपाली कवितामा समाजको प्रभुत्वशाली पितृसत्ताले सीमान्तीकृत महिलालाई कस्तो पहिचान दिएका छन् र सीमान्तीकृत समुदायमा उक्त पहिचानप्रति प्रतिरोधको अवस्था कस्तो छ र उनीहरू आफ्नो नवीन पहिचानको निर्माणका लागि प्रयासरत छन् कि छैनन्, उनीहरू आफैँ बोलेका छन् कि जैविक बुद्धिजीवीले उनीहरूका आवाजको प्रतिनिधित्व गरिदिएका छन् भन्ने प्रश्नहरूका आधारमा यहाँ कविताको विश्लेषण गरिएको छ ।

### ३.३ 'देह प्रतिरोध' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'देह प्रतिरोध' कवितामा जातीय, वर्गीय तथा लैङ्गिक उत्पीडनमा परेका बादी महिलाको सीमान्तीय प्रतिनिधित्व गरिएको छ। यस कवितामा उत्पीडनकारी पितृसत्ताका विरुद्ध बादी महिलाले गर्ने विद्रोहलाई ग्राम्चीको जैविक बुद्धिजीवीका माध्यमबाट प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । पितृसत्ताबाट उत्पीडित नारीमा जागृत हुने प्रतिरोध चेतनाका दृष्टिले प्रस्तुत कविता महत्त्वपूर्ण रहेको छ ।

'देह प्रतिरोध' कवितामा अर्द्धनग्न शरीर देखाएर विद्रोहमा उत्रिएका नारीको उपस्थितिबाट नारी उत्पीडनका विद्रुप अवस्थाको चित्रण गरिएको छ । कविताको शीर्षकमा नै शरीरबाट विद्रोह भन्ने अर्थ रहेको हुनाले प्रस्तुत कवितामा वर्षौंवर्षदेखि पितृसत्ताको उत्पीडन सहँदै आएका बादी महिलामा आफूमाथि पितृसत्ताले उत्पीडन गरेको महसुस भएपछि उनीहरूमा उत्पन्न हुने प्रतिकारको चेतनालाई जैविक बुद्धिजीवीका माध्यमबाट कवितामा व्यक्त गरिएको छ । राज्यस्तरबाट

महिलाहरूलाई बेवास्ता गर्नु र बादी महिलाहरूको उपेक्षा हुनुलाई सिंहदरबारको निर्वस्त्रताको संज्ञा दिइएको र जबसम्म निर्वस्त्र सिंहदरबारले वस्त्र धारण गर्दैन, तबसम्म अर्द्धनग्न देहप्रतिरोध चलिरहने दाबी कवितामा गरिएको उल्लेख गर्दै बादी महिलाहरूबाट गरिएको प्रतिरोधको उक्त शैली नयाँ किसिमको रहेको विचार ताराकान्त पाण्डेयले व्यक्त गरेका छन् (२०७४, पृ. ३६) । त्यसरी अर्द्धनग्नताका माध्यमबाट विद्रोह गरिरहेका बादी महिलाहरू कुनै दिन पूरै नग्नतालाई विद्रोहको अन्तिम अस्त्र बनाएर सडकमा निस्कने सन्दर्भलाई कवितामा यसरी प्रतिबिम्बन गरिएको छ :

सायद
उनीहरू निर्वस्त्र हुनेछन् कुनै दिन
ट्राफिक जाम हुनेछ सडकमा
फोहोर उठाएझैँ उठाइनेछ उनीहरूलाई
सफा गरिनेछ सडक
बचाउन प्रयत्न गरिनेछ
इज्जत नभएको देशको इज्जत
तर रोकिने छैन यो
चल्नेछ निर्वस्त्र हुने सिलसिला
जबसम्म निर्वस्त्र सिंहदरबारले
गर्नेछैन वस्त्रधारण
बुझ्नेछैन उनीहरूको देहभाषा
उनीहरू मात्र होइन
निर्वस्त्र हुनेछन् अरू पनि
सुरु हुनेछ असाधारण सिलसिला

(पृ. २०)

प्रस्तुत कवितामा सदियौँदेखि पितृसत्ताबाट उत्पीडन भोग्दै आएका बादी महिलाबाट नवीन पहिचानको प्राप्तिका लागि चालिने कदमलाई उद्घोष गरिएको छ । अर्द्धनग्न भएर विद्रोहमा उत्रिएका बादी महिलाहरू नाङ्गो सिंहदरबारका अगाडि ट्राफिक जाम हुने गरी निर्वस्त्र सडकमा उत्रिने र इज्जत नै नभएको पितृसत्ताले आफ्नो हैकम देखाएर इज्जत बचाउनका लागि उत्पीडित महिलाहरूलाई सडकको फोहोर उठाएझैँ गरी सडकबाट हटाउने भविष्यवाणी पनि कवितामा

गरिएको छ । यसबाट उत्पीडनकारी पितृसत्ता र उत्पीडित महिलाका बिचको शक्तिसङ्घर्षको घोषणा कवितामा स्पष्ट भएको छ । उत्पीडनकारी पितृसत्ताको पक्षधर सिंहदरबारले आफ्नो नाङ्गो शरीरमा वस्त्र धारण नगरेसम्म, उत्पीडित बादी महिलालाई शारीरिक उत्पीडनबाट मुक्त गरेर स्वतन्त्रता नदिएसम्म उत्पीडनविरुद्धको मौन प्रतिरोध नरोकिने र उक्त प्रतिरोधका लागि बादी महिला मात्र होइन अन्य उत्पीडित महिलाहरू पनि सडकमा उत्रिने चेतावनी पनि कवितामा दिइएको छ । कविताको सुरुमा नारीहरूलाई भोगको साधन बनाएर शारीरिक शोषण गर्ने र उनीहरूको स्वतन्त्रताको हनन गर्ने वर्चस्वशाली पितृसत्ताका विरुद्ध बादी महिलाले नग्नतालाई हतियार बनाएर प्रतिकार गर्ने चुनौतीपूर्ण विचार पनि कवितामा व्यक्त गरिएको छ । तसर्थ जैविक बुद्धिजीवीका रूपमा उपस्थित भएका कवि गिरीले प्रस्तुत कवितामा उत्पीडित बादी महिलाले गरेको विद्रोहलाई तृतीय पुरुष 'उनीहरू' सर्वनामका माध्यमबाट प्रभावकारी ढङ्गमा व्यक्त गरेका छन् ।

सीमान्तीकृतहरू आफैँ बोल्न नसक्ने हुनाले उनीहरूका लागि अरूले बोलिदिनुपर्छ भन्ने गायत्री चक्रवर्ती स्पिभाकको धारणालाई ध्यान दिँदा प्रस्तुत कवितामा सीमान्तीकृतहरूको आवाजलाई लेखकले बोलिदिएका छन् । तसर्थ उक्त कवितामा लेखक नै सीमान्तीकृतको आवाज बोल्ने ग्राम्सीका शब्दमा जैविक बुद्धिजीवी भएर उपस्थित भएका छन् । यसरी हेर्दा कवितामा जैविक बुद्धिजीवीका माध्यमबाट उत्पीडित महिलाको प्रतिरोधी आवाजलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ ।

### ३.४ 'सत्यदेवी बोल्छिन्' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'सत्यदेवी बोल्छिन्' कवितामा नारीको सीमान्तीय प्रतिनिधित्व र तिनको विद्रुप पहिचानलाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनाबाट बोक्सीको आरोप लगाएर मानिसको बिस्टा खान बाध्य पारिएकी सत्यदेवीको सन्दर्भले उसको शक्तिहीनता वा सीमान्तीयतालाई चिनाएको छ । सत्यदेवीजस्ता सीमान्तीकृत नारीहरूले आफूहरूमाथि पितृसत्ताबाट गरिएको उत्पीडनको बोध भएपछि उनीहरूमा जागृत हुने प्रतिरोधी चेतनालाई कवितामा व्यक्त गरिएको हुनाले प्रतिरोध चेतनाका दृष्टिले प्रस्तुत कविता महत्त्वपूर्ण रहेको छ । त्यसैले यस अध्ययनमा उक्त कवितामा व्यक्त महिलामुक्तिको चेतना र प्रतिरोधलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत कवितामा नारीलाई बिस्टा खुवाएर अपमानित गर्ने र आफ्नो प्रभुत्व देखाउने पितृसत्ताका घृणित व्यवहारलाई पर्दाफास गरिएको छ । ज्ञान नै शक्तिको स्रोत हो भन्ने उत्तर संरचनावादी फुकोको मान्यताअनुसार प्रस्तुत कविताकी उत्पीडित नारी सत्यदेवीको अध्ययन गर्दा वास्तवमा उसमा त्यही ज्ञानले अलिअलि शक्ति प्राप्त भएको छ। उत्पीडनकारी पितृसत्ताले आफूलाई बिस्टा खुवाएर अपमानित गरेको महसुस भएपछि सत्यदेवीमा उत्पीडनकारी पितृसत्ताप्रति विद्रोहको चेतना जागृत भएको छ। त्यही विद्रोहको चेतनालाई कवितामा यसरी व्यक्त गरिएको छ :

के तिमी कल्पना गर्न सक्छौ ?
कसरी खाँदै छु म
मानिसको विष्टा ?
त्यसको स्वाद कस्तो हुन्छ
के तिमी सोध्ने हिम्मत गर्छौ मलाई ?

(पृ. ८)

प्रस्तुत साक्ष्यमा उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित नारीमा उत्पन्न भएको विद्रोहको आवाजलाई प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट व्यक्त गरिएको छ। उत्पीडनकारी पितृसत्तात्मक संस्कृतिले महिलालाई अपमान गरी बोक्सीको आरोपमा मानिसको बिस्टा खुवाएको र उक्त अपमानको विरुद्धमा उत्पीडित नारीबाट गरिएको प्रतिकारलाई 'के' प्रश्नका माध्यमबाट आवेगात्मक रूपमा कवितामा व्यक्त गरिएको छ। यस कवितामा उत्पीडनकारी पितृसत्तालाई 'तिमी' र उत्पीडित नारीलाई 'म' सर्वनामबाट चिनाइएको छ । त्यही 'म' सर्वनामका माध्यमबाट उत्पीडित नारीको प्रतिनिधित्व गरी तिनको विद्रुप पहिचान दिइएको सन्दर्भप्रति सशक्त प्रतिरोध व्यक्त गरिएको छ । 'तिमी' सर्वनामबाट सम्बोधित उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित नारीले त्यस्तो घृणित वस्तु (मानिसको बिस्टा) कसरी खाँदै छन् र त्यसको स्वाद कस्तो हुन्छ भन्ने बारेमा पितृसत्ताले कल्पना नै गर्न नसक्ने चुनौती पनि कवितामा दिइएको छ। आफूले चाहिँ खाएको कल्पना नै गर्न नसक्ने त्यस्तो घृणित वस्तु खुवाएर महिलामाथि उत्पीडन गर्ने पितृसत्ताको उत्पीडनकारी प्रवृत्तिप्रति कवितामा तीव्र आक्रोश प्रकट गरिएको छ । नारी स्वतन्त्रता, नारी अधिकार तथा समन्यायका आवाजहरू उठिरहेको उत्तरआधुनिक समयमा महिलालाई बोक्सीको आरोपमा बिस्टा खुवाउने उत्पीडनकारी पितृसत्ताप्रति प्रश्न गर्नु नै उत्पीडित महिलामा जागृत भएको प्रतिरोधी चेतना हो ।

उत्पीडित महिलामा जागृत भएको उक्त प्रतिरोधी चेतनालाई कवितामा प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट सशक्त ढङ्गमा व्यक्त गरिएको छ ।

## ३.५ 'मेरी आमा' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'मेरी आमा' लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध विद्रोहको चेतना व्यक्त गरिएको कविता हो । यस कवितामा आफ्नै घरभित्र असुरक्षित बनेकी आमाका माध्यमबाट नारीको सीमान्तीय प्रतिनिधित्व गरी तिनको सीमान्तीय पहिचानलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । आफ्नै पतिबाट अनेकौं शारीरिक तथा मानसिक उत्पीडन खप्न विवश आमाले समाजबाट पनि अनेकौं उत्पीडन सहनुपरेको छ । यहाँ त्यही उत्पीडनकारी पतिबाट दुत्कारिएकी आमालाई समाजले पनि बौलाही, समाजकी कलङ्क भन्ने विद्रुप पहिचान दिँदासमेत मौन बसेकी आमाको मौनतालाई भङ्ग गर्दै छोराका तर्फबाट गरिएको विद्रोहलाई कवितामा यसरी व्यक्त गरिएको छ :

म
मेरी आमाको
विक्षत सारी सम्हाल्न नभ्याएर
चिच्याउँछु
मेरी आमा बौलाही होइन
पगली होइन
द्रौपदी होइन
यो युगकी आइमाई हो आइमाई

(पृ. ६१)

उत्पीडनकारी पितृसत्ताले महिलामाथि गरेको अमानवीय व्यवहार र महिलालाई दिएको सीमान्तीय पहिचानविरुद्ध प्रस्तुत कवितांशमा विद्रोहको स्वर प्रकट गरिएको छ । यहाँ सीमान्तीकृत महिलामाथि उत्पीडनकारी पितृसत्ताले गरेको उत्पीडनका विरुद्ध छोराका तर्फबाट विद्रोह गरिएको छ । आमालाई समाजले दिएको बौलाही, पगली, द्रौपदी, समाजकी कलङ्किनीजस्ता पहिचान गलत भएको दाबी गर्दै आमाको पहिचान यस युगकी सचेत आइमाईका रूपमा रहेको कुरालाई कवितामा जोडदार रूपमा उठाइएको छ । उत्पीडनकारी पितृसत्ताका पक्षधर बाबुले आमाप्रति गरेको

उत्पीडनको प्रत्यक्षदर्शी बनेका जैविक बुद्धिजीवीका तर्फबाट गरिएको प्रतिरोधलाई कवितामा यसरी व्यक्त गरिएको छ :

बरमकोट फुकाल्न बिर्सेको
दारीवाल
ठस्ठसी गन्हाउने
गुडगुडे हुक्काको एउटा असभ्य कारिन्दा
र दाँतमा सोह्र सय आमाका कपालहरू
म उसको हत्या गर्छु ।
हत्या गर्छु ! !
हत्या गर्छु ! ! !

(पृ. ६१)

पितृसत्तात्मक सामाजिक संरचनाले महिला र पुरुषमा फरक फरक मान्यताहरू स्थापित गरेर पुरुषलाई मालिक, स्वामी र शक्तिशाली अनि महिलालाई सेवक, दासी र डरपोकको दर्जा दिएको छ । त्यसैले महिलाहरू आफूविरुद्ध जस्तोसुकै उत्पीडन गरिए पनि खुलेर प्रतिकार गर्न सक्दैनन् । तसर्थ पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष फोहोरी र कुलती भए पनि उसका खराब बानीलाई सामान्य रूपमा लिने तर महिला जतिसुकै असल र सभ्य भए पनि उसले अनेकौं लाञ्छना खप्नुपर्ने नेपाली समाजको यथार्थको प्रतिबिम्बन कवितामा गरिएको छ। प्रस्तुत कवितामा पितृसत्ताका पक्षधर बाबुले आमामाथि गरेका उत्पीडनजन्य व्यवहारको प्रत्यक्षदर्शी छोराका तर्फबाट आमाप्रतिको सहानुभूतिपूर्ण विद्रोही स्वर उद्घोष गरिएको छ । आमामाथि उत्पीडन गर्ने उत्पीडनकारी पितृसत्ताको हत्या गरेर उत्पीडित आमालाई नवीन पहिचान दिँदै स्वतन्त्र तुल्याउने प्रतिरोधी चेतनालाई कवितामा जैविक बुद्धिजीवीका माध्यमबाट सशक्त ढङ्गमा व्यक्त गरिएको छ ।

## ३.६ 'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर' महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको उत्कृष्ट कविता हो । यस कवितामा पश्चिम नेपालका बादी

महिलाहरूको सीमान्तीय प्रतिनिधित्व र उत्पीडनकारी पितृसत्ताबाट महिलालाई दिइएको सीमान्तीय पहिचानलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ । उक्त कविता सीमान्तीकृत महिलाको प्रतिरोधका दृष्टिले अध्ययनीय रहेको हुनाले यस अध्ययनमा उक्त कवितामा व्यक्त सीमान्तीकृत नारीमा उत्पन्न भएको मुक्तिको चेतना र प्रतिरोधको विश्लेषण गरिएको छ ।

जहाँ सत्ता हुन्छ, त्यहाँ सङ्घर्ष हुन्छ र जहाँ सङ्घर्ष हुन्छ, त्यहाँ प्रतिरोध पनि हुने निश्चित छ । त्यस्तो प्रतिरोध कतै सामान्य त कतै कडा रूपमा अनि कहीँ भौतिक त कहीँ अभौतिक रूपमा पनि हुन सक्छ । प्रस्तुत कवितामा उत्पीडनकारी पितृसत्ताका पक्षधर सिंहदरबार, सांसद र त्यहाँका पहरेदार सिपाहीबाट उत्पीडित महिलामाथि गरिएको दुर्व्यवहारका माध्यमबाट पितृसत्ताको कुरूप यथार्थको प्रतिबिम्बन गरिएको छ । आफूमाथि शारीरिक शोषण गर्ने उत्पीडनकारी पितृसत्ताका विरुद्धमा अर्द्धनग्न भएर विद्रोहमा उत्रिएका बादी महिलाको पेटीकोटसमेत च्यातिदिएर महिलामाथि ज्यादती गर्ने पितृसत्ताको महिलाप्रतिको संवेदनहीनतालाई कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ । तसर्थ पितृसत्ताको अमानवीय व्यवहारका कारण बादी महिलालाई पितृसत्ताबाट दिइएको सीमान्तीकृत पहिचानको बोध भएपछि उनीहरूमा नवीन पहिचानको चेतना जागृत भएको र उक्त नवीन पहिचान निर्माणमा उनीहरू प्रयासरत रहेको विचारको उद्‌बोधन कवितामा यसरी गरिएको छ :

यतिखेर फेरि
एक हुल बादी आइमाईका अर्धनग्न स्तनहरू
मेरा आँखाहरू अघि आएर उभिएका छन्
र यो मुलुकका लागि
आफूले गर्भाधान गर्न पाउनुपर्ने
मागहरू गरिरहेका छन्

(पृ. ६०)

प्रस्तुत साक्ष्यमा उत्पीडित बादी महिलाले उत्पीडनकारी पितृसत्ताका विरुद्धमा गरेको विद्रोहलाई जोडदार रूपमा व्यक्त गरिएको छ । एकदुई जनाको आवाजलाई उत्पीडनकारी पितृसत्ताले बेवास्ता गरेपछि उनीहरू सामूहिक रूपमा उपस्थित भएर आमा बन्न पाउने महिलाको अधिकार माग्ने सन्दर्भलाई कवितामा सशक्त ढङ्गमा प्रस्तुत गरिएको छ । उत्पीडनकारी पितृसत्ताले बादी

महिलालाई भोगको साधन बनाएर शारीरिक शोषण गरेको र उनीहरूलाई गर्भाधान गर्न नदिएर आमा बन्ने अधिकारबाट वञ्चित गरेपछि उत्पीडित महिलाहरू सामूहिक रूपमा आफ्ना मागहरू लिएर सङ्घर्षमा उत्रिएको सन्दर्भलाई कवितामा प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । यसरी पितृसत्ताबाट उत्पीडित बादी महिलाहरूले सामूहिक रूपमा उपस्थित भएर गरेको भौतिक प्रतिरोधको अभिव्यक्ति जोडदार रूपमा व्यक्त गरिएको हुनाले सीमान्त महिलाको प्रतिरोधी चेतनाका दृष्टिले कविता प्रभावकारी बनेको छ ।

## ३.७ 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' कवितामा वेश्यावृत्ति गरेर जीवनयापन गर्ने महिलाको सीमान्तीय प्रतिनिधित्व र तिनको विद्रुप पहिचानलाई प्रस्तुत गरिएको छ । यहाँ पितृसत्ताको उत्पीडनबाट उत्पीडित महिलामा आफू उत्पीडनमा परेको महसुस भएपछि उनबाट गरिएको विद्रोहलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । प्रस्तुत कविता सीमान्तीकृत महिलामा उत्पन्न भएको मुक्तिको चेतना र प्रतिरोधका दृष्टिले महत्त्वपूर्ण रहेको हुनाले यस अध्ययनमा उक्त महिलाको प्रतिरोधको विश्लेषण गरिएको छ ।

प्रस्तुत कवितामा पुँजीवादी पितृसत्तात्मक समाजव्यवस्थाबाट निम्नवर्गीय नारीलाई उपभोग्य वस्तुका रूपमा किनबेच गरी उनीहरूको मानवीय अस्तित्वमाथि खेलवाड गरिएका सन्दर्भको यथार्थ प्रतिबिम्बन गरिएको चर्चा अमृता शर्माले गरेकी छन् (२०७८, पृ. १६१) । यस कवितामा वेश्याका 'हरिया दाँत' ले महिलाको गरिबीलाई र ग्राहकका 'निला आँखा' ले पुरुषको धूर्त र कपटी स्वभावलाई सङ्केत गरेको छ । यहाँ हरिया दाँत भएकी वेश्याले गरिबीका कारण वेश्यावृत्ति गरेर जीवन धान्ने महिला र निला आँखा भएका ग्राहकले वेश्यावृत्तिमा रमाउने धूर्त पुरुषलाई बुझाएका छन् । यस कवितामा तिनै निला आँखा भएका पुरुषबाट उत्पीडित महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । यहाँ पितृसत्ताका पक्षधर आफ्नै पतिबाट दुई बोतल ठर्रामा बेचिएकी महिलाका सन्दर्भबाट कवितामा उत्पीडनकारी पितृसत्ताका पक्षधर पतिले घरैमा उत्पीडन गरेर सीमान्तीकृत बनाएको कुरा स्पष्ट भएको छ । तसर्थ महिलाहरू समाजमा मात्र होइन घरभित्रै उत्पीडित छन् भन्ने अन्तर्य प्रस्तुत कवितामा प्रकट गरिएको छ । उक्त उत्पीडित महिलाले आफू

उत्पीडनमा परेको महसुस गरी पितृसत्ताले दिएको सीमान्तीय पहिचानप्रति प्रकट गरेको असन्तुष्टिलाई कवितामा यसरी व्यक्त गरिएको छ :

तिम्रो पैसाले किनेको खानेकुरा
खाइरहेकी हुन्छु जब
तर्साउँछन् मलाई तिम्रा निला आँखा र
बाउको प्रेतले
र मेरा हरिया दाँत
हरेक कुरा चपाउन थाल्छन् क्रोधले

(पृ. ६७)

गरिबीको चपेटामा पिल्सिएर वेश्यावृत्ति गर्न बाध्य भएकी महिलाको सीमान्तीय उपस्थितिका माध्यमबाट पितृसत्तात्मक नेपाली समाजको विद्रुप यथार्थलाई प्रस्तुत कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ। यहाँ जैविक बुद्धिजीवीका रूपमा उपस्थित कविले स्वयम् सीमान्तीकृत महिलाका प्रवक्ता बनेर प्रतिरोधी चेतना व्यक्त गरेका छन् । देहव्यापारबाट आर्जन गरेर खानेकुरा खाइरहँदा निला आँखा भएका उत्पीडनकारी पितृसत्ताका पक्षधर ग्राहकका साथै आमामाथि उत्पीडन गर्ने आफ्नै बाबुको भूतले त्रसित हुनुपरेको सन्दर्भका माध्यमबाट महिलाहरू सबभन्दा सुरक्षित स्थान आफ्नै घर र सबभन्दा नजिकको व्यक्ति आफ्नै पतिबाट उत्पीडित छन् भन्ने प्रस्ट भएको छ । यहाँ सीमान्तीय महिलाले पितृसत्ताको उत्पीडनविरुद्ध खुलेरै प्रतिरोध गर्न नसकेर क्रोधले भित्रभित्रै तड्पिएर दाह्रा किट्न पुगेको यथार्थको प्रतिबिम्बन पनि गरिएको छ । तसर्थ प्रस्तुत कवितामा उत्पीडनकारी पितृसत्ताका विरुद्ध सीमान्तीकृत महिलाको प्रतिरोधजन्य वाचाल आक्रोश सशक्त ढङ्गले प्रकट भएको छ ।

### ३.८ 'हेडसर वसन्ती संवाद' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'हेडसर वसन्ती संवाद' संवादात्मक शैलीमा रचित कविता हो। यस कवितामा पितृसत्ताबाट उत्पीडित महिलाका पीडाको अभिव्यक्तिका साथै तिनमा उत्पन्न विद्रोहको आवाजलाई पनि व्यक्त गरिएको छ । यस कवितामा वर्णित वसन्तीजस्ता नारीलाई पितृसत्ताले महिला भएकै कारण सीमान्तीकृत गरेको यथार्थ अभिव्यक्ति प्रकट गरिएको हुनाले यहाँ महिलाको सीमान्तीय प्रतिनिधित्व

र पहिचानलाई प्रस्तुत गरिएको छ । यहाँ वसन्तीका माध्यमबाट पितृसत्ताका उत्पीडनविरुद्ध उत्पीडित महिलामा जागृत भएको विद्रोहको आवाज र प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ ।

'हेडसर वसन्ती संवाद' कवितामा हेडसरले पितृसत्ताको प्रतिनिधित्व गरेका छन् भने वसन्तीले सीमान्तीकृत महिलाको प्रतिनिधित्व गरेकी छन् । पुरुषसँगै यात्रामा निस्किएका वसन्तीलगायतका महिलालाई पितृसत्ताका पक्षधर हेडसरले चार बजे उठेर पाँच बजे हिँड्ने आदेश दिएपछि वसन्तीका माध्यमबाट कवितामा विद्रोह गरिएको छ । चुल्ठो बाट्नुपर्ने, गहना मिलाउनुपर्ने र सारी लाउनुपर्ने हुनाले हेडसरबाट सबैलाई दिइएको एक घण्टा समयले महिलालाई नपुग्ने प्रतिक्रिया जनाएर कवितामा वाचाल विद्रोह गरिएको छ । यात्रामा निस्किएका सबै सहयात्रीले हेडसरको आदेशलाई स्वीकार गरे पनि सीमान्तीकृत नारीहरूकी प्रतिनिधि वसन्तीबाट कवितामा अस्वीकृति जनाइएको छ । वसन्तीलाई आफूहरू अन्यायमा परेको महसुस भएपछि हेडसरसँग थप समय माग्दै हेडसरको आदेशमाथि दिइएको प्रतिक्रियालाई कवितामा यसरी व्यक्त गरिएको छ :

हेडसरका आँखामा आँखा जुधाउँदै
वसन्तीले भनिन्
सर, हामीलाई चाँडै उठ्न दिनुस् ।

(पृ. ६९)

प्रस्तुत कवितामा वसन्तीले आफूहरूलाई तयार हुन हेडसरबाट छुट्याइएको समयप्रति असन्तुष्टि प्रकट गरेकी छन् । सहयात्रीहरू सबैले हेडसरको आदेश माने पनि वसन्तीले आफूहरूमाथि पर्न गएको अन्यायको बोध भएपछि थप समयको माग गरेकी छन् । आदेशका भरमा सत्ता चलाउने हेडसरका आँखामा आँखा जुधाएर महिलाहरूलाई बिहान चाँडै उठ्न दिनुहोस् भनी वसन्तीबाट हेडसरसँग गरिएको अनुरोधले सीमान्तीकृत महिलामा जागृत भएको विद्रोहको चेतना स्पष्ट भएको छ । वसन्तीजस्ता उत्पीडित पात्रले हेडसरका आँखामा आँखा जुधाएर बोल्ने हिम्मत गर्नु नै सीमान्तीकृत महिलाको प्रतिरोध हो । पितृसत्ताका पक्षधर हेडसरबाट बिहान चार बजे उठेर एक घण्टामा तयार हुने आदेश दिएपछि उक्त एक घण्टाले नपुग्ने कुरा गर्दै महिलाहरूलाई चाँडै उठ्न दिनुहोस् भनी हिम्मतका साथ अनुरोध गरिएको छ । निधार खुम्च्याउँदै राता पारिएका हेडसरका आँखामा आँखा जुधाउँदै आफूहरूलाई थप समयको माग गर्नु नै सीमान्तीकृत महिलाबाट गरिएको

प्रतिरोध हो । अतः प्रस्तुत कवितामा वसन्तीका माध्यमबाट पितृसत्तामाथि आँखामा आँखा जुधाउँदै निडरताका साथ कडा प्रतिरोध गरिएको छ ।

### ३.९ 'डम्बरीको देश' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'डम्बरीको देश' कवितामा राज्यबाटै सीमान्तीकृत महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचान व्यक्त गरिएको छ । वर्गीय तथा लैङ्गिक दृष्टिले सीमान्तीकृत यस कविताकी डम्बरी आफ्नै देशबाट उत्पीडित नारी हो । तसर्थ डम्बरीका माध्यमबाट यहाँ वर्गीय तथा लैङ्गिक दृष्टिले उत्पीडित नारीजीवनका यथार्थको प्रतिबिम्बन गरिएको छ । यस कवितामा पितृसत्ताबाट उत्पीडित नारीको मौनतालाई देखेका जैविक बुद्धिजीवीका माध्यमबाट उक्त मौनतालाई भङ्ग गर्न खोजिएको छ । जैविक बुद्धिजीवीका तर्फबाट मौन प्रतिरोध व्यक्त गरिएको हुनाले उक्त कविता उत्पीडित महिलाको प्रतिरोधी चेतनाका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

शिक्षाको अवसर नपाएका श्रमजीवी महिलाको प्रतिनिधित्व र तिनको मौन पहिचानलाई 'डम्बरीको देश' कवितामा डम्बरीका माध्यमबाट प्रस्तुत गरिएको छ । सामन्तवादी समाजव्यवस्थाले महिलाको गरिबीलाई बजारीकरण गरेर महिलामाथि जतिसुकै उत्पीडन र शोषण गरे पनि उत्पीडित महिलाले केही प्रतिकार नगर्नुले कवितामा उसको मौनता स्पष्ट भएको छ । यहाँ उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित महिलालाई वस्तुकरण गरेर उसको गरिबी र उसका आँसुको पण्यीकरण गरिएको छ । उत्पीडित नारीका गरिबीको व्यापार गर्ने तर उनीहरूलाई पहिचानविहीन र इतिहासविहीन बनाउने पितृसत्ताको महिलाप्रतिको खराब व्यवहारको आलोचना कवितामा गरिएको छ । सम्पूर्ण नागरिकका लागि सबभन्दा सुरक्षित ठाउँ आफ्नो देश हो तर यस कवितामा महिलाहरू आफ्नै देशबाट बेचिन बाध्य छन् भन्ने अन्तर्य कवितामा प्रकट भएको छ । आफ्नै देशबाट सीमान्तीकृत महिलाका जीवनको यथार्थको प्रतिबिम्बन कवितामा यसरी गरिएको छ :

डम्बरी !
तिमीसँग तिम्रो नागरिकता छैन
र तिम्रो देशसँग कुनै संविधान छैन !
तिमीसँग तिम्रो आँसु छैन
र तिम्रो देशसँग कुनै सपना छैन

तिमीसँग तिम्रो इतिहास छैन
र तिम्रो देशसँग कुनै विश्वास छैन

(पृ. ११)

डम्बरीजस्ता महिला आफ्नै देशबाट पहिचानविहीनका साथै अनागरिक बनाइएको सन्दर्भबाट प्रस्तुत कवितांशमा देशको विभेदकारी व्यवहारप्रति आलोचना भाव प्रकट गरिएको छ। महिलाहरूको दुःखपूर्ण जीवनको परिणतिका रूपमा झर्ने आँसुको बिक्री गर्ने देशको महिलाप्रतिको विभेदजन्य व्यवहारको खुलासा कवितामा गरिएको छ। यहाँ डम्बरीजस्ता सीमान्तीकृत महिलाको गरिबी तथा तिनका आँसुहरू बिक्री गर्ने उत्पीडनकारी पितृसत्ताको पक्षधर देशको महिलाप्रतिको गैरजिम्मेबारीमाथि पनि कवितामा व्यङ्ग्य गरिएको छ। महिलाले पनि केही गर्न सक्छन् भन्ने विश्वास नभएको पितृसत्तात्मक देशबाट महिलामाथि गरिएको उत्पीडनका प्रत्यक्षदर्शी जैविक बुद्धिजीवीका माध्यमबाट उत्पीडित महिलाको मौनतालाई भङ्ग गरी प्रतिरोधी चेतना पनि कवितामा प्रकट गरिएको छ। महिलालाई किताब पढ्न नदिने तर तिनै किताबका भारी बोकेर सयौँ माइल हिँडाउने, महिलाको गरिबीलाई सम्बोधन नगर्ने तर त्यही गरिबीको व्यापार गर्ने, आफ्नै देशभित्र महिलालाई अनागरिक बनाउने, महिलालाई पत्रुका भाउमा पण्यीकरण गर्ने एवम् महिलालाई पहिचानविहीन र इतिहासविहीन बनाउने उत्पीडनकारी पितृसत्ताको विभेदजन्य व्यवहारप्रति आलोचनाको भाव यहाँ व्यक्त गरिएको छ। डम्बरीजस्ता सीमान्तीकृत महिलाहरूको असन्तुष्टिलाई जैविक बुद्धिजीवीका माध्यमबाट कवितामा प्रकट गरिएको छ। तसर्थ प्रस्तुत कवितामा उत्पीडित महिला नै उत्पीडनकारी पितृसत्ताका विरुद्धमा नउत्रिए पनि जैविक बुद्धिजीवीका माध्यमबाट उत्पीडित महिलामा अन्तर्निहित विद्रोही चेतलाई अभिव्यक्त गरिएको छ।

### ३.१० 'लक्ष्मिनिया तिम्रो लोटा खै ?' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'लक्ष्मिनिया तिम्रो लोटा खै ?' मधेसी समुदायका महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको उत्कृट कविता हो। यस कवितामा मधेसी समुदायको पितृसत्तात्मक सामाजिक संरचनामा महिलामाथि गरिने खराब व्यवहारको खुलासा गरिएको छ। यहाँ सम्बोधित महिला लक्ष्मिनियाका माध्यमबाट मधेसी समुदायका सीमान्तीकृत महिलाको प्रतिनिधित्व गरी तिनको सीमान्तीय पहिचानलाई प्रस्तुत गरिएको छ। यस कवितामा पितृसत्ताबाट उत्पीडित

महिलामा उत्पीडनको बोध भएपछि उत्पन्न हुने विद्रोही चेतनालाई जैविक बुद्धिजीवीका माध्यमबाट व्यक्त गरिएको छ ।

'लक्ष्मिनिया तिम्रो लोटा खै ?' कवितामा मधेसी समुदायमा महिलालाई एकातिर कुलकी इज्जत, घरकी लक्ष्मी मानेर कुलको इज्जतमा कसैको आँखा नलागोस् भनेर महिलाले घुम्टोले मुख छोप्नुपर्ने संस्कृतिका माध्यमबाट महिलालाई पितृसत्ताले सीमान्तीकृत गरेको स्पष्ट भएको छ भने अर्कातिर मधेसी समुदायका पुरुषहरूले सुर्तीको फाँको मार्दै लक्ष्मिनियाजस्ता नारीलाई दाइजो र तिलकको मोलमोलाइ गर्ने पितृसत्ताको खराब संस्कृतिका कारण पनि महिलाहरू सीमान्तीकृत छन् भन्ने कुरा कवितामा प्रस्ट भएको छ । यसका साथै पितृसत्तात्मक मधेसी समुदायमा कुलको इज्जतमा कसैको आँखा नलागोस् भनेर महिलाले अनुहार छोप्नुपर्ने, भोजभतेरमा जान नहुने, मनका व्यथा पोख्नुपरे पनि कसैले नदेख्ने गरी घुम्टोभित्रै रुनुपर्ने, घरआँगन सफा राखेर कुलको आयु बढाउन छठको व्रत बस्नुपर्ने जस्ता विधि र निषेधका सीमाभित्र महिलालाई मात्र बाँध्ने मधेसी संस्कृतिको महिलाप्रतिको विभेदजन्य व्यवहारमाथि आलोचनात्मक भाव कवितामा प्रकट गरिएको छ । यसका अतिरिक्त मधेसी समुदायको पितृसत्तात्मक संस्कृतिमा महिलालाई पाइखाना जाँदा लोटा लिएर जानसमेत नदिने पितृसत्तात्मक उत्पीडन सहेर बसेका महिलाको मौनताको प्रतिबिम्बन कवितामा गरिएको छ । उत्पीडित महिलामा विद्यमान उक्त मौनतामाथि जैविक बुद्धिजीवीबाट प्रश्न गरिएको छ । अतः मधेसी समुदायको विभेदकारी पितृसत्ताले जे जे गर भन्छ, त्यो गर्ने र जे जे नगर भन्छ, त्यो कहिल्यै नगरी मौन भएर बस्ने लक्ष्मिनियाजस्ता सीमान्तीकृत महिलाले गर्नुपर्ने प्रतिरोध ग्राम्सीका शब्दमा जैविक बुद्धिजीवीका माध्यमबाट कवितामा यसरी गरिएको छ :

> लक्ष्मिनिया !
> तिम्रो पाइखाना जाने लोटा खै ?
> तिमी इज्जत हौ कुलकी
> तिम्रो कुलको इज्जत पाइखाना जाने लोटा खै ?
>
> (पृ. १९)

प्रस्तुत साक्ष्यमा कुलको इज्जत मानिएकी नारीले पाइखाना जाँदा सफा हुनका लागि पानी लिएर जान नहुने खराब संस्कृतिमाथि प्रश्नात्मक वाक्यढाँचामा विद्रोह गरिएको छ । यहाँ पाइखाना जाँदा हातमा लोटा लिएर जान नदिएर पितृसत्तात्मक मधेसी संस्कृतिबाट महिलालाई

वञ्चितीकरणको अवस्थामा पुऱ्याइएको छ । यस कवितामा मधेसी समुदायको खराब संस्कृतिको यथार्थ प्रतिबिम्बन गर्दै त्यस्तो संस्कृतिप्रति आलोचनात्मक दृष्टिकोण पनि प्रकट गरिएको छ। मधेसी समाजको पितृसत्ताले महिलामाथि गर्ने लैङ्गिक विभेद र उत्पीडनको खराब संस्कृतिप्रति प्रस्तुत कवितामा व्यङ्ग्य गरिएको दाबी ताराकान्त पाण्डेयले गरेका छन् (२०७२, पृ. ३४५) । अत: यस कवितामा मधेसी समुदायमा भएको महिला उत्पीडनको पराकाष्ठालाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्दै उक्त उत्पीडनका विरुद्ध उत्पीडित महिलाकी प्रतिनिधि लक्ष्मिनियालाई सम्बोधन गरेर तिम्रो पाइखाना जाने लोटा खै ? भनेर प्रश्न गरिएको छ। तसर्थ प्रस्तुत कवितामा पाइखाना जाँदा लोटा बोक्न पाउनुपर्ने अधिकारप्रति मौन बसेकी उत्पीडित महिलालाई प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट झकझकाउने प्रयास गरिएको छ । यसरी प्रस्तुत कवितामा उत्पीडनकारी पितृसत्ताको उत्पीडनका विरुद्ध जैविक बुद्धिजीवीका माध्यमबाट व्यङ्ग्यात्मक ढङ्गले सशक्त रूपमा प्रतिरोधी चेत प्रकट गरिएको छ ।

### ३.११ 'कुमारी आमा र सपनाहरू' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'कुमारी आमा र सपनाहरू' लैङ्गिक उत्पीडनका विरुद्ध विद्रोही विचार व्यक्त गरिएको उत्कृष्ट कविता हो । यस कवितामा उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित डिक्रा बदिनीको सीमान्तीय प्रतिनिधित्व गराई उसैका माध्यमबाट जातीय, वर्गीय तथा लैङ्गिक दृष्टिले उत्पीडित महिलामा जागृत भएको विद्रोहको आवाज र प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ ।

'कुमारी आमा र सपनाहरू' कवितामा उत्पीडनकारी पितृसत्ताका पक्षधर ठालुहरूबाट उत्पीडित बादी महिलाको शारीरिक शोषण गरिरहँदा उनीहरू अछुत नहुने तर अरूबेला अछुत भनेर उत्पीडन गर्ने पितृसत्ताको स्वार्थी प्रवृत्तिको भन्डाफोर गरिएको छ । पितृसत्ताले गरेको उक्त उत्पीडनको अनुभूति भएपछि उत्पीडित बादी महिलामा जागृत भएको प्रतिरोधी चेतलाई कवितामा यसरी व्यक्त गरिएको छ :

> साहेब !
> के रङ्गाउन सक्छौ र तिमी
> मेरो नभरिँदै पुछिएको सिउँदो ?
> के फर्काउन सक्छौ र तिमी
> मेरो वर्षौं लुटिएको स्वाभिमान ? (पृ. १७)

प्रस्तुत साक्ष्यमा पितृसत्तात्मक संस्कृतिले महिलामाथि गरेको उत्पीडनका विरुद्ध उत्पीडित महिलाबाट गरिएको विद्रोहलाई जोडदार रूपमा व्यक्त गरिएको छ। यहाँ पितृसत्ताका पक्षधर बादी महिलामाथि लैङ्गिक उत्पीडन गर्ने पुरुषलाई 'साहेब !' को सम्बोधन गरी तिनलाई 'तिमी' सर्वनामबाट सामान्य आदर गरिएको छ । यसबाट उत्पीडित महिलामा उत्पीडनकारी पितृसत्ताप्रतिको प्रतिरोधको चरम अवस्था स्पष्ट भएको छ। बादी महिलालाई विवाह गर्न नदिएर वर्षौंवर्षसम्म शारीरिक शोषण गर्ने पितृसत्ताको स्वार्थी चरित्रमाथि प्रस्तुत कवितामा व्यङ्ग्य गरिएको छ। कथित अछुत जातकी यौनकर्मी नारीका शोषित अनुभूतिसँगै त्यस्तो शोषणबाट मुक्त हुने तीव्र चाहनाका साथै स्वाभिमानी चेतनासमेत कवितामा प्रकट भएको छ । यहाँ मालिकको स्वार्थी चरित्रका साम‍ु यौनदासीसमेत बन्न पुगेकी बादी महिलाले भोगेको उत्पीडनप्रतिको आक्रोशलाई जोडदार ढङ्गमा व्यक्त गरिएको कुरा बिन्दु शर्माले पनि दाबी गरेकी छन् (२०७२, पृ. ५०४) । तसर्थ उत्पीडनकारी पितृसत्ताबाट बादी महिलामाथि गरिएको चरम उत्पीडनको पर्दाफास गर्दै प्रस्तुत साक्ष्यमा प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट उत्पीडित महिलामा जागृत भएको प्रतिरोधी चेतलाई सशक्त ढङ्गमा व्यक्त गरिएको छ। यहाँ वर्षौंवर्षदेखि बादी महिलामाथि गरेको उत्पीडन उत्पीडनकारी पितृसत्ताले फिर्ता गर्न नसक्ने चेतावनी पनि दिइएको छ। तसर्थ प्रस्तुत कवितामा उत्पीडित बादी महिलाबाट उत्पीडनकारी सत्ताका पक्षधरलाई 'साहेब !' को सम्बोधन गर्दै 'तिमी' सामान्य आदरको प्रयोग गर्नु नै जब्बर पितृसत्ताका विरुद्ध गरिएको कडा प्रतिरोध हो । यहाँ शक्तिसङ्घर्षबाट बिस्तारै प्रतिरोधी चेतना जागृत हुने मान्यताअनुसार लामो समयसम्म पितृसत्ताको उत्पीडन खपेर बसेका सङ्घर्षरत बादी महिलामा जागृत भएको प्रतिरोधी चेतनालाई प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ।

### ३.१२ 'माया बिकको चोलो' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'माया बिकको चोलो' कवितामा उत्पीडनकारी पितृसत्ताबाट महिलामाथि गरिने लैङ्गिक उत्पीडनका कुरूप यथार्थको चित्रण गरिएको छ। कवितामा वर्णित माया बिक सीमान्तीकृत नारीकी प्रतिनिधि हो । उसैका माध्यमबाट उत्पीडित महिलाको प्रतिनिधित्व र उसको सीमान्तीय पहिचानलाई प्रस्तुत गरिएको छ । यस कवितामा वर्णित माया बिकको अस्तित्वलाई पितृसत्ताले समाप्त पारिसकेको छ। त्यसैले उसले गर्ने प्रतिरोध जैविक बुद्धिजीवीका रूपमा उपस्थित भएका कविबाट गरिएको छ।

'माया बिकको चोलो' कवितामा वर्गीय जातीय तथा लैङ्गिक दृष्टिले सीमान्तीकृत नारीको प्रतिनिधित्व र उसको सीमान्तीय पहिचानलाई प्रस्तुत गरिएको छ । यस कवितामा समाजका सीमान्तीकृत नारीहरूकी प्रतिनिधि माया बिकमाथि गरिएको उत्पीडनका विरुद्ध मौन बसेको समाजप्रति जैविक बुद्धिजीवीका माध्यमबाट प्रतिरोधी चेतना व्यक्त गरिएको छ । प्रस्तुत कवितामा पितृसत्ताबाट उत्पीडित नारीको सीमान्तीय उपस्थिति रहेको छ । यस कवितामा उत्पीडनकारी पितृसत्ताबाट शारीरिक उत्पीडन गरी अस्तित्व समाप्त गरिएकी नारी माया बिकको दयनीय अवस्थाको चित्रण गरी जैविक बुद्धिजीवीका माध्यमबाट पितृसत्ताप्रति सामान्य प्रतिरोध गरिएको छ । पितृसत्ताबाट कथित अछुत जातिकी महिलामाथि लैङ्गिक उत्पीडन गरी बेवारिसे बनाइएको छ । त्यस्ती नारीको अस्तित्वहीन जीवनप्रति सहानुभूति प्रकट गर्दै जैविक बुद्धिजीवीका माध्यमबाट कवितामा यस्तो असन्तुष्टि व्यक्त गरिएको छ :

> अझै, झिकिल्याउने हिम्मत गरेका छैनौँ
> माया बिकको त्यो चोलो
> बारबार हावामा फर्फराइरहेको छ
> झण्डा भइसक्यो कि होइन ?
> अफसोस ! सोचेका पनि छैनौँ कसैले ।
> दाजै,
> अब आरनमा हँसिया अर्जाप्नुपर्ने भो
> घँघरुको झाङमा अल्झिरहेकै छ माया बिकको चोलो ।
>
> (पृ. २३)

प्रस्तुत कवितांशमा माया बिकजस्ता उत्पीडित महिलालाई न्याय दिलाउन नसकेकामा अफसोस प्रकट गरिएको छ । यस कवितामा जातीय, वर्गीय तथा लैङ्गिक दृष्टिले सीमान्तीकृत महिलामाथि पितृसत्ताको उत्पीडनका मुद्दालाई लामो समयसम्म पनि छिनोफानो गर्न नसकेकामा असन्तुष्टि प्रकट गरिएको छ । समाजमा हुने त्यस्ता उत्पीडनलाई समाप्त पार्न विचाररूपी हँसियालाई अर्जापेर धारिलो बनाउनुपर्ने परिवर्तनकामी अभिव्यक्ति पनि कवितामा प्रकट गरिएको छ । त्यस्ता धारिला हतियाररूपी शक्तिशाली विचारका माध्यमबाट समाजमा विद्यमान उत्पीडनलाई अन्त्य गर्न सकिने अन्तर्य पनि कवितामा प्रकट भएको छ । यसरी प्रस्तुत कवितामा सीमान्तीकृत

नारीमा जागृत हुने प्रतिरोधी चेतनालाई जैविक बुद्धिजीवीका माध्यमबाट व्यक्त गरिएको हुनाले प्रतिरोध चेतका दृष्टिले कविता  सशक्त बनेको छ ।

### ३.१३ 'आमा तिम्रो नाम के हो ?' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'आमा तिम्रो नाम के हो ?' कवितामा महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । विभेदकारी पितृसत्ताले महिलालाई पहिचानविहीन बनाएको र महिलाहरूले पुरुषका आडमा मात्र अस्तित्व पाएको विषयप्रति कवितामा आक्रोश प्रकट गरिएको छ । आमाको नामलाई बेवास्ता गरेर बाबुकै नामबाट छोराछोरीलाई चिनाउने, बाबुकै नामबाट छोराछोरीको परिचयपत्र बन्ने, बाबुकै नामबाट छोराछोरीले मताधिकार पाउने र जागिर पाउने यथार्थको प्रतिबिम्बन कवितामा भएबाट पितृसत्तात्मक नेपाली समाजको प्रशासनले समेत महिलामाथि लैङ्गिक विभेद गरेको प्रस्ट भएको छ । पितृसत्तात्मक समाजमा नारीहरू नामहीन बनाइएका र पुरुष नामको वैशाखीले मात्र उनीहरूले नाम र पहिचान पाएको पीडालाई मालीको 'आमा तिम्रो नाम के हो ?' कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको चर्चा ताराकान्त पाण्डेयले गरेका छन् (२०७२, पृ. ३४२) । आमाको नामलाई पर्दापछाडि लुकाएर बाबुको नामलाई मात्र प्रकाशमा ल्याउने पितृसत्ताको विभेदकारी व्यवहारप्रति उक्त कवितामा यसरी आक्रोश प्रकट गरिएको छ :

> म जागिरे भएँ
> बाबुकै नामबाट
> म बेनाम आमाकी छोरी
> भन आमा तिम्रो नाम के हो ?
> कसैबाट सोधनी नगरेको
> कतै उच्चारण गर्न नपरेको, तिम्रो नाम
> सार्वजनिक गर्न चाहन्छु म
> धर्ती भन्ने उपनाम होइन आमा,
> मलाई तिम्रै नाम चाहिन्छ
> भन आमा तिम्रो नाम के हो ?
>
> (पृ. ४९)

प्रस्तुत कवितांशमा मौन बसेकी आमाबाट उत्पीडित महिलाको प्रतिनिधित्व गरिएको छ भने म पात्रका रूपमा उपस्थित भएकी छोरीबाट प्रतिरोधी पुस्ताको प्रतिनिधित्व गरिएको छ । आमाको नामलाई ओझेलमा पारेर बाबुको नामबाट मात्र चिनिन बाध्य पारिएकी छोरीका माध्यमबाट यहाँ विभेदकारी पितृसत्ताप्रति विद्रोह गरिएको छ । पितृसत्तात्मक नेपाली समाजका प्रशासनिक क्षेत्रमा समेत आमाको नामलाई आवश्यक नठान्ने र बाबुकै नामबाट सम्पूर्ण प्रशासनिक कामकाज सम्पन्न हुने र कहीँ कतै कसैबाट पनि आमाको नाम नसोधिने सामाजिक परम्पराप्रति पनि कवितामा असन्तुष्टि प्रकट गरिएको छ । हजुरबुबाले छोरी, मामाले दिदी, बाबाले श्रीमती र छोरीले आमा भनेर सम्बोधन गरिएकी आमाको खास नाम कहीँ कसैबाट पनि उच्चारण नगरिएको विषयप्रति असन्तुष्टि प्रकट गर्दै छोरीका तर्फबाट कवितामा विद्रोह गरिएको छ । यसका साथै धर्तीले जसरी आफूमाथि आइपरेका कष्टलाई धैर्यपूर्वक सहन्छिन्, त्यसरी नै महिलालाई पनि सहनशीलताका सीमामा बाँधेर ‘धर्ती’ उपनाम दिने पितृसत्ताको स्वार्थी चरित्रप्रति पनि कवितामा विद्रोह गरिएको छ । जीवनमा आइपरेका दुःख, कष्टका साथै जस्तासुकै उत्पीडनका विरुद्ध पनि प्रतिकार नगरी महिलाहरू धर्तीजस्तै मौन बसुन् भन्ने उद्देश्यले महिलालाई पितृसत्ताबाट दिइएको ‘धर्ती’ उपनाम अस्वीकार्य रहेको दाबी पनि कवितामा गरिएको छ । यहाँ सम्बोधकका रूपमा प्रतिरोधी विचार व्यक्त गर्न छोरी पात्रको उपस्थिति रहेको छ । कवितामा उपस्थित उक्त छोरीले आफू बाबुका नामबाट मात्र चिनिनुपरेको, आमाको नाम कतै पनि नसोधिएको र बेनाम आमाकी छोरी बन्नुपरेको तथ्यका आधारमा आमालाई पहिचानविहीन बनाउने विभेदकारी पितृसत्ताप्रति असन्तुष्टि प्रकट गरेको विषयलाई कवितामा प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ । विशिष्ट शारीरिक संरचना भएका नारीहरूलाई आफूले नै आविष्कार गरेको ठानेर अधीनमा राखी शासन गर्ने पुरुषलाई त्यस्तो शोषणयुक्त शासन गर्न नदिने उद्घोषका साथै आमाको नामलाई पर्दापछाडि लुकाएर बाबुकै नामलाई मात्र अगाडि ल्याउने विभेदकारी पितृसत्तात्मक समाज, कानुन र परम्पराबाट बेनाम आमाकी छोरी बनाइएकी नारीका माध्यमबाट कवितामा आक्रोश पोखिएको चर्चा बिन्दु शर्माले गरेकी छन् (२०७२, पृ. ४६९) । यी पूर्ववर्ती मूल्याङ्कनले पनि प्रस्तुत कवितामा विभेदकारी पितृसत्ताबाट नारीमाथि गरिएको उत्पीडनको बोध भएपछि कवितामा छोरीका तर्फबाट कडा प्रतिरोध गरिएको कुरालाई स्पष्ट पार्दछन् ।

विभेदकारी पितृसत्ताबाट बेनाम पारिएकी उत्पीडित आमाको नामलाई सार्वजनिक गरेर समाजमा महिलाको अस्तित्व कायम गराउने वचनबद्धता पनि यस कवितामा प्रकट गरिएको छ । अतः आमाको नामलाई बेवास्ता गरेर महिलालाई पहिचानविहीन बनाउने विभेदकारी पितृसत्ताप्रति कडा प्रतिरोध गर्दै आमाको गुमनाम बनाइएको अस्तित्वलाई कायम गराउने चेतावनी पनि यस कवितामा दिइएको छ । आजको उत्तरआधुनिक युगमा पनि नेपाली नारीहरू सामाजिक, सांस्कृतिक एवम् प्रशासनिक क्षेत्रमा समेत पितृसत्ताको दासत्वबाट मुक्त हुन नसकेको र उक्त दासत्वबाट मुक्त हुन महिलाहरू सङ्घर्षरत रहेको यथार्थ प्रतिबिम्बन कवितामा गरिएको छ । तसर्थ पितृसत्तात्मक नेपाली समाजमा महिलाले पति वा पिताका नामबाट चिनिनुपर्ने, सन्तानको नागरिकता प्राप्तिका साथै शैक्षिक प्रयोजनमा पनि बाबुकै नाम आवश्यक हुने नेपालको प्रशासनिक क्षेत्रको विभेदकारी व्यवहारका विरुद्ध कवितामा सशक्त प्रतिरोध गरिएको छ ।

### ३.१४ 'बादी विज्ञप्ति' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'बादी विज्ञप्ति' कवितामा कथित अछुत बादी महिलामाथि पितृसत्ताले गरेको लैङ्गिक उत्पीडनको पर्दाफास गर्दै उक्त उत्पीडनप्रति तीव्र आक्रोश प्रकट गरिएको छ । वर्षौंवर्षदेखि बादी महिलामाथि पितृसत्ताले गरेको उत्पीडनका विरुद्ध कवितामा कडा प्रतिरोध गरिएको छ । यहाँ उत्पीडित बादी महिलाका आक्रोशपूर्ण अभिव्यक्तिका माध्यमबाट नारी अस्तित्वको खोजी पनि गरिएको छ । सदियौँदेखि उत्पीडनमा परेका बादी महिलाको उत्पीडनबोधी चेतनाका साथै उक्त उत्पीडन विरुद्ध प्रतिरोधी चेतनासमेत कवितामा यसरी अभिव्यञ्जित भएको छ :

साहेबका जस्तै जिब्राहरूले चाटेको मेरो कुरकुरे बैंश
साहेबजस्तै नसालुहरूले रित्याएको मेरो जवानी
साहेबका जस्तै हातहरूले च्यातेको मेरो कुमारी पेटीकोट
र आमा बन्न लालायित रहरलाई मारेर
साहेबका जस्तै ओठहरूले चुसेको मेरो निर्दोष स्तन
यी सबैसबैको हिसाब गर्न
सार्वजनिक भएकी छु
आइमाई हुँ साहेब !
दनदनी आक्रोश बाल्दै

तिमी नै गुडिजाने यो चिल्लो सडकमा
नाङ्गै उभिएकी छु ।

(पृ. ३३)

उपर्युक्त कवितांशमा पितृसत्तात्मक समाजव्यवस्थाबाट कथित अछुत बादी जातिका महिलाको गरिबीको फाइदा उठाएर उनीहरूमाथि शारीरिक शोषण गरी नारीहरूको मानवीय अस्तित्वमाथि खेलवाड गरिएको विषयप्रति कवितामा कडा आक्रोश प्रकट गरिएको छ। पितृसत्ताको उत्पीडनबाट उत्पीडित बादी महिलामा जागृत भएको प्रतिरोधी चेत आक्रामक रूपमा प्रस्तुत भएको छ । यहाँ बादी महिलाप्रति मनपरी गर्ने, उसको बैंसमा निर्लिप्त भएर चाट्ने, उसको जवानीलाई रित्याइदिने, कुमारीत्व नष्ट गरिदिने, आमा बन्ने रहरलाई मारिदिने जस्ता पितृसत्ताका घृणित व्यवहारको पर्दाफास पनि गरिएको छ । वर्षौंवर्षदेखि कथित अछुत बादी महिलामाथि पितृसत्ताले गरेका उक्त उत्पीडनजन्य व्यवहारका कारण उत्पीडित महिलामा जागृत भएको प्रतिरोधी चेतनालाई कवितामा प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । उत्पीडनकारी पितृसत्ताबाट वर्षौंवर्षदेखि लैङ्गिक उत्पीडन गरी नाङ्गो बनाइएकी बादी महिलाले पितृसत्ताका पक्षधरहरूलाई 'साहेब !' को सम्बोधनबाट गरेको कडा प्रतिरोधलाई कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ। उत्पीडित महिलाले पितृसत्ताबाट दिइएको आफ्नो नाङ्गो पहिचानको हिसाब चुक्ता गर्दै नवीन पहिचानका लागि नाङ्गै सडकमा उत्रिएर विद्रोह गर्नुपरेको अभिव्यक्ति कवितामा गरिएको छ। अतः प्रस्तुत कवितामा पितृसत्ताको उत्पीडनबाट उत्पीडित बादी महिलामा जागृत भएको प्रतिरोधी चेतना सशक्त रूपमा व्यक्त गरिएको छ । आफूमाथि भएको लैङ्गिक उत्पीडनको हिसाब चुक्ता गर्न सडकमा निस्किएकी बादी महिलाको आक्रामक प्रतिरोध कवितामा प्रकट भएको छ ।

### ३.१५ 'उमा बदिनी' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'उमा बदिनी' कवितामा पितृसत्तात्मक समाजका साथै राज्यबाट बादी महिलामाथि गरिएको उत्पीडनका विरुद्ध सशक्त प्रतिरोध गरिएको छ । तसर्थ उत्पीडनकारी पितृसत्ताको उत्पीडनबाट सीमान्तीकृत महिलामा जागृत भएको विद्रोहको चेतना र प्रतिरोधका दृष्टिले प्रस्तुत कविता महत्त्वपूर्ण रहेको छ ।

'उमा बदिनी' कवितामा वर्षौंवर्षदेखि पितृसत्तात्मक सामाजिक संरचनाबाट लैङ्गिक उत्पीडन भोग्न बाध्य पारिएकी बादी महिलामा जागृत भएको नारीमुक्तिको चेतनालाई 'फुट्नै

आँटेको ज्वालामुखी', 'बहुलाएको कर्णाली' जस्ता बिम्बका माध्यमबाट व्यक्त गरिएको र बादी महिलाहरूले उक्त सामन्ती सामाजिक संरचनाका साथै राज्यबाट पाएको उत्पीडनका विरुद्ध विरोधको भाव व्यक्त गर्दै दासतुल्य जीवन बिताउन बाध्य पारिएकी उमा बदिनीका माध्यमबाट स्वतन्त्रताप्राप्तिका निम्ति गरिएको प्रतिरोधलाई जोडदार रूपमा प्रस्तुत गरिएको चर्चा ताराकान्त पाण्डेयले अस्मिताको खोजी कवितासङ्ग्रहको भूमिका लेखनका क्रममा गरेका छन् । हजारौँ वर्षदेखि ठालुहरूको यौनप्यास मेटाउने साधन बनेकी, काँचो मासुको पसल, सबैले खेलाउन मिल्ने निर्जीव खेलौना र आफू जलेर अरूलाई उज्यालो दिई दासजस्तै जीवन बिताउन बाध्य पारिएकी उमा बदिनीले आफूमाथि भएको उत्पीडनको बोध गरी उक्त उत्पीडनका विरुद्ध व्यक्त गरेको प्रतिरोधी चेतना कवितामा यसरी व्यक्त गरिएको छ :

विषमताका बारहरू भत्काउँदै
मानवताको अर्थ खोज्दै
निर्वाध स्वतन्त्र बग्न चाहन्छु
समुद्रसम्म पुग्न चाहन्छु
तयारी अवस्थामा बस सामना गर्न मेरो वेग
म आगो बल्दैछु
ज्वालामुखी फुट्दैछु
ध्वस्त पारेर जर्जर अतित
नयाँ सिर्जना गर्दैछु
एक्काइशौँ सताब्दीकी जिउँदो अस्तित्व
म उमा बदिनी

(पृ. २०)

पितृसत्तात्मक समाजव्यवस्थाले जातीय र वर्गीय आवरणमा बादी महिलामाथि गरेको लैङ्गिक उत्पीडनका विरुद्ध कवितामा कडा प्रतिरोध गरिएको छ । नेपाली समाजको सामन्तवादी पितृसत्ताबाट कथित अछुत बादी महिलाको जीवीकोपार्जनका बाध्यताको फाइदा उठाएर उनीहरूमाथि शारीरिक शोषण गरी महिलाको मानवीय अस्तित्वमाथि खेलवाड गरेको कुरूप यथार्थको चित्रण कवितामा गरिएको छ । यहाँ जातव्यवस्थामा आधारित पितृसत्तात्मक समाजका बादी महिलालाई देहव्यापारमा लाग्न बाध्य बनाएर उनीहरूको अस्तित्वमा खेलवाड गर्ने,

उनीहरूलाई मौनताको पर्दाभित्र लुकाउने, निर्जीव खेलौना बनाउनेजस्ता उत्पीडनकारी व्यवहारप्रति कडा प्रतिरोध गरिएको छ । हजारौँ वर्षदेखि बादी महिलामाथि लैङ्गिक उत्पीडन गरी अमानवीय व्यवहार गर्ने उत्पीडनकारी पितृसत्ताका खराब संस्कारको खुलेरै विरोध पनि कवितामा गरिएको छ । यसका साथै बादी महिलामाथि पितृसत्ताबाट गरिएको उक्त उत्पीडनका विरुद्ध ज्वालामुखीभैँ फुटेर अनि आगोभैँ बलेर अगाडि बढ्ने चेतावनीका साथ उत्पीडनकारी पितृसत्तालाई प्रतिरोधको वेगसँग जुध्न तयार भएर बस्ने चुनौती पनि कवितामा दिइएको छ ।

लामो समयदेखि बादी महिलामाथि पितृसत्ताले गर्दै आएको शारीरिक शोषणको इतिहासलाई अन्त्य गरेर नवीन इतिहास निर्माण गर्न उत्पीडित बादी महिलाहरू स्वयम् सङ्घर्षमा उत्रिएको बुलन्द आवाज पनि कवितामा व्यक्त गरिएको छ । प्रस्तुत कवितामा सदियौँदेखि बादी महिलालाई उत्पीडनकारी पितृसत्ताबाट दिइएको सीमान्तीय पहिचानप्रति तीव्र आक्रोश प्रकट गर्दै बादी महिलाको उक्त उत्पीडित अतितको अन्त्य गरी नवीन पहिचान निर्माण गरेरै छाड्ने वचनबद्धता पनि कवितामा प्रकट गरिएको छ । तसर्थ यहाँ उत्पीडित बादी महिलाबाट विभेदकारी समाजमा विद्यमान विषमताका बार भत्काएर आफ्नो अस्तित्व कायम गर्न समुद्री वेगमा ज्वालामुखीको आगो भैँ आक्रोश पोख्दै प्रतिरोध गर्ने चुनौती पनि उत्पीडनकारी पितृसत्तालाई दिइएको छ । अतः उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित बादी महिलाले गरेको प्रतिरोधलाई कवितामा सशक्त ढङ्गले व्यक्त गरिएको छ । तसर्थ सीमान्त महिलाको प्रतिरोधी चेतनाका दृष्टिले कविता उत्कृष्ट रहेको पुष्टि भएको छ ।

### ३.१६ 'मलाई जन्माइदेऊ' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'मलाई जन्माइदेऊ' कवितामा पितृसत्तात्मक समाजव्यवस्थामा छोरावादी प्रवृत्ति हावी भएको र छोरीलाई चाहिँ गर्भमा नै छोरी भन्ने थाहा पाउने बित्तिकै गर्भबाट नै बहिष्कृत गरी भ्रूणहत्या गर्ने पितृसत्ताका व्यवहारमा देखिने घृणित यथार्थको चित्रण गरिएको छ । गर्भमा छोरा आए सहर्ष स्वीकार गरी सकुशल जन्माउने तर छोरी आए गर्भमै हत्या गर्ने नेपाली समाजको विडम्बनालाई कवितामा प्रस्तुत गरिएको छ । यस कवितामा पितृसत्ताबाट महिलामाथि गरिएका त्यस्ता अन्यायका विरुद्धमा आमा जातिलाई जाग्न आह्वान गरिएको हुनाले महिलामुक्तिको प्रतिरोधी आवाजलाई सशक्त ढङ्गमा व्यक्त गरिएको छ ।

अंश र वंशको निरन्तरताका लागि छोरा नै चाहिने पितृसत्ताको जब्बरपनले गर्दा आमाहरूले भ्रूणहत्याजस्तो शारीरिक यातना भोग्नुपरेको, छोरा जन्मने आशामा पटक पटक गर्भधारण गर्नुपरेको, गर्भमा छोरी भन्ने थाहा हुनेबित्तिकै सन्तान जन्माउने क्रियामा संलग्न बाबु नै छोरीको भ्रूणहत्या गर्न अग्रसर भएको तथ्यले पितृसत्तात्मक नेपाली समाजको कुरूप यथार्थको प्रतिबिम्बन भएको छ । गर्भमा छोरी भन्ने थाहा हुनेबित्तिकै भ्रूणहत्या गराउने पितृसत्ताको ज्यादती सहेर नबस्न र जसरी भए पनि छोरीलाई जन्माउन गर्भभित्रैबाट छोरीले गरेको आग्रहलाई कवितामा यसरी व्यक्त गरिएको छ :

मेरी आमा तिमी रोएर मात्र हुन्छ र ?
तिमीले हाम्रो रक्षा गर्न सक्नुपर्छ
बिरालाले झैँ, बघिनीले झैँ,
म जन्मन लागिरहिछु
जसरी हुन्छ मलाई बचाऊ
सकिछु भने
भुङ्ग्रामा परेको कटहरको बियाँझैँ
एक्कैचोटि पड्किदिएर
सुतेकाहरूलाई बिउँझाइदिन्छु
मेरा बाबुले मानसिक हत्या गरिदिएका
ती अग्रजहरूलाई बिउँझाइदिन्छु,
सबैजना संयुक्त मोर्चा कसेर
त्यस आततायीको घाँटी निमोठ्नेछौँ

(पृ. ८४)

प्रस्तुत कवितांशमा उत्पीडनकारी पितृसत्ताको उत्पीडनबाट उत्पीडित आमालाई रोएर आफ्नो कमजोरी नदेखाउन आग्रह गरिएको छ । यहाँ गर्भमा आएकी छोरीका तर्फबाट पितृसत्ताको उत्पीडनप्रति विद्रोह गरिएको छ । छोरीलाई गर्भमा धारण गरेकी आमाले उत्पीडनकारी पितृसत्ताका डरले रोएर होइन कि बिरालो र बघिनीले जस्तै निडरताका साथ संरक्षण गरेर आफ्ना सन्तानलाई जन्माउने र तिनको रक्षा गर्नुपर्ने चेतावनी पनि कवितामा दिइएको छ । यहाँ उत्पीडित महिलाले बिरालो र बघिनीको उपमा बनेर उनीहरूले जस्तै आफ्ना सन्तानको सुरक्षा गर्नुपर्ने आग्रह पनि

कवितामा गरिएको छ । गर्भैदेखि छोरा र छोरीमा विभेद गरी नारीमाथि लैङ्गिक विभेदका साथै उत्पीडन गर्ने पितृसत्ताका विरुद्ध कवितामा कडा प्रतिरोध गरिएको छ । पितृसत्तात्मक नेपाली समाजमा लामो समयदेखि जब्बर भएर बसेको छोरावादी प्रवृत्तिलाई भुङ्ग्रामा परेको कटहरको बियाँजस्तै एकै चोटि पड्किदिएर महाविस्फोटन गरिदिने र पितृसत्ताको छोरावादी कुसंस्कारका अन्धभक्तहरूलाई उक्त कुसंस्कारको कुवाबाट बाहिरिने चेतना दिएर जगाउने चेतावनी पनि कवितामा दिइएको छ । यसका साथै पितृसत्ताका पक्षधरहरूले वर्षौंवर्षदेखि भ्रूणहत्या गर्दै आएका अग्रज छोरीहरूको समूह गठन गरी त्यस्तो उत्पीडनकारी पितृसत्ताको घाँटी रेटेर निर्मूल पार्ने भविष्यवाणी कवितामा गरिएको छ । यस कवितामा पितृसत्ताको आतङ्कप्रति विद्रोह गर्दै मानव मूल्यको खोजी गरिएको कुरा गीता त्रिपाठीले उल्लेख गरेकी छन् (२०७०, पृ. २१८) । उक्त कवितामा पितृसत्ताबाट उत्पीडित आमालाई उत्पीडनमुक्त गराउन प्रयासरत छोरीको साहसलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ ।

वर्षौंवर्षदेखि नेपाली समाजमा जरा गाडेर बसेको पितृसत्ताको छोरावादी प्रवृत्तिका कारण छोरीको भ्रूणहत्या गर्ने कुसंस्कारका विरुद्धको प्रतिरोधी आवाजलाई कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ । तसर्थ उत्पीडनकारी पितृसत्ताको उत्पीडनविरुद्ध सीमान्तीय महिलाबाट गरिएको कडा प्रतिरोधलाई कवितामा प्रभावकारी ढङ्गमा व्यक्त गरिएको हुनाले प्रतिरोध चेतनाका दृष्टिले प्रस्तुत कविता सशक्त रहेको पुष्टि हुन्छ ।

### ३.१७ 'तथागत मलाई उत्खनन् गर' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'तथागत मलाई उत्खनन् गर' कवितामा पितृसत्तात्मक नेपाली समाजको बुद्धकालीन इतिहासका गर्भमा लुकाइएकी सुजाताजस्ता नारीको अस्तित्वको खोजी गरिएको छ । सुजाता बुद्धकालीन इतिहासकी एक चर्चित नारी हुन् । उनले तपस्या गरेर बोधीवृक्षसँग एक असल पति र पुत्र माग्दा केही समयपछि मागेका दुबै कुरा पाएपछि उक्त वृक्षलाई त्यसको बदलामा आफैंले पालेका गाईको दुधबाट खिर बनाई लिएर गएकी र त्यही वृक्षमुनि तपस्यारत सिद्धार्थ गौतमलाई सुजाताले उक्त खिर खुवाएपछि नै उनमा बुद्धत्व प्राप्त भएको मिथकीय सन्दर्भका माध्यमबाट बुद्धकालीन इतिहासका गर्भमा लुकाइएकी तिनै आद्य नारी सुजाताको अस्तित्वको खोजी गर्नुपर्ने आग्रह कवितामा गरिएको छ ।

पितृसत्तात्मक समाजव्यवस्थाले इतिहासलेखनका क्रममा सत्तासीन पुरुषको इतिहास लेख्ने र सत्ताहीन महिलाको इतिहासलाई गुमनाम बनाउने विभेदकारी व्यवहारका कुरूप यथार्थको उद्घाटन कवितामा गरिएको छ । अनुश्रुतिका रूपमा प्रचलित प्राक्सन्दर्भका माध्यमबाट नारीशक्तिको उद्घाटन गर्दै पुरुषमा ईश्वरीय शक्ति भर्ने कारक तत्त्व नारीमा नै भएको दाबी कवितामा गरिएको र मानिसमा प्रज्ञा जागरण गर्ने प्रेमको स्पन्दन नारीमा भएका कारण त्यही स्पन्दनले बुद्ध बोधीको प्रकाशमा पुगेको चर्चा नारायण गडतौलाले गरेका छन् (२०७४, पृ. ८२) । तसर्थ सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्तिका समयमा खिर खुवाएर शारीरिक तथा मानसिक शक्ति प्रदान गर्ने नारी सुजाताको इतिहासलाई प्रकाशमा ल्याएर इतिहासको गर्भमा लुकाइएका सुजाताजस्ता नारीको अस्तित्वको खोजी गर्नुपर्ने विचारको उद्बोधन कवितामा यसरी गरिएको छ :

मलाई आधा पनि नबुझेकाहरूले
मेरो पूरा कथा लेखे
अब म आफ्नो आधा कथा लेख्छु आफैँले
तथागत,
यो कथाको पहिलो पर्दा तिमी नै पटाक्षेप गर ।
जहाँ पहिलोपटक हाम्रो भेट भएको थियो
म पुरिएकी छु निरञ्जना नदीको छेउछाउमा कतै
निरञ्जना नदीमा बग्दै आउने
प्रणयाभावहरूको पाँचौँ आर्यसत्यले पुरिएकी छु
तिम्रो ध्यान, अर्धध्यान र ध्यानरहित मुद्राका
नखिचिएका तस्बिरहरूको अवशेषले पुरिएकी छु ।
तथागत,
मलाई उत्खनन गर । मलाई उत्खनन गर ।

(पृ. ६१)

प्रस्तुत कवितांशमा बुद्धकालीन इतिहासकी सुजाताको सन्दर्भलाई उत्खनन गर्नुपर्ने आग्रह गरिएको छ । सिद्धार्थ गौतमलाई बुद्धत्वप्राप्तिका समयमा खिर खुवाएर शारीरिक तथा मानसिक शक्ति प्रदान गर्ने नारी सुजाताको इतिहासलाई प्रकाशमा ल्याउनुपर्ने आग्रह कवितामा गरिएको

छ। सुजाताले सिद्धार्थ गौतमलाई खिर मात्र खुवाएकी होइनन्, उनमा प्रेमको अथाह सागर खन्याएर सिद्धार्थको पौरुषलाई जागृत गराएकी पनि हुन् । त्यसपछि मात्र सिद्धार्थ हठमार्गबाट मध्यममार्गतिर लागेका हुन् भन्ने सन्दर्भका आधारमा सुजाताको इतिहासलाई प्रकाशमा ल्याउनुपर्ने दाबी कवितामा गरिएको छ । बुद्ध धर्ममा रहेका दुःख, समुदय, निरोध र मार्गजस्ता चार आर्य सत्यका स्थानमा पाँचौं आर्य सत्य प्रेम रहेको र उक्त प्रेमको भावना जागृत गराउने सुजाताको अस्तित्व गुमनाम बनाउन नमिल्ने विचार कवितामा व्यक्त गरिएको चर्चा बिन्दु शर्माले गरेकी छन् (२०७२, पृ. ४७५) । प्रेमकी सृष्टकर्ता सुजातालाई आधा मात्र बुझेको पितृसत्ताले उनको पूरा कथा नलेखेको हुनाले अब सुजाता आफैँले बाँकी कथा लेख्ने चेतावनी पनि कवितामा दिइएको छ । बुद्धकालीन इतिहासले नटिपेका उनका ध्यान, अर्द्धध्यान र ध्यानरहित चेष्टाका नखिचिएका तस्बिरहरूबाट छोपिएकी सुजाताको उक्त गौरवमय इतिहासलाई उत्खनन गरी अस्तित्वमा ल्याउनुपर्ने विद्रोहको आवाजलाई कवितामा प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ ।

तपस्याका बखतमा बुद्धको कठोरपनामा कोमलताको मिश्रण गरिदिने नारीशक्तिको पहिचानको खोजी कवितामा गरिएको छ । यसबाट नारीहरूलाई अहिले मात्र होइन, बुद्धकालीन इतिहासदेखि नै पहिचानविहीन बनाइएको तथ्य पनि उजागर भएको छ । नारी भएकै कारण सुजाताजस्ता शक्तिशाली नारीहरूको कार्यलाई विलिन बनाइएको सन्दर्भप्रति कवितामा विद्रोह गरिएको छ ।  बुद्धकालीन इतिहासका गर्भमा लुकाइएकी नारी सुजाताको सन्दर्भलाई कवितामा 'मलाई उत्खनन् गर' भन्ने आत्मकथनबाट आद्य नारीशक्तिको गौरवमय पहिचानको खोजी गर्नुपर्ने चेतनाको उद्घोष गरिएको छ । अतः पितृसत्तात्मक समाजव्यवस्थाको विभेदकारी व्यवहारका कारण सीमान्तीकृत नारीबाट आफ्नो विलिन गराइएको अस्तित्वको खोजी गरिएको प्रसङ्गलाई कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ। तसर्थ सीमान्तीकृत नारीले आफ्नो नवीन पहिचानका लागि उठाएको प्रतिरोधी आवाजलाई कवितामा सशक्त रूपमा प्रस्तुत गरिएको छ । त्यसैले प्रतिरोधी चेतनाका दृष्टिले यो कविता उत्कृष्ट बनेको छ ।

### ३.१८ 'के तिमीले मलाई आविष्कार गऱ्यौ ?' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'के तिमीले मलाई आविष्कार गऱ्यौ ?' कवितामा उत्पीडनकारी पितृसत्ताबाट महिलालाई सीमान्तीकृत गरेर दिइएको सीमान्तीय पहिचानको विरोध गरी नारी अस्मिताको खोजी गरिएको

छ । यहाँ आदिम साम्यवादी युगदेखि ओडारबाट निस्किएर अनेक सङ्घर्ष गर्दै मानव सभ्यताको सुरुवात गर्ने नारीलाई पुरुषको आविष्कार ठान्ने पितृसत्तात्मक चेतनाको विरोध गरिएको छ । सभ्यताको आदिकालदेखि नै आफ्नो अस्तित्वका लागि सङ्घर्षरत नारीलाई सामन्तवादले पुरुषको दासीको पहिचान दिएको विषयप्रति पनि कवितामा तीव्र आक्रोश प्रकट गरिएको छ। नारी आफैँमा सिङ्गो अस्तित्व हो । त्यसैले नारीको आविष्कार कसैले गरेको होइन भन्ने प्रतिरोधी विचारका साथ नारीलाई आफ्नो आविष्कार ठानी उत्पीडन गर्ने पितृसत्तालाई कवितामा चुनौती दिइएको छ । पितृसत्तात्मक समाजमा पुरुषको आविष्कार मानेर नारीमाथि आफ्नो स्वामित्वको दाबी गर्ने पितृसत्ताबाट लैङ्गिक उत्पीडन गरिएको बोध भएपछि उक्त उत्पीडनबाट मुक्तिको चाहनालाई कवितामा यसरी उद्बोधन गरिएको छ :

जन्मजात
मेलै लिएर आएकी छु आफूसँग
एउटा नैसर्गिक अनुहार
म दिन्नँ कसैलाई
आविष्कारको मोहर लगाएर
नृशंसतापूर्वक
आफ्नो अनुहारमाथि शासन गरिरहन ।

(पृ. ३१)

प्रस्तुत साक्ष्यमा महिलालाई आफूले नै आविष्कार गरी पहिचान दिएको दाबी गर्ने पितृसत्ताको स्वार्थी चिन्तनप्रति विद्रोह गरिएको छ। सभ्यताको आदि कालदेखिको नारीको स्वतन्त्र पहिचानलाई गुमनाम बनाएर समाजमा आफ्नो वर्चस्व कायम गराउन खोज्ने उत्पीडनकारी पितृसत्तामाथि कविताले धावा बोलेको छ । पितृसत्तात्मक समाजमा नारीका स्वतन्त्र अस्तित्व नभएको र नारीलाई पुरुषले नै आविष्कार गरेजस्तो ठानेर पराश्रित पहिचान दिएको विषयप्रति कवितामा कडा प्रतिरोध गरिएको चर्चा ताराकान्त पाण्डेयले गरेका छन् (२०७४, पृ. ४३) । आफ्नो नैसर्गिक अनुहार लिएर जन्मिएका नारीलाई आफूले आविष्कार गरेको ठानेर नारीमाथि शासन र शोषण गर्ने पितृसत्तालाई कवितामा चुनौती दिइएको छ। जन्मजात रूपमा छुट्टै शारीरिक संरचना लिएर जन्मिएका नारीमाथि पाशविक व्यवहार गरी शोषण गर्ने पुरुषलाई त्यसरी शोषण गर्न नदिने विद्रोहको चेतना कवितामा व्यक्त गरिएको छ । मानव सभ्यताको सुरुदेखि नै आफ्ना शरीरका

विभिन्न अङ्गलाई हतियार बनाएर सङ्घर्षपूर्ण यात्रामा अघि बढेका नारीलाई पुरुषको आविष्कार ठानेर उनीहरूमाथि शासन गर्न खोज्ने उत्पीडनकारी पितृसत्तालाई आविष्कारको उक्त मोहर लगाउन नदिने कडा चेतावनी पनि कवितामा दिइएको छ ।

प्रस्तुत कविताको शीर्षकमा नै 'के तिमीले मलाई आविष्कार गऱ्यौ ?'भन्ने प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट प्रतिरोधी आवाज व्यक्त गरिएको प्रस्तुत कवितामा उत्पीडनकारी पितृसत्ताका विरुद्ध उत्पीडित महिलाले गरेको विद्रोहलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । तसर्थ सीमान्तीकृत महिलाको मुक्तिको चेतना र प्रतिरोधी आवाजका दृष्टिले कविता सशक्त बनेको छ ।

## ३.१९ 'जुनकिरी' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'जुनकिरी' कवितामा नेपालका ग्रामीण क्षेत्रका महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । यस कवितामा म पात्रका रूपमा वर्णित जुनकिरी सीमान्तीकृत नारीहरूकी प्रतिनिधि हो । उसका माध्यमबाट कवितामा उत्पीडनविरुद्धको प्रतिरोधी चेतनाको सङ्केत गरिएको छ । यस कवितामा पितृसत्ताका पक्षधर महिलामाथि उत्पीडन गर्नेहरूलाई बनढाडे नामकरण गरिएको छ । कवितामा वर्णित जुनकिरीमा बनढाडेहरूबाट गाउँका सोझा नारीहरूमाथि गरिएको उत्पीडनको बोध भएपछि उक्त उत्पीडनका विरुद्ध प्रतिरोधी आवाज उठाइएको छ । त्यसैले सीमान्तीकृत महिलाको प्रतिरोधका दृष्टिले प्रस्तुत कविता महत्त्वपूर्ण रहेको छ ।

प्रस्तुत कवितामा नेपालको ग्रामीण क्षेत्रका सोझासिधा नारीहरूलाई अनेक प्रलोभन देखाएर भगाउने र उनीहरूलाई बेचबिखन गर्ने पितृसत्ताको खराब चरित्रको पर्दाफास गरिएको छ । गाउँका सोझा युवतीहरूलाई बनढाडेहरूले भगाएको थाहा पाएकी जुनकिरीले मागेको गुहार कसैले नसुनेपछि अवाक बनेकी जुनकिरीमा आफूजस्तै सयौं जुनकिरीहरू भएदेखि त नारीमाथिको ज्यादतीविरुद्ध प्रतिरोध गर्न सकिन्थ्यो कि भन्ने आशावादी विचार पनि कवितामा व्यक्त गरिएको छ । जुनकिरीको थोरै उज्यालोलाई कसैले महत्त्व नदिएजस्तै एक्ली नारीको आवाजलाई गाउँ, समाज, सरकारी निकायका साथै राज्यबाट समेत बेवास्ता गरिएको हुनाले जुनकिरीमा अझ प्रतिरोधी चेतना जागृत भएको र एक न एक दिन त्यस्ता नरपिशाचको अत्याचार अन्त्य गरेरै छाड्ने उसको दृढतालाई कवितामा यसरी व्यक्त गरिएको छ :

मलाई विश्वास छ
मिर्मिरे त हुन्छ नै
उज्यालो त छाउँछ नै
अवश्य पनि बिहान हुनेछ
अनि म मेरो बगैँचाको फूल चोर्ने
ती बनढाडेहरूलाई
कम्मर भाँच्ने गरी हान्नेछु झटारो
अधमरो पारेर
उँधोमुन्टो लाएर
चौबाटोमा झुन्ड्याउनेछु
जहाँ हरेकपटक
ओहोर दोहोर गर्नेहरूले
घृणाको एक लात बजार्नेछन् ।

(पृ. ७०)

प्रस्तुत कवितांशमा उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित सीमान्त महिलाबाट सशक्त ढङ्गमा प्रतिरोध गरिएको छ । महिलामाथि उत्पीडन गर्ने काला दिनहरू हटेर एक न एक दिन उज्यालो छाउने छ भन्ने दृढ विश्वास पनि कवितामा प्रकट गरिएको छ । महिलामाथि अत्याचार गर्ने नरपिशाची पितृसत्ताका खराब व्यवहारको अन्त्य गरेर समाजमा चेतनाको सुनौलो बिहानी ल्याउने वचनबद्धता पनि कवितामा प्रकट गरिएको छ । सयौँ जुनकिरी सङ्गठित भएर आफूहरूमा उत्पन्न प्रतिरोधी चेतनालाई एकत्रित गरी ग्रामीण बगैँचामा फुलेका सुन्दर फूलरूपी युवतीहरूमाथि ज्यादती गर्ने पितृसत्ताका पक्षधर बनढाडेहरूको ढाड भाँचेर चौबाटामा उँधोमुन्टो पारेर झुन्ड्याउने र सम्पूर्ण यात्रीहरूले घृणाको लात बजारेको हेर्ने आवेगपूर्ण विचार कवितामा व्यक्त गरिएको छ । कवितामा व्यक्त उक्त विचारबाट सीमान्तीकृत महिलामा उत्पन्न भएको प्रतिरोधी स्वर स्पष्ट भएको छ ।

ग्रामीण क्षेत्रका सोझा नारीहरूलाई अनेक लोभ देखाएर भगाई बेचबिखन गर्ने पितृसत्ताको घृणित चरित्रको उद्घाटन गर्दै त्यस्तो घृणित चरित्रको अन्त्य गरेरै छाड्ने दृढता कवितामा व्यक्त गरिएको छ । महिलालाई वस्तुकरण गर्ने पितृसत्ताका त्यस्ता खराब व्यवहारप्रति उत्पीडित महिलामा

उत्पन्न प्रतिरोधी चेतनालाई पनि कवितामा प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ । तसर्थ सीमान्तीकृत महिलाको प्रतिरोधका दृष्टिले कविता सशक्त बनेको छ ।

### ३.२० 'योगमायाको काँचो वायु' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'योगमायाको काँचो वायु' कवितामा नेपालको इतिहासमा प्रसिद्ध हिम्मती महिला योगमायाका आवाजलाई बुलन्द गरिएको छ । योगमाया एक इतिहासप्रसिद्ध नारी हुन् । उनले तत्कालीन समयमा बालविधवा भएर परिवारका साथै समाजबाट धेरै यातना भोगेकी थिइन् । त्यसबेला नेपाली समाजमा विद्यमान जातिगत छुवाछुत, वर्गीय विभेदका साथै लैङ्गिक विभेदका विरुद्धमा आवाज उठाएकी योगमायाको उक्त विद्रोहको आवाजलाई तत्कालीन राज्यव्यवस्थाले बेवास्ता गरेको हुनाले तत्कालीन राज्यव्यवस्थाप्रति विद्रोहस्वरूप उनले आफ्ना परम भक्तहरूसहित अरुण नदीमा जलसमाधि लिएको विषयलाई प्रस्तुत कवितामा प्रतिबिम्बन गरिएको छ । तसर्थ यहाँ जातीय, वर्गीय तथा लैङ्गिक विभेद गर्ने पितृसत्ताका विरुद्ध योगमायाजस्ता नारीले गरेको विद्रोहलाई मूल विषय बनाइएको छ । नेपालको इतिहासकी एक शक्तिशाली र निडर नारी योगमायाका माध्यमबाट कवितामा नारीका अदम्य साहसका साथै समाजका विकृतिविरुद्ध विद्रोहको आवाजलाई यसरी उद्घोष गरिएको छ :

हाम्रा अस्तुमाथि पलेँटी कसेर
डमरु बजाउँदै ताण्डवरत प्रेतात्माहरू सावधान !
अरुण किनारमा सत्याग्नि भ्फोसेर
ब्यूँभिएका छन् हजार योजन अरुणिमाहरू
मेरै अस्तुमा लेखिएको यो प्रेतसमयको मोचन गर्न
जलसमाधिलीन यस अरुणको यक्षकुण्डबाट
ठाउँठाउँमा धूनी जगाउँदै
आफ्नै अस्तुको न्यायिक हिसाब माग्न
जलाभिषेक गरी, चढेर मेरै करङको डुङ्गामा
शताब्दीयौँपछि
भक्तहरूसहित आउँदैछु
म योगमाया

(पृ. ३५)

प्रस्तुत कवितांशकी योगमाया उत्पीडनकारी पितृसत्ताका विरुद्ध सङ्घर्ष गर्दागर्दै आफ्ना अठसट्ठी जना भक्तहरूसहित अरुण नदीमा जलसमाधि लिएकी एक योद्धा हुन् । उनले तत्कालीन सामन्ती राज्यव्यवस्थाले नेपाली जनतामाथि गरेका उत्पीडनविरुद्ध आवाज उठाएकी थिइन् । उनको आवाजलाई उत्पीडनकारी राज्यव्यवस्थाबाट बेवास्ता गरी असफल बनाउने प्रयास गरिएको हुनाले तिनै योगमायाको प्रतिरोधी चेतनालाई कवितामा व्यक्त गरिएको छ ।

तत्कालीन समयमा उत्पीडनकारी पितृसत्ताको उत्पीडनमा परेका सीमान्तीकृत नारीहरूकी प्रतिनिधि पात्र योगमायाले आफ्ना तमाम भक्तहरूका साथमा शताब्दीयौँपछि आएर समग्र सीमान्तीकृत महिलामाथिको उत्पीडनका विरुद्ध प्रतिरोध गरिरहने विचार कवितांशमा व्यक्त गरिएको छ । यहाँ योगमायाजस्ता सीमान्तीकृत महिलामाथि उत्पीडन गरेर हर्षोल्लास मनाउने पितृसत्तालाई सावधान रहने चेतावनी पनि दिइएको छ । आफूमाथि पितृसत्ताबाट गरिएको लैङ्गिक उत्पीडनका विरुद्धमा हजारौँ नारीहरू सङ्घर्षरत रहेका हुनाले उत्पीडनकारी पितृसत्ताले सचेत हुनुपर्ने जानकारी पनि कवितामा दिइएको छ । महिलामाथि उत्पीडन गर्ने समयलाई कवितामा प्रेतसमयको नाम दिएर उक्त प्रेतसमयको अन्त्यका लागि अरुणकिनारको यज्ञकुण्डबाट प्रतिकारको आगो बाल्दै विद्रोहमा उत्रिएको प्रतिरोधी स्वर व्यक्त गरिएको छ । तत्कालीन समयमा योगमायालगायतका उत्पीडित व्यक्तिहरूले उत्पीडनकारी जब्बर पितृसत्ताका विरुद्ध जलसमाधि लिएकै ठाउँबाट त्यही जलले अभिषेक गरी अहिलेसम्मको न्यायिक हिसाब माग्नका लागि आफ्ना तमाम भक्तहरूका साथमा सङ्घर्ष गर्ने र उक्त प्रेतसमयलाई अन्त्य गरेरै छाड्ने विद्रोहको स्वर पनि कवितामा उद्घोष गरिएको छ ।

उत्पीडनकारी पितृसत्ताको उत्पीडनबाट उत्पीडित महिलाहरूले आफूहरू उत्पीडनमा परेको महसुस भएपछि उक्त उत्पीडनका विरुद्ध उनीहरूबाट गरेको सङ्घर्षलाई प्रस्तुत कवितामा प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । तसर्थ सीमान्त महिलाको प्रतिरोधी चेतनाका दृष्टिले कविता सशक्त बनेको छ ।

### ३.२१ 'ओक्कल दोक्कल पिपल पात' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'ओक्कल दोक्कल पिपल पात' कवितामा विभेदकारी पितृसत्ताबाट सीमान्तीकृत महिलाको पहिचानलाई प्रस्तुत गरिएको छ । यस कवितामा बालखेलमा सहभागी भाइ र उक्त खेलकी दर्शक

आमाले विभेदकारी पितृसत्ताको प्रतिनिधित्व गरेका छन् भने म पात्रका रूपमा उपस्थित भएकी छोरीले उत्पीडित नारीको प्रतिनिधित्व गरेकी छन् । यहाँ विभेदकारी पितृसत्ताको पक्षधर भाइले बालखेलमा झेल गरेर दिदीलाई हार खुवाउँदा मूकदर्शक बनेकी आमा पनि विभेदकारी पितृसत्ताकै पक्षधर हुन् । छोरा र छोरीमा विभेद गरी छोरीलाई सीमान्तीकृत गर्ने पितृसत्ताका विरुद्धमा कवितामा विद्रोह गरिएको छ । विभेदकारी पितृसत्ताले छोरा र छोरीमा विभेद गरी छोराले गल्ती गरे पनि सजाय नदिने, छोरीले गल्ती नगरे पनि सजाय पाउने, छोराले त्यही काम खुलेआम गर्ने तर छोरीले लुकीलुकी गर्नुपर्ने, छोरीले आफ्ना स्वतन्त्र इच्छाहरूलाई मनभित्रै डढाएर खरानी बनाउनुपर्ने र स्वतन्त्रता खोज्दा सजायको भागीदार बन्नुपर्नेजस्ता समाजका कुपरम्पराप्रति कवितामा विद्रोह गरिएको छ । अतः विभेदकारी पितृसत्ताका भेदभावजन्य व्यवहारको बोध भएपछि सीमान्तीकृत छोरीमा नवीन पहिचान निर्माणको चेतना जागृत भएको र उक्त पहिचान निर्माणका लागि उत्पीडित छोरी सङ्घर्षरत रहेको अभिव्यक्ति पनि कवितामा गरिएको छ । विभेदकारी पितृसत्ताबाट सीमान्तीकृत छोरीले उक्त सत्ताकै पक्षधर आमालाई सम्बोधन गर्दै छोरा र छोरीमा विभेदजन्य व्यवहार नगर्न आग्रह गरेको कुरालाई कवितामा यसरी व्यक्त गरिएको छ :

आमा !
मुक्त गर मलाई तिम्रो प्रभावबाट
अब त भनिदेऊ बहिनीलाई
ओक्कल दोक्कल पिपल पात
तिम्रा माथि तिम्रै हात

(पृ. ४५)

प्रस्तुत कवितांशमा विभेदकारी पितृसत्ताकी पक्षधर आमालाई सम्बोधन गरेर छोरा र छोरीमा गरिने विभेदजन्य व्यवहारलाई परित्याग गरी समव्यवहार गर्न आग्रह गरिएको छ । विभेदकारी पितृसत्ताको भेदभावजन्य व्यवहारको बोध भई उत्पीडित नारीले आफू उत्पीडनमा परेको महसुस भएपछि नवीन पहिचान निर्माणमा प्रयास गरिरहेको सन्दर्भलाई पनि प्रस्तुत कवितामा प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । छोरा र छोरीमा भेदभाव गर्ने आमालाई पितृसत्ताको प्रभावबाट आफू पनि मुक्त हुने र छोरीहरूलाई पनि मुक्त गर्ने चेतावनी कविद्वारा दिइएको छ । यहाँ छोरा र छोरी दुबैले 'ओक्कल दोक्कल पिपल पात, तिम्रा माथि कसको हात' भनेर खेलिने बालखेलमा सधैं छोराले आफ्नो हात माथि पारेर झेल गरिरहँदा चुप लागेर हेरिरहेकी आमालाई छोरा र छोरीमा समव्यवहार

गर्न र छोरीको पनि हात माथि पार्न आग्रह गरिएको छ । अतः विभेदकारी पितृसत्ताकै विभेदजन्य व्यवहारका कारण महिलाहरू सीमान्तीकृत छन् भन्ने यथार्थको प्रतिबिम्बन कवितामा गरिएको छ । यहाँ छोरीमाथि विभेद गर्ने आमाका माध्यमबाट पितृसत्तामा पुरुष मात्र होइन महिला पनि हुन्छन् भन्ने तथ्यको पुष्टि पनि भएको छ । अतः यसबाट एउटै घरभित्र एउटै आमाका सन्तानले खेल्ने सामान्य बालखेलमा त यस्तो विभेद छ भने समाजका अन्य क्षेत्रमा कति विभेद हुन्छ भन्ने अनुमान सजिलै गर्न सकिन्छ ।

प्रस्तुत कवितामा आफ्नै घरभित्र आमा र भाइबाट सीमान्तीकृत गरिएकी नारीमा जागृत भएको प्रतिरोधको चेतनालाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । यसबाट नारीहरू समाजबाट मात्र होइन घरभित्रबाट पनि उत्पीडित छन् र पुरुषबाट मात्र होइन नारीबाट पनि उत्पीडित छन् भन्ने कुरा पुष्टि भएको छ । आफ्नै घरभित्र उत्पीडित नारीहरूमा उत्पीडनको बोध हुन थालेपछि बिस्तारै उनीहरूमा उत्पन्न हुन थालेको प्रतिरोधी चेतनालाई पनि प्रस्तुत कवितामा व्यक्त गरिएको छ । त्यसैले प्रतिरोध चेतनाका दृष्टिले प्रस्तुत कविता सशक्त बनेको छ ।

### ३.२२ 'सच्याऊ यो इतिहास' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'सच्याऊ यो इतिहास' कवितामा उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित नारीको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । यस कवितामा उत्पीडित नारीले आफूहरू उत्पीडनमा परेको महसुस गरेपछि उनीहरूमा पितृसत्तात्मक समाजले दिएको सीमान्तीय पहिचानका ठाउँमा नवीन पहिचानको निर्माण गर्न प्रयासरत रहेको विषयको अभिव्यक्ति प्रकट गरिएको छ ।

'सच्याऊ यो इतिहास' पितृसत्तात्मक सामाजिक संरचनाबाट सीमान्तीकृत नारीमा उत्पन्न भएको विद्रोही आवाजलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । कवितामा छोरीको जन्मलाई अभिशाप ठानेर गर्भबाट नै बहिष्कार गर्ने पितृसत्ताको विभेदकारी चरित्रलाई चुनौती दिइएको छ । संसार निर्माणको जग, माया र करुणाकी खानी अनि धर्ती र आकाशजस्तै अटल अस्तित्व भएका नारी जातिलाई जन्मबाटै बहिष्कार गर्ने र बन्धक बनाएर आफूलाई शक्तिशाली ठान्ने पितृसत्तालाई कवितामा खबरदारी गरिएको छ । कहीँ बलात्कारका घटनाबाट त कहीँ बोक्सीका आरोपबाट महिलामाथि उत्पीडन गर्ने उत्पीडनकारी पितृसत्ताका बेथितिविरुद्ध कवितामा

कडा प्रतिरोध गरिएको छ। एकातिर छोरी भनेर थाहा हुनेबित्तिकै गर्भमै भ्रूणहत्या गर्ने र अर्कातिर जन्मदिनमा उत्सव मनाउन खोज्ने पितृसत्ताको नाटकीय चरित्रमाथि गरिएको चोटिलो प्रहारलाई कवितामा यसरी व्यक्त गरिएको छ :

अहँ,
सहनेछैन तिम्रो दमन
मलाई जेलझैँ लाग्छ यहाँको प्रत्येक सभ्यता र संस्कृति
मलाई सास फेर्न पनि मुस्किल भइरहेछ
धमिरा लागिसकेको माटोको ढिस्कोजस्तो
मेरो जन्मदिनमा मनाउनुपर्दैन कुनै उत्सव
गर्नुपर्दैन कुनै नाटक
भरखरै अस्पतालमा कति मारिँदैछन् होला गर्भमै छोरीहरू
भरखरै कति मारिएहोलान् यो धर्तीमा छोरीहरू

(पृ. ४३)

पितृसत्ताको दमनकारी संस्कृतिबाट आफूहरूमाथि गरिएको उत्पीडनको बोध भएपछि उत्पीडत महिलाबाट गरिएको विद्रोहलाई कवितामा व्यक्त गरिएको छ । प्रस्तुत कवितामा पितृसत्तात्मक संस्कृतिलाई महिलालाई यातना दिने जेलका साथै धमिरा लागेको माटाको थुप्राको उपमा दिएर त्यस्तो संस्कृतिप्रति घृणा भाव पनि प्रकट गरिएको छ। नारीबिना संसारको सृष्टि नै रोकिने यथार्थलाई बिर्सिएर नारीमाथि उत्पीडन गर्ने उत्पीडनकारी पितृसत्ताप्रति कवितामा जोडदार प्रतिरोध गरिएको छ। नारीमाथि दमन गर्ने पितृसत्ताका खराब संस्कृतिप्रति कवितामा असन्तुष्टि प्रकट गरिएको छ । मानव सभ्यताको इतिहासका पाना पल्टाएर हेर्दा सदियौँदेखि महिलामाथि उत्पीडन गरिँदै आएको हुनाले धर्ती र आकाशजस्तै विशाल अस्तित्व भएका सृष्टिकर्ता नारीलाई अस्तित्वहीन बनाउन खोज्ने पितृसत्ताको उत्पीडनकारी इतिहास सच्याउनका लागि कवितामा पितृसत्तालाई हाँक दिइएको छ। एकातिर छोरीको भ्रूणहत्या गर्ने र अर्कातिर जन्मदिन मनाएर नाटक गर्न खोज्ने पितृसत्ताका नाटकीय चरित्रको उद्घाटन गर्दै कवितामा पितृसत्तालाई त्यस्ता नाटकीय चरित्र नदेखाउन चेतावनी पनि दिइएको छ । पितृसत्ताका उत्पीडनकारी संस्कृतिका प्रभावमा सधैँ छोरीको भ्रूणहत्या गर्दै जाने हो भने एक दिन संसार शून्य हुने ठोकुवा पनि कवितामा गरिएको छ। तसर्थ छोरीलाई गर्भबाटै बहिष्कार गर्ने पुरानो इतिहासलाई सच्याएर ससम्मान जन्म

दिने नवीन इतिहासको निर्माण गर्नुपर्ने परिवर्तनकामी विचार पनि कवितामा प्रकट गरिएको छ । अतः नारीबिनाको संसार कल्पना गर्नै नसकिने हुनाले नारीमाथि उत्पीडन गर्ने पितृसत्ताका विरुद्ध कवितामा सीमान्तीकृत महिलाका तर्फबाट चर्को विद्रोह गरिएको छ । तसर्थ सीमान्तीकृत महिलाको प्रतिरोधका दृष्टिले कविता सशक्त बनेको छ ।

## ३.२३ 'कम्लरी' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'कम्लरी' कवितामा महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । यहाँ सामन्तवादी समाजव्यवस्थाका साहुमहाजनहरूले निम्नवर्गीय महिलालाई पुस्तौँपुस्तासम्म कम्लरी बनाउने खराब चलनको चित्रण गरिएको छ । यहाँ वर्गभेदले ग्रसित नेपाली समाजमा उच्च वर्गले निम्नवर्गीय नारीहरूको श्रमशक्तिमाथि नियन्त्रण गर्ने, बाल्यकालदेखि नै उनीहरूको अस्तित्व खोस्ने, उनीहरूलाई कौडीको भाउमा किनबेच गर्ने र जवानीमा प्रवेश गरेपछि उनीहरूमाथि शारीरिक शोषण गर्ने पितृसत्ताका घृणित व्यवहारको खुलासा पनि गरिएको छ । प्रस्तुत कविताकी कम्लरी बाल्यकालमा नै आफ्ना बाबुबाट वार्षिक पाँच हजार र एक जोर नयाँ लुगा अनि केही जडौरीका मूल्यमा साहुका घरमा बेचिएकी हुनाले ऊ पितृसत्ताबाट सीमान्तीकृत पात्र हो । उसले नेपाली समाजका सीमान्तीकृत नारीको प्रतिनिधित्व गरेकी छे । उसका माध्यमबाट कवितामा निम्नवर्गीय नारीजीवनका कुरूपताको प्रतिबिम्बन गरिएको छ । यस कविताकी कम्लरीजस्ता निम्नवर्गीय नारीहरूलाई घरेलु कामदारका रूपमा सस्तो मूल्यमा किनबेच गरिने, उनीहरूलाई श्रमअनुसारको ज्याला नदिने र न्यूनतम मूल्य पनि उनीहरूका हातमा नपर्ने सन्दर्भको अभिव्यक्तिले कवितामा पितृसत्तात्मक सामन्तीवादी समाजले निम्नवर्गीय नारीहरूमाथि गर्ने उत्पीडनको यथार्थ चित्रण गरिएको छ । बाल्यकालदेखि नै अधिकारविहीन बनेका कम्लरीजस्ता नारीहरूमा आफूहरू उत्पीडनमा परेको महसुस हुन थालेपछि उनीहरूमा उत्पन्न भएको प्रतिरोधी चेतनालाई कवितामा यसरी व्यक्त गरिएको छ :

> "खबरदार साहेब, होसमा कि जोसमा ?
> म कम्लरी हो कम्लरी तपाईंको कम्लरी
> साहेबनी बन्नु छैन मलाई"
> मेरो फुलेको यौवनमा

एकै चोटि अत्याचारको विस्फोटन भएको पत्तै पाइन
मेरो लजालु र सहनशीलताको बाँध फुटेको पत्तै पाइन ।

(पृ. १३)

प्रस्तुत कवितांशमा सामन्तवादी पितृसत्ताका पक्षधर साहेबबाट उत्पीडित कम्लरीमा उत्पन्न भएको मुक्तिको चेतनालाई सशक्त ढङ्गमा व्यक्त गरिएको छ । यहाँ सस्तो मोलमा किनेर राखिएकी कम्लरीको ढकमक्क फुलेको जवानीमा आँखा गाड्ने पितृसत्ताका पक्षधर साहेबलाई जोसमा होइन होसमा आउन खबरदारी गरिएको छ। प्रस्तुत कवितामा जवानीमा प्रवेश गरेकी कम्लरीलाई साहेबनी बनाउने प्रलोभन देखाएर शारीरिक शोषण गर्न खोज्ने साहेबलाई कम्लरीले दिएको चेतावनीलाई पनि प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । वर्षौंवर्षदेखि आफूहरूमाथि गरिएका अत्याचार सहँदै आएका कम्लरीहरूमा सहनशीलताको बाँध फुटेर एकै चोटि विस्फोटन भएको प्रतिरोधी आवाजको उद्बोधन कवितामा यसरी भएको छ :

म कम्लरीका ठाउँमा अब काली बनेर
तिमीजस्ता साहेब र मालिकका टाउका छिनालेर
तिमीजस्ता काला दैत्यलाई
एउटै चिहान बनाउन चाहन्छु
अनि त्यही चिहानमा महिलामुक्तिको विगुल फुकेर
एउटै जाति मान्छेको बस्ती बसाल्न चाहन्छु ।

(पृ. १३)

प्रस्तुत कवितांशमा सदियौँदेखि पितृसत्ताका उत्पीडनबाट उत्पीडित कम्लरीमा उत्पन्न भएको प्रतिरोधको आगो सल्किएर कालीको रूप धारण गरेको विद्रोही विचारको अभिव्यक्ति सशक्त ढङ्गमा गरिएको छ । यहाँ प्रतिरोधी चेतना जागृत भइसकेकी कम्लरीका माध्यमबाट उत्पीडनकारी पितृसत्ताका टाउका छिनाएर दानवरूपी मानवहरूलाई एक चिहान बनाउने विद्रोही विचारको उद्घोष पनि जोडदार रूपमा गरिएको छ । निम्नवर्गीय नारीहरूमाथि हुने उत्पीडनको जड उत्पीडनकारी पितृसत्ताका पक्षधर साहेब र मालिकहरूलाई समाप्त गरी समतामूलक समाजनिर्माण गर्ने विद्रोही विचार पनि कवितामा व्यक्त गरिएको छ। समाजका साथै आफ्नै घरभित्रबाट उत्पीडित निम्नवर्गीय नारीलाई कम्लरीका रूपमा किनबेच गर्ने पितृसत्ताको कुरूप यथार्थको चित्रणका साथै त्यस्ता कुरूप यथार्थप्रतिको प्रतिरोधी आवाजलाई पनि कवितामा सशक्त ढङ्गले व्यक्त गरिएको

छ । सामन्तवादी पितृसत्ताले निम्नवर्गीय नारीहरूलाई घरेलु कामदारका रूपमा कौडीको भाउमा किनबेच गरी अधिकारविहीन बनाएर उनीहरूको अस्तित्वमाथि खेलवाड गरिरहेको गम्भीर विषयप्रति कवितामा तीव्र आक्रोश प्रकट गरिएको छ । तसर्थ सीमान्तीकृत नारीको प्रतिरोधका दृष्टिले कविता अब्बल बनेको छ ।

## ३.२४ 'आइती' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'आइती' कवितामा सीमान्तीकृत महिलाको प्रतिनिधित्व र पहिचानलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । यस कविताकी आइती एक सीमान्तीकृत नारी हो । ऊ आइतबार जन्मिएकी हुनाले उसको नाम आइती राखिएको छ । ऊ जन्मनेबित्तिकै सीमान्तीकृत छे । उसले थाहा पाउँदा गोठाल्नीको पहिचान पाएकी छे । उसका काँधमा पितृसत्ताबाट आफूसमानको भाइ र खसीबोकाको जिम्मेबारी दिइएको छ । उक्त खसीबोकालाई नियन्त्रण गर्नका लागि उसका हातमा सिम्कना पनि दिइएको छ । यसबाट उसलाई पितृसत्ताबाट दिइएको पहिचान गोठाल्नी हो भन्ने प्रस्ट भएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा आफ्नै घरबाट सानैदेखि उत्पीडित आइती आफ्ना बुबाबाट सिम्कना खाँदै हुर्किएकी छे । आफ्ना घरमा बाबाट र विद्यालयमा शिक्षकबाट सिम्कना खाँदै हुर्किएकी आइती घर र समाज दुबैतिरबाट उत्पीडित छे । आफूमाथि गरिएको उत्पीडनको बोध भएपछि उसमा प्रतिरोधी चेतना जागृत हुन थालेको छ । पितृसत्ताको उत्पीडनबाट उत्पीडित आइतीमा जागृत भएको प्रतिरोधी चेतनालाई कवितामा यसरी व्यक्त गरिएको छ :

> हो, सिम्कना त्यहाँ उजाउनुपर्ने रहेछ,
> र सिम्कना चलाउन चाहिँदो रहेछ
> धारिलो विचार पनि
> गाउँका आरनहरू सुनसान छन्
> त्यसैले कारखाना खोजिरहेछु,
> म आइती चेपाङ
> आफैँलाई उध्याउन,
> कारखाना खोजिरहेछु ।
>
> (पृ. ९०)

प्रस्तुत कवितांशमा उत्पीडनकारी पितृसत्ताको उत्पीडन सहँदै हुर्किएकी आइती चेपाङमा बिस्तारै प्रतिरोधी चेतना जागृत हुन थालेको कुरालाई प्रस्ट पारिएको छ । सानैदेखि महिलालाई क्षमताभन्दा बढी जिम्मेबारी अनि साथमा सजाय दिने उत्पीडनकारी पितृसत्तामाथि नै सिम्कना उजाउनुपर्ने विचार पनि प्रस्तुत कवितांशमा व्यक्त गरिएको छ । पितृसत्तात्मक समाजको महिलाप्रतिको विभेदकारी दृष्टिकोणमा परिवर्तन ल्याउन सीमान्तीकृत महिला नै सचेत हुनुपर्ने परिवर्तनकामी चेतनाको अभिव्यक्ति पनि उक्त कवितांशमा गरिएको छ। महिलामाथि उत्पीडन गर्ने उत्पीडनकारी पितृसत्ताका विरुद्ध विद्रोह गर्न उत्पीडित महिला नै सक्रिय हुनुपर्ने र उनीहरूमा धारिलो विचार अर्थात् शक्तिशाली चेतनाको आवश्यकता पर्ने धारणा पनि उक्त कवितांशमा व्यक्त गरिएको छ ।

उत्पीडनकारी पितृसत्ताका विरुद्ध प्रतिरोधी आवाज निकाल्न आवश्यक पर्ने धारिला विचारको उत्पादन शिक्षाबाट हुने र गाउँका उत्पीडितहरूका लागि शिक्षाको अवसर कम भएकाले उत्पीडित नारीहरू त्यस्तो धारिलो विचारको खोजीमा लागेको ऊर्ध्वगामी चेतनाको अभिव्यक्ति कवितामा गरिएको छ। अतः बाल्यकालदेखि नै उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित सीमान्तीय नारी आइतीले आफैँलाई शक्तिशाली हतियारमा रूपान्तरण गर्न कारखानाको खोजी गर्नु नै सीमान्तीकृत नारीमा जागृत भएको प्रतिरोधी चेतना हो। त्यस्तो प्रतिरोधी चेतनालाई प्रस्तुत कवितांशमा सशक्त ढङ्गमा व्यक्त गरिएको छ। तसर्थ सीमान्तीकृत महिलाको प्रतिरोधका दृष्टिले कविता उत्कृष्ट बनेको छ।

## ३.२५ 'चुल्ठो' कवितामा सीमान्त महिलाको आवाज र प्रतिरोधी चेतना

'चुल्ठो' महिलाको सीमान्तीय पहिचानलाई प्रस्तुत गरिएको कविता हो । यस कवितामा 'चुल्ठो' ले नारीलाई सङ्केत गरेको छ। यस कवितामा मानव सभ्यताले बाटिदिएको र रीतिरिवाजले कोरिदिएको आदिम चुल्ठोले परम्परादेखि नै महिलालाई दिइएको सीमान्तीय पहिचानलाई चिनाएको छ। परम्परादेखि नै नारीको विशिष्ट पहिचान दिने चुल्ठोलाई पितृसत्तात्मक समाजव्यवस्थाले आफ्नो स्वार्थअनुकूल विभिन्न प्रयोजनका लागि उपयोग गर्दै आएको सन्दर्भलाई कवितामा व्यक्त गरिएको छ । उत्पीडनकारी पितृसत्ताको स्वार्थअनुसार परम्परादेखि नै कहिले युद्धमा होम्नका लागि काली बनाइएको त कहिले लक्ष्मी र सरस्वती बनाएर सजाइएको अनि कहिले साङ्लो बनाई घरकी दासी बनाइएको आदिम चुल्ठोले पितृसत्ताका स्वार्थअनुकूल महिलाप्रतिको विभेदजन्य व्यवहारको चिनारी गराएको छ । कहिले बोक्सीको आरोप लगाएर दुत्कारिएको त्यही चुल्ठोको सन्दर्भबाट कवितामा

पितृसत्ताबाट महिलामाथि गरिने व्यवहारको विद्रुप यथार्थलाई चिनाइएको छ । यसबाट परम्परादेखि नै महिलाले आफ्नो स्वतन्त्र अस्तित्व पाएका छैनन् र उनीहरूका स्वतन्त्र इच्छाहरू उत्पीडनकारी पितृसत्ताबाट खोसिएका छन् भन्ने कुरा प्रस्ट भएको छ । लामो समयदेखि पितृसत्तात्मक संस्कारबाट उत्पीडित महिलाहरूमा आफू उत्पीडनमा परेको महसुस भएको र त्यस्तो उत्पीडनका विरुद्ध सामान्य प्रतिरोध गर्न थालेको प्रसङ्गलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

एउटा पुरानो शैलीको
चुल्ठो छ मसँग
आफैँले कोर्न नपाएको
आफैँले सम्याउन नपाएको
सदियौँपूर्व अरूले बाटिदिएको
कुसंस्कारको कुवामा पखाल्दा-पखाल्दा
मैलिएर लट्पटिएको
आफ्नै शिरलाई भारी-भारी लाग्ने
एउटा
आदिम चुल्ठो छ मसँग
मबाटै मुक्ति खोजिरहेको ।

(पृ. १९)

प्रस्तुत कवितांशमा पितृसत्तात्मक समाजव्यवस्थामा महिलाहरू सदियौँदेखि स्वतन्त्र नरहेका, उनीहरू पितृसत्ताको स्वार्थअनुकूल चलाइएका र सदियौँदेखि अरूले बाटिदिएको चुल्ठो जस्तै पितृसत्ताका कुसंस्कारमा बाँधिएका छन् भन्ने यथार्थको प्रतिबिम्बन गरिएको छ । पितृसत्तात्मक समाजव्यवस्थामा कहिले बादल र झरनाको उपमा दिएर प्रशंसा गरिने त कहिले बोक्सीको आरोप लगाएर दुत्कारिने चुल्ठोलाई जस्तै नारीहरूलाई पनि पितृसत्ताले आफ्नो स्वार्थअनुकूल प्रयोग गरेको विचारको अभिव्यक्ति पनि कवितामा भएको छ । यसबाट आफ्नो इच्छाअनुसार चल्न नपाएका नारीहरूको सीमान्तीय पहिचान स्पष्ट भएको छ । पितृसत्ताले लादेका कतिपय कुसंस्कारको मैलोमा डुबेका उत्पीडित महिलालाई पितृसत्ताले बाटिदिएको पुरातन चुल्ठो भारी लाग्न थालेको सन्दर्भले उनीहरूमा आफूहरू उत्पीडनमा परेको महसुस हुन थालेको र उक्त उत्पीडनबाट मुक्तिको चेतना जागृत हुन थालेको विचारको अभिव्यक्ति पनि कवितामा गरिएको छ ।

प्रस्तुत कवितामा सदियौँदेखि अरूले बाटिदिएको चुल्ठोले जसरी मुक्ति खोजिरहेको छ, त्यसरी नै पितृसत्ताबाट उत्पीडित महिलाहरूले पनि मुक्ति खोज्न थालेको चेतनाको अभिव्यक्ति कवितामा बेजोड रूपमा गरिएको छ । तसर्थ प्रस्तुत कवितामा सीमान्तीय महिलामा जागृत भएको मुक्तिको चेतनालाई परिवर्तन खोजिरहेको आदिम चुल्ठोको सन्दर्भबाट व्यक्त गरिएको हुनाले उत्पीडनकारी पितृसत्ताबाट सीमान्तीकृत महिलाको मुक्तिको चेतनाका दृष्टिले कविता प्रभावकारी बनेको छ ।

## ३.२६ निष्कर्ष

गणतन्त्रोत्तर नेपाली कवितामा नेपाली समाजमा विद्यमान लैङ्गिक उत्पीडनको यथार्थ प्रतिबिम्बनका साथै त्यस्ता उत्पीडनविरुद्ध विद्रोहको चेतनाका साथ नारी स्वतन्त्रताको उद्घोष गरिएको छ । यस समयमा लेखिएका महिला र पुरुष दुबै कविका कवितामा नारीमुक्तिको चेतना व्यक्त गरिएको छ । नेपाली समाजको सामन्तवादी, अर्द्धसामन्ती र पुँजीवादी पितृसत्ताबाट विभिन्न जात, वर्ग, क्षेत्र र समुदायका महिलाहरूमाथि गरिएका शारीरिक, मानसिक तथा यौनिक उत्पीडनको बोध भएपछि उत्पीडित महिलामा जागृत भएको प्रतिरोधी चेतनालाई उत्तरवर्ती नेपाली कवितामा कहीँ मौन रूपमा त कहीँ वाचाल रूपमा व्यक्त गरिएको छ । त्यस्तो प्रतिरोध कहीँ उत्पीडित महिलाबाटै जोडदार रूपमा त कहीँ जैविक बुद्धिजीवीका माध्यमबाट सहानुभूतिपूर्ण रूपमा गरिएको छ । आफ्ना यौनक्षुधा शान्त पार्न महिलालाई वेश्या बनाउने तर समाजका अगाडि चाहिँ अछुत भनेर घृणा गर्ने आडम्बरी सामन्तवादी पितृसत्ताका स्वार्थी चरित्रका कारण महिलाहरू उत्पीडनमा परेको खुलासा गर्दै त्यस्तो उत्पीडनबाट मुक्तिका लागि उत्पीडित महिलामा जागृत भएको प्रतिरोधी चेतनालाई 'उमा बदिनी', 'कुमारी आमा र सपनाहरू', 'बादी विज्ञप्ति'जस्ता कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ । त्यसैगरी नारीलाई यौनबजारको वस्तुका साथै उपभोक्तावादी बजारविस्तारको साधन बनाएर यौन शोषण गरिरहेको सन्दर्भप्रति 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' कवितामा कडा प्रतिरोध गरिएको छ । यस समयका कवितामा सदियौँदेखि पितृसत्ताका जब्बरपनले जोगाएर राखेका रूढिवादी अन्धपरम्परा र मानवताविरोधी परम्परागत संस्कारका कारण सीमान्तीकृत बनेका महिलामा उत्पन्न भएको तीव्र आक्रोशलाई व्यक्त गरिएको छ । त्यसैगरी जैविक रूपमा नै आफ्नो विशिष्ट किसिमको शारीरिक संरचना लिएर जन्मिएका नारीलाई आफ्नो आविष्कार ठानी उनीहरूमाथि शासन गरिरहेको पितृसत्ताप्रति 'के तिमीले मलाई

आविष्कार गऱ्यौ ?' कवितामा प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट विद्रोह गरिएको छ । यस समयका कवितामा नारीहरूले पहिचानविहीन बन्नुपर्दाका पीडाको अनुभूतिलाई पनि प्रभावकारी ढङ्गमा उद्घोष गरिएको छ। नारीहरूले आफ्ना नामबाट चिनिन नपाएका अवस्थाका साथै नेपालका शैक्षिक तथा प्रशासनिक क्षेत्रमा समेत आमाको नामको आवश्यकताबोध नभएको अवस्थाप्रति 'आमा तिम्रो नाम के हो ?' कवितामा असन्तुष्टि प्रकट गरिएको छ । नारीहरू परिवार, समाजका साथै राज्यबाटै उत्पीडित बनेका सन्दर्भलाई 'मेरी आमा', 'डम्बरीको देश', 'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर', देह प्रतिरोध', 'ओक्कल दोक्कल पिपल पात', 'कम्लरी', 'आइती' आदि कवितामा व्यक्त गर्दै त्यस्तो उत्पीडनबाट मुक्तिको उद्घोष पनि प्रकट गरिएको छ। त्यसैगरी छोरीलाई गर्भमै हत्या गर्ने छोरावादी जब्बर पितृसत्ताका विरुद्धको प्रतिरोधी आवाज 'मलाई जन्माइदेऊ' र 'सच्याऊ यो इतिहास' कवितामा जोडदार रूपमा व्यक्त गरिएको छ। अतः नारीलाई बोक्सीको आरोपमा बिस्टा खुवाउने, वेश्यावृत्तिमा लगाएर यौनशोषण गर्ने, लोभलालचमा पारेर किनबेच गर्ने, कथित अछुत नारीलाई यौनदासी बनाउने, कम्लरीका रूपमा दास बनाउने, छोरीलाई गर्भमै हत्या गर्नेजस्ता पितृसत्ताबाट महिलामाथि गरिएका सामाजिक-सांस्कृतिक उत्पीडनका विरुद्धको प्रतिरोधी आवाजलाई उत्तरवर्ती पुरुष कविका कवितामा द्रष्टाका अनुभूतिका रूपमा र महिला कविका कवितामा भोक्ताका अनुभूतिका रूपमा सशक्त ढङ्गले व्यक्त गरिएको छ।

# परिच्छेद : चार

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

*गणतन्त्रोत्तर नेपाली कवितामा लैङ्गिक सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय र यसका उपशीर्षकहरू रहेका छन् । यस परिच्छेदमा शोधपरिचयअन्तर्गत क्रमशः विषयपरिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधविधि (सामग्री सङ्कलनविधि, विश्लेषणको सैद्धान्तिक आधार र अर्थापनको पद्धति) शोधको सीमाङ्कन तथा शोधपत्रको रूपरेखाजस्ता उपशीर्षकमा यस शोधलाई व्यवस्थित गरिएको छ । यस शोधमा प्राज्ञिक समस्यासँग सम्बन्धित पूर्वकार्यहरूको सूक्ष्म अध्ययन गरेर समस्याको पहिचान गरिएको छ । सोही शोधसमस्याको पहिचानका आधारमा शोधको उद्देश्य निर्धारण, शोधकार्यको सीमाङ्कन, सामग्री विश्लेषणको अवधारणात्मक ढाँचा, शोधको औचित्यका साथै शोधप्रबन्धको रूपरेखा पनि तयार गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको अवस्था शीर्षकअन्तर्गत विषयपरिचय, सीमान्तीय अध्ययनको अवधारणा, प्रतिनिधित्व र पहिचानको सैद्धान्तिक परिचय र विश्लेषणका लागि चयन गरिएका कवितामा वर्णित सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानको विश्लेषण तथा परिच्छेदगत निष्कर्ष उपशीर्षकमा केन्द्रित भएर शोध्य समस्याको विश्लेषण गरिएको छ । यस परिच्छेदमा लैङ्गिक दृष्टिबाट सीमान्तीकृत महिलाको प्रतिनिधित्व गरिएका गणतन्त्रोत्तर कविहरूका कविताहरूको विश्लेषण गरिएको छ । यहाँ गणतन्त्रोत्तर कविता भनेर वि.सं. २०६२ देखि वि. सं. २०७७ सालसम्मका एघार जना पुरुष कवि र तेर जना महिला कविका लैङ्गिक प्रतिनिधित्व भएका एक एक ओटा कविताहरू छनोट गरी तिनमा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ । यहाँ क्रमशः अमर गिरीको 'देह प्रतिरोध', केशव सिलवालको 'धारिला मानिसहरू', श्रवण मुकारुङको 'मेरी आमा', अनिल श्रेष्ठको 'एउटी वादी आइमाईका पेटिकोटका टुक्राहरू च्यातिएर', विनोदविक्रम के. सीको 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग', सङ्गीत श्रोताको 'हेडसर वसन्ती संवाद', विप्लव ढकालको 'डम्बरीको देश', आहुतिको लक्ष्मिनिया तिम्रो लोटा खै ?', केवल बिनाबीको 'कुमारी आमा र सपनाहरू', प्रकाश गुरागाईंको 'च्याम्पकी युवती', राजन मुकारुङ्को

'माया बिकको चोलो' गरी एघार जना पुरुष कविका लैङ्गिक प्रतिनिधित्व गरिएका एक एक ओटा कवितामा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा यहाँ उक्त कविता कुन सङ्ग्रहमा छापिएको छ, त्यसको प्रकाशन सालका आधारमा क्रम निर्धारण गरिएको छ ।

प्रस्तुत शोपत्रको दोस्रो परिच्छेदमा पुरुष कविका कविताको विश्लेषणपछि महिला कविका कविताको विश्लेषण गरिएको छ । महिला कविहरूमा पनि उक्त कविता जुन सङ्ग्रहमा छापिएको छ, त्यसको प्रकाशन वर्षका आधारमा विश्लेषणको क्रम निर्धारण गरिएको छ । यहाँ महिला कविहरूमा पनि क्रमशः लक्ष्मी मालीको 'आमा तिम्रो नाम के हो ?', प्रगति राईको 'वादी विज्ञप्ति', सीता शर्माको 'उमा बदिनी', सुधा त्रिपाठीको 'मलाई जन्माइदेऊ', सरस्वती प्रतीक्षाको 'तथागत मलाई उत्खनन् गर', सरिता तिवारीको 'के तिमीले मलाई आविष्कार गर्‍यौ ?', विना तामाङको 'जुनकिरी', सीमा आभासको 'योगमायाको काँचो वायु', बिन्दु शर्माको 'ओक्कल दोक्कल पिपल पात', विमला तुम्खेवाको 'सच्याऊ यो इतिहास', शीला योगीको 'कम्लरी', गौरी दाहालको 'आइती', कल्पना चिलुवालको 'चुल्ठो' गरी तेर जना महिला कविका लैङ्गिक प्रतिनिधित्व भएका एक एक ओटा कविताहरू चयन गरी तिनमा प्रयुक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ । उक्त कविताहरूको विश्लेषणबाट यहाँ सामन्ती, अर्द्धसामन्ती तथा साम्राज्यवादी पुँजीवादी पितृसत्तात्मक समाजव्यवस्थाद्वारा विभिन्न वर्ग, क्षेत्र, जात, धर्म तथा समुदायका नारीहरूमाथि गरिएका सामाजिक, सांस्कृतिक, मानसिक, यौनिक उत्पीडनको यथार्थ चित्रणबाट उनीहरूको सीमान्तीय प्रतिनिधित्व र पहिचान पनि स्पष्ट भएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा शोधको दोस्रो प्राज्ञिक समस्यालाई विश्लेषण गरिएको छ । यस परिच्छेदमा पनि प्राज्ञिक समस्याको समाधानका लागि क्रमशः विषयपरिचय, आवाज र प्रतिरोधको अवधारणा , विश्लेष्य तेइसओटा कवितामा वर्णित सीमान्त महिलाको आवाज र प्रतिरोधको विश्लेषण तथा परिच्छेदगत निष्कर्षजस्ता उपशीर्षकमा अध्ययनलाई व्यवस्थित गरिएको छ। यस क्रममा सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिरोधको सैद्धान्तिक अवधारणालाई आधार बनाएर लैङ्गिक प्रतिनिधित्व र पहिचान भएका विवेच्य कवितामा पितृसत्ताको उत्पीडनविरुद्ध सीमान्तीकृत महिलाको आवाज र प्रतिरोधको विश्लेषण गरिएको छ । यस परिच्छेदमा दस जना पुरुष कवि र तेर जना महिला कविका कवितामा प्रयुक्त सीमान्तीकृत महिलाको आवाजका साथै पितृसत्ताको

उत्पीडनविरुद्ध सीमान्तीकृत महिलाले गरेको प्रतिरोधको विश्लेषण गरिएको छ। उक्त कविताहरूको विश्लेषणबाट यहाँ पितृसत्तात्मक सामन्ती तथा अर्द्धसामन्ती नेपाली समाजव्यवस्थाबाट शारीरिक, मानसिक, आर्थिक, यौनिक, सामाजिक तथा सांस्कृतिक उत्पीडनमा परेका सीमान्तीकृत महिलामा प्रतिरोधी चेतनाको विकास हुँदै गरेको अवस्था स्पष्ट भएको छ। सीमान्तीकृत महिलामा जागृत भएको विद्रोहको आवाज कतै मौन रूपमा त कतै वाचाल रूपमा व्यक्त गरिएको कुरा प्रस्ट भएको छ। यस क्रममा कतै उत्पीडित महिलाबाट नै विद्रोहको आवाज सशक्त ढङ्गमा व्यक्त गरिएको छ भने कतै जैविक बुद्धिजीवीका माध्यमबाट प्रस्तुत गरिएको छ।

प्रस्तुत शोधको चौथो परिच्छेद समग्र शोधकार्यको निष्कर्षका रूपमा रहेको छ। यस परिच्छेदमा प्रस्तुत शोधप्रबन्धका सम्पूर्ण परिच्छेदहरूको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ।

## ४.२ अध्ययनको निष्कर्ष र प्राप्ति

*गणतन्त्रोत्तर नेपाली कवितामा लैङ्गिक सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्धमा शोधसमस्यामा उल्लिखित दुईओटा शोधप्रश्नहरूको विश्लेषण माथिका दोस्रो र तेस्रो परिच्छेदमा गरिएको छ। ती विश्लेषणबाट प्राप्त समाधानलाई निष्कर्षका रूपमा तल प्रस्तुत गरिएको छ :

(क) प्रस्तुत शोधप्रबन्धमा समस्याकथनभित्रको पहिलो प्राज्ञिक समस्याको समाधानका रूपमा निम्नानुसारका निष्कर्षहरू प्राप्त भएका छन् :

(अ) प्रस्तुत अध्ययनका लागि छनोट गरिएका गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्तीयताका सिद्धान्त तथा त्यसको अवधारणात्मक आधारमा विश्लेषण गर्दा लैङ्गिक दृष्टिले सीमान्त समुदायको प्रतिनिधित्व र पहिचानको अवस्थालाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको कुरा प्रस्ट भएको छ। नेपालमा गणतन्त्र स्थापनापछिका कवितामा पितृसत्तात्मक सामाजिक संरचना भएको नेपाली समाजमा नारीमाथि उत्पीडन गर्ने विभेदकारी दृष्टिकोणप्रति तीव्र असन्तुष्टि प्रकट गरिएको स्पष्ट भएको छ। यस समयका कवितामा पितृसत्ताबाट उत्पीडित नारीको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ।

(आ) गणतन्त्रोत्तर नेपाली कवितामा व्यक्त महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको विश्लेषण गर्दा यहाँ मूलतः पितृसत्ताको विभेदी चरित्रका कारण नारीमाथि सामाजिक, सांस्कृतिक एवम् लैङ्गिक उत्पीडन गरी नारीलाई सीमान्तमा पुऱ्याइएको कुरा प्रस्ट भएको

छ । पितृसत्तात्मक नेपाली समाजमा परम्परादेखि नै नारीलाई सामाजिक, सांस्कृतिक तथा आर्थिक दृष्टिले दमन गरिएको, उनीहरूमाथि यौनशोषण गरिएको, उनीहरूलाई घरेलु श्रमिकका रूपमा काम लगाइएको, कामअनुसारको दाम नदिइएको, न्यूनतम दाम दिइहाले पनि पुरुषका हातमा दिइएको, उनीहरूलाई बजारको वस्तुसरह किनबेच गरिएको, छोरीलाई गर्भमै हत्या गरिएको जस्ता विविध विषयको अभिव्यक्तिबाट गणतन्त्रोत्तर नेपाली कवितामा पितृसत्ताको प्रभुत्व र महिलाको सीमान्तीयतालाई चिनाइएको छ । यसरी पितृसत्ताका स्वार्थी र शोषकीय व्यवहारका कारण महिलाहरू शक्तिहीन भएर सीमान्तमा पुऱ्याइएका हुन् भन्ने अन्तर्य यहाँका कवितामा प्रकट भएको छ ।

(इ) परम्परागत पितृसत्तात्मक मधेसी समाजका रूढ सांस्कृतिक अन्धता, नारीप्रति अनुदार संस्कार र स्थापित मानक मूल्यका आधारमा गरिने विभेद, शोषण र उत्पीडनका कारण महिलाहरू सीमान्तमा पुऱ्याइएका छन् भन्ने विचारको अभिव्यक्ति 'लक्ष्मिनिया तिम्रो लोटा खै ?' कवितामा प्रभावकारी ढङ्गमा गरिएको छ । त्यसैगरी महिलामाथि उत्पीडन गर्ने उत्पीडनकारी पुँजीवादी पितृसत्ताले महिलालाई यौनबजार र उपभोक्तावादी बजारको सामानका रूपमा वस्तुकरण गरी शारीरिक, मानसिक, यौनिक तथा आर्थिक शोषण गरेर सीमान्तीकृत गरेको यथार्थको उद्बोधन पनि यस समयका कवितामा गरिएको छ । पितृसत्तात्मक समाजव्यवस्थामा बोक्सीको आरोपमा बिस्टा खुवाएर सीमान्तमा पुऱ्याइएकी नारीको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई 'सत्यदेवी बोल्छिन्' कवितामा प्रस्तुत गरिएको छ । नेपाली समाजमा बोक्सीको आरोप लगाएर महिलालाई दुत्कार्ने कुसंस्कारले नारीअस्तित्वमाथि प्रहार गरेर सीमान्तीकृत गरेको यथार्थको प्रतिबिम्बन 'चुल्ठो' कवितामा पनि गरिएको छ ।

(ई) पितृसत्तात्मक समाजका सांस्कृतिक अन्धताका कारण छोरीको भ्रूणहत्या गराएर नारीका जैविक अधिकारको हनन गरिएको र उनीहरूलाई परनिर्भर बनाएर शक्तिहीन तुल्याइएको सन्दर्भलाई पनि 'मलाई जन्माइदेऊ' र 'सच्याऊ यो इतिहास' जस्ता कवितामा व्यक्त गरिएको छ ।

(उ) 'तथागत मलाई उत्खनन् गर' मा आदिम मिथकीय सन्दर्भलाइ जोड्दै वर्तमान समयमा उपेक्षित बनेका नारीहरूको आत्मगौरवको खोजी गरिएको छ । यस कवितामा तथागत

मलाई उत्खनन गर भन्दै बुद्धको तपस्याजन्य जीर्णतामा चेतना भर्ने सुजाताको आत्मकथनमा सिद्धार्थ गौतमलाई बुद्ध बनाउने आद्य नारीशक्तिका सीमान्तीकृत पहिचानको उत्खनन गर्नुपर्ने अन्तर्य पनि प्रकट गरिएको छ ।

(ऊ) 'जुनकिरी' कवितामा ग्रामीण क्षेत्रका युवतीहरूलाई उत्पीडनकारी सामन्ती पितृसत्ताबाट अनेक प्रलोभन देखाएर बेचबिखन गरी सीमान्तमा पुऱ्याएका यथार्थको अभिव्यक्ति पनि गरिएको छ । त्यसैगरी जातव्यवस्थामा आधारित पितृसत्तात्मक समाजबाट बादी जातिका महिलाहरूलाई देहव्यापारमा लाग्न बाध्य बनाएर उनीहरूको मानवीय अस्तित्वमाथि खेलवाड गरी सीमान्तीकृत गरेको सन्दर्भलाइ पनि यस समयका कवितामा व्यक्त गरिएको छ । यसका साथै पितृसत्तात्मक समाज व्यवस्थाका कारण विभिन्न जात, वर्ग, क्षेत्र र समुदायका महिलाहरूमाथि गरिएका शारीरिक, मानसिक तथा यौनिक उत्पीडनको यथार्थ प्रतिबिम्बन गर्दै महिलाका सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई गणतन्त्रोत्तर नेपाली कवितामा प्रस्तुत गरिएको छ ।

(ऋ) प्रतिनिधित्व र पहिचानका दृष्टिले महिला कवि र पुरुष कविका कवितामा व्यक्त नारी चेतनाको विश्लेषण गर्दा दुबैका कवितामा उत्पीडित महिला प्रतिनिधि पात्रहरूको सघन उपस्थिति रहेको छ । यहाँ केशव सिलवालका 'सत्यदेवी बोल्छिन्' कविताबाहेक अन्य पुरुष कविका कवितामा नारीलाई द्वितीय पुरुषवाचक सर्वनाम 'तिमी' का रूपमा सम्बोधन गरी सहानुभूतिपरक ढङ्गमा सीमान्तीय पहिचानलाई व्यक्त गरिएको छ भने महिला कविका कवितामा पितृसत्ताबाट गरिएको उत्पीडनको बोध भएपछि नवीन पहिचानका लागि नारीहरू सङ्घर्षरत रहेका विचारको अभिव्यक्ति गरिएको छ । महिला कविका कवितामा उत्पीडनकारी पितृसत्तात्मक समाजबाट नारीका पीडालाई बुझ्न नखोजिएको अथवा बुझ पचाएर नारीमाथि उत्पीडन गरिरहेको विचारको अभिव्यक्ति पनि प्रकट गरिएको छ । महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानको अभिव्यक्ति पुरुष र नारी दुबै कविहरूबाट सशक्त रूपमा व्यक्त गरिएको छ ।

(ख) प्रस्तुत शोधप्रबन्धमा समस्याकथनभित्रको दोस्रो प्राज्ञिक समस्याको समाधानका रूपमा निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन् :

(अ) नेपाली समाजको सामन्तवादी, अर्द्धसामन्ती र पुँजीवादी पितृसत्ताबाट विभिन्न जात, वर्ग, क्षेत्र र समुदायका महिलाहरूमाथि गरिएका शारीरिक, मानसिक तथा यौनिक उत्पीडनको बोध भएपछि उत्पीडित महिलामा जागृत भएको प्रतिरोधी चेतनालाई गणतन्त्रोत्तर नेपाली कवितामा कहीँ मौन रूपमा त कहीँ वाचाल रूपमा व्यक्त गरिएको छ । त्यस्तो प्रतिरोध कहीँ उत्पीडित महिलाबाटै जोडदार रूपमा त कहीँ जैविक बुद्धिजीवीका माध्यमबाट सहानुभूतिपूर्ण रूपमा त कहीँ सशक्त रूपमा गरिएको छ ।

(आ) जातव्यवस्थामा आधारित पितृसत्तात्मक समाजबाट बादी जातिका महिलालाई देहव्यापारमा लाग्न बाध्य बनाएर उनीहरूको मानवीय अस्तित्वमाथि खेलवाड गरी उत्पीडन गरिएको विषयप्रति बादी महिलाका तर्फबाट कडा विद्रोह गर्दै प्रतिरोधी चेतना व्यक्त गरिएको छ । पितृसत्तात्मक समाजव्यवस्थामा बोक्सीको आरोपमा बिस्टा खुवाएर सीमान्तमा पुऱ्याइएकी नारी सत्यदेवीका माध्यमबाट 'सत्यदेवी बोल्छिन्' कवितामा पितृसत्तात्मक समाजबाट महिलामाथि गरिएका उत्पीडनका विरुद्ध कडा प्रतिरोध गरिएको छ । नेपाली समाजमा बोक्सीको आरोप लगाएर महिलालाई दुत्कार्ने कुसंस्कारले नारीअस्तित्वमाथि प्रहार गरेर सीमान्तीकृत गरेको यथार्थको प्रतिबिम्बन गर्दै 'चुल्ठो' कवितामा लैङ्गिक उत्पीडनका विरुद्धको प्रतिरोधी आवाज व्यक्त गरिएको छ ।

(इ) पितृसत्तात्मक समाजका सांस्कृतिक अन्धताका कारण छोरीको भ्रूणहत्या गराएर नारीका जैविक अधिकारको हनन गरिएको, उनीहरूलाई परनिर्भर बनाएर शक्तिहीन तुल्याइएको सन्दर्भप्रति पनि 'मलाई जन्माइदेऊ' र 'सच्याऊ यो इतिहास' जस्ता कवितामा तीव्र आक्रोश व्यक्त गरिएको छ । त्यसैगरी 'तथागत मलाई उत्खनन् गर' मा आदिम मिथकीय सन्दर्भलाई जोड्दै वर्तमान समयमा उपेक्षित बनेका नारीहरूको आत्मगौरवको खोजी गरिएको छ । यस कवितामा तथागत मलाई उत्खनन गर भन्दै बुद्धको तपस्याजन्य जीर्णतामा चेतना भर्ने सुजाताको आत्मकथनमा सिद्धार्थ गौतमलाई बुद्ध बनाउने आद्य नारीशक्तिको सीमान्तीकृत पहिचानको उत्खनन गर्नुपर्ने अन्तर्य पनि प्रकट गरिएको छ ।

(ई) जन्मजात रूपमा नै आफ्नो विशिष्ट किसिमको शारीरिक संरचना लिएर आएका नारीलाई आफ्नो आविष्कार ठानी उनीहरूमाथि शासन गरिरहेको पितृसत्ताप्रति 'के तिमीले मलाई

आविष्कार गऱ्यौ ?' कवितामा प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट कडा विद्रोह गरिएको छ ।

(उ) आफ्ना यौनचाहना पूरा गर्न तिनलाई वेश्या बनाउने तर समाजका अगाडि चाहिँ अछुत भनेर घृणा गर्ने आडम्बरी पितृसत्ताका खराब चरित्रका कारण महिलाहरू उत्पीडनमा परेको खुलासा गर्दै त्यस्तो उत्पीडनबाट मुक्तिका लागि उत्पीडित महिलामा जागृत भएको प्रतिरोधी चेतनालाई 'उमा बदिनी', 'कुमारी आमा र सपनाहरू', 'बादी विज्ञप्ति'जस्ता कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ । त्यसैगरी नारीलाई यौनबजारको वस्तु बनाएर शोषण गरिरहेको सन्दर्भप्रति 'च्याम्पकी युवती' कवितामा मौन प्रतिरोध गरिएको छ भने 'हरिया दाँत भएकी वेश्या निला आँखा भएका ग्राहकसँग' कवितामा कडा प्रतिरोध गरिएको छ ।

(ऊ) परम्परागत पितृसत्तात्मक मधेसी समाजका रूढिवादी मान्यता, नारीप्रति अनुदार संस्कार, स्थापित मानक मूल्यका आधारमा गरिने विभेद, शोषण र उत्पीडनका कारण उत्पीडित महिलामा जागृत हुने प्रतिरोधी चेतनालाई 'लक्ष्मिनिया तिम्रो लोटा खै ?' कवितामा जैविक बुद्धिजीवीका माध्यमबाट प्रभावकारी ढङ्गमा गरिएको छ । नारीहरू परिवार, समाजका साथै राज्यबाटै उत्पीडित बनेका सन्दर्भलाई 'मेरी आमा', 'डम्बरीको देश', 'एउटी बादी आइमाईका पेटीकोटका टुक्राहरू च्यातिएर', देह प्रतिरोध', 'ओक्कल दोक्कल पिपल पात', 'कम्लरी', 'आइती' आदि कवितामा व्यक्त गर्दै त्यस्तो उत्पीडनका विरुद्ध उत्पीडित महिलामा जागृत हुने विद्रोही आवाजको उद्घोष पनि गरिएको छ ।

गणतन्त्रोत्तर नेपाली कवितामा सीमान्त महिलाको प्रतिनिधित्व र पहिचानलाई प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । यस समयका कवितामा पितृसत्तात्मक पुँजीवादी सामन्ती, अर्द्धसामन्ती समाजव्यवस्थाबाट सीमान्तीकृत नारीहरूको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गरिएको छ । उत्पीडनकारी पितृसत्ताबाट उत्पीडित नारीको सीमान्तीय प्रतिनिधित्व र पहिचानलाई प्रस्तुत गर्ने क्रममा सामन्ती, अर्द्धसामन्ती समाजव्यवस्थाबाट तेहरो उत्पीडनमा पारिएका कथित अछुत वेश्यावृत्तिमा लाग्न बाध्य पारिएका बादी महिलाहरू, कुमारीमै आमा बन्न विवश महिलाहरू, छोरीलाई गर्भमै हत्या गर्न बाध्य महिलाहरू, बोक्सीको आरोपमा अनेक उत्पीडन सहन विवश महिलाहरू, वेश्याका साथै कम्लरीका रूपमा बेचिन बाध्य भएका महिलाहरूका शक्तिहीनतालाई

प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । त्यसैले महिलाको सीमान्तीय प्रतिनिधित्व र पहिचानका दृष्टिले उक्त कविताहरू सशक्त बनेका छन् ।

नारीलाई बोक्सीको आरोपमा बिस्टा खुवाउने, वेश्यावृत्तिमा लगाएर यौनशोषण गर्ने, लोभलालचमा पारेर किनबेच गर्ने, कथित अछुत नारीलाई यौनदासी बनाउने, कम्लरीका रूपमा दास बनाउने, छोरीलाई गर्भमै हत्या गर्नेजस्ता पितृसत्ताबाट महिलामाथि गरिएका सामाजिक-सांस्कृतिक उत्पीडनका विरुद्धको प्रतिरोधी आवाजलाई गणतन्त्रोत्तर नेपाली कवितामा सशक्त ढङ्गमा व्यक्त गरिएको छ । यस समयका कवितामा आफ्ना यौनक्षुधा शान्त पार्न महिलालाई वेश्या बनाउने तर समाजका अगाडि चाहिँ अछुत भनेर घृणा गर्ने आडम्बरी सामन्तवादी पितृसत्ताका स्वार्थी चरित्रका कारण महिलाहरू उत्पीडनमा परेको खुलासा गर्दै त्यस्तो उत्पीडनबाट मुक्तिका लागि उत्पीडित महिलामा जागृत भएको प्रतिरोधी चेतनालाई पनि सशक्त ढङ्गमा व्यक्त गरिएको छ । सदियौँदेखि पितृसत्ताका जब्बरपनले जोगाएर राखेका रूढिवादी अन्धपरम्परा, मानवताविरोधी परम्परागत संस्कारका कारण सीमान्तीकृत बनेका महिलामा उत्पन्न भएको तीव्र आक्रोशलाई पनि उक्त कविताहरूमा प्रस्तुत गरिएको छ । यसले गणतन्त्रोत्तर नेपाली कवितालाई विशिष्ट पहिचान दिनुका साथै प्रवृत्तिगत दृष्टिले नयाँ आयाम पनि थपेको छ । गणतन्त्रोत्तर नेपाली कविताको यही विशिष्ट पहिचान र प्रवृत्तिको उद्‌घाटन प्रस्तुत शोधको मुख्य प्राप्तिसमेत रहेको छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, केशवराज (२०७०). परिभाषित आँखाहरू उपन्यासको सांस्कृतिक अध्ययन. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

आभास, सीमा (२०७३). *म स्त्री अर्थात् आइमाई.* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

आहुति, (२०७२). *गहुँगोरो अफ्रिका.* काठमाडौँ : प्रगति पुस्तक सदन ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०७२). समकालीन नेपाली कविताका स्वरहरू. *काव्य विमर्श* (सम्पा.) अमर गिरी. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान. पृ. ३०-६२ ।

एटम, नेत्र (२०७२). समकालीन नेपाली कविताको शिल्पविधान. *प्रज्ञा समकालीन नेपाली कविता विमर्श.* प्रज्ञा-प्रतिष्ठान, पृ. ३६१-४०६ ।

केसी, विनोदविक्रम (२०६९). *भोकको क्षेत्रफल.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन प्रा.लि. ।

कोइराला, नरेन्द्रप्रसाद (२०७०). रमेश विकलका कथामा सीमान्तीयता. (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध). नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

गडतौला, नारायणप्रसाद (२०७४). *समकालीन नेपाली कविताको समाजशास्त्र.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, अमर (२०६४). *दुःसाध्य समय.* काठमाडौँ : झिसमिसे प्रकाशन ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी.* भाग १९ (सम्पा.) लिखत पाण्डे. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ ११-४६ ।

गिरी, अमर (२०७३). *समकालीन नेपाली कविताको वैचारिक परिप्रेक्ष्य.* ललितपुर : साझा प्रकाशन ।

गिरी, अमर  (२०७४). *भूमण्डलीकरण र साहित्य.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गिरी, मधुसूदन (२०७७). नेपाली नारी कविका कवितामा नारीवादी चेतना. *भृकुटी* भाग २३ (सम्पा.) लिखत पाण्डे. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. २६६-३०० ।

गुरागाईं, प्रकाश (२०७५). *खुट्टमा श्रीपेच.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन प्रा.लि. ।

गुरुङ, सुशान्त (२०७०). भूमण्डलीकरण र सांस्कृतिक अध्ययन. *भृकुटी.* (सम्पा.) लिखत पाण्डे. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ १०३-११३ ।

गौतम, कृष्ण (२०७५). *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८). *उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप.* काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७०). उत्तरवर्ती नेपाली नारीकविता लेखनमा नारीवादी चेतना. *नेपाली नारीवादी समालोचना.* (सम्पा.) सुधा त्रिपाठी र सीता पन्थी. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.१४४-१६६ ।

गौतम, लक्ष्मणप्रसाद (२०७२). उत्तरवर्ती नेपाली कवितामा सांस्कृतिक चेतना. *काव्य विमर्श* (सम्पा.) अमर गिरी.काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.१४०-१६९ ।

चापागाईं, निनु (२०६८). *दलित सौन्दर्य शास्त्र र साहित्य.* ललितपुर : साझा प्रकाशन ।

चिलुवाल, कल्पना (२०७७). *चुल्ठो.* काठमाडौँ : बेला प्रकाशन ।

ढकाल, रजनी (२०७०). सांस्कृतिक अध्ययनमा लैङ्गिकता. *भृकुटी.* (सम्पा.) लिखत पाण्डे. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ ३२७-३३३ ।

ढकाल, रजनी (२०७६). पीताम्बर नेपालीका कवितामा प्रगतिवादी चेतना. *प्रज्ञा* अङ्क २ पूर्णाङ्क ११८ साउन-पुस पृ. ११०-११८ ।

ढकाल, विप्लव (२०७१). *च्याउको जङ्गल.* काठमाडौँ : याम्बुरी बुक प्वाइन्ट ।

तामाङ, विना (२०७२). *रातो घर.* काठमाडौँ : डि.बि.ओ.प्रेस प्रा.लि. ।

तिवारी, सरिता (२०७२). *प्रश्नहरूको कारखाना.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन प्रा.लि. ।

तिवारी, सरिता (२०७२). समकालीन प्रगतिवादी नेपाली कवितामा नारी चेत. *कविता.* पूर्णाङ्क १०३ पुस- चैत पृ. १२७-१४० ।

तुम्खेवा, विमला (२०७५). *हत्केलामा पृथ्वी लिएर उभिएको मान्छे.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन प्रा.लि. ।

त्रिपाठी, गीता (२०७०). उत्तरवर्ती नेपाली कवितामा नारी आस्तित्विक चेतना. *नेपाली नारीवादी समालोचना.* (सम्पा.) सुधा त्रिपाठी र सीता पन्थी. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २०१-२२९ ।

त्रिपाठी, गीता (२०७७). समकालीन नेपाली कविताका नारी हस्ताक्षर. *काव्य विमर्श.* (सम्पा.) हेमनाथ पौडेल. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ११-४५ ।

त्रिपाठी, सुधा (२०६७). *जिराहा वर्तमान.* काठमाडौँ : जिजीविषा प्रकाशन ।

दाहाल, गौरी (२०७७). *प्रतिरोध.* काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक महासंघ ।

पराजुली, मुरारि (२०७२). गणतन्त्रोत्तर नेपाली कविताका स्वरहरू. *काव्य विमर्श* (सम्पा.) अमर गिरी.काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.६३-१२८ ।

पाण्डेय, ताराकान्त (२०७०). समसामयिक प्रगतिशील कवितामा दलित-चेतना. *दलित सौन्दर्यबोध.*(सम्पा.) राजेन्द्र महर्जन. ललितपुर : समता फाउण्डेशन, पृ १२७-१६२ ।

पाण्डेय, ताराकान्त (२०७०). समकालीन यथार्थ र साहित्यमा त्यसको प्रतिबिम्बन. *नयाँ यथार्थ,* ४/३. पूर्णाङ्क ४., पृ.४९-७६ ।

पाण्डेय, ताराकान्त (२०७२). समकालीन नेपाली प्रगतिवादी कविताको वैचारिक अन्तर्वस्तु. *प्रज्ञा समकालीन नेपाली कविता विमर्श.* (सम्पा.) अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम.काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ३२७-३६० ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७४). समकालीन नेपाली कवितामा प्रतिरोध सौन्दर्य. *इच्छुक.* सिर्जना, सौन्दर्य र संस्कृति चिन्तनको त्रैमासिक, वर्ष ३ पूर्णाङ्क ४, पृ. २७-४५ ।

पाण्डेय, ताराकान्त (२०७५). समकालीन नेपाली कवितामा पश्चिमी चिन्तनको प्रभाव. *चरैवेति* . राष्ट्रिय काव्यविमर्श विशेषाङ्क, पृ. ६७-११० ।

पाण्डेय, ताराकान्त (२०७७). सांस्कृतिक अध्ययन, एम. फिल. अनलाइन कक्षा स्लाइड, नेपाली केन्द्रीय विभाग, त्रि. वि.(२०७७/०५/२२ मा अवलोकित) ।

पौडेल, हेमनाथ (२०७२). समकालीन नेपाली प्रगतिवादी कवितामा सौन्दर्य चेतना. *प्रज्ञा समकालीन नेपाली कविता विमर्श.*(सम्पा.) अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ५०६-५७२ ।

प्रतीक्षा, सरस्वती (२०६९). *बागी सारङ्गी.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन प्रा.लि. ।

बिनाबी, केवल (२०७३). *आफर.* (सम्पा.). प्रकाश गुरागाईं र माधव घिमिरे 'अटल'. काठमाडौँ समता बुक्स ।

भट्टराई, गोविन्दराज (२०७२). समकालीन नेपाली कवितामा उत्तर आधुनिकता. *प्रज्ञा समकालीन नेपाली कविता विमर्श.* (सम्पा.) अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २३२-२८० ।

भट्टराई, रमेशप्रसाद (२०६५). लिखे उपन्यासमा दलित पहिचान : कथ्य र चरित्रका सन्दर्भमा. *भृकुटी,* (१/३). पृ. २५-३४ ।

भट्टराई, रमेशप्रसाद (२०६८). सांस्कृतिक अध्ययनको परिचय र विकास. *समकालीन साहित्य,* अङ्क १, पूर्णाङ्क ६७ (माघ, फागुन, चैत) पृ. ६१-७१ ।

भट्टराई, रमेशप्रसाद (२०७०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. *भृकुटी.* भाग १९. (सम्पा.) लिखत पाण्डे.काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७६). लैङ्गिक समालोचना.*रत्न बृहत् नेपाली समालोचना.* दोस्रो संस्क. (सैद्धान्तिक खण्ड). सुवेदी राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ.२५९-२७३ ।

भट्टराई, रमेशप्रसाद (२०७७).*सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

माली, लक्ष्मी (२०६२). *आगोको याम.* काठमाडौँ : मूल्याङ्कन प्रकाशन गृह प्रा. लि. ।

मुकारुङ, राजन (२०७६). *हाटा जाने अघिल्लो रात.* उपेन्द्र सुब्बा, तीर्थ संगम राई ।

मुकारूङ, श्रवण (२०६७). *बिसे नगर्चीको बयान.* काठमाडौँ : साङ्ग्रिला बुक्स प्रा.लि. ।

योगी, शीला (२०७७). *सपनाका मेघमाला.* काठमाडौँ : तितीक्षा शर्मा ।

राई, प्रगति (२०६६). *बादी विज्ञप्ति.* काठमाडौँ : सृजनशील साहित्य समाज ।

शर्मा, अमृता (२०७८). नेपाली प्रगतिवादी कवितामा महिला. *समकालीन नेपाली महिला समालोचना.* (सम्पा.) पौडेल गोपिन्द्र र बिन्दु शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. १४९-१७१ ।

शर्मा, बिन्दु (२०७२). समकालीन नेपाली कवितामा नारीचेतना. *प्रज्ञा समकालीन नेपाली कविता विमर्श.*(सम्पा.) अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ४६२-५०५ ।

शर्मा, बिन्दु (२०७५). *ओक्कल दोक्कल पिपल पात.* काठमाडौँ : शिखा बुक्स ।

शर्मा, बिन्दु (२०७७). समकालीन नेपाली कवितामा समावेशी स्वर. *काव्य विमर्श* (सम्पा.) हेमनाथ पौडेल. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २४३-२६७ ।

शर्मा, मोहनराज (२०७०). अवरजन अध्ययन र साहित्य. *भृकुटी.* (सम्पा.) लिखत पाण्डे. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. ३१४-३२५ ।

शर्मा, सीता (२०६६). *अस्मिताको खोजी.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

श्रेष्ठ, अनिल (२०६९). *मफलर युद्ध.* काठमाडौँ : पाठ्य सामग्री पसल ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा सबाल्टर्न.* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

श्रोता, सङ्गीत (२०६९). *म काठमाडौँ आइपुगेँ.* काठमाडौँ : फिनिक्स बुक्स ।

सिलवाल, केशव (२०६६). *धारिला मानिसहरू.* काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति ।

सिलवाल, हरिप्रसाद (२०७४). *नेपाली प्रगतिवादी कविताको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुब्बा, विक्रम (२०७४). *रोज्जा कविता.* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

सुवेदी, अभि (२०६८). सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १२४-१३९ ।

सुवेदी, पुरुषोत्तम (२०७३). समकालीन नेपाली कवितामा प्रतिबिम्बित सामाजिक रूपान्तरण. *काव्य विमर्श* (सम्पा.) अमर गिरी. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. १०४-१३३) ।

स्पिभाक, गायत्री चक्रवर्ती (सन् १९९८). *क्यान दि सबाल्टर्न स्पिक ?* मार्क्सिजम एन्ड दि इन्टरप्रेटेसन अफ कल्चर, (सम्पा.) केरी नेल्सन र ल्यारी ग्रसवर्ग, सिकागो : युनिभर्सिटी अफ इलियन्स प्रेस, पृ.२७२ ।